
| N | | विचार प्रस्तुति<br>(सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. १<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### बुझेर पढ्नुहोस् :

### अब म बनाउँछु मेरो गाउँ




बिहान मधुरो घाम लागिरहेको थियो । म बारीबाट घरतिर फर्किँदै थिएँ । बाटामा शीत परेर सेताम्मे थियो । हजुरआमा धूप बालेर घन्टी बजाउँदै पूजा गरिरहनुभएको थियो । यी सबै दृश्यले मेरो मन प्रफुल्ल भएको थियो । घरनजिकैको चिया पसलमा गाउँलेहरू चिया खाँदै समाचार सुनिरहेका थिए । रेडियोमा अहिले युवा विदेश जान्छन्, गाउँमा काम गर्ने कोही छैनन् भन्ने आवाज सुन्दा मलाई दुःख लाग्यो । मलाई पनि थाहा छ, गाउँका धेरै मानिस काम गर्न विदेश पुगेका छन् । उनीहरूको अभावले खेतबारी सुनसान छन् । मैले तलतिर हेरेँ खोल्साको किनारमा केटाकेटीहरू हाँस्दै रमाउँदै खेल्दै थिए थिए । त्यहीबेला हजुरबुबाको आवाज आयो, “खेतमा पानी लाउनुपर्ने, खोल्सामा पानी सुक्नै लागेछ । गाउँमा पानीको अभाव छ, वर्षापछि धारा र मुहान पनि सुक्न थाले । अचेल बाटामा धुलो उडेर हिँड्नै सकिन्न । हरियाली पनि हराएको छ । केटाकेटी काममा भन्दा मोबाइलमा व्यस्त हुन्छन् । हजुरबासँग खेतमा जान नातिनातिना त मान्दैनन्, अरूको के कुरा ? अहिले गाउँमा कसैको घरमा सोलार, कसैकोमा टिभी, कसैका छोरा इन्टरनेट छ तर शान्ति छैन । मान्छेमान्छेबिच माया र दुःखसुख बाँड्ने संस्कार छैन । यो सुन्दा मलाई दुःख लाग्यो । म जन्मेको र हुर्किएको गाउँ मजस्ता साथी मिलेर राम्रो पार्न सकिन्न र ? मलाई आशा पनि लाग्यो ।

## २. क्रियाकलाप

यो कार्ड लिएर सहजकर्तासँग जानुहोस् । कार्डमा भएका कुरा पढेर सुनाउनुहोस् । तपाईँले पढेपछि सहजकर्ताले तपाईँलाई केही प्रश्न सोध्नुहुने छ । केही शब्दको अर्थ पनि बताउन लगाउनुहुने छ । तपाईँ यस कथामा भएका मुख्य मुख्य कुरा र त्यसबाट आफूले बुझेका कुरा सहजकर्तालाई सुनाउनुहोस् । आफूले देखेका, सुनेका र अनुभव गरेका अरू पनि कुरा सहजकर्तालाई सुनाउनुहोस् । साथीले वर्णन गरेका कुरा पनि सुन्नुहोस् । तपाईँ सहजकर्तासँग बसेर देखेका, सुनेका र अनुभव गरेका कुरा प्रस्तुत गर्ने तरिकाका बारेमा पनि छलफल गर्नुहोस् । छलफल सकिएपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

विचार प्रस्तुति

## ४. सिकाइ उपलब्धि

विभिन्न विषयको वर्णन सुनी छलफल तथा अन्तरक्रिया गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिको कथामा गाउँको सबभन्दा राम्रो कुरा के हो ?

(ख) हजुरबाले गुनासो गरेका विषय के के हुन् ?

(ग) तपाईँ बसेको ठाउँमा चाहिँ यो कथाभन्दा के के कुरा भिन्न छन् ?

(घ) आफू बसेको ठाउँ राम्रो पार्न के के गर्नुपर्ला ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुलाई सिलसिलाबद्ध रूपमा प्रस्तुति गर्ने सिप सिकाउन खोजिएको हो । यसका लागि सिकारुलाई पहिले कार्डको कथा पढेर सुनाउन लगाउनुहोस् । कार्डको कथाका बारेमा विभिन्न प्रश्न सोधेर उत्तर भन्न पनि लगाउनुहोस् । त्यसपछि आफ्नो समुदायमा आफूले देखेका, सुनेका वा अनुभव गरेका कुनै यस्तै घटना, कथा आदि सुनाउन लगाउनुहोस् । समूहका अरू साथीले सुनाएका कुरा पनि सुन्न उत्प्रेरित गर्नुहोस् र आफ्नो र साथीले सुनाएका कुराका समानता र भिन्नता भन्न लगाउनुहोस् । घरमा परिवारका सदस्यसँग उहाँहरूका अनुभव सुन्न पनि सल्लाह दिनुहोस् ।

| N | | सुन्छु र सुनाउँछु ।<br>(सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस् र सुनेका कुरा वर्णन गर्नुहोस् :

### सौराहामा मैले के देखेँ ?



गत वर्ष सौराहा घुम्न जाँदा त्यहाँको प्राकृतिक वातावरणले मन असाध्यै तान्यो । त्यहाँको सामाजिक पक्ष, पाश्चात्य संस्कृतिको प्रभावमा रुमलिएको नेपाली मन पढ्न केही गाह्रो भएन । आन्तरिक र बाह्य पर्यटकलाई मनोरञ्जन दिन राखिएको जङ्गल यात्राले नेपालको पहिचान गराउँछ ।  कालिज, ढुकुर, गैँडा, हात्ती, एक रुखबाट अर्को रुखमा हाम फाल्दै खुसी रहेका बाँदर, कुहुकुहु आवाजले मनलाई दिएको झस्काइदिन्छ । नदीमा नुहाएर नदीपारि आएका गैँडाको बथान, लतालतिकाले घेरिएको कुञ्ज, लहरै रहेका वृक्ष, रुखमा बसेर बाघका बगालले मन झनै खिचिदिन्छ । ठाउँठाउँमा राखेका मासुका परिकार, भुटेका मकै, फापरका रोटीले स्थानीय परिकारलाई परिचित गरायो ।

## २. क्रियाकलाप

यो कार्ड लिएर सहजकर्तासँग जानुहोस् ।  सहजकर्ताले कार्डमा भएका कुरा पढेर सुनाउनुहुने छ  । उहाँले तपाईँको साथीलाई पढ्न लगाएर तपाईँलाई सुन्न लगाउन पनि सक्नुहुने छ । तपाईँ राम्ररी सुन्नुहोस्, बुझ्नुहोस् र सुनेका कुरा सहजकर्ताका अगाडि वर्णन गरेर सुनाउनुहोस् । सुनेका ठाउँ, जनावर, पन्छी, खानेकुरा, संस्कारका बारेमा पनि आफूले जानेका कुरा सुनाउनुहोस् । सहजकर्ताबाट कुनै विषय सुनेर त्यसको  वर्णन कसरी गर्ने भन्नेबारेमा पनि सिक्नुहोस् । यति सिकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

श्रुतिवर्णन

## ४. सिकाइ उपलब्धि

विभिन्न विषयको वर्णन सुनी छलफल तथा अन्तरक्रिया गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) तपाईँले सुनाएका सबै कुरा सुन्नुभयो ?

(ख) सुनेका सबै कुरा बुझ्नुभयो ?

(ग) यस कार्डमा तपाईँले के के सुन्नुभयो ?

(घ) तपाईँले पहिले नसुनेका के के कुरा सुनेर वर्णन गर्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुले सुनेका विषयवस्तुलाई वर्णन गर्ने सिप सिकाउन खोजिएको हो । यसका लागि सहजकर्ताले सिकारुलाई पहिले कार्डको विषयवस्तु पढेर सुनाउनुहोस् । त्यसपछि सिकारुले सुनेका आधारमा कार्ड नहेरी वर्णन गर्न लगाउनुहोस् । वर्णन गर्दा यो कहाँको वर्णन हो, यहाँ कस्ता पर्यटक आउँछन्, पर्यटक भनेको के हो ? हात्ती, ढुकुर कस्ता हुन्छन् ? आदि विभिन्न प्रश्न गरेर थप वर्णन गर्न लगाउनुहोस् । सिकारुले वर्णन गरेको मिले नमिलेको अरू सिकारुलाई सोध्नुहोस् र नमिलेको भए सच्याउन लगाउनुहोस् । यसरी नै कुनै विषय सुनेर त्यसमा के भनिएको छ, किन भनिएको हो, भनिएको कुरा सही हो कि होइन आदि सोचेर वर्णन गर्न भन्नुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| N | | सुन्छु र मेरा कुरा थपेर सुनाउँछु । (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३ तह ३ | २ घण्टा |

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस् र सुनेका आधारमा काम गर्नुहोस् :

### नयनलाई पछुतो भयो रे !









नयन कमलाको कलम चोर्ने जुक्ति सोच्न थाल्यो । खाजा समयमा सबै साथी खाजा खान बाहिर निस्किए । नयन खुसुक्क कमलाको बेन्चमा गयो । उसले सुटुक्क कमलाको झोलाबाट कलम निकाल्यो र शौचालयभित्र छिऱ्यो । नयनले पाइन्ट माथि सारेर मोजाभित्र कलम लुकायो र चुपचाप कक्षाकोठामा गएर बस्यो । 'कलम हरायो' भन्दै कमला रुन थाली । "कुन बदमासले चोऱ्यो हँ त्यो कलम", शिक्षक कराउनुभयो । "कहाँ बदमास मात्र हुनु र गुरु, त्यो कलम चोर्ने त फटाहा नै हो", राधाले उठेर रिसाउँदै भनी । "छ्या, त्यस्तो चोरलाई नि के साथी भन्नु है गुरु!" आशाले उठेर भनी । नयन झसङ्ग भयो । उसलाई कलम चोरेकामा धेरै पछुतो भयो । चार बजेपछि विद्यालय छुट्टी भयो । नयन निन्याउरो अनुहार लगाएर आएको देखेर आमाले सोध्नुभयो, "के भयो छोरा ?" नयनले 'केही होइन' भनेर टाऱ्यो । थोरै खाना खाएर नयन सुत्यो । मध्यरातमा अचानक नयन 'म चोर होइनँ, म चोर होइनँ' भन्दै कराउँदै उठ्यो । आमाले उसलाई मायाले अँगालो मार्दै भन्नुभयो, "गल्ती गरेका छौ भने गल्ती सच्याऊ बाबु ! गल्ती सच्याउने उपाय आफैँ सोच । सकेनौ भने म सहयोग गरुँला ।" बिहान उठेपछि पनि नयनले धेरै बेर सोच्यो । नयन विद्यालय गएर हतार हतार कक्षाकोठाभित्र छिऱ्यो । उसले सुटुक्क एउटा कागजमा बेरेर कमलाको झोलाभित्र कलम राखिदियो कमलाले खुसी हुँदै भनी, "आहा ! मेरो कलम भेटियो । कति ज्ञानी साथी रहेछ । एउटा कागजमा 'सरी' लेखेर त्यसैमा कलमसमेत बेरेर मेरो झोलामा हालिदिएको रहेछ ।"(कार्तिकेय घिमिरेको नयनको पछुतो कथामा आधारित)

**अब भन्नुहोस् :**

(क) कथामा वर्णन गरिएको कुरा राम्रो हो कि नराम्रो ? किन होला ?

(ख) कलम चोर्न र फिर्ता गर्न नयनले के के गऱ्यो ?

(ग) नयनलाई किन पछुतो लाग्यो ?

## २. क्रियाकलाप

पहिले साथी समूहमा बसेर यो कार्डको विषयवस्तु पढ्नुहोस्, एकआपसमा पालैपालो पढेर सुनाउनुहोस्, बुझ्नुहोस् र छलफल गर्नुहोस् । यो कार्ड लिएर सहजकर्तासँग जानुहोस् । सहजकर्ताले कार्डमा भएको कथा पढेर सुनाउनुहुने छ । उहाँले तपाईँलाई कार्डमा भएका र अरू केही प्रश्न सोध्नुहुने छ । तपाईँले कथा सुनेका आधारमा प्रश्नको उत्तर दिनुहोस् । उत्तर भन्दा कथामा नभए पनि तपाईँलाई लागेका कुरा थप्नुहोस् । तपाईँको विचारमा यस कथामा गरिएजस्तो काम गर्नु ठिक हो कि होइन ? सहजकर्तालाई कारणसहित सुनाउनुहोस् । तपाईँले नयनलाई फेरि यस्तो काम नगर्न सम्झाउनुपर्‍यो भने कसरी सम्झाउनुहुन्छ ? सहजकर्तालाई सुनाउनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

श्रुतिविवेचना

## ४. सिकाइ उपलब्धि

विभिन्न विषयको वर्णन सुनी छलफल तथा अन्तरक्रिया गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) कथाका नराम्रा र राम्रा कुरा के के हुन् ?

(ख) नयनलाई किन साथीको कलम लिन मन लाग्यो होला ?

(ग) नयनले किन कलम फिर्ता दिने निर्णय गर्‍यो ?

(घ) तपाईँलाई पनि नयनलाई जस्तै चोर्न मन लाग्यो भने के गर्नुहुन्छ ? सम्भावित तीन कुरा सोच्नुहोस् ।

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुले सुनेका विषयवस्तुलाई विवेचना गर्ने सिप सिकाउन खोजिएको हो । श्रुतिविवेचना भनेको सुनेका कुराको राम्रो र नराम्रो पक्ष केलाउनु हो । यसका लागि सहजकर्ताले सिकारुलाई पहिले कार्डको कथा पढेर सुनाउनुहोस् र राम्ररी सुनेनसुनेको ख्याल गर्नुहोस् । त्यसपछि केही प्रश्न सोधेर सिकारुले सुनेका आधारमा उत्तर भन्न लगाउनुहोस् । उत्तर भन्दा त्यसको कारण भन्न लगाउनुहोस् । किन, कसरी जस्ता प्रश्न थप गरेर पनि विवेचना गर्न लगाउन सकिन्छ । सिकारुले दिएको कारणसहितको उत्तर कस्तो लाग्यो भनी अरू सिकारुलाई पनि सोध्नुहोस् र उनीहरूको धारणा पनि भन्ने अवसर दिनुहोस् । यसरी नै अरू कुनै प्रसङ्ग सुनाएर त्यसको पनि विवेचना गर्न लगाउनुहोस् ।


| | | | | |
|---|---|---|---|---|
| N | | **मेरो सोच : मेरो उत्तर**<br>**(सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड)** | कार्ड नं. ४<br>तह ३ | २ घण्टा |

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस्, आफ्नो धारणा बनाउनुहोस् र उत्तर दिनुहोस् :

### मेरो सोच

नेपाल एउटा बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक विशेषता भएको मुलुक हो । म स्वाभिमानसाथ आफूलाई यस्तै देशको नागरिक भन्न रुचाउँछु । यहाँ हरेक मानव स्वतन्त्र छन् । मानव मानवबिच सधैँ समानता रहँदै आएको छ । आआफ्ना ठाउँमा सबैको उच्च मर्यादा छ । कसैले कसैसँग भेदभाव नगरी सबै आपसमा मिलेर बसेका छौँ । उदाहरणका लागि म पुरुष हुँ तर महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मानिसको व्यवहारभन्दा मेरो व्यवहारमा कुनै फरक छैन । म तराईको हुँ तर पहाड र हिमालमा बसोबास गर्ने व्यक्ति पनि म जस्तै समान छन् । यसकारण म एउटा नेपाली मानव हुँ र अरू मानव पनि मभन्दा कुनै कुरामा फरक छैनन् । भोक, निद्रा जस्ता जैविक पक्ष म जस्ता सबै मानवमा समान छन् । विविधताभित्रको एकता र सहिष्णुताका कारण नै म जस्ता तमाम नेपाली मानव विश्वमा उदाहरणीय बन्ने गरेका छौँ । सम्भवतः यही नै मानव अधिकारको सही सदुपयोग पनि हो ।




**अब भन्नुहोस् :**

(क) तपाईँका विचारमा मानव अधिकार भनेको के हो ?

(ख) नेपाली नागरिकका विशेषता के के हुन् ?

(ग) म जस्तै अरू मानिसका तीनओटा समान गुण के के हुन् ?

(घ) यो अंश पढेपछि अब तपाईँ मानव अधिकारको उपयोग कसरी गर्नुहुन्छ ?

## २. क्रियाकलाप

यो कार्ड लिएर सहजकर्तासँग जानुहोस् । सहजकर्ताले कार्डमा भएको विषयवस्तु पढेर सुनाउनुहुने छ । विषयवस्तु सुनेपछि यो कुन विषय क्षेत्रसँग सम्बन्धित छ, सहजकर्तालाई सुनाउनुहोस् । तपाईँले सुनेका आधारमा मानव अधिकारका बारेमा आफ्नो धारणा बनाउनुहोस् र कार्डमा भएका प्रश्नको उत्तर दिनुहोस् । अन्त्यमा मानव अधिकार भनेको के हो, किन चाहिन्छ र यसको कसरी उपयोग गर्नुपर्छ भन्ने बारेमा आफ्नो विचार सहजकर्तालाई सुनाउनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

धारणा निर्माण र प्रश्नोत्तर

## ४. सिकाइ उपलब्धि

विभिन्न विषयको वर्णन सुनी छलफल तथा अन्तरक्रिया गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) नेपालका मुख्य विशेषता के के हुन् ?

(ख) म पात्रमा कुन कुन गुण रहेका छन् ?

(ग) मानव अधिकारका दृष्टिले सबैमा समान हुने गुण के के रहेछन् ?

(घ) मानव अधिकारको सदुपयोग गर्न के के गर्नुपर्ला ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुले सुनेका विषयवस्तुबाट धारणा निर्माण गर्ने र सो सम्बन्धमा प्रश्नोत्तर गर्ने सिप सिकाउन खोजिएको हो। धारणा निर्माण भनेको सुनेको विषयवस्तु के हो र कुन क्षेत्रसँग सम्बन्धित छ भन्ने जान्नु हो। यसका लागि सहजकर्ताले सिकारुलाई पहिले कार्डको विषवस्तु सुनाउनुहोस् र राम्ररी बुझेनबुझेको ख्याल गर्नुहोस् । नबुझेको भए शब्दको अर्थ र अनुच्छेदको सार बताइदिनुहोस् । त्यसपछि कार्डका प्रश्न सोधेर सिकारुले सुनेका आधारमा उत्तर भन्न लगाउनुहोस् । उत्तर भन्दा कार्डमा भएकै उत्तर भन्दा पनि सिकारुले बुझेनबुझेको र आफ्नो बुझाइका आधारमा उत्तर दिएनदिएको ख्याल गर्नुहोस् । नबुझेको भए कम्तीमा दुई बुँदामा विषयवस्तुको धारणा बताउने अभ्यास गराउनुहोस् । यसरी नै अरू कुनै विषयवस्तु सुनाएर त्यसको धारणा विकास गराउनुहोस्।

| N | | पत्ता लाइछाड्छु । (सुनाइ र बोलाइ : पहिलो खण्ड) | कार्ड नं. ५ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस् र अनुमान गर्नुहोस् :

#### के भएको होला ?



मालिकाकी आमा भनिरहेकी थिइन्, "हाम्रो पनि वर्ष दिन खाने बाली हो, बसाहा पालेपछि राम्ररी बाँध्न पनि त सक्नुपर्‍यो नि, केटाकेटीका भरमा छाडेर हुन्छ !" मालिकाकी आमाको च्याँट्ठिएको आवाज सामुन्नेको गरिमाको घरमा नठोक्किने कुरै भएन । गल्ती आफ्नैबाट भएकाले गरिमाका बुबा, आमा केही नबोली बसिरहे । गरिमा त डरले थुरथुर थिइन् । आमाबुबा पनि उनले गाई राम्ररी नहेरेको भनी झपारिरहेका थिए । गरिमाको परिवारले नोक्सानअनुसार हर्जाना तिर्ने विचार गरे । भोलिपल्ट पो यो घटनाले ठुलो रूप लिन पुग्यो, जब गरिमाको गाई तुहियो । नौ महिनामा ब्याउनुपर्ने गाईले चार महिनामै बाछो जस्तो आकृति र रगतका फाल्सा खसाल्यो । मालिकाका बुबाले अगिल्लो दिन गाईलाई ठेउकाले हानेको कुरा एक जना गाउँलेले बताइदियो । यो थाहा पाएपछि उनीहरूले साह्रै चित्त दुखाए । फेरि चर्काचर्की भयो । हात हालाहाल हुन भने छिमेकीले रोके । यो घटनापछि गरिमा र मालिकाका आमाबुबाहरूको एकआपसमा बोलचाल बन्द भयो । "अब त्योसँग नहिँड्नु नि, गरिमाले गर्दा यो सबै भएको हो ।" मालिकाकी आमाले चेतावनी दिइन् ।

*(अनन्त वाग्लेको चम्किला अनुहारहरू कथाको अंश)*

## २. क्रियाकलाप

कार्ड लिएर सहजकर्तासँग जानुहोस् । सहजकर्ताले कार्डमा भएको कथांश पढेर सुनाउनुहुने छ । कथांश सुनेपछि यो कथांश आउनुभन्दा अघि र पछि के भयो होला, अनुमान गर्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस् । यस कथांशमा के के घटना भएको अनुमान गर्न सकिन्छ ? मालिका र गरिमा को को होलान् ? जस्ता प्रश्नको पनि अनुमान गरेर सहजकर्तालाई सुनाउनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

अनुमान ज्ञान

## ४. सिकाइ उपलब्धि

पाठगत सन्दर्भमा आधारित छलफल र अन्तरक्रिया गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) मालिकाकी आमाले "हाम्रो पनि वर्ष दिन खाने बाली हो, बसाहा पालेपछि राम्ररी बाँध्न पनि त सक्नुपर्‍यो नि, केटाकेटीका भरमा छाडेर हुन्छ !" भन्नुभन्दा अगाडि कथामा के भएको थियो होला ?

(ख) "अब त्योसँग नहिँड्नु नि, गरिमाले गर्दा यो सबै भएको हो ।" भनेपछि कथामा के भयो होला ?

(ग) कथांशले कहाँ के भएको सङ्केत गरेको छ ?

(घ) गरिमाको गाई तुहिनुको कारण के हो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुले सुनेका विषयवस्तुबाट पूर्वानुमान र पश्चानुमान गर्ने सिप सिकाउन खोजिएको हो । यसका लागि सहजकर्ताले सिकारुलाई कार्डको कथांश सुनाउनुहोस् र पात्र, घटना वा परिवेशका आधारमा कथांशभन्दा अगाडि र पछाडि भएका घटना सङ्केत गर्न लगाउनुहोस् । यो सङ्केत मिल्न वा नमिल्न सक्छ । नमिल्दो सङ्केत भएमा थप छलफल गराउनुहोस् । त्यसपछि कथांशका कुनै विषयलाई लिएर अनुमान गर्ने प्रश्न सोधेर उत्तर भन्न पनि लगाउनुहोस् (जस्तै : गरिमाको परिवारले किन हर्जाना तिर्ने विचार गरे ?) । यसरी नै अरू प्रश्न सुनाएर त्यसको उत्तर अनुमान गर्न लगाउनुहोस् । फुर्सदमा कथाको पूरा अंश पढ्नका लागि पनि प्रोत्साहन गर्नुहोस् ।

| N | | अब हेपोस् त ?<br>(सुनाइ र बोलाइ : पहिलो खण्ड) | कार्ड नं. ६<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस् र प्रतिक्रिया दिनुहोस् :

### अहङ्कारको अन्त्य



ललितपुर । ललितपुरको पाटन दरबार क्षेत्रस्थित कृष्ण मन्दिर नजिकको कार्तिक डबलीमा 'नरसिंह अवतार'को कथा मञ्चन गरियो । कथाअनुसार विष्णुको वराह अवतारले हिरण्याक्षलाई वध गरेपछि उनका दाजु हिरण्यकश्यपु विष्णुप्रति बदला लिन शपथ गर्छन् । उनी हिमालमा गई वर्षौंसम्म ब्रह्माको कठोर तपस्या गर्छन् । सो वरअनुसार हिरण्यकश्यपुलाई मानिस वा जनावरले, दिन वा रातमा, स्वर्ग वा पृथ्वीमा, अस्त्र वा शस्त्रले मार्न सक्दैनथ्यो । यस वरदानले उसलाई अमर बनायो र ऊ अत्याचार गर्न थाल्यो । उसले विष्णुको पूजा बन्द गरायो र अधर्म फैलायो । उसको छोरा प्रह्लाद विष्णुभक्त भएकाले कुनै पनि यातनाले भक्ति कम हुन सकेन । क्रोधित भएर हिरण्यकश्यपुले प्रह्लादलाई खम्बामा बाँधेर शिरच्छेद गर्न लगायो । त्यसै बेला खम्बाबाट विष्णु नरसिंहको रूपमा प्रकट भए । उनले सन्ध्याकालमा आँगनको चौतारामा हिरण्यकश्यपुलाई काखमा राखी नङले च्याते । यसरी ब्रह्माको वरदान उल्लङ्घन नगरी विष्णुले अधर्मको अन्त्य गरी धर्मको पुनर्स्थापना गरे । पाटन दरबार क्षेत्रको ऐतिहासिक वातावरणमा प्रस्तुत यस नाटकले नरसिंह अवतारको अद्भुत रूप, हिरण्यकश्यपुको अहङ्कार र प्रह्लादको अटुट भक्ति कलात्मक रूपमा चित्रण गरेको छ । यसले श्रद्धा, न्याय र सत्यको विजयको सन्देश दिन्छ । *(रातोपाटीमा प्रकाशित समाचारको सम्पादित अंश)*

## २. क्रियाकलाप

कार्ड कार्ड लिएर सहजकर्तासँग जानुहोस् । सहजकर्ताले कार्डमा भएको कथा पढेर सुनाउनुहुने छ । कथा सुनेपछि तपाईँलाई हिरण्यकश्यपु कस्तो लाग्यो, सहजकर्तालाई सुनाउनुहोस् । ब्रह्माले हिरण्यकश्यपुलाई दिएको वरदानलाई विष्णुको नरसिंह अवतारले कसरी विफल बनायो, त्यो पनि सुनाउनुहोस् । यस कथाका पात्रमध्ये को राम्रो लाग्यो र किन ? त्यो पनि सहजकर्तालाई सुनाउनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

सञ्चारका विषयवस्तुप्रति प्रतिक्रिया

## ४. सिकाइ उपलब्धि

सञ्चारका विभिन्न माध्यमबाट व्यक्त विषयवस्तु सुनी प्रतिक्रिया जनाउन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) कथामा कुन नाचका बारेमा वर्णन छ ?

(ख) कार्डमा तपाईँले सुनेको कथा सुनाउनुहोस् ।

(ग) ब्रह्माले मानिस वा जनावरले, दिन वा रातमा, स्वर्ग वा पृथ्वीमा, अस्त्र वा शस्त्रले मार्न सक्दैन भनी दिएको वरदान उल्लङ्घन नगरी विष्णुले हिरण्यकश्यपुलाई कसरी मारे ?

(घ) यस कथामा तपाईँलाई कुन कुरा राम्रो लाग्यो र कुन कुरा राम्रो लागेन ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुले सञ्चार माध्यममा सुनेका विषयवस्तुप्रति प्रतिक्रिया जनाउने सिप सिकाउन खोजिएको हो । यसका लागि सहजकर्ताले सिकारुलाई कार्डको कथा रेडियो, टिभी वा पत्रिकाको समाचार वाचन गरेझैँ पढेर सुनाउनुहोस् र त्यसका पात्र, घटना वा परिवेशका बारेमा समर्थन, असहमति, खण्डन, विरोध, आक्रोश, माया आदिका आधारमा प्रतिक्रिया दिन लगाउनुहोस् । सिकारुका प्रतिक्रिया सुनिदिनुहोस् र थप प्रतिक्रियाका लागि उत्प्रेरित गर्नुहोस् । यसरी नै सुनेका अरू सामग्रीका बारेमा पनि प्रतिक्रिया दिन लगाउनुहोस् ।

| N | | कुरा गर्ने आफ्नै तरिका ? | कार्ड नं. ७<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस् र यसको शैली पहिचान गर्नुहोस् :

१. उपस्थित सबैसँग म अनुरोध गर्छु, तपाईंहरू पनि आफ्ना सन्तानलाई जन्म दिनमा पाँचओटा नयाँ पुस्तक दिनुहोस् । विद्यालयमा पाठ्यपुस्तकबाहेक अन्य पुस्तक पनि पढाइयुन् । घर र टोलमा पुस्तकालय बनाउन राज्यले योजना बनाओस् । सबैभन्दा धेरै पुस्तक पढेर समीक्षा गर्नेलाई सम्मान गरियोस् । युवाहरू पुस्तक पसल पुगेर नयाँ पुस्तक खोजुन् । ज्येष्ठ नागरिकको समय सदुपयोग गर्ने साधन पुस्तक नै बनोस् । पुस्तक हाम्रो तलतल मेटाउने आधार बनोस् । हामी सबैका वरिपरि पुस्तकको सुवासित बगैंचा बनोस् ।

२. आ ! यो मनमा पनि कति नानाभाँती कुरा खेलेको ? जसोतसो गरेर बिदाको दिन, शनिबार काम गरेर बाआमालाई सघाएर कक्षा बाह्र पास गर्छु अनि विदेश जान्छु । मिहिनेत गर्छु । बाबाआमाको घर टिनले छाउने रहर पूरा गर्छु । भाइलाई पनि जसोतसो माध्यमिक तहसम्म पढाउँछु । त्यसपछि त्यसको इच्छाले जे गर्छ गरोस् ।

३. योगमा यम, नियम, आसन, प्राणयाम, प्रत्याहार, धारण, ध्यान र समाधिको अभ्यास गरिन्छ । यम भनेको हिंसा, चोरी र लोभ नगर्नु हो । नियम भनेको व्यक्तिगत र सामाजिक अनुशासन पालना गर्नु हो । मन एकाग्र गरी आनन्दको अनुभूति गर्नु आसन हो । श्वासप्रश्वास नियन्त्रण गरी मनलाई एकाग्र राख्नु प्राणायाम हो । प्रत्याहार भनेको चाहिँ इन्द्रियको कुप्रभाव मनमा पर्न नदिनु हो । अन्तरनिहित वस्तुको पहिचान गर्नुलाई धारण भनिन्छ । निश्चित विषयमा एकाग्रतापूर्वक सोचविचार गर्नु ध्यान हो । मानिसका सम्पूर्ण चेतनालाई खिचेर आत्मामा लिन गराउनुलाई समाधि भनिन्छ ।

४. **तुलसी** : बिदेसी जागिरे हुनुभन्दा त स्वरोजगार हुनु पो ठिक रहेछ तर यसका चुनौती पनि त होलान् नि त ? यसबारे तपाईँको अनुभव पनि सुनाउनुहोस् न !

**मातृका** : हो, तपाईँले ठिक कुरा उठाउनुभयो । यसका चुनौती पनि छन् । साहस, आत्मविश्वास र लगनशीलताबाट नै यस क्षेत्रमा सफलता पाउन सकिन्छ । यसमा निरन्तर परिश्रमको आवश्यकता पर्छ । अरूको विश्वास जित्न सक्नाले नै राम्रो व्यावसायी बन्न सकिन्छ । एकै पटकमा धेरै आम्दानी गर्छु भनेर महत्त्वाकाङ्क्षी हुनुहुँदैन । जुन क्षेत्रको काम गर्ने हो त्यसको बारेमा केही न केही पूर्व जानकारी आवश्यक पर्छ ।

## २. क्रियाकलाप

यो कार्ड लिएर सहजकर्तासँग जानुहोस् । सहजकर्ताले कार्डमा भएका चारओटा अनुच्छेद पढेर सुनाउनुहुने छ वा साथीलाई पढ्न लगाउनुहुने छ । यी चार अनुच्छेदमा एकै तरिकाको वर्णन छैन । तपाईँलाई कस्तो कस्तो शैली छ जस्तो लाग्छ ? सहजकर्तालाई सुनाउनुहोस् । सबै अनुच्छेदका पहिला वाक्य सुन्नुहोस् र तिनमा के भिन्नता पाउनुभयो, त्यो पनि बताउनुहोस् । सबै अनुच्छेदका अन्तिम वाक्य पनि सुन्नुहोस् र के बुझ्नुभयो, सहजकर्तालाई बताउनुहोस् । अब यस्तै शैलीमा एक एक अनुच्छेद तयार गरेर सहजकर्तालाई सुनाउनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

संरचना र शैली

## ४. सिकाइ उपलब्धि

विभिन्न प्रकारका अभिव्यक्तिको संरचना तथा शैली अनुकरण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिका चार अनुच्छेद एकै शैलीमा लेखिएका छन् कि भिन्न भिन्न छन् ?

(ख) चारै अनुच्छेदको संरचना एकै खालको छ कि भिन्न भिन्न छ ?

(ग) अनुच्छेदमा कुन कुन शैलीको प्रयोग भएको होला ?

(घ) तपाईँ यस्तै शैलीमा अनुच्छेद तयार पारेर सुनाउन सक्नुहुन्छ ? सुनाउनुहोस् त ।

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई अनुच्छेदको संरचना र त्यसमा प्रयोग भएको शैलीको जानकारी दिन खोजिएको छ । कार्डमा पहिलो अनुच्छेदमा आदेशात्मक, दोस्रोमा एकालाप, तेस्रोमा वर्णनात्मक र चौथोमा संवादात्मक शैली प्रयोग भएको छ । यसका विशेषता सिकाइदिनुहोस् । सबै अनुच्छेदमा पहिलो वाक्य शीर्ष वाक्य, बिचमा विस्तार वाक्यहरू र अन्त्यमा समापन वाक्य रहेका छन् । अनुच्छेदको यो संरचना पनि चिनाउनुहोस् । सिकारुलाई यस्तै संरचनामा अनुच्छेद तयार पारेर भन्न लगाउनुहोस् । थप अभ्यासका लागि प्रत्यक्ष कक्षाबाहिरका लागि पनि काम दिनुहोस् ।

N

# म पनि यस्तै शैलीमा बताउँछु है !
## (सुनाइ र बोलाइ : पहिलो खण्ड)

| कार्ड नं. | ८ |
| --- | --- |
| तह ३ | |

२ घण्टा

## १. सिक्नुपर्ने विषयवस्तु

**जोमसोमका बारेमा लेखिएका कुरा सुन्नुहोस् र यसरी नै तपाईँ बसेको ठाउँका बारेमा विवरण तयार पारेर सुनाउनुहोस् :**



जोमसोम निकै सुन्दर स्थल रहेछ। त्यहाँ एयरपोर्ट पनि रहेछ। हवाईमार्गबाट पनि कतिपय पर्यटकहरू यस क्षेत्रको भ्रमण गर्न आउँदा रहेछन्। विशेष गरी थकाली समुदायको बाहुल्य रहेको यो क्षेत्र त्यस जातिको जीवनशैलीको सङ्ग्रहालय नै जस्तो लाग्यो। त्यहाँ एकछिन मोबाइलबाट फोटा खिच्यौँ। त्यसपछि गाडी चढेर पोखरातिर लाग्यौँ। मार्फामा गाडी रोकेर चिया खान थाल्यौँ। त्यहाँको सुन्दरतामा पनि एकछिन लट्ठै पर्‍यौँ। जताततै स्याउका हरिया बोट देखिए। ती स्याउका बोट देख्दा मलाई 'क्या राम्रो स्याउबारी मार्फा गावैमा' भन्ने गीत गुनगुनाउन मन लाग्यो।

| म बसेको ठाउँ |
| --- |
| |

गुलाफीका बारेमा लेखिएका कुरा सुन्नुहोस् र यसरी नै तपाईँको/तपाईँकी साथीका बारेमा विवरण तयार पारेर सुनाउनुहोस् :

गुलाफी मेरा घरबेटी हर्कबहादुरकी जेठी छोरी हुन्। हर्कबहादुरका सँगै जोडिएका दुइटा कच्ची घर छन्। पुरानो घरमा तिनीहरू आफैँ बस्छन् भने नयाँ घरमा म भाडामा बसेको छु। हर्कबहादुरको परिवारमा उनकी पत्नी, छोरी गुलाफी, गङ्गा, उमा र छोरो गोविन्दसमेत छ जना छन् । हर्कबहादुरले मेरो घरधन्दाका लागि गुलाफीलाई खटाएका छन्। गुलाफी र उनका भाइबहिनी विद्यालय जान्छन्। गुलाफी आफ्नो कामप्रति इमानदार, व्यवहारमा शिष्ट र सभ्य छिन्।

| मेरी/मेरो साथी |
| --- |
| |

## २. क्रियाकलाप

यो कार्ड लिएर सहजकर्तासँग जानुहोस्। सहजकर्ताले कार्डमा भएका दुई अनुच्छेद पढेर सुनाउनुहुने छ । तपाईँ ती अनुच्छेदको शैली पहिचान गर्नुहोस् र कार्डमा भनिएअनुसारका अनुच्छेद तयार पार्नुहोस्। पुनः सहजकर्तासँग गएर आफूले तयार पारेका अनुच्छेद पढेर सुनाउनुहोस्। ती अनुच्छेद पहिलेकै अनुच्छेदको शैलीमा तयार भएनभएको थाहा पाउनुहोस्। नमिलेको भए सच्याउनुहोस्। यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस्।

## ३. विषय क्षेत्र

शैली अनुकरण र प्रस्तुति

## ४. सिकाइ उपलब्धि

विभिन्न प्रकारका अभिव्यक्तिको संरचना तथा शैली अनुकरण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिका दुई अनुच्छेद कुन कुन शैलीमा थिए ?

(ख) तपाईँले कुन कुन विषयमा कुन कुन अनुच्छेद तयार पार्नुभयो ?

(ग) तपाईँले तयार पारेका अनुच्छेदका शैलीगत विशेषता के के हुन् ?

(घ) तपाईँ यस्तै शैलीमा थप अनुच्छेद तयार पारेर सुनाउन सक्नुहुन्छ ? सुनाउनुहोस् त ।

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई शैली अनुकरण गरी अनुच्छेद वा विवरण तयार पार्न सिकाउन खोजिएको छ । यसका लागि कार्डमा भएका दुई अनुच्छेद पढेर सुनाइदिनुहोस् र यसका विशेषता सिकाइदिनुहोस् । यसपछि सिकारुलाई यस्तै शैलीमा अनुच्छेद तयार पारेर भन्न लगाउनुहोस् । थप अभ्यासका लागि प्रत्यक्ष कक्षाबाहिरका लागि पनि काम दिनुहोस् ।

| N | | आज त बादल लागेछ ! (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ९ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस्, बुझ्नुहोस् र भन्नुहोस् :

### मङ्सिर फापेन



बिहानै उठेर आकाशतिर हेर्दै आमाले भन्नुभयो, "ए कान्छा, आज त बादल लागेछ, मेरो सुइटर झिकिदे है ।" "हस् आमा" भन्दै कान्छो गनगनाउन थाल्यो, "फुर्सद हुन्छ भनेर खेताला खोजियो, आज त बादल लागेछ। अब खेताला फर्काउनु कि के गर्नुहोला ? फेरि खेताला पाउन गारो छ । प्रकृति पनि बुझिनसक्नु छ । नहुने बेलामा पाकेको फर्सीमा किरा पर्छ भन्थे !" छोरो पतफताएको देखेर काम गर्न बसेका दाइ आए र भन्न थाले, किन गनगन गरेको नि ? आफ्नो कस्तो योजना थियो, सान्नानी पनि बाख्रा लिएर त्यहीँ आउने कुरा थियो। ल आज त बादल लागेछ। आफ्नो त कर्मै खोटो कुनै मङ्सिर फापेन। यो गलफत्ती भइरहेका बेला धाराबाट पानी लिएर फर्कँदै गरेका बाले आमातिर हेर्दै भन्नुभयो। हैन के भो ? आज त बादल लागेछ। यो सुनेर आमा नबोली भित्र पस्नुभयो। मलाई अचम्म लाग्यो सबैले आज त बादल लागेछ भन्नुको आशय चाहिँ के हो ?

**आमा** : आज त बादल लागेछ।

**कान्छो** : आज त बादल लागेछ।

**दाइ** : आज त बादल लागेछ।

**बा** : आज त बादल लागेछ।

## २. क्रियाकलाप

यो कार्ड लिएर सहजकर्तासँग जानुहोस्। सहजकर्ताले कार्डमा भएको विषयवस्तु पढेर सुनाउनुहुने छ। यसमा सानो कथा छ र विभिन्न व्यक्तिले आज त बादल लागेछ भनेका छन्। तिनले के भनेका होलान् ? बुझेर सहजकर्तालाई सुनाउनुहोस् र ठिक भएनभएको सोध्नुहोस्। यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस्।

## ३. विषय क्षेत्र

मौखिक अभिव्यक्ति

## ४. सिकाइ उपलब्धि

सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) आमाले **आज त बादल लागेछ** भन्दा के बुझिन्छ ?

(ख) कान्छाले **आज त बादल लागेछ** भन्दा के बुझिन्छ ?

(ग) दाइले **आज त बादल लागे छ** र **मङ्सिर फापेन** भन्दा के बुझिन्छ ?

(घ) बाले **आज त बादल लागेछ** भन्दा के बुझिन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई सन्दर्भ र परिवेशमा बोलिने भाषाको आशय बुझेर मौखिक सञ्चार गर्न सिकाउन खोजिएको छ । यसका लागि कार्डमा भएको अंश अनुच्छेद पढेर सुनाइदिनुहोस् । पहिले बादलको अर्थ बताइदिनुहोस् । बादल शब्दको अर्थ बुझेपछि सिकारुलाई आमाले आज त बादल लागेछ भन्दा जाडो भएको, कान्छाले त्यही वाक्य भन्दा पानी पर्न सक्ने भएकाले धान काट्न नपाइने, दाइले त्यही वाक्य भन्दा बाख्रा चराउन लान नपाइने र सान्नानीसँग भेट नहुने, बाले त्यही वाक्य भन्दा आमा रिसाएको बुझिने कुरा सङ्केत गरिदिनुहोस् । यसपछि मेरो घर जल्यो, टाँकको घर मिलेन, छोरीले घर खाई, मैले घर बनाउन सकिनँ जस्ता वाक्यमा घर शब्दले के के अर्थ बुझाउला भन्ने छलफल गराउनुहोस् । त्यस्तै भाँच् नानी भाँच्, त्यो पेन्सिल टुक्रा टुक्रा पारेर भाँच् भन्यो भने बच्चाले पेन्सिल भाँच्ने बुझ्छ कि नभाँच्ने बुझ्छ भनी छलफल गराउनुहोस् । यस्ता अरू पनि उदाहरण दिएर सन्दर्भ र परिवेशअनुसार बुझाइ फरक हुने भएकाले बुझेर सञ्चार गर्न सचेत गराउनुहोस् । थप अभ्यासका लागि प्रत्यक्ष कक्षाबाहिरका लागि पनि काम दिनुहोस् ।

| N | | वंशुको बठ्याइँ (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. १० तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस्, बुझ्नुहोस् र आफ्ना कुरा राख्नुहोस् :

### गोरखाली चाल



गोरखाली सेनाले जनकपुर र सिन्धुलीगढीबाट सारा रसदपानी रित्याएर पौवागढी पुऱ्याए । सिन्धुलीगढीको नजिकै पर्ने मकवानपुरका राजाले पनि आफ्नो राज्यलाई शत्रुबाट सुरक्षित राखेका थिए । उनका राज्यमा शत्रुबाट बच्न सिमानामा सिस्नाको घारी लगाउने चलन थियो। शत्रुले आक्रमण गरेमा अरिङ्गाल र बच्छिउँका गोला बिच्काएर शत्रुतिर धपाइदिने पनि अनौठो चलन थियो। वंशु गुरुङ सिकारी पनि भएकाले उनले यी सबै अवस्थाको राम्रो अध्ययन गरेका थिए। गोरखाली फौज गौराङ्ग सेना कहिले आफ्नो अगि पर्ला र युद्धको धोको फेरौँला भनेर पौवागढीमा पर्खेर बसेको थियो। उता अङ्ग्रेजका भरिया बन्दुक र हतियार बोकी अगाडि हिँड्दै थिए। बिचमा सेना थिए। त्यसको पछि कप्तान किनलक र सहायक कप्तान हेयर से पौवागढीको उकालो चढ्दै थिए। रामदासले बाटो देखाइरहेको थियो। वर्षामा सिमसिम पानी परेको र कुहिरो लागेकाले बाटो हिँड्न सहज थिएन।

- यो अंश पढेर तपाईँले के बुझ्नुभयो ?
- यस अंशमा तपाईँलाई कुन प्रसङ्ग मन पऱ्यो र कुन चाहिँ मन परेन ?

## २. क्रियाकलाप

यो कार्ड लिएर सहजकर्तासँग जानुहोस्। सहजकर्ताले कार्डमा भएको विषयवस्तु पढेर सुनाउनुहुने छ। यसमा सानो कथा छ, तपाईँ राम्ररी सुन्नुहोस्। सुनेपछि यसको कथावस्तु, घटना, पात्रका नाम, चालचलन तपाईँलाई मन पऱ्यो वा परेन ? कारणसहित बताउनुहोस्। शत्रुले आक्रमण गरेमा अरिङ्गाल र बच्छिउँका गोला बिच्काएर शत्रुतिर धपाइदिँदा के शत्रु धपाउन सकिएला ? आफ्नो विचार राख्नुहोस्। सहजकर्ताले तपाईँलाई केही प्रश्न सोध्नुहुने छ, त्यसमाथि पनि प्रतिक्रिया दिनुहोस्। यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस्।

## ३. विषय क्षेत्र

श्रवण र प्रतिक्रिया

## ४. सिकाइ उपलब्धि

सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) गोरखाली सेनाले जनकपुर र सिन्धुलीगढीबाट सारा रसदपानी रित्याएर पौवागढी किन पुऱ्याएका होलान् ?

(ख) तापाईंले अरिङ्गाल र बच्छिउँका गोला देख्नुभएको छ ? बिच्क्यायो भने यिनले के गर्छन् ?

(ग) यहाँको पात्र रामदास को होला ? नेपाली नाम जस्तो लाग्ने यसले किन अङ्ग्रेजलाई बाटो देखाएको होला ?

(घ) के अङ्ग्रेजसँग लड्न वंशु गुरुङले अपनाएको तरिका राम्रो छ ? किन ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई सन्दर्भ र परिवेशमा बोलिने भाषा बुझेर मौखिक प्रतिक्रिया जनाउन सिकाउन खोजिएको छ । यसका लागि कार्डको कथांश पढेर सुनाइदिनुहोस् सिकारुलाई यसबाट विभिन्न सन्दर्भ र प्रसङ्ग निकालेर त्यसमा सहमति, असहमति, विरोध, समर्थन आदिका रूपमा प्रतिक्रिया जनाउन लगाउनुहोस्, प्रतिक्रिया जस्तो भए पनि त्यसलाई समर्थन गर्नुहोस् । थप अभ्यासका लागि प्रत्यक्ष कक्षाबाहिरका लागि पनि काम दिनुहोस् ।

| N | | सम्मानले सुरु भएको समाधान (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ११ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### संवाद गरेर सिक्नुहोस् :

### बैठकमा सम्मान

कोठामै हल्का घाम परिरहेको थियो। गाउँको सामुदायिक भवनमा आज कृषकहरूको बैठक बोलाइएको थियो। धेरै कृषक भेला भएका थिए। म पुग्दा बैठकमा वडा अध्यक्ष रामप्रसाद र स्थानीय कृषक मायादेवीबिच कुराकानी भइरहेको थियो।

**रामप्रसाद :** मायादेवीजी नमस्कार। आज बिहानै आइदिनुभएकामा धन्यवाद छ। तपाईँले उठाउँदै आउनुभएको सिँचाइ समस्याबारे हामी सुन्न इच्छुक छौँ। आफ्ना कुरा राख्नुहोस् न।"

**मायादेवी :** नमस्कार अध्यक्षज्यू। समय दिनुभएकामा धन्यवाद छ। हाम्रो बारीतिरको कुलो बिग्रिएपछि गाउँमा पानीको अभाव भएको छ। वडा कार्यालयले सहयोग गरिदियो भने हाम्रो बाली जोगिन सक्छ। म यही अनुरोध गर्छु।

**रामप्रसाद :** तपाईँको कुरा धेरै महत्त्वपूर्ण छ। कृपया विस्तारमा भन्नुहोस् न, कुन ठाउँमा बढी क्षति भएको छ ?

**मायादेवी :** धन्यवाद, अध्यक्षज्यू। कुलाको बिच भाग बाढीले बगाएर गहिरो खाल्डो बनाइदिएको छ। दुईचार दिनमै मर्मत भए सबै किसानलाई सहज हुने थियो।

**रामप्रसाद :** धन्यवाद छ, मायादेवीजी। केही मानिस त जङ्गिँदै आउँछन्। तपाईँले चाहिँ शिष्टतापूर्वक समस्या राखिदिनुभएकामा आभारी छु। हामी त्यहाँ प्राविधिक टोली भोलि नै पठाउँछौँ। सम्भव भएसम्म चाँडै मर्मत गरिहाल्छौँ। केही दिन पर्खनुहोस् है त।

**मायादेवी :** यसरी तुरुन्त कुरा सुन्नुभएकामा धेरै धन्यवाद अध्यक्षज्यू। तपाईँहरूको तत्परता पाएपछि हामी किसानहरूलाई मनोबल मिल्छ।"

**रामप्रसाद :** यो त हाम्रो कर्तव्य हो। तपाईँहरूकै मिहिनेतले गाउँ समृद्ध बन्छ। अरू पनि कुनै सुझाव भए नहिचकिचाई भन्नुहोला।

**अब यसरी नै संवाद बनाएर साथी साथी मिली अभिनय गरेर सुनाउनुहोस्।**

## २. क्रियाकलाप

यो कार्ड लिएर साथी समूहमा जानुहोस्। एक जना रामप्रसाद र अर्को जना मायादेवी भएर यो संवाद अभिनय गरेर पढ्नुहोस्। पढ्दा यहाँ एकअर्कालाई कसरी सम्बोधन गरिएको छ भन्ने ख्याल गर्नुहोस् र सहजकर्तालाई पनि सुनाउनुहोस्। यसपछि साथीसँग सल्लाह गरेर आफ्नो समुदायको कुनै घटनामा हुने यस्तै बैठक कल्पना गरी दुई जनाले शिष्टाचारका शब्द प्रयोग गरी कुराकानी गर्नुहोस्। यो कुराकानी सहजकर्तालाई सुनाएर पृष्ठपोषण लिनुहोस्। यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस्।

## ३. विषय क्षेत्र

दोहोरो सञ्चार

## ४. सिकाइ उपलब्धि

सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) अध्यक्षले कृषक मायादेवीसँग कुरा गर्दा के कस्तो शिष्टाचार प्रयोग गरे ?

(ख) मायादेवीले वडाध्यक्षसँग कुराकानी गर्दा केकस्तो शिष्टाचार प्रयोग गरिन् ?

(ग) एकअर्कीबिच कुराकानी गर्दा अर्को व्यक्तिलाई कसरी सम्बोधन गर्नुपर्छ ?

(घ) शिष्टाचार नगरी कुराकानी गऱ्यो भने के हुन्छ होला ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई सन्दर्भ, परिवेशअनुरूप शिष्टाचारका शब्द प्रयोग गरी दोहोरो सञ्चार गर्ने सिप सिकाउन खोजिएको छ । यसका लागि साथी समूहमा कार्डको संवाद अभिनयसहित पढ्न लगाउनुहोस् । यस्तै सिकारुको परिवेशका अन्य विषयमा पनि कुराकानी गर्न लगाउनुहोस् र कुराकानी गर्दा शिष्टाचारका शब्द तपाईँ, हजुर आदि प्रयोग गर्न लगाउनुहोस् । थप अभ्यासका लागि प्रत्यक्ष कक्षाबाहिरका लागि पनि काम दिनुहोस् । प्रत्यक्ष कक्षामै कुनै विषयमा यसरी नै सहभागीबाट शिष्टाचारका शब्द प्रयोग गरी बोलेर बैठक सञ्चालन गराउनुहोस् ।

| N | | बुद्धिको जित (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. १२ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**यो कथांश पढेर सुनाउनुहोस् र साथी समूहमा बसी कार्यकलाप गरेर सहजकर्तालाई सुनाउनुहोस् :**

### वंशुको चलाख्याइँ



सरदार वंशु गुरूङ

हिन्दुस्तानी सेना र अङ्ग्रेज अफिसर भागेको देखेर वंशु गुरुङले आफ्ना सहयोगीलाई भने, “अर्ना छाड, गोला फोर !” वंशु गुरुङले जङ्गलबाट दुईओटा अर्ना पक्रेका रहेछन् । तिनलाई जाँड खुवाई मताएर राखिएको रहेछ । गोरखाली सेनाले तिनका सिङमा पुल्ठो बालेर जङ्गलमा छाडिदिए । अर्ना आत्तिएर जताततै कुद्न थाले । यही वेलामा गोरखाली सेनाले अरिङ्गाल र बच्छिउँका गोला बिच्क्याइदिए । अर्नाले खेद्ने, अरिङ्गालले चिल्ने र सिस्नाले पोल्ने हुँदा अङ्ग्रेज ऐया र आत्था गर्दै भागाभाग भए ।

गोरखाली सेनाले रातभर अङ्ग्रेजलाई खेदिरहे । बिहान उज्यालो भएपछि उनीहरूले जङ्गलमा हतियार खोजे । जङ्गलमा भेटिएका ३०० जति राइफल गोरखालीले आफ्ना बनाए । आक्रमणमा १७०० जति गौराङ्ग सेना हताहत भए ।

किनलक ज्यान जोगाएर लगभग ८०० सैनिकसहित जनकपुर पुगे । त्यहाँ पुगेर उनले रम्बोल्डलाई पत्र लेखे, “पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् । हामीले मल्ललाई सहयोग गर्न सकेनौँ, थप सेना पठाइदिनू ।” तर उनले स्थिति बुझेकाले थप सेना पठाएनन् ।

यता वंशु गुरुङलगायत गोरखाली सेना हतियारसहित पृथ्वीनारायण शाहकहाँ पुगे । उनले हातले केही हतियार सुमसुम्याए र वंशुलाई धाप मारेर प्रशंसा गर्दै भने, “मेरो सपना तिमीहरूले पूरा गऱ्यौ । यसको श्रेय तिमेर्कै हो ।” उनले सबैलाई विजयको प्रतीक रातो टीका लगाइदिए । सेना गोरखाको जय भन्दै ब्यारेकतिर लागे । (**साकार सपना**)

(क) “अर्ना छाड, गोला फोर !” किन भनिएको हो ? साथी समूहमा छलफल गर्नुहोस् ।

(ख) “पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् । हामीले मल्ललाई सहयोग गर्न सकेनौँ, थप सेना पठाइदिनू ।” भन्ने भनाइले नेपाल र अङ्ग्रेजको त्यति बेलाको शक्ति कस्तो रहेछ भन्ने बुझिन्छ ? साथी समूहमा छलफल गरी सहजकर्तालाई निष्कर्ष सुनाउनुहोस् ।

(ग) पृथ्वीनारायण शाहले “मेरो सपना तिमीहरूले पूरा गऱ्यौ । यसको श्रेय तिमेर्कै हो ।” किन भनेका होलान् ? छलफल गर्नुहोस् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर यस कार्डमा भएको कथांश पढेर अरूलाई सुनाउनुहोस् । यसपछि यसमा दिइएका प्रश्नका बारेमा आपसमा छलफल गर्नुहोस् । आफ्ना कुरा साथीलाई सुनाउनुहोस् र साथीका कुरा आफूले सुन्नुहोस् । समूहमा गरिएको छलफलको निष्कर्ष सहजकर्तालाई सुनाउनुहोस् र सहजकर्ताबाट पृष्ठपोषण लिनुहोस् । पुल्ठो बाल्नु र धाप मार्नु भनेको के होला ? यसबारेमा पनि छलफल गरेर बुझ्नुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

छलफल र अन्तरक्रिया

## ४. सिकाइ उपलब्धि

पाठगत सन्दर्भमा आधारित छलफल, प्रश्नोत्तर र अन्तरक्रिया गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) यो कथांशले कुन युद्धलाई सङ्केत गरेको छ ?

(ख) अङ्ग्रेज धपाउने वंशु गुरुङको योजना तपाईँलाई कस्तो लाग्यो ? कारण भन्नुहोस् ।

(ग) रम्बोल्डको पत्रको आशय के थियो ?

(घ) अङ्ग्रेज सेना किन आएको थियो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठगत विषयवस्तुमा आधारित भई छलफल र अन्तरक्रिया गर्ने सिप सिकाउन खोजिएको छ । यसका लागि साथी समूहमा कार्डको विषयवस्तु पढ्न लगाउनुहोस् । सिकारुलाई यो कथांश सम्बद्ध साकार सपना कथा पनि खोजेर पढ्न दिन सक्नुहुने छ । कथांशका बारेमा कार्डमा दिइएको प्रश्न र अन्य सन्दर्भमा पर्याप्त छलफल गर्न र आपसमा अन्तरक्रिया गर्न लगाउनुहोस् । उनीहरूको छलफल र अन्तरक्रियाको निष्कर्ष सुनेर पृष्ठपोषण दिनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| N | | **प्रपन्नाचार्यका गुण (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड)** | कार्ड नं. १३ तह ३ | २ घण्टा |

## १. सिक्नुपर्ने विषयवस्तु

**तलको अंश सुन्नुहोस् र साथी समूहमा छलफल गर्नुहोस् अनि कार्डका प्रश्नको उत्तर सहजकर्तालाई सुनाउनुहोस् :**

### अमर बन्न के गर्ने ?



स्वामी प्रपन्नाचार्य अध्ययनलाई उमेरले कहिल्यै छेक्दैन भन्ने विचारका दृष्टान्त हुन् । उनी पढ्न चाहनेले बितेको समयप्रति पछुतो गरिरहनुभन्दा बाँकी समयको सदुपयोग गर्नुपर्छ भन्ने कुराका उदाहरण हुन् । उनले स्वयम् ३० वर्षको उमेरमा अक्षर चिनेर आफूलाई प्रकाण्ड विद्वान्‌का रूपमा स्थापित गराए । आफ्ना दिव्य प्रेरणा र दार्शनिक विचारका माध्यमबाट लाखौँलाख मानिसलाई सचेत तुल्याए । उनले समग्र मानवहितको पक्षलाई ध्यानमा राखेर मात्र आजीवन हिन्दु धर्मको व्याख्या गरिरहे । नेपालका विभिन्न जातजातिबिच आत्मीयता र समानताको भावना फैलाइरहने कुरामा समेत उनका पक्षबाट कहिल्यै कुनै कमी रहेन । यसरी स्वामी प्रपन्नाचार्य महान् सन्त, संस्कृत वाङ्मयका विशिष्ट अनुसन्धाता तथा व्याख्याताका रूपमा अमर बन्न पुगे ।

**प्रश्न**

**नमुना : (क) स्वामी प्रपन्नाचार्यका उदाहरणीय विशेषता के के हुन् ?**
अध्ययनलाई उमेरले नछेक्ने र पढ्न चाहनेले बितेको समयप्रति पछुतो नगरी बाँकी समयको सदुपयोग गर्नुपर्ने स्वामी प्रपन्नाचार्यका उदाहरणीय विशेषता हुन् ।

(ख) **स्वामी प्रपन्नाचार्य कसरी अमर बने ?**

(ग) **माथिको अनुच्छेदमा कतिओटा वाक्य छन् ?**

(घ) **अनुच्छेदको सबैभन्दा लामो वाक्य कति शब्दले बनेको छ ?**

(ङ) **अनुच्छेदको सबैभन्दा छोटो वाक्य कति शब्दले बनेको छ ?**

(च) **कतिऔँ वाक्यमा आत्मीयता र समानताको प्रसङ्ग आएको छ ?**

(छ) **वाङ्मय, विशिष्ट, अनुसन्धाता र व्याख्याता शब्द कसरी बनेका होलान् ?**
**नमुना : वाक् + मय = वाङ्मय**

(ज) **यस अनुच्छेदमा वर्णन गरिएका मुख्य मुख्य कुरा के के हुन् ?**

## २. क्रियाकलाप

साथी समूहमा बसेर यस कार्डमा भएको कथांश सुन्नुहोस् र पढेर अरूलाई पनि सुनाउनुहोस्। यसपछि यसमा दिइएका प्रश्नका बारेमा आपसमा छलफल गर्नुहोस् । उत्तर भन्न नमुना उत्तरलाई पनि ख्याल गर्नुहोस्। समूहमा गरिएको छलफलको निष्कर्षका आधारमा प्रश्नको उत्तर तयार पार्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस्। सहजकर्ताबाट पृष्ठपोषण पनि लिनुहोस्। स्वामी प्रपन्नाचार्य पाठका अन्य अनुच्छेद पनि सुनेर सहजकर्ताले दिएका प्रश्नको उत्तर भन्नुहोस्। यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस्।

## ३. विषय क्षेत्र

प्रश्नोत्तर

## ४. सिकाइ उपलब्धि

पाठगत सन्दर्भमा आधारित भई प्रश्नोत्तर गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) स्वामी प्रपन्नाचार्यका मुख्य विशेषता के के हुन् ?

(ख) स्वामी प्रपन्नाचार्यले मानिसलाई कसरी सचेत बनाए ?

(ग) समग्र मानवहित भनेको के होला ?

(घ) स्वामी प्रपन्नाचार्यलाई सन्त, अनुसन्धाता र व्याख्याता किन भनिएको होला ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठगत सन्दर्भमा आधारित भई प्रश्नोत्तर गर्ने सिप सिकाउन खोजिएको छ। यसका लागि साथी समूहमा कार्डको विषयवस्तु पढ्न लगाउनुहोस्। आफूले पनि पढेर सुनाउनुहोस् र समूहमा छलफल गरेर प्रश्नको उत्तर तयार पारी भन्न लगाउनुहोस्। उत्तर मिलेनमिलेको पनि भनिदिनुहोस्। यो कार्यकलाप नमुना कार्यकलाप हो। स्वामी प्रपन्नाचार्य पाठका अन्य अनुच्छेदलाई पनि यसै गरी गृहकार्य वा परियोजना कार्यका रूपमा गराउनुहोस्। प्रश्नको सही उत्तर भन्ने सिप विकास नहुन्जेल यो अभ्यासलाई निरन्तरता दिनुहोस्।

| N | | संस्कार त छाड्नुहुन्न है ?<br>(सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. १४<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**दुई जना मिलेर तलको अंश पढ्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस् । साथी समूहमा बसेर यसको विषयवस्तुमाथि छलफल गर्नुहोस् र कार्डका प्रश्नको उत्तर सहजकर्तालाई सुनाउनुहोस् :**

### बाँझो खेत कसरी उर्वर होला ?



**मनबहादुर** : आजभोलि हाम्रा गाउँका युवा सबै बाहिर जान लागे । खेतबारी बाँझो हुँदै गएको छ । चाडबाड पनि उराठलाग्दा भए नि बहिनी !

**सरस्वती** : साँचै हो दाजु, रोजगारीका अवसर सहर र विदेशतिर केन्द्रित हुँदा गाउँमा श्रमको कमी देखिएको छ । तर सामुदायिक सहकार्यबाट पनि धेरै कुरा सम्भव हुन्छ भन्ने उदाहरण छिमेकी गाउँमा चाहिँ छ है । त्यहाँ चाहिँ एकअर्कामा सहयोग गर्ने संस्कार मरेको छैन ।

**मनबहादुर** : हाम्रो गाउँमा त बर्खा लागेपछि रोपाइँका बेला मान्छे नै पाइँदैनन् । पालो गरेर पानी लाउने काम गरेबापत पराल दिने पर्म गर्ने जस्ता पुराना चलन र परम्परागत सहयोग सबै हराउँदै गए ।

**सरस्वती** : परिवर्तन त आउने नै हो दाजु तर चलनचल्तीका राम्रा चालचलन जोगाउन आवश्यक छ । विद्यालयमा पनि बालबालिकालाई स्थानीय संस्कार र परम्परासँगै आधुनिक सिप सिकाउनु आवश्यक छ ।

**मनबहादुर** : ठिकै हो, अबका छोराछोरीले गाउँको पहिचान बिर्सिनुहुँदैन । जात्रा, पूजा, खेतीपाती सबै हाम्रो संस्कारका अंश हुन् । तर खै अहिले त सबै मोबाइलमै रमाउन थाले ।

**सरस्वती** : त्यही भएर पाठ्यक्रममा स्थानीय इतिहास, पर्व, उत्सव र परम्परागत सिप समावेश गर्न खोजिएको हो । आधुनिकता र परम्पराको सन्तुलन राख्न सके मात्रै हाम्रो सामाजिक बनोट बलियो हुन्छ ।

**मनबहादुर** : यसो सोच्दा गाउँ बदलिँदै भए पनि जरो त यहीँ छ । हामी बुढाबुढीले सिकाएको कुरा तिमीहरूजस्ता तन्नेरी र युवाले निरन्तरता दिए त गाउँ फेरि उठ्ला जस्तो लाग्छ ।

**सरस्वती** : उठ्छ दाजु, उठ्छ । समुदाय मिलेर काम गरे विकास सम्भव हुन्छ । स्थानीय पहिचान कायम राख्दै नयाँ अवसरसँग जोडिन सके गाउँ अझ राम्रो बन्छ । समाज, पेसा, जीविकामा रहेका हाम्रा संस्कार पनि रहिरहन्छन् ।

(क) यहाँ कुन कुन विषयमा कुरा गरिएको छ ? के तपाईंको समुदायमा पनि यस्तै अवस्था छ ?

(ख) आफ्नो समुदायका संस्कृति र संस्कार पहिचान गरी बचाउन के के गर्नुपर्छ ?

## २. क्रियाकलाप

साथी समूहमा बसेर यस कार्डमा भएको संवाद पालैपालो पढ्नुहोस् र एक साथीले पढेका कुरा अर्काले राम्रोसँग सुन्नुहोस् । यसपछि यसमा दिइएका प्रश्नका बारेमा आपसमा छलफल गर्नुहोस् र यी विषयमा तपाईँ सहमत हुनुहुन्छ कि हुन्न, सहजकर्तालाई सुनाउनुहोस् । सहजकर्ताबाट पृष्ठपोषण पनि लिनुहोस् । चाडबाड मनाउने, खेतीपाती गर्ने, बिरामीको स्याहार गर्ने आदि क्षेत्रमा तपाईँको समुदायमा प्रचलनमा रहेका संस्कारका बारेमा पनि छलफल गर्नुहोस् । केही विषयमा संवाद तयार पारेर दुई जना मिली अभिनय पनि गर्नुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

सांस्कृतिक पहिचान र प्रतिक्रिया

## ४. सिकाइ उपलब्धि

कुराकानीका सन्दर्भमा सामाजिक सांस्कृतिक परिवेश पहिचान गरी प्रतिक्रिया जनाउन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) संवादमा छलफल भएका मुख्य विषयक्षेत्र के के हुन् ?

(ख) तपाईँलाई सरस्वती र मनबहादुरमध्ये कसका कुरा ठिक लागे ? किन ?

(ग) सामाजिक सांस्कृतिक पहिचान भनेको के हो ?

(घ) संवादमा तपाईँले कुन चाहिँ नयाँ संस्कार पाउनुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई कुराकानीका सन्दर्भमा सामाजिक सांस्कृतिक परिवेश पहिचान गरी प्रतिक्रिया जनाउने तरिका सिकाउन खोजिएको छ । प्रतिक्रिया जनाउनु भनेको विरोध गर्नु मात्र होइन, राम्रा, नराम्रा, मन परेका, मन नपरेका कुरा भन्नु हो । यसका लागि साथी समूहमा कार्डको विषयवस्तु वा अन्य पाठको विषयवस्तुलाई पनि आधार लिएर छलफल गराउन सकिन्छ । संवाद अभिनयपछि समूहमा छलफल गरेर प्रश्नको उत्तर तयार पारी भन्न पनि लगाउनुहोस् । उत्तर मिलेनमिलेको पनि भनिदिनुहोस् । यो कार्यकलाप नमुना कार्यकलाप हो । यस्तै अन्य विषयमा गृहकार्य वा परियोजना कार्य दिएर पनि प्रतिक्रिया जनाउने सिप विकासका लागि थप अभ्यास गराउनुहोस् ।

| N | | बोल्दा त भाषा मिलाएर बोल्नुपर्छ है ! (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. १५ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**तलको अंश सुन्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस् । दीपेश र रचनाले कसरी बोले त्यो पनि ख्याल गर्नुहोस् :**

### शीर्षक: भाषा सिकेपछि

दीपेश र रचना सधैँ सबैसँग एउटै शैलीमा बोल्थे । साथी, शिक्षक वा गाउँका अन्य व्यक्तिसँग कुरा गर्दा पनि उनीहरूको भाषा समान हुन्थ्यो । शिक्षक अनिलले उनीहरूलाई वास्तविक जीवनमा भाषा कसरी प्रयोग हुन्छ भन्ने सिकाउन चाहन्थे । उनले दुवैलाई बोलाए र भने, "तपाईँहरूले एउटै सन्देश साथी, हजुरआमा र प्रधानाध्यापकलाई दिनुपर्छ । यस अवस्थामा कसरी बोल्नुहुन्छ ?, सोचेर उत्तर दिनुहोस् त ।"

**दीपेश पहिले उठे र भने :**

(क) **साथीलाई** : "ए,आज बिहानको साहित्यिक कार्यक्रममा जानुपर्छ है । ढिलो नगर ।"

(ख) **हजुरआमालाई** : "हजुरआमा, बिहान विद्यालयमा साहित्यिक कार्यक्रम छ । म छिटो जानुपर्छ । आशिष् दिनुहोस् है ।"

(ग) **प्रधानाध्यापकलाई** : "सर, आजको बिहानको कार्यक्रममा म स्वयम्सेवक छु । हिजो चाँडै आउनु भन्नुभएको थियो, म त आइपुगेँ ।"

**रचनाले पनि उठेर सोही शैलीमा फरकफरक वाक्य प्रस्तुत गरिन् ।**

(क) **साथीलाई** : "ए अर्पणा, पर्म भनेको के हो ? । मलाई त आउँदै आएन, सिकाइदेऊ न ।"

(ख) **हजुरआमालाई** : "हजुरआमा, पर्म भनेको के हो ? मेरो गृहकार्य छ । लेख्न आएन । सिकाइदिनु न ।"

(ग) **प्रधानाध्यापकलाई** : "सर, पर्म भनेको के हो ? म त होस्टलमा बस्छु । कसैलाई पनि यस बारेमा थाहा रहेनछ । भनिदिनु न सर ।"

**दुवैका कुरा सुनेपछि शिक्षक अनिलले टिप्पणी गरे :**

आहा, कति राम्रो ! भाषा सम्बन्धको पहिचान पनि हो नि । हामीसँग बोल्ने व्यक्तिको उमेर, पद, सामाजिक दुरी र सन्दर्भका आधारमा भाषा नम्र, तटस्थ वा अनौपचारिक बन्छ । यही बुझ्ने र लागु गर्ने सिपले हाम्रो संवादलाई प्रभावकारी बनाउँछ ।

> भाषाले आफ्नै सम्बन्ध, आदर र सामाजिक दुरी देखाउँछ । कहिले कसरी बोल्ने भन्ने जानेपछि हाम्रो बोली सजिलो, उपयुक्त र सम्मानजनक हुन्छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर यस कार्डमा भएको विषयवस्तु पालैपालो पढ्नुहोस् । यसमा दीपेश र रचनाले साथी, हजुरआमा र प्रधानाध्यापकसँग कुरा गर्दा कस्तो भाषा प्रयोग गरेका छन् र उसमा कस्तो विशेषता देखिन्छ, त्यसबारेमा छलफल गर्नुहोस् । आफूले नबुझेमा सहजकर्तासँग छलफल गरी पृष्ठपोषण लिनुहोस् र सुधार गर्नुहोस् । सिकाइ केन्द्रमा बोल्दा आफूभन्दा साना, आफूसरहका र आफूभन्दा ठुलालाई प्रयोग गर्ने भाषा सिकेर सोहीअनुसार बोल्नुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

भाषिक विशेषता

## ४. सिकाइ उपलब्धि

कुराकानीका सन्दर्भमा सामाजिक सांस्कृतिक परिवेश पहिचान गरी प्रतिक्रिया जनाउन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) दीपेशले साथी, हजुरआमा र प्रधानाध्यापकसँग बोल्दा कस्तो कस्तो भाषा प्रयोग गरे ?

(ख) हामीले किन सबैसँग एकै प्रकारको भाषा प्रयोग गर्दैनौँ ?

(ग) अनिल सरले किन यस्तो कार्यकलाप गराउनुभयो ?

(घ) अन्त्यमा अनिल सरले गरेको टिप्पणीबाट के बुझ्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई भाषिक विशेषता बोध गरी उपयुक्त भाषाको प्रयोग गर्ने सिप सिकाउन खोजिएको छ । भाषाका विशेषता भनेको कसैसँग बोल्दा लिङ्ग, वचन, पुरुष र आदर मिलाएर बोल्न जान्नु हो । यसका लागि साथी समूहमा कार्डको विषयवस्तु वा अन्य पाठको विषयवस्तुलाई पनि आधार लिएर छलफल गराउन सकिन्छ । यस क्रममा आफूभन्दा साना, आफू समानका र आफूभन्दा ठुलासँग बोल्दा प्रयोग गरिने भाषाका विशेषता (जस्तैः ए छोरा, यहाँ आइज । हुन्छ बुबा, म आइहालेँ ।) ख्याल गरेर बोल्न लगाउनुहोस् सिकाइ केन्द्र बाहिर पनि परियोजना कार्यका रूपमा भाषा प्रयोग र यसका विशेषता बोध गर्ने अभ्यास गराउनुहोस् ।

| N | | कुपोषण त ज्यानमारा पो रहेछ ।<br>(सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. १६<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**यो रेडियो स्वामीकार्तिक हो । अब सोनाली वि.क.बाट समाचार सुन्नुहोस् :**

बाजुराको स्वामीकार्तिक गाउँपालिका-२ स्थित मुक्तिकोटमा गरिएको सर्वेक्षणले २५ जना बालबालिका कुपोषणको चपेटामा परेको देखाएको छ । मुक्तिकोटका २७५ घरधुरीमा गरिएको अध्ययनअनुसार ११ जना बालबालिकामा गम्भीर (रातो) र १४ जनामा मध्यम (पहेँलो) स्तरको कुपोषण पाइएको मुक्तिकोट स्वास्थ्य चौकीका इन्चार्ज वृज विकले जानकारी दिनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षमा कुपोषणकै कारण दुई बालबालिकाले ज्यान गुमाएका छन् । मृतकमा वडा नं. २ की रूपसरा न्यौपानेका १६ महिनाका छोरा सन्तोष न्यौपाने र वडा नं. १ की जमुना विक रहेका छन् । इन्चार्ज विकका अनुसार रूपसरालाई स्वास्थ्य सेवा लिन सम्झाउँदा पनि नमानेपछि उपचार नपाई सन्तोषको मृत्यु भएको हो । यस्तै गाउँमा अरू दुईतीन बालबालिकाको पनि कुपोषणका कारण मृत्यु भएको आशङ्का गरिएको छ । स्थानीय समाजसेवी मनबहादुर रोकायाका अनुसार स्वामीकार्तिक गाउँपालिका प्राकृतिक रूपमा सुक्खा र खडेरी प्रभावित क्षेत्र हो । उत्पादन न्यून, पोषणयुक्त खाना र तरकारीको अभाव छ । जन्मदर भने उच्च छ । कुनै परिवारमा एक व्यक्तिका दुई श्रीमती र २० जना सन्तान समेत छन् । यस्तो अवस्था सामान्य मानिन्छ । रोकायाले चेतनाको अभाव, गरिबी र परम्परागत सोचका कारण कुपोषणको समस्या गहिरिएको बताउनुभयो । वडा नं. १ का वडाध्यक्ष अजय विकका अनुसार गाउँपालिकाले मुक्तिकोटमै मात्र कुपोषण घटाउन १ करोड रुपियाँभन्दा बढी बजेट विनियोजन गरेको छ । खाद्य डिपो, स्वास्थ्य चौकी र प्रहरी चौकी रहेका छन् । सडक पुगेको छ । चेतनामूलक कार्यक्रम पनि सञ्चालन भएका छन् तर, गरिबी र पछौटेपन घटाउन भने सकिएको छैन । हाल मुक्तिकोटमा २५ जना कुपोषित बालबालिकाको उपचार रोकिएको छ । स्वास्थ्य चौकीले समयमै माग गरे पनि आवश्यक सामग्री नपुगेको इन्चार्ज विकको भनाइ छ । गाउँपालिकामा अभाव भएको सूचना सम्बन्धित निकायलाई समयमै दिएको थियौँ । केही दिनमा आरयुटीएफ आउने जानकारी छ, विकले बताउनुभयो । जिल्ला पोषण कार्यक्रम संयोजक स्टाफ नर्स निर्मला विकका अनुसार कुपोषण अन्त्य गर्न विभिन्न कार्यक्रम सञ्चालनमा छन् । हालसम्म ५१ जना कुपोषित आमा र बालबालिकाको जिल्ला अस्पतालमा उपचार गरिएको छ । स्वामीकार्तिककै साविक साप्पाटा गाविस कुपोषणका हिसाबले जिल्लाकै सबैभन्दा संवेदनशील क्षेत्र हो । यहाँ जन्मदर अत्यधिक छ तर परिवार नियोजनप्रति चासो न्यून छ । न पुरुषहरू बन्ध्याकरण गर्न चाहन्छन्, न महिलाहरू । 'बन्ध्याकरण गरे कमजोरी आउँछ' भन्ने भ्रम व्यापक छ । पुरुष भारत जान्छन्, महिला सन्तान र घर सम्हाल्छन् । परिवार नियोजनका लागि शिविर सञ्चालन गरिए पनि सहभागिता न्यून रहन्छ । समस्या कुपोषण मात्र होइन, चेतनाको पनि हो । जबसम्म जनचेतना, शिक्षा, स्वास्थ्य पहुँच र पोषण सुरक्षामा समन्वित पहल हुँदैन, तबसम्म मुक्तिकोटको पीडा केवल समाचारमा सीमित भइरहने छ । *(बाल आवाज, २०८२, असार २०)*

## २. क्रियाकलाप

साथी समूहमा बसेर एक जनाले यस कार्डमा भएको विषयवस्तु रेडियोमा समाचार भनेझैँ पढ्नुहोस् र अरूले राम्ररी सुन्नुहोस् । यसमा के विषयमा कुरा गरिएको छ र कसले के भनेका छन्, ख्याल गर्नुहोस् । त्यसबारेमा छलफल गर्नुहोस् र निम्नलिखित विषयमा आफ्नो प्रतिक्रिया (हो कि होइन ? हो भने किन ?) सहजकर्ता र साथीलाई सुनाउनुहोस् :

- स्वास्थ्य सेवा लिन सम्झाउँदा पनि नमानेपछि उपचार नपाई सन्तोषको मृत्यु भएको
- उत्पादन न्यून, पोषणयुक्त खाना र तरकारीको अभाव हुँदा कुपोषण भएको
- चेतनाको अभाव, गरिबी र परम्परागत सोचका कारण कुपोषणको समस्या बढेको
- गरिबी र पछौटेपन घटाउन नसक्दा कुपोषण बढेको
- अत्यधिक जन्मदर र परिवार नियोजनप्रति चासो न्यून हुँदा कुपोषण भएको
- बन्ध्याकरण गरे कमजोरी आउँछ ।
- समस्या कुपोषण मात्र होइन, चेतनाको पनि हो ।

यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

श्रवण र प्रतिक्रिया

## ४. सिकाइ उपलब्धि

सञ्चारका विभिन्न माध्यमबाट व्यक्त विषयवस्तु सुनी प्रतिक्रिया जनाउन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) सन्तोष न्यौपाने र जमुना विकको मृत्यु किन भयो ?

(ख) कुपोषणको कारण बजेट अभाव मात्र हो त ?

(ग) 'बन्ध्याकरण गरे कमजोरी आउँछ' भन्ने भ्रम तपाईँ कसरी चिर्न सक्नुहुन्छ ?

(घ के तपाईँका विचारमा जनचेतना, शिक्षा, स्वास्थ्य पहुँच र पोषण सुरक्षामा समन्वित पहलले कुपोषण घट्न सक्छ ? विचार राख्नुहोस् ।

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई (रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यममा प्रस्तुत विषयवस्तु ध्यानपूर्वक सुनी प्रतिक्रिया जनाउने सिप सिकाउन खोजिएको छ । यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई सञ्चारका विभिन्न माध्यममा आउने विष्यवस्तु सुन्न र प्रतिक्रिया जनाउन लगाउनुहोस् । सिकारुले सुनेका विषयवस्तुमा प्रतिक्रियाका क्षेत्र कार्डमा जसरी नै सङ्केत गरिदिनुहोस् । सिकाइ केन्द्रमै रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यमबाट विषयवस्तु सुनाएर प्रतिक्रिया जनाउन पनि लगाउनुहोस् ।

| N | | जस्तो सिकें, त्यस्तै गरें ।<br>(सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. १७<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### किन पढ्नुपर्छ ?

**समाचार कक्ष, रेडियो नेपाल**

शिक्षा व्यक्ति र समाज दुवैका लागि विकासको आधार मानिन्छ। विशेषज्ञहरूका अनुसार पढाइले व्यक्तिको ज्ञान, सप र सोचाइ विस्तार गर्छ । बालबालिकादेखि युवासम्म हरेक उमेरका मानिसले अध्ययनसँग जोडिनु भनेको आफ्नो भविष्य सुरक्षित गर्ने प्रक्रिया हो । पढाइले आत्मनिर्भर बन्न मद्दत गर्छ । जीवनमा आवश्यक निर्णय लिन, समस्या समाधान गर्न, र अवसर पहिचान गर्न शिक्षा अपरिहार्य छ । दोस्रो, रोजगारीका क्षेत्रमा प्रतिस्पर्धा बढ्दै गएकाले दक्षता र योग्यताबिना स्थिर पेसा बनाउने सम्भावना घट्दै गएको छ । तेस्रो, पढाइले सामाजिक चेतना विकास गरिदिन्छ । नागरिकका हकअधिकार, कर्तव्य र जिम्मेवारी बुझ्न शिक्षा अत्यावश्यक मानिन्छ। चौथो, स्वास्थ्य, प्रविधि, कृषि, व्यवसायजस्ता दैनिक जीवनसँग सम्बन्धित विषयमा सही जानकारी पाउन तथा प्रयोग गर्न पनि पढाइ महत्त्वपूर्ण हुन्छ। शैक्षिक विज्ञहरूका अनुसार शिक्षा प्राप्त जनसङ्ख्या बढी भएको समुदाय आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा द्रुत प्रगतिमा अघि बढ्ने गर्छ। यसका लागि विद्यालय तथा समुदायस्तरमा सिकाइ-प्रेरणा र पठन संस्कृति कार्यक्रम पनि सञ्चालन भइरहेका छन्। यो थियो आजको शैक्षिक समाचार, समाप्त भयो।

माथिको समाचार सुनेपछि कुनै विषयमा यस्तै समाचार तयार पारेर वाचन गर्नुहोस् :

## २. क्रियाकलाप

साथी समूहमा बसेर एक जनाले यस कार्डमा भएको समाचार रेडियोमा समाचार भनेझैं पढ्नुहोस् र अरूले राम्ररी सुन्नुहोस् । यसमा के विषयमा कुरा गरिएको छ र कसले के भनेका छन्, ख्याल गर्नुहोस्। यसपछि आफैँले कुनै विषय सोची यसरी नै समाचार बनाउनुहोस् र वाचन गरेर सुनाउनुहोस्। आफ्नो समाचार र वाचन कस्तो भयो, सहजकर्ताबाट पृष्ठपोषण प्राप्त गर्नुहोस्। यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस्।

## ३. विषय क्षेत्र

विचार प्रस्तुति

## ४. सिकाइ उपलब्धि

सञ्चारका विभिन्न माध्यमबाट व्यक्त विषयवस्तु सुनी प्रतिक्रिया जनाउन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिको समाचारमा के के विषवस्तु थिए ?

(ख) तपाईँले तयार गरी वाचन गरेको समाचारमा कुन कुन विषयवस्तु राख्नुभयो ?

(ग) सहजकर्ताका अनुसार तपाईँको प्रस्तुतिमा रहेका राम्रा र सुधार गर्नुपर्ने पक्ष के के हुन् ?

(घ) अब तपाईँ कुनै विषयमा आफ्नो विचार प्रस्तुत गर्न सक्नुहुन्छ ? यसका लागि के के गर्नुपर्ने रहेछ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई विभिन्न सञ्चार साधनको प्रयोग गरी आफ्ना विचार प्रस्तुत गर्ने सिप सिकाउन खोजिएको छ । यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई सञ्चारका विभिन्न माध्यममा प्रस्तुत गर्न सकिने विषयवस्तु तयार गरी वाचन गर्न लगाउनुहोस् । सिकाइ केन्द्रमा सुविधा भए माइकमा बोल्न लगाउनुहोस् । सिकारुले तयार पारेका विषयवस्तु सम्पादन गरी स्थानीय सञ्चार माध्यममा पठाएर प्रसारण गर्ने प्रबन्ध पनि मिलाइदिनुहोस् । सिकाइ केन्द्रमै स्मार्ट बोर्ड भएमा वा स्पिकर भएमा त्यसमा विचार प्रस्तुत गर्ने अभ्यास गराउनुहोस् ।

| N | | संवाद कसरी गर्ने ?<br>(सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. १८<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस्, छलफल गर्नुहोस् र बुझ्नुहोस् :

संवाद भनेको एउटा निश्चित विषयमा बाँधिएर दुई पात्रले गर्ने गफ हो । यो कुनै सामूहिक विषयवस्तु वा विचारसँग सम्बन्धित हुन्छ । यसमा सन्देश पक्ष महत्त्वपूर्ण हुन्छ । यसमा सुरुमा विपरीत सोचाइ भएका पात्रको छनोट गरिन्छ । पछि फरक मत राख्ने पात्रका बिचमा तर्कपूर्ण संवाद गराई एउटै निष्कर्षमा सहमति गराइन्छ ।

**संरचना**

- शीर्षक
- परिवेश (दुई पात्रको भेट भएको ठाउँको वातावरण)
- शिष्टाचार
- सरल र स्वाभाविक तरिकाले विषयप्रवेश
- दुवै पात्र सशक्त रूपमा प्रस्तुत, फरक मतको तर्कपूर्ण प्रस्तुति
- दुवै पात्रको अर्को पक्षलाई विचारले आफूतिर तान्ने प्रयास
- दुवैको वैचारिक मतभेदको चरम अवस्था
- बिस्तारै शीर्षकको पक्षको पात्रको भनाइबाट अर्को पात्र आकर्षित
- दुवै एउटै कुरामा सहमत, सन्देशमूलक अन्त्य
- बिछोड (समाप्तिको सङ्केत)

**शैली**

- संवादको थालनी गर्नुभन्दा अगाडि शीर्षकपछि कोष्ठकमा वातावरण लेख्ने
- दुई जना पात्रको छनोट गर्दा एउटा विषयप्रति सचेत र अर्को चाहिँ केही थाहा नभएको ठान्ने
- पात्रले प्रस्तुत गरेका हाउभाउहरू स्पष्टसँग कोष्ठकमा लेख्ने
- दुवै पात्रले बराबर बोल्ने
- पाठकलाई कसले जित्ला भन्ने खालको कुतूहल सिर्जना गर्ने
- पात्रलाई गम्भीर बनाउँदै संवाद टुङ्ग्याउने
- संवादका अन्त्यमा घटनाबाट पाठकलाई सन्देश दिने

## २. क्रियाकलाप

पहिले साथी समूहमा बसेर छलफल गरी यस कार्डमा लेखिएका कुरा बुझ्नुहोस् । त्यसपछि यो कार्ड लिएर सहजकर्तासँग जानुहोस् । आफूले पढेर सहजकर्तालाई सुनाउनुहोस् वा सहजकर्ताले पढेको सुन्नुहोस् । यसमा लेखिएका प्रत्येक बुँदाबारे सहजकर्तासँग छलफल गरेर बुझ्नुहोस् । छलफलका क्रममा संवाद कसरी तयार गरिन्छ र यसको शैली कस्तो हुन्छ भन्ने बारेमा पनि कुराकानी गर्नुहोस् । यसपछि आफैँले कुनै विषय सोची संवाद गर्ने योजना बनाउनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

संरचना र शैली पहिचान

## ४. सिकाइ उपलब्धि

विभिन्न विषयमा गरिने संवाद, वादविवादमा सहभागी भई तार्किक प्रस्तुति दिन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) संवादको संरचना कस्तो हुने रहेछ ?

(ख) संवादमा दुई पात्रका बिचमा सुरु, बिच र अन्त्यमा कस्तो अवस्था सिर्जना गर्नुपर्ने रहेछ ?

(ग) संवादको अन्त्य कसरी हुने रहेछ ?

(घ) संवाद भन्दा तपाईँले अब के बुझ्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई विभिन्न विषयमा गरिने संवादको संरचना र शैली सिकाउन खोजिएको छ। यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई पहिले साथी समूहमा छलफल गरेर बुझ्न लगाउनुहोस् र पछि आफूले बुँदा व्याख्या गरेर सिकाइदिनुहोस् । संवादको संरचना र शैलीका बुँदा ठुलो कागजमा लेखेर भित्तामा टाँस्न लगाएर त्यहीँ गएर पढ्न वा त्यहाँ पढेका कुरा समूहमा आएर सुनाउन पनि लगाउनुहोस् । संवादका केही नमुना पनि देखाउनुहोस् र बुँदामा लेखिएका कुरा संवादमा कहाँ छन् भन्ने देखाइदिनुहोस् । सिकारुलाई अर्को कक्षामा संवाद गर्न आफैँले विषयवस्तु छनोट गरी तयारी गर्न काम दिनुहोस् ।

| N | | वादविवाद कसरी गर्ने ?<br>(सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. १९<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### सुन्नुहोस्, छलफल गर्नुहोस् र बुझ्नुहोस् :

कुनै पनि विषय वा शीर्षकको पक्ष वा विपक्षमा रहेर गरिने तर्कपूर्ण प्रस्तुतिलाई वादविवाद भनिन्छ । वादविवादको मुख्य पक्ष अरूका विचारको खण्डन र आफ्नो पक्षको तार्किक समर्थन हो । वादविवादमा विषयवस्तुलाई शिष्ट शैलीमा प्रस्तुत गरेर अनकौं उदाहरण र तर्कका माध्यमबाट आफ्ना पक्षलाई गहकिलो बनाइन्छ । वादविवाद सरल, तार्किक, गम्भीर र सारगर्भित हुन्छ । वादविवादमा बोली र मन्तव्य महत्त्वपूर्ण हुन्छ ।

**वादविवादको संरचना**

- शीर्षक
- सम्बोधन -(सभाध्यक्ष, प्रमुख अतिथि, निर्णायकमण्डल, गुरुवर्ग र साथीहरू)
- आदि भाग
  - विषयको पक्ष वा विपक्षको जानकारी र विषयप्रवेश
  - विषयको महत्त्वका बारेमा आफ्नो छोटो विचार
- मध्य भाग
  - विपक्षीका मतको क्रमशः खण्डन
  - आफ्ना मतको स्थापना
  - विभिन्न उदाहरण र तर्कको प्रयोग गर्दै आफ्नो धारणाको तार्किक स्थापना (जनाउ घन्टीको सङ्केत)
- अन्त्य भाग
  - माथिका सबै कुरा समेटेर आफ्ना अकाट्य तर्क दिँदै आफ्नो विषयमा उपयुक्त निष्कर्षसहित समापन (अन्तिम घन्टीको सङ्केत)

**शैली**

- आफूले लेख्नुपर्ने विषयको पक्ष वा विपक्षका बारेमा गम्भीरतापूर्वक मनन गर्ने
- लेख्ने कुराका बुँदाको टिपोट गरी तिनको क्रमनिर्धारण गर्ने
- समयको सीमाभित्र रहेर सारगर्भित र खँदिलो अभिव्यक्ति दिने
- विपक्षीका मतको खण्डन गर्दा 'पूर्ववक्ता भित्र' शब्दको प्रयोग गरी उच्च आदरका साथ वाक्यसंयोजन गर्ने
- रुखो, झर्रो र आक्रोश पोख्ने खालको नभई शिष्ट, शालीन र कलात्मक अभिव्यक्ति प्रस्तुत गर्ने
- समयसूचक र समाप्तिको सङ्केतक घन्टी बजेपछि धन्यवाद दिएर टुङ्ग्याउने

## २. क्रियाकलाप

पहिले साथी समूहमा बसेर छलफल गरी यस कार्डमा लेखिएका कुरा बुझ्नुहोस् । त्यसपछि यो कार्ड लिएर सहजकर्तासँग जानुहोस् । आफूले पढेर सहजकर्तालाई सुनाउनुहोस् वा सहजकर्ताले पढेको सुन्नुहोस् । यसमा लेखिएका प्रत्येक बुँदाबारे सहजकर्तासँग छलफल गरेर बुझ्नुहोस् । छलफलका क्रममा वादविवाद कसरी तयार गरिन्छ र यसको शैली कस्तो हुन्छ भन्ने बारेमा पनि कुराकानी गर्नुहोस् । यसपछि आफैँले कुनै विषय सोची वादविवाद गर्ने योजना बनाउनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र : वादविवाद

(संरचना र शैली पहिचान)

## ४. सिकाइ उपलब्धि

विभिन्न विषयमा गरिने संवाद, वादविवादमा सहभागी भई तार्किक प्रस्तुति दिन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) वादविवादको संरचना कस्तो हुने रहेछ ?

(ख) वादविवादमा दुई पात्रका बिचमा सुरु, बिच र अन्त्यमा कस्तो अवस्था सिर्जना गर्नुपर्ने रहेछ ?

(ग) वादविवादको अन्त्य कसरी हुने रहेछ ?

(घ) वादविवाद भन्दा तपाईँले अब के बुझ्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई विभिन्न विषयमा गरिने वादविवादको संरचना र शैली सिकाउन खोजिएको छ। यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई पहिले साथी समूहमा छलफल गरेर बुझ्न लगाउनुहोस् र पछि आफूले बुँदा व्याख्या गरेर सिकाइदिनुहोस्। वादविवादको संरचना र शैलीका बुँदा ठुलो कागजमा लेखेर भित्तामा टाँस्न लगाएर त्यहीँ गएर पढ्न वा त्यहाँ पढेका कुरा समूहमा आएर सुनाउन पनि लगाउनुहोस्। वादविवादका केही नमुना पनि देखाउनुहोस् र बुँदामा लेखिएका कुरा वादविवादमा कहाँ छन् भन्ने देखाइदिनुहोस्। सिकारुलाई अर्को कक्षामा संवाद गर्न आफैँले विषयवस्तु छनोट गरी तयारी गर्न काम दिनुहोस्।

| N | | संवाद गरौँ (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २० तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### मातृका र तुलसी बनी तलको संवाद अभिनयसहित सुनाउनुहोस् :

(मातृका बारीमा लगाएको तरकारी गोडमेल र मलजल गर्दै थिए । यसै बेला उनका साथी तुलसी आइपुगे । उनी कामको खोजीमा विदेश जाने तरखर गर्दै थिए । मातृकाले लगाएको तरकारी देखेर उनलाई आश्चर्य लाग्यो । दुवै जना कुराकानी गर्न थाले ।)

मातृका : ओहो तुलसीजी ! नमस्कार है, आज कताबाट यहाँ आइपुग्नुभयो ?

तुलसी : खै, माने गाउँतिर घुम्दै थिएँ । तपाईँसँग यसो कुराकानी गरुँ कि भनेर आएको नि ! तपाईँ त पूरै खेतीपातीमा व्यस्त हुनुहुँदो रहेछ । तरकारी पनि कति राम्ररी फलेको ? (तरकारी बारीतिर हेर्दै) आफू त विदेश जान आँटियो । यहाँ बसेर केही प्रगति होला जस्तो लागेन । (पसिना पुस्दै)

मातृका : ए, तपाईँ विदेश पो जान लाग्नुभयो ? आफ्नै देशमा बसेर केही गरे हुँदैन ! म पनि त पाँच वर्ष विदेशमा काम गरेर आएको हुँ । खै, मैले त त्यति पैसा कमाउन सकिएन । त्यो दुःखभन्दा त आफ्नै गाउँमा आयआर्जनको काम गरेर बस्न मन लाग्यो मलाई त । त्यही भएर तरकारी खेतीतिर लागेँ म त ।

तुलसी : (उत्सुक हुँदै) उसो भए अब म के गरूँ त ?

मातृका : मेरो भनाइ मान्नुहुन्छ भने तपाईँ पनि यतै बसेर कुनै रोजगारीको काम गर्नुहोस् । स्वरोजगारी सिर्जना गर्नु त देशको विकास पनि हो नि । वैदेशिक रोजगारीमा पनि समस्या छन् । त्यहाँ पनि हाम्रो सपना त्यत्तिकै पूरा हुँदैन । उखरमाउलो गर्मीमा पसिना बगाउनुभन्दा त आफ्नै देशको माटामा पसिना बगाउनु राम्रो हो नि । यसबाट आफूलाई पनि फाइदा हुन्छ र देशको पनि उन्नति हुन्छ ।

तुलसी : (गम्भीर बन्दै) सबैले स्वरोजगार, स्वरोजगार भनेको सुन्छु । रेडियोबाट पनि यस्तै कुरा आउँछ । रोजगारी भनेको त थाहा थियो । यो स्वरोजगार भनेको चाहिँ के रहेछ मातृकाजी ?

मातृका : हैन, थाहा छैन र ! आफ्नै लगानीमा आफूले चाहेबमोजिमको काम गरी आयआर्जन गर्नु नै स्वरोजगार हो । आफ्नो रुचिका काम गरेर जीविकोपार्जन गर्नु स्वरोजगार भनिन्छ । साना व्यवसाय थोरै लगानीमा आफ्नो श्रम, सिप र क्षमताको सदुपयोग गरी गर्न सकिन्छ । यसबाट आर्थिक रूपमा सबल बन्न सकिन्छ । मलाई त स्वरोजगारी हुनुजस्तो राम्रो अरू केही लागेन । विदेशको रोजगारी पनि मन परेन ।

तुलसी : ओहो ! कति राम्रो कुरा पो रहेछ । स्वरोजगारअन्तर्गत अरू के कस्ता काम पर्छन् त मित्र ? मलाई त ती कुरा पनि सुन्न मन लाग्यो ।

मातृका : हेर्नुहोस् तुलसीजी ! स्वरोजगारको क्षेत्र निकै फराकिलो छ । यसको कुनै सीमा नै छैन । यसमा गाईपालन, कुखुरापालन, बाख्रापालन, माछापालन, मौरीपालन पनि पर्छन् । पुष्पव्यवसाय, फलफूल खेती, काष्ठकला, शिल्पकला, हस्तकला, चित्रकला पनि स्वरोजगारका क्षेत्र हुन् । कुटीर उद्योग, ससाना व्यापार व्यवसाय आदि धेरै किसिमका काम यसैअन्तर्गत पर्छन् ।

तुलसी : (जिज्ञासु हुँदै) अनि यीबाहेक अरू के के गर्न सकिन्छ त ? कुरा सुन्दा त मलाई ज्यादै मन पऱ्यो । यसका अरू क्षेत्र पनि छन् कि ?

मातृका : विशेष गरी कृषि, पर्यटन, निर्माण, उद्योग स्वरोजगारका मुख्य क्षेत्र हुन् । आफूलाई सफल हुन्छु जस्तो लागेका क्षेत्रमा दृढ इच्छाशक्ति र इमानदार प्रयत्नका साथ लाग्दा एक सफल उद्यमी व्यवसायी बन्न सकिन्छ ।

## २. क्रियाकलाप

यस कार्डमा संवादको नमुना दिइएको छ । साथी समूहमा यो संवाद अभिनयसहित सुनाउनुहोस् । सहजकर्तालाई पनि सुनाउनुहोस् र पृष्ठपोषण प्राप्त गर्नुहोस् । सिकाइ कक्षामा साथीहरू मिलेर संवाद प्रतियोगिता गर्नुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

संवादप्रस्तुति

## ४. सिकाइ उपलब्धि

विभिन्न विषयमा गरिने संवाद, वादविवादमा सहभागी भई तार्किक प्रस्तुति दिन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) संवाद गर्दा के के कुरामा ख्याल राख्नुभयो ?

(ख) साथीका प्रश्नको उत्तर दिन के गर्नुपर्ने रहेछ ?

(ग) संवादमा बोल्नेबाहेक के के गरिन्छ ?

(घ) संवादले के के सिकाउने रहेछ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई संवाद शिल्प सिकाउन खोजिएको छ। यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई पहिले साथी समूहमा संवाद अभिनय गर्न लगाउनुहोस् र पछि आफूले नै संवाद प्रतियोगिता गर्न लगाउनुहोस्। कसको संवाद प्रस्तुति राम्रो भयो, पृष्ठपोषण दिनुहोस्।

| N | | वादविवाद गरौं ।<br>(सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २१<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### तलको वादविवाद अभिनयसहित सुन्नुहोस्, सुनाउनुहोस् :

### छोरीलाई दाइजो होइन शिक्षा (पक्षमा)

श्रीमान् सभाध्यक्ष महोदय !

निर्णायकमण्डल, गुरुवर्ग तथा सहभागी एवम् सम्पूर्ण साथीहरू !

आज म 'छोरीलाई दाइजो होइन शिक्षा' भन्ने विषयको पक्षमा आफ्ना भनाइ राख्दै छु । नयाँ आविष्कार, खोज र अनुसन्धानयुक्त वर्तमान अवस्थामा कसैलाई शिक्षाबाट वञ्चित गर्नु हुँदैन । शिक्षा सम्पत्ति हो । शिक्षाले व्यक्ति, परिवार, समाज र देशलाई शिक्षित बनाउँछ । छोरीलाई परिवारभित्रै सीमित गरेर शिक्षाबाट वञ्चित गरियो भने भावी जीवन सुखमय बन्न सक्दैन । परिवार सुन्दर र सुखी बनाउन नारीको हात हुन्छ । एउटा पुरुष शिक्षित भयो भने ऊ मात्र शिक्षित हुन्छ तर एउटी नारी शिक्षित भइन् भने परिवारै शिक्षित हुन्छ । यसैले छोरीलाई दाइजोभन्दा शिक्षा आवश्यक छ । असल शिक्षाले दाइजोबाट प्राप्त हुने सम्पत्ति क्षणभरमै कमाउन सक्छ । शिक्षाले व्यक्तिलाई शिक्षित र सक्षम बनाउँछ । (जनाउ घन्टी बज्छ ।)

दाइजोकै कारण कतिपय परिवार विखण्डित भएका छन् र गरिब परिवारमा छोरी जन्मँदा शोक मनाउनुपर्ने अवस्था आएको छ । दाइजोकै कारण कतिपय बाबुआमाको बास सडकमा भएको छ । यसरी दाइजो लिएर गएकी छोरी खुसीसाथ रहन सक्ली ? त्यसैले परिवारको खुसी, छोरीको सुन्दर भविष्य र छोराछोरीबिचको विभेद अन्त्यका लागि पनि छोरीलाई उचित शिक्षाको आवश्यकता हुन्छ भन्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ! (अन्तिम घन्टी बज्छ ।)

### छोरीलाई दाइजो होइन शिक्षा (विपक्ष)

श्रीमान् सभाध्यक्ष महोदय !

निर्णायकमण्डल, गुरुवर्ग एवम् सम्पूर्ण साथीहरू !

म यस वादविवाद प्रतियोगिताको विपक्षबाट आफ्ना तर्क राख्दै छु । पूर्ववक्ता साथीले छोरी शिक्षित भइन् भने परिवार सुखी हुन्छ, दाइजोले छोराछोरीबिचको भेदभाव बढाउँछ भन्नुभयो । म उहाँलाई यो प्रश्न गर्न चाहन्छु, एउटै बाबुआमाका दुई सन्तानमध्ये छोरालाई सम्पत्तिको हक छ भने छोरीलाई किन छैन ? विभेद त त्यहाँ छ । यो हटाउन छोरालाई दिइने सम्पत्ति छोरीले दाइजोका रूपमा पाउनुपर्छ । शिक्षा त छोरालाई पनि त दिइन्छ नि ! आज हरेक क्षेत्रमा प्रतिस्पर्धा गर्न पैसा आवश्यक छ । समाजमा सम्पत्ति हुनेको उच्च सम्मान र प्रतिष्ठा हुन्छ । त्यसैले छोरीको विवाहमा समाजले उसले पाएको दाइजो हेर्छ । छोरीले समाजमा मान प्रतिष्ठा कमाउन र आफ्नो परिवारलाई सुखी राख्न दाइजो चाहन्छन् । (जनाउ घन्टी बज्छ । )

यथेष्ट ज्ञान भए पनि पैसाको अभाव छ भने ज्ञानको मूल्य हुँदैन । त्यसैले छारीको उज्ज्वल भविष्य, सफलता, खुसी र मान प्रतिष्ठाका लागि दाइजो आवश्यक छ भन्दै आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद । (अन्तिम घन्टी बज्छ ।)

## २. क्रियाकलाप

यस कार्डमा वादविवादको नमुना दिइएको छ । साथी समूहमा यो वादविवाद अभिनयसहित सुनाउनुहोस् । सहजकर्तालाई पनि सुनाउनुहोस् र पृष्ठपोषण प्राप्त गर्नुहोस् । सिकाइ कक्षामा साथीहरू मिलेर कुनै विषयमा वादविवाद प्रतियोगिता गर्नुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

वादविवाद प्रस्तुति

## ४. सिकाइ उपलब्धि

विभिन्न विषयमा गरिने संवाद, वादविवादमा सहभागी भई तार्किक प्रस्तुति दिन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) वादविवाद गर्दा के के कुरामा ख्याल राख्नुभयो ?

(ख) साथीका प्रस्तुतिको खण्डन कसरी  गर्नुपर्ने रहेछ ?

(ग) वादविवादमा  के के गरिन्छ ?

(घ) वादविवादले के के सिकाउने रहेछ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई वादविवाद गर्ने शिल्प सिकाउन खोजिएको छ। यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई पहिले साथी समूहमा वादविवाद अभिनय गर्न लगाउनुहोस् र पछि आफूले नै विषय दिएर वादविवाद प्रतियोगिता गर्न लगाउनुहोस् । कसको  प्रस्तुति राम्रो भयो, मूल्याङ्कन गरेर पृष्ठपोषण दिनुहोस्।

| N | | म सुनेको विषयलाई विस्तार गर्न सक्छु । (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २२ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### एउटा प्रवचनमा रेबिकाले यस्तो सुनिन् :

### मेरो चाहना

नागरिकता प्राप्ति र स्वतन्त्र भएर लेख्ने इच्छा .... पत्रपत्रिकामा लेखिरहन सक्ने लेखकका रूपमा चिनाउने धोको ......मानवीय समस्यामा कलम चलाउने चाहना.... पर्चा पम्प्लेट छापेर तथा सामाजिक सञ्जालमा लेखरचना सेयर गरेर चेतना फैलाउने रहर .... सच्चा मानव अधिकारका पक्षमा लागिरहने मानव अधिकारवादी बन्ने अठोट ....नेपालको राष्ट्रिय मानव अधिकार आयोगमार्फत अधिकारका लागि पहल गर्ने .... कसैको चरित्रहत्या गर्नुनहुने र सबैको गोपनीयता कायम राख्नुपर्ने ...... मानव अधिकारका पक्षमा लागिरहने प्रतिबद्धता

**रेबिकाले त्यसलाई यस्तो बनाइन् :**

नागरिकता पाएसँगै ठुलो भएपछि मलाई स्वतन्त्र भएर लेख्ने इच्छा थियो । आफूलाई सधैँजसो पत्रपत्रिकामा लेखिरहन सक्ने लेखकका रूपमा चिनाउने धोको थियो । देशभित्रका तमाम मानवीय समस्या पहिचान गर्दै तिनमा कलम चलाउने चाहना थियो । मलाई आवश्यकताअनुसार पर्चा पम्प्लेट छापेर तथा सामाजिक सञ्जालमा लेखरचना सेयर गरेर चेतना फैलाउने रहर थियो । त्यसैले अब चाहिँ म यस्ता विषयमाथि कलम चलाउने सोचमा छु । सच्चा मानव अधिकारका पक्षमा लागिरहने मानव अधिकारवादी बन्ने अठोटमा छु । अधिकार नपाउनेलाई नेपालको राष्ट्रिय मानव अधिकार आयोगमार्फत भए पनि अधिकारका लागि पहल गर्ने पक्षमा छु । अधिकारका लागि पहल गरिरहँदा कसैको चरित्रहत्या गर्नुहुँदैन र सबैको गोपनीयता कायम राख्नुपर्छ भन्ने कुरा मैले बुझिसकेको छु । मैले सधैँ सधैँ मानव अधिकारका पक्षमा लागिरहने प्रतिबद्धता जनाएको छु ।

**अब तपाईँ पनि सहजकर्ताले सुनाएको कुनै घटना वा कथालाई बुँदामा टिप्नुहोस् र त्यसलाई विस्तार गरेर उहाँलाई नै सुनाउनुहोस् ।**

## २. क्रियाकलाप

यस कार्डमा कुनै विषय र त्यसलाई विस्तार गर्ने नमुना दिइएको छ । साथी समूहमा बसेर यी बुँदालाई कसरी विस्तार गर्न सकिन्छ भन्नेबारे छलफल गर्नुहोस् र बुँदा विस्तार गरेर बनाइएको अनुच्छेद पनि राम्ररी हेर्नुहोस् । पढेर साथीलाई पनि सुनाउनुहोस् । साथीलाई वा सहजकर्तालाई कुनै घटना वा कथा सुनाउन लगाउनुहोस् र त्यसबाट आफूलाई लागेका मुख्य विषयवस्तु टिप्नुहोस् । त्यसपछि ती बुँदालाई आफ्नै ढङ्गले विस्तार गर्नुहोस् । तपाईँले पहिले सुनेजस्तो भयो कि भएन, तुलना गर्नुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

विषय वर्णन

## ४. सिकाइ उपलब्धि

परिचित विषयवस्तुको स्वतन्त्र वर्णन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) कुनै विषयका मुख्य कुरा कसरी थाहा पाउने होला ?

(ख) सुनेका कुरालाई कसरी विस्तार गर्ने होला ?

(ग) विषयवस्तु, घटना वा  कथा भन्नाले के बुझ्नुभयो ?

(घ) तपाईँ विषयवस्तुलाई कसरी वर्णन गर्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई  परिचित विषयवस्तुको स्वतन्त्र वर्णन गर्न सिकाउन खोजिएको छ । यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई उनीहरूले सुनेको कुनै विषयको वर्णन गर्न लगाउनुहोस् । वर्णन गर्दा त्यसको अर्थ, परिभाषा, गुण अवगुण, फाइदा बेफाइदा, विशेषता, कारण, हानि, प्रभाव आदिका आधारमा गर्न सकिन्छ भनी उदाहरणसहित सिकाइदिनुहोस् । विषय वर्णनका लागि अरू पुस्तक, पत्रपत्रिका पढ्न र इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग गर्न पनि सिकाउनुहोस् । कसको वर्णन राम्रो भयो, मूल्याङ्कन गरेर पृष्ठपोषण दिनुहोस् । यसका लागि कुनै गृहकार्य वा परियोजना कार्य पनि दिनुहोस् । (जस्तै : पसलमा मानिसहरू के कस्ता कुरा गर्छन्, सुनेर त्यसको वर्णन गरेर त्यलाई कक्षामा सुनाउनुहोस् ।)

| | | | | |
|---|---|---|---|---|
| N | | मेरो दैनिकी (सुनाइ र बोलाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २३ तह ३ | २ घण्टा |

## १. सिक्नुपर्ने विषयवस्तु

**तपाईँको साथीको दैनिकी सुन्नुहोस् :**

### भानुजयन्ती मनाएको दिन

मिति : २०८३/३/२९

आज म बिहान चार बजे उठेँ । पानी परेको तीन दिन भइसकेको थियो । आज पनि बाहिर सिमसिम पानी पर्दै थियो तर जाडो भने थिएन । मैले उठेर नुहाएँ । आज भानुजयन्ती हो । नेपालीका लागि यो महत्त्वपूर्ण दिन हो । आज हाम्रो विद्यालयले अन्तरविद्यालय भानुभक्तीय रचनापाठ-प्रतियोगिताको आयोजना गरेको थियो । त्यसैले आज म छिट्टै खाना खाएर विद्यालयतिर लागेँ । हाम्रै विद्यालयको आयोजना भएकाले म स्वयम्सेवक पनि थिएँ । हामीले मञ्च सजाउनेदेखि लिएर कुर्सी, बेन्च मिलाउने काम मिलेर गर्‍यौँ । मैले प्रतियोगितामा भाग लिएको थिइनँ तर मलाई भानुभक्तका सबै रचना पढ्न र सुन्न असाध्यै मन लाग्छ । हाम्रा साथीहरूले कोठामा प्रतियोगिताका लागि सामूहिक स्वरमा बधूशिक्षा वाचन गर्ने अभ्यास गरे ।

बिहान ११ बजे कार्यक्रम सुरु भयो । प्रतियोगितामा जम्मा २० ओटा विद्यालयको सहभागिता थियो । जब एकपछि अर्को गर्दै विभिन्न समूह मञ्चमा गएर भानुभक्तका रचना पाठ गर्न थाले तब मलाई पनि नेपाली हुन पाएकामा गर्व लाग्यो । त्यसमा पनि भानु मा.वि.ले त झन् सबैलाई छक्क पार्‍यो । त्यस विद्यालयका हरेराम लेखक, रजनी घर्ती, रूपक थापा, चन्द्र डङ्गोल, कला दनुवार, राजेश यादव, छेदिलाल सतार, पुजारी गन्धर्व, विक्रम फागो र कासाङ शेर्पाले त आआफ्नै संस्कृतिअनुसारका लुगा लगाएर हातमा रामायण बोकेर आएका थिए । तिनले मञ्चमा गएर रामायण वाचन गर्दा प्रभावित नहुने कोही पनि थिएनन् । त्यसबाट भानुभक्त कुनै पनि भाषा, धर्म र संस्कृतिका निजी होइनन्, सबै नेपालीका साझा सम्पत्ति हुन् भन्ने सन्देश व्यक्त भयो । त्यही समूह प्रथम भयो ।

कार्यक्रम साँझ परेपछि मात्र सकियो अनि म घर पुगेँ । आजको दिन मेरा लागि शिक्षाप्रद रह्यो । मैले बाआमासँग पनि यसबारेमा कुरा गरेँ । अहिले पनि भानु मा.वि.को एकताको त्यही दृश्य मेरा आँखाअगाडि नाचिरहेको छ ।

**अब यसै गरी तपाईँले बिहानदेखि बेलुकासम्म गरेका काम समेटेर एक दैनिकी तयार पारी सुनाउनुहोस् ।**

## २. क्रियाकलाप

यस कार्डमा दैनिकीको नमुना दिइएको छ । साथी समूहमा बसेर साथीले पढेको सुन्नुहोस् र आफूले पनि पढेर सुनाउनुहोस् । यसपछि आफूले कुनै दिन बिहानदेखि बेलुकासम्म गरेका मुख्य मुख्य काम समेटेर दैनिकी तयार पारी सुनाउनुहोस् । साथीले सुनाएको दैनिकी पनि सुन्नुहोस् र तुलना गर्नुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

आफ्नो दैनिकी वर्णन

## ४. सिकाइ उपलब्धि

परिचित विषयवस्तुको स्वतन्त्र वर्णन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) दैनिकी भनेको के होला ?

(ख) माथि कुन दिनको दैनिकी दिइएको छ ?

(ग) यस दैनिकीमा के विषय वर्णन भएको छ ?

(घ) दैनिकी तयार पार्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई परिचित विषयवस्तुको स्वतन्त्र वर्णनका रूपमा आफ्नो दैनिकी वर्णन गर्न सिकाउन खोजिएको छ। यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई उनीहरूले एक दिन बिहानदेखि बेलुकासम्म गरेका काम वर्णन गर्न लगाउनुहोस्। वर्णन गर्दा सुरुमा मिति, बिहानीको सङ्केत गर्दै दैनिकीमा प्रवेश र नित्यकर्मको सामान्य चर्चा गर्न सिकाउनुहोस्। मध्यभागमा विश्लेषणात्मक शैलीमा विस्तार, तोकिएको विषयको वर्णन, प्रभाव र प्रेरणा तथा सबैभन्दा महत्त्वपूर्ण कुराप्रति आफ्नो विशिष्ट विचार राख्न भन्नुहोस्। अन्त्य भाग सन्देशमूलक विषयगत प्रस्तुति र सन्ध्याकालीन सङ्केतसँगै समापन गर्न सिकाउनुहोस्। यस्तै विषयका बारेमा मनन गर्न, विषयमा केन्द्रित भई चर्चा गर्न, बिहानदेखि बेलुकासम्मका घटनाको क्रमशः वर्णन, कुनै प्रभावकारी दृश्यले पारेको प्रभाव, त्यसको विविध महत्त्व र सन्देशको पनि चर्चा गर्न तथा सरल तर विश्लेषणात्मक शैलीमा विषयको सकारात्मक र नकारात्मक चर्चा गर्न पनि सिकाउनुहोस्। सिकारुले गरेको वर्णन मूल्याङ्कन गरेर पृष्ठपोषण पनि दिनुहोस्। यसका लागि कुनै गृहकार्य वा परियोजना कार्य पनि दिनुहोस्। (जस्तै : तपाईँले हिजो गरेका कामको वर्णन गरेर सुनाउनुहोस्।)

| N | | म लय हालेर पढ्छु । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २४ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### तलको कविता लय हालेर पढ्नुहोस् :

### सहिदहरूको सम्झनामा

– भूपि शेरचन

हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए
बन्दैन मुलुक दुई चार सपुत मरेर नगए
ओठमा हाँसो, गालामा लाली तब आउँछ जगत्को
देशको पिरले भेटी जब वीरले चढाउँछ रगतको
घाँटीमा फाँसीको माला गाँसी वीरले हाँस्ता
मातृभूमिको चरण ढोगी भाग्दछ दासता
उम्रन्न बोट कसैले बिउ छरेर नगए
बन्दैन मुलुक दुई चार सपुत मरेर नगए !
हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक सासमा रगत छ सहिदको
हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको
हाम्रा खुसीका प्रत्येक पलमा जीवन छ सहिदको
पाउने थिएनौँ खुसी तिनले छाडेर नगए
बन्दैन मुलुक दुई चार सपुत मरेर नगए !
हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदका प्यारा ती लासले धिक्कार्ला
धरतीले मुख लाजले छोप्ला, आकाशले धिक्कार्ला
सहिद रोलान् हामीले उन्नति गरेर नगए
हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए
बन्दैन मुलुक दुई चार सपुत मरेर नगए !



## २. क्रियाकलाप

साथी समूहमा बसेर यो कविता पढ्नुहोस् । कसैले सबैभन्दा राम्ररी पढेको छ, ख्याल गर्नुहोस् । युट्युब वा अन्यत्र खोजेर यो कविता पढेको पनि सुन्नुहोस् । यसपछि यो कार्ड लिएर सहजकर्ताकहाँ जानुहोस् र गति, यति र लय मिलाई कविता पढेर सुनाउनुहोस् । कविता वाचन गर्दा यसको भाव पनि बुझ्नुहोस् । सहजकर्ताले केही सुझाव दिनुभयो भने त्यसका आधारमा सुधार गरी फेरि सुनाउनुहोस् । कविता राम्रोसँग वाचन गरेर नबुझुन्जेल वाचन अभ्यास गरिरहनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् । तपाईँले यस तहमा पढ्नुपर्ने अन्य कविताको वाचन पनि यसरी नै गर्नुहोस् ।

## ३. विषय क्षेत्र

कविता वाचन

## ४. सिकाइ उपलब्धि

लिखित सामग्रीलाई गति, यति र लय मिलाई वाचन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) सहिदहरूको सम्झनामा कविता कसरी पढ्नुभयो ? पढेर सुनाउनुहोस् ।

(ख) यस कवितामा कुन कुन पङ्क्ति पढ्न सजिलो र कुन कुन पङ्क्ति पढ्न गारो भयो ?

(ग) कवितामा कुन पङ्क्ति कति पटक दोहोरिएको छ ?

(घ) अन्तिममा उस्तै वा उस्तै लाग्ने शब्द प्रयोग भएका पङ्क्ति कुन कुन हुन् ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पद्य पाठ (कविता) लाई गति, यति, लय र हाउभाउ मिलाई वाचन गर्न सिकाउन खोजिएको छ । यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई साथी समूहमा कविता वाचन गरेर सबैभन्दा राम्रो लय पहिल्याउन लगाउनुहोस् । यस कविताको रेकर्ड पनि सुनाउनुहोस् । भूपि शेरचन र सहिदका बारेमा सामान्य चर्चा गरेर यो कविता पुनः लयमा पढ्न लगाउनुहोस् । कवितालाई स्मार्ट बोर्डमा प्रस्तुत गरेर वा ठुलो चार्टमा लेखी भित्ताामा टाँस्न लगाएर सबैलाई वाचन गर्ने अवसर दिनुहोस् । कविता वाचन गर्दा यसको भाव बुझ्न तथा अनुप्रासयुक्त लय पहिचान गरी गाउन लगाउनुहोस् । कक्षाबाहिर पनि यो कविता, यस तहमा पढ्नुपर्ने अन्य कविता र सिकारुले पढेका अन्य कविता वाचन गर्न लगाउनुहोस् । परियोजना कार्यका रूपमा तयारी गराई कविता वाचन प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | म शुद्ध उच्चारण गर्छु । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २५ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) रातो अक्षरमा दिइएका शब्दमा विशेष ख्याल गरी तलको अंश पढ्नुहोस् र यी शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

**प्रपन्नाचार्य** बहुभाषी, **सिर्जनशील**, **विनम्र**, सन्त एवम् **प्रकाण्ड** विद्वान् थिए । उनी मानवतावादी चिन्तनका आदर्श धरोहर थिए । उनमा नेपाली, राई, **संस्कृत**, हिन्दी र अङ्ग्रेजी आदि अनेकौँ भाषा **प्रयोग** गर्न सक्ने **क्षमता** थियो । संस्कृत **वाङ्मय**भित्रका अथाह ज्ञानलाई **व्यावहारिक** रूपमा आत्मसात् गर्न सक्ने साधना थियो । आजीवन वेद, **वेदान्त**, साहित्य, इतिहासलगायत विषयमा **केन्द्रित** भई अध्ययन अनुसन्धान गर्न सक्ने **सामर्थ्य** थियो । उनी सङ्गीतमा समेत रुचि राख्थे । यस्ता विविध विषयमा भएको अटुट **लगाव**का कारण उनले पाएको सिद्धि **असाधारण** मानिन्छ ।

### (अ) म उच्चारण अभ्यास गर्छु :

(क) केन्द्र, पुस्तिका, उद्देश्य, प्रगति, कच्चा, खुर्सानी, तित्री, संस्थापक

(ख) क्षण, दायित्व, प्रणाम वृद्धवृद्धा, अपाङ्गता, अन्तर्राष्ट्रिय, हस्तक्षेप, सञ्जाल

(ग) व्यथा, दृष्टि, मूर्ति, असाध्यै, आवेश, श्रीकृष्ण, वेदना, पुत्र, उद्गार, फतफत

(घ) अशान्त, स्वस्थ्य, परिस्थिति, प्रक्रिया, पुरस्कार, आन्तरिक, नृत्य, वार्षिक, उत्सव, अतिरिक्त

(ङ) बिक्रीवितरण, भण्डारण, मुद्रा, भाँडाकुँडा, कृषिजन्य, औद्योगिकीकरण, निष्क्रियता, भूपरिवेष्टित, प्रतिस्पर्धात्मक

(च) ओछ्यान, सामर्थ्य, डिग्री, भुइँ, लामखुट्टे, पुर्ख्यौली

(छ) गम्भीर, मथिङ्गल, मतमतान्तर, परिस्थिति, फिर्ता, जुत्ता, भुइँ, तरक्क, शङ्कालु

(ज) प्रातःकाल, सर्जनमुखी, दृष्टि, काव्यानन्द, ऊर्जायुक्त, निर्भय

(झ) पिर्ती, कान्जिरोवा, सर्वत्र, ग्रन्थ, च्याङ्ग्रा, तीर्थस्थल, अनकन्टार

## २. क्रियाकलाप

साथी समूहमा बसेर पहिले माथिको पहिलो अनुच्छेद पढ्नुहोस् र गाढा अक्षरमा दिइएका शब्दको पटक पटक उच्चारण गर्नुहोस् । साथीले उच्चारण गरेको पनि सुन्नुहोस् । तपाईंको उच्चारण र साथीको उच्चारणमा के फरक पाउनुभयो ? तपाईंको उच्चारण शुद्ध भयो कि भएन होला ? यो बुझ्न कार्ड लिएर सहजकर्ताकहाँ जानुहोस् र उच्चारण गरेर सुनाउनुहोस् । सहजकर्ताले उच्चारण सही भएको वा नभएको भनेपछि सही नभएको भए सुझावअनुसार सही उच्चारण गर्नुहोस् । यसपछि साथी समूहमै बसेर कार्डमा दिइएको शब्दको उच्चारण अभ्यास गर्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस् । शुद्ध उच्चारण गर्न नजानेसम्म अभ्यास गरिरहनुहोस् । सहजकर्ताले शुद्ध भएको जानकारी दिएपछि यसरी नै अन्य शब्दको पनि शुद्ध उच्चारण गर्नुहोस् । आफूलाई उच्चारण गर्न गारो लागेका शब्दको सही उच्चारणका लागि सहजकर्तालाई सोध्नुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शुद्धोच्चारण

## ४. सिकाइ उपलब्धि

लिखित सामग्रीलाई गति, यति र लय मिलाई वाचन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) तपाईँले माथि दिइएका शब्द शुद्ध उचारण गर्न सक्नुभयो ?

(ख) कुन कुन शब्दको उच्चारण गर्न कठिन भयो ?

(ग) शब्दको शुद्ध उच्चारण गर्न के के गर्नुपर्ने रहेछ ?

(घ) तपाईँलाई कुन कुन वर्ण प्रयोग भएका शब्द उच्चारण गर्न गारो भयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई शुद्धोच्चारण सिकाउन खोजिएको छ। यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई साथी समूहमा कार्डमा दिइएका शब्दको शुद्धोच्चारण गर्ने अभ्यास गराउनुहोस् । सिकारुले अकारान्त र आकारान्त, ट वर्ग, संयुक्त वर्ण, ऐ, ञ, ण, क्ष, ज्ञ प्रयोग भएका शब्दको उच्चारणमा बढी त्रुटि गर्छन् । यसमा विशेष ख्याल गरेर उच्चारण अभ्यास गराउनुहोस् । उच्चारण अभ्यास गराउँदा सिकारु आफैँलाई उच्चारण गर्न दिएर त्रुटि सच्याइदिने र सहजकर्ताले नमुना वाचन गरी अभ्यास गराउने तरिका अपनाउन सकिन्छ । उच्चारण अभ्यासका लागि जुनसुकै सामग्रीको प्रयोग गर्न सकिन्छ। यस्ता सामग्री सिकाइ कक्षमा प्रदर्शन गरी उच्चारण गराउन पनि सकिन्छ। सहजकर्ताले सिकारुले उच्चारण गर्दा त्रुटि गरेनगरेको ख्याल गरी पृष्ठपोषण दिनुहोस् । परियोजना कार्यका रूपमा पनि शुद्धोच्चारण गराउनुहोस् ।

| N | | म त नजानेका कुरा सोधिहाल्छु ।<br>(पढाइ : पहिलो खण्ड) | कार्ड नं. २६<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### तलको अंश पढ्नुहोस् र दिइएका उत्तरसँग मिल्ने प्रश्न बनाउनुहोस् :

योगमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारण, ध्यान र समाधिको अभ्यास गरिन्छ। यम भनेको हिंसा, चोरी र लोभ नगर्नु हो। नियम भनेको व्यक्तिगत र सामाजिक अनुशासन पालना गर्नु हो। मन एकाग्र गरी आनन्दको अनुभूति गर्नु आसन हो। श्वासप्रश्वास नियन्त्रण गरी मनलाई एकाग्र राख्नु प्राणायाम हो। प्रत्याहार भनेको चाहिँ इन्द्रियको कुप्रभाव मनमा पर्न नदिनु हो। अन्तरनिहित वस्तुको पहिचान गर्नुलाई धारण भनिन्छ। निश्चित विषयमा एकाग्रतापूर्वक सोचविचार गर्नु ध्यान हो। मानिसका सम्पूर्ण चेतनालाई खिचेर आत्मामा लिन गराउनुलाई समाधि भनिन्छ। योग शारीरिक मानसिक र आध्यात्मिक अभ्यास हो। स्वास्थ्य ठिक राख्न योग गर्नुपर्छ। मानिस स्वास्थ्य रहन शारीरिक, मानसिक र सामाजिक अवस्था स्वस्थ रहनुपर्छ। योगले मानिसको शरीर र मनमा फुर्ती ल्याउँछ। योगका कारण विचार स्वच्छ हुन्छ। बिरामीले नयाँ जीवन पाउँछन्। मानव जीवनलाई स्वस्थ, तन्दुरुस्त र तनावमुक्त बनाउन नियमित योग गर्नुपर्छ। योगले मांशपेसीको शक्ति र शरीरको ऊर्जा बढाउँछ। योगले मानव जीवनमा आइपर्ने स्वास्थ्य समस्या न्यूनीकरण गरी शरीरको प्रतिरोधात्मक शक्ति बढाउन सहयोग गर्छ। तनाव, असुरक्षित बसाइ, अशान्त वातावरणमा काम गर्नुपर्ने मानिसले नियमित योग तथा ध्यान गर्दा तनाव हराउँछ।

(क) उत्तर : योगमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारण, ध्यान र समाधिको अभ्यास गरिन्छ।
प्रश्न : ........................................................................ ?

(ख) उत्तर : स्वास्थ्य ठिक राख्न योग गर्नुपर्छ।
प्रश्न : ........................................................................ ?

(ग) उत्तर : योगका कारण विचार स्वच्छ हुन्छ।
प्रश्न : ........................................................................ ?

१. **तलको अंश पढ्नुहोस् र साथीलाई सोध्न तीनओटा प्रश्न बनाउनुहोस् :**

अब कोसी भक्कानिन छोड  
तिम्रा आँसुहरूमा हामी अवश्य पनि बाँध बाँध्छौँ  
अब कोरिनुपर्छ  
स्वाभिमानी नेपाली हत्केलाहरूमा  
ठेलाका पौरखपूर्ण भाग्यरेखाहरू  
पर्ख  
जाँगरका गैंती चलाएर परिश्रमका पहाडहरूमा  
हामी आफ्नै माटामा  
आत्मनिर्भरताको द्यौराली उठाउँछौँ।

प्रश्न १ : ...............................................?  
प्रश्न २ : ...............................................?  
प्रश्न ३ : ...............................................?

## २. क्रियाकलाप

साथी समूहमा बसेर पहिले माथिको पहिलो अनुच्छेद पढ्नुहोस् र दिइएको उत्तर आउने खालका प्रश्न निर्माण गर्नुहोस्। प्रश्न बनाउँदा के, कति, कहिले, कहाँ, किन, कसरी जस्ता शब्दको प्रयोग गर्नुहोस्। प्रश्न बनाइसकेपछि प्रश्न र उत्तर मिलेनमिलेको तुलना गर्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस्। यसपछि साथी समूहमै बसेर कार्डमा दिइएको कविता पढी त्यसबाट तीन प्रश्न बनाएर साथीलाई सोध्नुहोस् र उत्तर पनि भन्न लगाउनुहोस्। साथीले बनाएका प्रश्न सुनेर त्यसको पनि उत्तर दिनुहोस्। तपाईंले बनाएका प्रश्न सहजकर्तालाई सुनाएर ठिक भएनभएको सुझाव लिनुहोस्। यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस्।

## ३. विषय क्षेत्र

प्रश्न निर्माण

## ४. सिकाइ उपलब्धि

पाठ पढी प्रश्नोत्तर गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) तपाईँले अनुच्छेदबाट प्रश्न बनाउन सक्नुभयो ?

(ख) प्रश्नसँग उत्तर मिले कि मिलेनन् ?

(ग) साथीलाई सोध्ने प्रश्न कसरी बनाउनुभयो ?

(घ) तपाईँले बनाएका प्रश्नको उत्तर साथीले र साथीले बनाएका प्रश्नको उत्तर तपाईँले दिन सक्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठ पढेर प्रश्न निर्माण गर्ने तरिका सिकाउन खोजिएको छ । प्रश्न निर्माण गर्दा उत्तर दिएर प्रश्न निर्माण गर्ने र स्वतन्त्र रूपमा प्रश्न निर्माण गर्ने तरिका अपनाउन सकिन्छ । यसका लागि कार्डलाई आधार बनाउँदै सिकारुलाई साथी समूहमा कार्डमा दिइएका विषयवस्तु पढ्न लगाउनुहोस् । पढिसकेपछि दुवै तरिकाले प्रश्न निर्माण गर्न लगाउनुहोस् र ती प्रश्नका उत्तर पनि भन्न लगाउनुहोस् । सिकाइ कक्षमा विभिन्न सामग्री प्रदर्शन गरी त्यसबाट पनि प्रश्न निर्माण गर्न लगाउनुहोस् । गृहकार्य वा परियोजना कार्यका रूपमा पनि प्रश्न निर्माण अभ्यास गराउनुहोस् ।

| N | | सकेसम्म छिटो पढ्छु ।<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २७<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**तलको अंश आफ्नै गतिमा पढेर सुनाउनुहोस । त्यसपछि घडी हेरेर बढीमा दुई मिनेटमा पढ्नुहोस् :**

चिन्ताले खाइसकेको कमजोर जिउ बिस्तारै उठाएर बार्दलीमा उभिएर उनले सोधे, "को हँ ? ए, सरासर माथि आउनोस् ।" ती आगन्तुक भक्त थिए किनभने उनको वेशभूषा र तिलक आदिबाट जसले पनि उनी वैष्णव भएको कुरा बताउन सक्थ्यो । ती भक्तले भाजुलाललाई घुँगुरिएका रौँ, मयूर मुकुट, बाहुमा बाजु, लामो वनमाला, हातमा मुरली लिएर मोहनी अवतारमा उभिएका श्रीकृष्णको चित्र देखाएर भने, "मलाई यस्तै मूर्ति बनाइदिनुपर्‍यो । सफा, सेतो, दुध जस्तो सङ्गमरमरको ।" भाजुलालले हुन्छ भन्न पनि सकेनन्, हुन्न भन्न पनि सकेनन् । हुन्छ भनूँ नैराश्यपूर्ण अन्धकारमा रुमलिएको जीवनले अब के काम गर्न सक्ला जस्तो उनलाई लाग्यो । हुन्न भनूँ आफ्नो सिपको प्रख्यातिले आफ्नो नाम सोधी सोधी घरको द्वारसम्म आएर आग्रह गरेका एक भक्तलाई विमुख पठाउन उनको भावुक दिल र पेसाले दिँदैनथ्यो, मान्दैनथ्यो । उनले अक्क न बक्क परेर शून्य मस्तिष्कले ती भक्तको चेहरामा हेरि मात्र रहे । "बनाउन सक्नुहुन्न कि !" भक्तले सोधे ।

पहिलो पटक पढ्दा लागेको समय : ........................
दोस्रो पटक पढ्दा लागेको समय : ........................
तेस्रो पटक पढ्दा लागेको समय : ........................
चौथो पटक पढ्दा लागेको समय : ........................

**तलको अंश आफ्नै गतिमा पढेर सुनाउनुहोस । त्यसपछि घडी हेरेर बढीमा एक मिनेटमा पढ्नुहोस् :**

फर्क युवा हो फर्क
यो देशको इतिहास हामी आफैँले लेख्नुपर्छ ।
युग बदल्ने जोसिला पाइलाहरू
ऊर्जाशील मुट्ठीहरू
गोलीले छेड्न नसक्ने छातीहरू
आऊ परिवर्तनको एउटा युगान्तकारी नक्सा कोरौँ
अनि पो देश बाँच्न सक्छ
फर्क युवा हो देश फर्क
हामी हाम्रो पिँढीका लागि देश भएर बाँचौँ
सन्देश दिएर बाँचौँ ।

पहिलो पटक पढ्दा लागेको समय : ........................
दोस्रो पटक पढ्दा लागेको समय : ........................
तेस्रो पटक पढ्दा लागेको समय : ........................
चौथो पटक पढ्दा लागेको समय : ........................

## २. क्रियाकलाप

पहिले माथिको पहिलो अनुच्छेद स्वतन्त्र रूपले पढ्नुहोस् । त्यसपछि घडी हेरेर पढ्नुहोस् र समय लेख्नुहोस् । यसै गरी प्रत्येक पटक घडी हेरेर पढ्दै समय लेख्नुहोस् । दोस्रो कविताांश पनि यसरी नै पढ्नुहोस् । तपाईँले सबैभन्दा छिटो कति समयमा पढ्नुभयो ? लेख्नुहोस् । यसरी नै प्रत्येक पाठ सकेसम्म छिटो पढेर बुझ्नुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

सस्वरपठन र गति वृद्धि

## ४. सिकाइ उपलब्धि

सस्वर पठन र मौन पठन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) अनुच्छेद के विषयमा थियो र न्यूनतम कति समयमा पढ्नुभयो ?

(ख) कविता कति समयमा पढ्नुभयो ? यसमा के के कुरा थिए ?

(ग) किन पढाइको गति बढाउने होला ?

(घ) तपाईँका विचारमा पढाइको गति बढाउन के गर्नुपर्छ ?


## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई निर्धारित समयभित्र पाठको सस्वरपठन गरी गति वृद्धि गर्न सिकाउन खोजिएको छ। यसका लागि घडी हेरेर सामग्री सकेसम्म छिटो पढ्ने अभ्यास गराउनुहोस् । छिटो पढ्नु भनेको नबुझ्ने गरी पढ्नु होइन । छिटो पढ्दा छिटो बोध हुन्छ र सस्वखाचन उच्चारण अभ्यास पनि गराउँछ। सामान्यतया यस तहका सिकारुले एक मिनेटमा ७० देखि ८० शब्द पढ्न सक्नुपर्छ। यसका लागि पटक पटक पठन अभ्यास गराउनुपर्छ। पढाइको गति बढाउने कार्यलाई गृहकार्यका रूपमा पनि गराउनुहोस्।

| N | | मनमनै पढ्छु, सही उत्तर दिन्छु ।<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २८<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### तलको अंश मनमनै पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :




नेपालले वैदेशिक व्यापार घाटा निराकरणका लागि आफ्ना जनशक्तिलाई स्वदेशमै रोजगारीको अवसर प्रदान गर्न सक्नुपर्छ । कपडा, जुत्ताचप्पल, कागज, खाने तेल, जस्ता उपभोग्य वस्तुमा आत्मनिर्भर हुन सक्नुपर्छ । प्राकृतिक संसाधनको समुचित उपयोग गर्नुपर्छ । विदेशमा उच्च माग भएका गलैंचा, मूर्ति जस्ता वस्तुलाई घरेलु उत्पादनबाट औद्योगिक उत्पादनमा रूपान्तरण गर्नुपर्छ । कृषिजन्य आयातलाई कम गर्नुपर्छ । यसो गर्दा एकातिर उत्पादन वृद्धि हुन्छ भने अर्कातिर लागत मूल्य कम पर्न जान्छ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायीकरण र आधुनिकीकरण गर्नु अपरिहार्य छ । भौगोलिक विविधताअनुसार अन्नबाली, फलफूल, माछा, पन्छीजन्य तथा पशुजन्य उत्पादनमा लगानी बढाउनुपर्छ । धान, मकै, कोदो जस्ता अन्नबाली तथा स्याउ, केरा, आँप, मेवा जस्ता फलफूलको उत्पादन बढाउनुपर्छ । माछा, हाँस, कुखुरा, अन्डा आदिमा आत्मनिर्भर हुनुपर्छ । गाई, भैंसी, भेडा, बाख्रा, च्याङ्ग्रा जस्ता पशुपालन गरी दुध, मासु, उन जस्ता पशुजन्य वस्तुको उत्पादन बढाएर आत्मनिर्भर हुनुपर्छ । विदेशमा अत्यधिक माग भएका चिया, अलैंची, कफी, मह आदिको उत्पादन बढाउनुपर्छ । नेपाल कृषिप्रधान मुलुक भएकाले कृषिजन्य उत्पादनलाई निर्यात गर्न सक्नुपर्छ । जडीबुटी, छाला, उनलगायतका कच्चा पदार्थको निर्यात गर्नुभन्दा औषधी, ज्याकेट, पेटी, तयारी पोसाक, गलैंचा जस्ता उपभोग्य वस्तु उत्पादन गरी निर्यात गर्नु आर्थिक रूपमा लाभदायक हुन्छ ।

(क) वैदेशिक व्यापार घाटा कम गर्न के गर्नुपर्छ ?

नमुना : वैदेशिक व्यापार घाटा कम गर्न आफ्ना जनशक्तिलाई स्वदेशमै रोजगारीको अवसर प्रदान गर्नुपर्छ ।

(ख) के गर्दा लागत मूल्य कम पर्छ ?

(ग) कसरी आत्मनिर्भर हुन सकिन्छ ?

(घ) आर्थिक फाइदा कसरी लिन सकिन्छ ?

(ङ) हामीले के निर्यात गर्नु आवश्यक छ ?

(च) नेपालबाट विदेश निर्यात हुने मुख्य वस्तु के के हुन् ?

(छ) यस अनुच्छेदमा कुन विषयवस्तु समेटिएको छ ?

(ज) यस अनुच्छेदमा भएका फलफूल, जनावर र उपभोग्य वस्तुका नाम भन्नुहोस् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु मनमनै पढ्नुहोस् । मौनवाचन गर्दा पहिलो चोटि अनुच्छेद मात्र, दोस्रो चोटि अनुच्छेद र प्रश्न तथा तेस्रो चोटि प्रश्नका उत्तर पत्ता लगाउने गरी पढ्नुहोस् । त्यसपछि प्रश्नका उत्तर भएका ठाउँमा चिनो लगाई उत्तर सोच्नुहोस् । यस्ता उत्तर एकदेखि तीन वाक्यका मात्र हुन्छन्, ख्याल गर्नुहोस् । प्रश्नको उत्तर मौखिक वा लिखित हुन सक्छ । तपाईंले तयार पारेको उत्तर साथीलाई सुनाउनुहोस् र साथीले तयार पारेको उत्तर आफूले सुन्नुहोस् । अब तपाईंले तयार पारेका उत्तर सहजकर्तालाई सुनाएर प्रतिक्रिया लिनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

मौन पठन र प्रश्नोत्तर

## ४. सिकाइ उपलब्धि

सस्वर पठन र मौन पठन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) अनुच्छेद के विषयमा थियो र मुख्य के कुरा बुझ्नुभयो ?

(ख) उत्पादन वृद्धि गर्ने तरिका के के रहेछन् ?

(ग) आत्मनिर्भर हुने दुई तरिका के के हुन् ?

(घ) आयात र निर्यात भनेको के के हो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई निर्धारित पाठको मौन पठन गरी प्रश्नोत्तर गर्न सिकाउन खोजिएको छ। यसका लागि निर्धारित अंशको फड्का पठन, गहन पठन र रुजु पठन गराउनुहोस्। यसपछि प्रश्नको उत्तर खोज्न सिकाउनुहोस्। प्रश्नको उत्तर लेख्दा पढेको अंशबाट लाइन सार्न नहुने तर पद पदावली र भाव मात्र दिनुपर्ने कुरा सङ्केत गर्नुहोस्। सिकारुलाई यो कार्डका प्रश्न र अरू सामग्रीबाट प्रश्न दिई उत्तर तयार पारेर प्रस्तुत गर्न लगाउनुहोस्। यसका लागि सामग्री अलिक पर राखेर सिकारुलाई त्यहाँ गई पढ्न र आफ्नै ठाउँमा आएर उत्तर लेख्न लगाउन पनि सकिन्छ। यसो गर्दा बोध क्षमता तीव्र हुन्छ। यस्तो अभ्यास पनि गराउनुहोस्। मौन पठन गरी उत्तर तयार पार्ने गृहकार्य पनि दिनुहोस्।

| N | | मनमनै पढ्छु, संरचना बुझ्छु । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. २९ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### तलको अंश मनमनै पढ्नुहोस् र प्रश्नको उत्तर दिनुहोस् :

रनबहादुर कस्सियो र सदरमुकामसम्म पुग्यो । उसमा नयाँ जोश र उत्साह आएको थियो । हाकिमका टेबुलसम्म गएर ऊ करायो, हाम्रो डल्ले खोलालाई एउटा राम्रो पुल चाहिन्छ । सधैँ ज्यानको बाजी लगाएर हामी खोला तर्न सक्दैनौँ । हामीलाई खाली २०,००० रुपियाँ भए पुग्छ । बाँकी गाउँका सारा मान्छेबाट चन्दा उठाएर श्रमदान गराएर हामी त्यो पुल पूरा गरी छाड्छौँ । हाकिमले उसको कुरा सन्दै सुनेन । ऊ आफ्नै तर्कमा व्यस्त थियो र रुपियाँ नभएको, बजेट आइनपुगेको कुरा सुनाउँथ्यो । तर पनि रनबहादुर यसै पछि हट्ने मान्छे कहाँ थियो ? उसले ससाना भाषण नै दियो, "देश विकास हामी सबैको साझा कर्तव्य हो । एक मुठी सास भएसम्म हामीले निर्माण कार्यमा पछि पर्नुहुँदैन । हामीमा देशभक्ति चाहिन्छ, सोच्ने र काम गर्ने नयाँ ढङ्ग चाहिन्छ । डल्ले खोलाको पुल अहिलेको हाम्रो सबभन्दा ठुलो आवश्यकता हो । वर्षायाममा बगेर मर्ने सयौँ ज्यानलाई हामीले जोगाउनु आवश्यक छ । ती हाम्रा दाजुभाइ दिदीबहिनी अकालमा मर्नका लागि जन्मेका होइनन् पक्कै होइनन्।" मलायमा सैनिक हुँदा सिकेका केही शब्द पनि उसले गाँस्यो । "मलायमा कत्रो विकास छ, जहाँतहाँ सडक पुगिसकेको छ, जहाँतहाँ बिजुली बत्ती झकिझकाउ छ । जहाँतहाँ पुल र पुलेसा बनिसकेका छन् । तर हाम्रो देशमा भने ... डल्ले खोला जस्तो महत्त्वपूर्ण ठाउँमा भने एउटा सानो पुल छैन । सधैँ ज्यानको बाजी लगाएर तर्नुपर्छ, सधैँको भयावह स्थिति छ ।" *(डल्ले खोला, परशु प्रधान)*

(क) यस अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?
(ख) यस अनुच्छेदको सबभन्दा लामो र सबभन्दा छोटो वाक्य कुन हो ?
(ग) यस अनुच्छेदबाट एउटा सरल र एउटा संयुक्त वाक्य छान्नुहोस् ।
(घ) यस कथांशमा कस्तो शैली प्रयोग भएको छ ?
(ङ) प्रत्यक्ष कथनमा लेखिएका वाक्य कुन कुन हुन् ?

**तलको कवितांश मनमनै पढ्नुहोस् र प्रश्नको उत्तर दिनुहोस् :**

प्रातःकाल हिमाल हाँस्छ जसरी अस्तित्व फैलाउँदै
सारा चेतनशील जीवन जगत् ब्यूँझन्छ जागा हुँदै
यो जागापनसाथ सिर्जनमुखी फैलाउँदै चेतना
हामी गर्न सकौँ न जीवनमुखी साहित्यको सिर्जना ।

जे जस्तो छ कला खुला प्रकृतिको आधार हो सृष्टिको
खाँचो पर्दछ किन्तु सन्तुलनमा हाम्रो नयाँ दृष्टिको
जस्तो जो परिदृश्य होस् प्रकृतिको यो पारदर्शी बनी
सम्झाएर सिकाउँला गुरु बनी आदर्शको जीवनी ! (**प्यारो प्रकृति**, प्रह्लाद पोखरेल)

(क) यस कवितांशमा कतिओटा श्लोक रहेका छन् ?
(ख) श्लोकका प्रत्येक पङ्क्तिमा कति अक्षर रहेका छन् ?
(ग) समापिका क्रिया प्रयोग नभएको पङ्क्ति कुन हो ?
(घ) यस कवितांशमा कुन कुन शब्द दोहोरिएका छन् ?
(ङ) अनुप्रास मिलेका शब्द कुन कुन हुन् ?

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु मनमनै पढ्नुहोस् । मौनवाचन गर्दा पहिलो चोटि अनुच्छेद मात्र, दोस्रो चोटि अनुच्छेद र प्रश्न तथा तेस्रो चोटि प्रश्नका उत्तर पत्ता लगाउने गरी पढ्नुहोस् । त्यसपछि प्रश्नका उत्तर तयार पार्नुहोस् । यस्ता उत्तर एकदेखि तीन वाक्यका मात्र हुन्छन्, ख्याल गर्नुहोस् । प्रश्नको उत्तर मौखिक वा लिखित हुन सक्छ । अब तपाईँले तयार पारेका उत्तर सहजकर्तालाई सुनाएर प्रतिक्रिया लिनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

पाठको संरचना बोध

## ४. सिकाइ उपलब्धि

विषयवस्तुको पठनबोध गरी मौखिक प्रश्नोत्तर गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) गद्य (कथा) र पद्य (कविता) को संरचनामा के फरक पाउनुभयो ?

(ख) गद्य (कथा) र पद्य (कविता) को शैलीमा के फरक पाउनुभयो ?

(ग) वाचनका दृष्टिले गद्य (कथा) र पद्य (कविता) मा के भिन्नता रहेछ ?

(घ) आयात र निर्यात भनेको के के हो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई निर्धारित पाठको मौन पठन गरी प्रश्नोत्तर गर्न सिकाउन खोजिएको छ । यसका लागि संरचना बोध हुने गरी निर्धारित अंशको फड्का पठन, गहन पठन र रुजु पठन गराउनुहोस् । यसपछि प्रश्नको उत्तर खोज्न सिकाउनुहोस् । सिकारुलाई यो कार्डका प्रश्न र अरू सामग्रीबाट प्रश्न दिई उत्तर तयार पारेर प्रस्तुत गर्न लगाउनुहोस् । यो कार्यकलाप पाठ पढेर संरचना बोध गर्ने कार्यकलाप भएकाले मौन पठन गरी उत्तर तयार पार्ने गृहकार्य पनि दिनुहोस् ।

| N | | मनमनै पढ्छु, पढेर बुझ्छु ।<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३० तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### तलको अंश मनमनै पढ्नुहोस्, बुझ्नुहोस् र प्रश्नको उत्तर दिनुहोस् :

### नेपालको वैदेशिक व्यापार

कुनै पनि **वस्तु वा मालसामान खरिद अथवा उत्पादन** गरेर **बिक्रीवितरण** गर्ने कार्यलाई व्यापार भनिन्छ । व्यापारको सामान्य उद्देश्य **नाफा कमाउनु** हो तथापि यसलाई नाफामूलक र सेवामूलक व्यवसाय मान्ने गरिन्छ । वस्तु वा मालसामानको प्रकृतिअनुसार व्यापारलाई सामान्यतः **स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापार** गरी तीन भागमा वर्गीकरण गर्ने गरिन्छ । स्थानीय व्यापार भन्नाले स्थानीय स्तरमा उत्पादित वस्तु वा मालसामान त्यहीँ बेचबिखन गर्ने भन्ने बुझिन्छ । राष्ट्रिय व्यापारअन्तर्गत देशका कुनै भूभागमा वस्तु वा मालसामान उत्पादन गरी देशभित्रकै अर्को स्थानमा किनबेच गरिन्छ । यदि अर्को मुलुकमा वस्तु वा मालसामान किनबेच हुन्छ भने त्यसलाई अन्तर्राष्ट्रिय व्यापार भनिन्छ । मानिसले **मुद्राको प्रचलन** हुनुभन्दा अगाडि **अन्न, वस्तुभाउ, सामान आदि साटासाट** गरेर आवश्यकता पूरा गर्थे । यस्तो तरिकालाई **वस्तु विनिमय** भनिन्छ । वस्तु विनिमय प्रथामा तत्कालको खाँचो टरे पनि धेरै समस्या हुन्थे । **वस्तुको स्तर मापनको अभाव, वस्तु विभाजन गर्न कठिनाइ, भण्डारण गर्ने समस्या** तथा साटिने दुई फरक वस्तुबिचको मात्रा निर्धारणमा समस्या वस्तु विनिमय प्रणालीका प्रमुख समस्या हुन् । **मुद्राको प्रचलन भएपछि व्यापार व्यवसायमा सहज** भएको देखिन्छ । स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तीनै किसिमका व्यापारको आधार मुद्रा हो । **नेपाल प्राचीन कालदेखि नै व्यापार व्यवसायमा समृद्ध रहेको** कुरा विदेशी यात्रीका पुस्तक तथा ऐतिहासिक सामग्रीमा उल्लेख छ । लिच्छविकालमा नेपालमा कृषि र पशुपालनका साथै **मूर्ति उद्योग, धातु उद्योग, तेल उद्योग आदिसँग** सम्बन्धित व्यवसाय **अर्थतन्त्रका प्रमुख आधार** थिए । नेपालमा त्यस बखत **बाह्यव्यापार विशेषतः तिब्बत र भारतसँग** हुने गर्थ्यो । व्यापारलाई सहज बनाउन **सुन, चाँदी तथा तामाका मुद्रा प्रचलनमा** ल्याइएका थिए । सेनवंशीका पालामा कृषि तथा घरेलु उद्योगको राम्रो विकास भएको थियो । त्यस वेलामा चर्मकार, लोहकार, सुवर्णकार, ताम्राकार जस्ता व्यावसायिक वर्ग विभाजन गरिएको थियो । **सेनवंशीका पालामा पाल्पा राज्य भारत र तिब्बतको प्रमुख व्यापारिक केन्द्र** थियो । यही व्यापारिक केन्द्रबाट **जुहारत, कपास, उन, धागो, जडीबुटी, घोडा, हात्ती, खाद्यान्न तथा फलाम निर्यात** गरिन्थ्यो । पाल्पा राज्यले व्यापारिक विकासका लागि **सामाकोट थुम्कामा टकसार कार्यालय स्थापना** गरेको थियो । यही टकसारमा विभिन्न मुद्रा बनाइन्थे ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु मनमनै पढ्नुहोस् । विषयवस्तु बुझ्न गाढा अक्षमा लेखिएको अंशलाई विशेष ध्यान दिनुहोस् । पढेर निम्नलिखित पक्ष (मिल्ने जति) पहिचान गरी साथीहरूलाई सुनाउनुहोस् । साथीको भनाइ पनि सुन्नुहोस् । साथीको र आफ्नो भनाइ मिलेनमिलेको तुलना गर्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस् ।

१. रचनाको मूल सन्देश, २ सहायक घटनाहरू वा विचार, ३. पात्र वा घटनाक्रम, ४. घटनाबाट निस्किने अर्थ
५. उदाहरण, ६. तर्क, ७. समय, स्थान र सामाजिक परिवेश, ८.शिक्षा वा सार, ९ लेखकको दृष्टिकोण

यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

पाठको विषयवस्तु बोध

## ४. सिकाइ उपलब्धि

विषयवस्तुको पठनबोध गरी मौखिक प्रश्नोत्तर गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) यस अंशको मूल सन्देश के हो ?

(ख) यस अंशमा कुन कुन घटनाको वर्णन गरिएको छ ?

(ग) घटनाको वर्णनबाट के शिक्षा लिनुभयो ?

(घ) यो वर्णन गर्ने लेखकले कस्तो दृष्टिकोण राखेका छन् ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई निर्धारित पाठको मौन पठन गरी विषयवस्तु पहिचान तथा बोध गर्न सिकाउन खोजिएको छ । यसका लागि विषयवस्तु बोध हुने गरी निर्धारित अंशको फड्का पठन, गहन पठन र रुजु पठन गराउनुहोस् । विषयवस्तु बोध गर्न आवश्यकतानुसार निर्धारित अंशबाट रचनाको मूल सन्देश, सहायक घटनाहरू वा विचार, पात्र वा घटनाक्रम, घटनाबाट निस्किने अर्थ, उदाहरण, तर्क, समय, स्थान र सामाजिक परिवेश, शिक्षा वा सार लेखकको दृष्टिकोण आदि पहिचान गरी भन्ने अभ्यास गराउनुहोस् । यी पक्षसँग सम्बन्धित प्रश्न सोधी विषयवस्तु बुझेनबुझेको मूल्याङ्कन गर्नुहोस् र आवश्यक परे थप अभ्यास गराउनुहोस् । पाठ पढेर विषयवस्तु बोध गर्ने कार्यकलाप गृहकार्यका रूपमा पनि गराउनुहोस् ।

| N | | मनमनै पढ्छु, पढेर बुझ्छु ।<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३१<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### तलको अंश मनमनै पढ्नुहोस् अनि विषयवस्तु र भाव दुवै बुझ्नुहोस् :

**विषयवस्तु** : चिन्ताले खाइसकेको कमजोर जिउ बिस्तारै उठाएर बार्दलीमा उभिएर उनले सोधे, "को हँ ? ए, सरासर माथि आउनोस् ।" ती आगन्तुक भक्त थिए किनभने उनको वेशभूषा र तिलक आदिबाट जसले पनि उनी वैष्णव भएको कुरा बताउन सक्थ्यो । ती भक्तले भाजुलाललाई धुँगुरिएका रौँ, मयूर मुकुट, बाहुमा बाजु, लामो वनमाला, हातमा मुरली लिएर मोहनी अवतारमा उभिएका श्रीकृष्णको चित्र देखाएर भने, "मलाई यस्तै मूर्ति बनाइदिनुपर्‍यो । सफा, सेतो, दुध जस्तो सङ्गमरमरको ।" भाजुलालले हुन्छ भन्न पनि सकेनन्, हुन्न भन्न पनि सकेनन् । हुन्छ भनूँ नैराश्यपूर्ण अन्धकारमा रुमलिएको जीवनले अब के काम गर्न सक्ला जस्तो उनलाई लाग्यो । हुन्न भनूँ आफ्नो सिपको प्रख्यातिले आफ्नो नाम सोधी सोधी घरको द्वारसम्म आएर आग्रह गरेका एक भक्तलाई विमुख पठाउन उनको भावुक दिल र पेसाले दिँदैनथ्यो, मान्दैनथ्यो । उनले अक्क न बक्क परेर शून्य मस्तिष्कले ती भक्तको चेहरामा हेरि मात्र रहे । "बनाउन सक्नुहुन्न कि !" भक्तले सोधे ।

यस्तो वाक्य सुनेपछि भाजुलालले अनुहार लाल पारेर अभिमानयुक्त वाणी बोले, "नसक्ने होइन, कस्तो कस्तो सिपको काम गरिराख्या मान्छे म । डेढ डेढ हात, दुई दुई हात अग्लो पशुपतिनाथ, मच्छिन्द्रनाथ, श्रीकृष्णका कति कति मूर्ति बनाइसके यिनै हातले । जस्ताको तस्तो, फोटो खिचेको जस्तो । सिङ्गा सिङ्गा सङ्गमरमरमा जालीदार बुट्टा, रामायणको कथा, बुद्धचरित्रको कथा, कस्तो कस्तो काम गरियो । अरू सानातिना पानबुट्टा, किस्ती, फूलदान त्यस्ता त कति कति ।"

भाजुलालको गर्जन सुनेर ती भक्तले केही उत्तर नदिई गम्भीर भएर एकोहोरो सुनि मात्र रहे । अन्त्यमा शान्त र नरम शब्दमा बोले, "नसक्ने भनेको होइन मैले । तपाईँको सबैतिर ख्याति छ । थाहा छ मलाई । तपाईँको यही सानो कोठामा तयार भएर निस्केका कलात्मक कृतिले नेपालको नाम उज्ज्वल पारिदिएको छ, गौरव बढाइदिएको छ ।"

**भाव** : यस अंशमा एक कुशल तर जीवनले थकित कलाकार भाजुलालको आत्मसम्मान, सङ्घर्ष र भावनात्मक द्वन्द्व सशक्त रूपमा प्रस्तुत गरिएको छ । यसमा स्वाभिमान, असहायता र कर्तव्यप्रतिको समर्पणको वर्णन छ । यसमा कलाकारको जीवनमा आएको निराशा, शारीरिक कमजोरी,आफ्नो सिपप्रतिको गर्व र आत्मसम्मानलाई अत्यन्त संवेदनशील ढङ्गले चित्रण गरिएको छ । यसमा कलाकारको शरीर कमजोर हुन सक्छ तर उसको सिप, आत्मा र आत्मगौरव कहिल्यै कमजोर हुँदैन । साँचो कलाकारमा निराशा पनि गर्वसँग मिसिएको हुन्छ र यसले उसलाई उठ्न र फेरि सिर्जना गर्न प्रेरित गर्छ भन्ने देखाइएको छ । कथांशको पात्र भाजुलाल थकित, चिन्ताले गलिसकेको, निराश भए पनि भित्र गहिरो गर्व र स्वाभिमान बोकेको कलाकार हो । भक्त कलाकारको कमजोरी होइन, उसको योगदान र कृतित्वको मूल्य देख्ने श्रद्धा र सम्मानले भरिएको व्यक्ति हो । यो अंश पढ्दा पाठकको मनमा सहानुभूति, आदर र प्रेरणा उत्पन्न हुन्छ । कलाकारको आत्मगौरव, समाजप्रतिको योगदान र उसको सिपप्रतिको निष्ठा बुझ्दा पाठकले श्रम र सिर्जनाको सम्मान गर्नुपर्ने बोध गर्छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु र त्यसको भाव मनमनै पढ्नुहोस् । पढेर निम्नलिखित पक्ष (मिल्ने जति) पहिचान गरी साथीहरूलाई सुनाउनुहोस् । साथीको भनाइ पनि सुन्नुहोस् । साथीको र आफ्नो भनाइ मिलेनमिलेको तुलना गर्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस् ।

१.मुख्य भावना, २ लेखकको दृष्टिकोण, ३. सन्देश, ४. पाठकमा पर्ने प्रभाव

यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

पाठको भाव बोध

## ४. सिकाइ उपलब्धि

विषयवस्तुको पठनबोध गरी मौखिक प्रश्नोत्तर गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) यस अंशमा कस्तो भावना व्यक्त भएको छ ?

(ख) यस अंशमा लेखकले कस्तो दृष्टिकोण राखेका छन् ?

(ग) यस अंशले के सन्देश दिएको छ ?

(घ) यसबाट तपाईंमा कस्तो प्रभाव पर्‍यो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई निर्धारित पाठको मौन पठन गरी भाव पहिचान गर्न सिकाउन खोजिएको छ । यसका लागि भाव बोध हुने गरी निर्धारित अंशको फड्का पठन, गहन पठन र रुजु पठन गराउनुहोस् । भाव बोध गर्न आवश्यकतानुसार निर्धारित अंशबाट रचनाको मुख्य भावना, लेखकको दृष्टिकोण, सन्देश, पाठकमा पर्ने प्रभाव आदि पहिचान गरी भन्ने अभ्यास गराउनुहोस् । यी पक्षसँग सम्बन्धित प्रश्न सोधी विषयवस्तु बुझेनबुझेको मूल्याङ्कन गर्नुहोस् र आवश्यक परे थप अभ्यास गराउनुहोस् । पाठ पढेर भाव बोध गर्ने कार्यकलाप गृहकार्यका रूपमा पनि गराउनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| N | | **पढ्छु, बुझ्छु र उत्तर दिन्छु ।** (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३२ तह ३ | २ घण्टा |

## १. सिक्नुपर्ने विषयवस्तु

**तलको अंश मनमनै पढ्नुहोस् अनि सन्दर्भ र परिवेश बुझेर उत्तर दिनुहोस् :**

### नथाक्ने मन



उच्च मनोबलका साथ अगि बढेकी ताबेईले अन्ततः १६ मे सन् १९७५ का दिन मध्याह्न १२:३० बजे सगरमाथाको शिखर चुमेर विश्वकीर्तिमान कायम गरिन् । सन् १९५३ मे २९ का दिन तेन्जिङनोर्गे शेर्पा र एडमन्ड हिलारीले सगरमाथामा झन्डा फहराएपछि हिमाल आरोहणको क्रम सुरु भएको थियो । त्यसको ठिक २२ वर्षपछिको ताबेईको सफलतालाई ऐतिहासिक दृष्टिले सगरमाथा आरोहण गर्ने विश्वकै पहिलो कीर्तिमानी महिलाका रूपमा स्थापित गरायो । उनलाई जापानी सम्राट् क्राउन प्रिन्स र राजकुमारीबाट मात्र नभई नेपाललगायत विश्वबाट सम्मान, बधाई तथा प्रशंसाभाव प्रकट गरियो । त्यसपछि उनी जापान सरकारका तर्फबाट 'हिमालय एडभेन्चर ट्रस्ट जापान' की निर्देशकका रूपमा नियुक्त भइन् । वास्तवमा जुन्को ताबेईले आफ्नो जीवनकालमा सगरमाथा, एकाङ्कागुआ, डेनाली, किलिमन्जारो, माउन्ट बिन्सन, एल्ब्रस, पुणक जयालगायत सात महादेशका सबैभन्दा अग्ला शिखरको आरोहण गरिन् । त्यसैले उनलाई सन् १९९२ मा 'सेवन समिट्स' पूरा गर्ने पहिलो महिलाका रूपमा लिने गरिन्छ । सन् २०१२ मा आफूलाई 'पेरिटोनियल क्यान्सर' भएको थाहा पाएपछि पनि उनले जीवन कालमा ७६ देशका सबैभन्दा अग्ला हिमालको आरोण गरेर विश्वकीर्तिमान कायम गरिन् । त्यसका अतिरिक्त उनलाई कुशल शिक्षक र लेखकका रूपमा पनि सम्मान गरिन्छ । उनका सात सातओटा कृतिसमेत प्रकाशित भएका पाइन्छन् । यसप्रकार जीवनको उत्तरार्द्धसम्म निरन्तर सङ्घर्ष गरिरहने जुन्को ताबेईको ४ फिट ९ इन्च अग्लो शरीरले कहिल्यै थाकेको अनुभूति गरेन । मनमा अझै काम गर्ने उत्साह बाँकी रहँदारहँदै पनि उनलाई क्यान्सरले साथ दिएन । उनले २० अक्टोबर सन् २०१६ का दिन ७७ वर्षको उमेरमा जापानको सैटास्थित एक अस्पतालमा देहत्याग गरिन् । उनलाई विश्वले भावपूर्ण श्रद्धाञ्जली त अर्पण गर्‍यो नै गुगलले समेत मरणोपरान्त डुडल बनाएर सम्मानित गरेको छ । जस्तोसुकै अभाव र अप्ठ्यारोपनलाई हिम्मतसाथ पूरा गर्ने ताबेईको भौतिक शरीर नरहे पनि उनी आफ्नो अद्वितीय साहसका कारण सधैँ अमर बनेकी छन् । उनको सफलताले विश्वका नारीलाई मात्र नभएर हरेक पर्वतारोहीलाई उत्प्रेरणा जगाउनुका साथै नेपाल तथा जापानको ऐतिहासिक आत्मीय सम्बन्धलाई जनस्तरबाट अनुमोदन गराएको छ ।

(क) ताबेईबाट हिमाल चढ्नु र कृति प्रकाशन गर्नु जस्ता भिन्न क्षेत्रका काम कसरी सम्पन्न भए ?

(ख) ताबेईको सफलताले पर्वतारोहीलाई कसरी उत्प्रेरणा दिन्छ ?

(ग) यस अनुच्छेदमा ताबेईको कुन सन्दर्भको वर्णन छ ?

(घ) ताबेईले किन सगरमाथा चढ्न चाहेकी होलिन् ?

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको अनुच्छेद सन्दर्भ र परिवेश बुझ्ने गरी मनमनै पढ्नुहोस् । सन्दर्भ र परिवेश भनेको जीवनीमा यो कुन प्रसङ्गमा किन भनिएको हो भन्ने बुझ्नु हो । यसका लागि कक्षा ८ को जुन्को ताबेईको जीवनी पनि पढ्नुहोस् । यो बुझेपछि प्रश्नको उत्तर साथीहरूलाई सुनाउनुहोस् । साथीको उत्तर पनि सुन्नुहोस् । साथीको र आफ्नो भनाइ मिलेनमिलेको तुलना गर्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस् । सहजकर्ताबाट पनि सल्लाह लिनुहोस् । यति गरिसकेपछि कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

बोध र प्रश्नोत्तर

## ४. सिकाइ उपलब्धि

विषयवस्तुको पठनबोध गरी मौखिक प्रश्नोत्तर गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) यस अंशमा ताबेईको कुन कुन पक्षको वर्णन छ ?

(ख) ताबेईले कि हिमाल चढ्ने मन गरिन् ?

(ग) यो अंश पढेर ताबेईले सङ्घर्ष गरेका मुख्य सन्दर्भ के के पाउनुभयो ?

(घ) यो अंश पढेपछि तपाईंमा कस्तो प्रभाव पर्‍यो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई सन्दर्भ र परिवेशमा आधारित बोध प्रश्नोत्तर सिकाउन खोजिएको छ । यसका लागि भाव बोध हुने गरी निर्धारित अंशको फड्का पठन, गहन पठन र रुजु पठन गराउनुहोस् । सन्दर्भ सिकाउँदा भाषिक (अगाडि-पछाडि आएका वाक्य, शब्द, अनुच्छेद आदि), विषयगत (कुरा के विषयमा भइरहेको छ), ऐतिहासिक (उक्त कुरा कुन समय, परिस्थितिमा लेखिएको वा भनिएको हो ?), सांस्कृतिक/सामाजिक (समाजका मान्यता, संस्कृति आदिसँगको सम्बन्ध)व्यक्तिगत (बोल्ने/लेख्ने व्यक्तिको उद्देश्य, मनोदशा आदि) र परिवेश सिकाउँदा स्थान (गाउँ, सहर, कोठा, मैदान, जङ्गल आदि),समय (बिहान, राति, गर्मी, जाडो, कुनै ऐतिहासिक काल आदि), सामाजिक/सांस्कृतिक वातावरण (समाजका व्यवहार, परम्परा, मूल्य आदि) र भावात्मक वातावरण (डर, खुसी, तनाव, शान्ति आदि) ख्याल भर्न सिकाउनुहोस् । यी पक्षसँग सम्बन्धित प्रश्न सोधी विषयवस्तु बुझेनबुझेको मूल्याङ्कन गर्नुहोस् र आवश्यक परे थप अभ्यास गराउनुहोस् । पाठ बुझेर प्रश्नोत्तर गर्नुपर्ने कार्यकलाप गृहकार्यका रूपमा पनि गराउनुहोस् ।

| N | | पढ्छु, बुझ्छु र उत्तर दिन्छु । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३३ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### ध्यान दिएर पढ्नुहोस्, बुझ्नुहोस् र काम गर्नुहोस् :

**साथमा दिइएका वाक्य पढ्नुहोस् अनि शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| समूह क (शब्द) | समूह ख (अर्थ) |
|---|---|
| (क) पाटी | ( ) व्यापारसम्बन्धी सन्देश लिएर ओहोरदोहोर गर्ने व्यक्ति |
| (ख) आक्रमण | ( ) झ्यालको एक पाटो |
| (ग) वाणिज्य दूत | ( ) निःशुल्क बास बस्न बनाइएको ठाउँ |
| (घ) पल्ला | ( ) लडाइँ |
| (ङ) कृतज्ञ | ( ) तयार |
| (च) तैनाथ | ( ) गरेको उपकार देख्ने |
| | ( ) नाका बन्द गर्ने र सामान रोक्का गर्ने काम |

(क) यात्रुहरू पाटीमा बसे ।
(ख) गोरखालीले कीर्तिपुरमा आक्रमण गरे ।
(ग) नेपालले ल्हासामा वाणिज्य दूत पठायो ।
(घ) आज घरका पल्ला सफा गर्नु छ ।
(ङ) तिम्रो सेवा देखेर हजुरआमा कृतज्ञ हुनुभयो ।
(च) गेटमा पालेदाइ तैनाथ छन् ।

### छलफल गरेर, शब्दकोश हेरेर वा सहजकर्तालाई सोधेर शब्दको अर्थ लेख्नुहोस् र वाक्यमा प्रयोग पनि गर्नुहोस् :

(क) आर्जन, युगसापेक्ष, समतामूलक,प्रकाण्ड, धरोहर, शास्त्रार्थ, उत्तरार्द्ध, दृष्टान्त, वाङ्मय

| नमुना : शब्द | अर्थ | वाक्य |
|---|---|---|
| आर्जन | कमाउनु, सिक्नु वा लिनु | हामीले ज्ञान आर्जन गर्नुपर्छ । |

(ख) उत्पादन, अर्गानिक, व्यवसाय, आपूर्ति, सहकार्य, प्रतिबद्धता
(ग) सद्भाव, दायित्व, नागरिकता, संविधान, स्वास्थ्योपचार, महासन्धि, अमानवीय, चरित्रहत्या
(घ) शिल्पकारी, तमौटे, बाल्सिट, वैष्णव, बाजु, सङ्गमरमर, अभिमानयुक्त, निष्पाप, बैना, सहानुभूति, ज्याबल, खाका, कन्तुर
(ङ) उत्कृष्ट, छनोट, सभ्य, अतिथि, रुचि, खचाखच, नजिक, भव्य, अशान्त, नृत्य, रुचि, सभ्य
(च) मापन, प्रणाली, चर्मकार, लोहकार, सुवर्णकार, ताम्रकार,वाणिज्य, निर्वाहमुखी, दौत्य, आवागमन, निराकरण
(छ) गोडा, सदरमुकाम, गाँठो, पेटारो, गम्भीर, जागा
(ज) अजर, गृहस्थ, मृदुभाषी, नास्तिक, नासो, कालजयी, चेतनशील, परिदृश्य, उद्यमशीलता, सदावहार, आत्मीयता
(झ) उत्पादन, बेरोजगार, निर्यात, नगदेबाली, उर्वर, आत्मनिर्भर, प्रोत्साहन, आधुनिक

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको शब्द र अर्थको जोडा मिलाउने काम गर्नुहोस् । यसका लागि बाकसमा दिइएका वाक्यको साथ लिन सक्नुहुने छ । यसपछि दोस्रो कार्यकलाप गर्नका लागि साथी समूहमा शब्दको अर्थबारे छलफल गर्नुहोस् र सबै शब्दको अर्थ पहिचान गर्ने प्रयास गर्नुहोस् । शब्दका एकभन्दा बढी अर्थ पनि हुन सक्छन्, शब्दकोश हेरेर वा सहजकर्तालाई सोधेर त्यो पनि पत्ता लगाउनुहोस् । यसपछि नमुनामा देखाएजस्तै गरेर शब्द, अर्थ र वाक्यको तालिका बनाई सहजकर्तालाई देखाएर सिकाइ कक्षमा टाँस्नुहोस् र दैनिक पढेर याद पनि गर्नुहोस् । सहजकर्ताबाट पनि सल्लाह लिनुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दार्थ र वाक्यमा प्रयोग

## ४. सिकाइ उपलब्धि

सामग्री पढी शब्दभण्डार वृद्धि गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथि दिइएअनुसार शब्द र अर्थको जोडा मिलाउन सक्नुभयो ?

(ख) दिइएका सबै शब्दको अर्थ थाहा पाउनुभयो ?

(ग) एकभन्दा बढी अर्थ भएका कुन कुन शब्द रहेछन् ?

(घ) सबै शब्दलाई वाक्यमा प्रयोग गर्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई शब्दको अर्थ बुझेर वाक्यमा प्रयोग गर्न सिकाउन खोजिएको छ । यसका लागि यहाँ दिइएका शब्दको अर्थ शब्दकोश प्रयोग गरेर पत्ता लगाउने अभ्यास गराउनुहोस् । सिकारुले सही अर्थ पहिचान गर्न नसकेका आफूले भनिदिनुहोस् । यसबाहेक पनि सबै पाठमा शब्दार्थ अभ्यास गराउनुहोस् । सिकारुले शब्दको अर्थ बुझेर वाक्यमा प्रयोग गर्न सकेनसकेको मूल्याङ्कन गर्नुहोस् र आवश्यक परे थप अभ्यास गराउनुहोस् । शब्दको अर्थ लेखेर शब्दलाई वाक्यमा प्रयोग गर्ने वा अर्थका आधारमा शब्द पहिचान गरी शब्दलाई वाक्यमा प्रयोग गर्ने कार्यकलाप परियोजना कार्य वा गृहकार्यका रूपमा पनि गराउनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| N | | **म शब्दभण्डार बढाउने कोसिस गर्छु ।**<br>**(पढाइ : पहिलो र दोस्रो खण्ड)** | कार्ड नं. ३४<br>तह ३ | २ घण्टा |

## १. सिक्नुपर्ने विषयवस्तु

### ध्यान दिएर पढ्नुहोस्, बुझ्नुहोस् र काम गर्नुहोस् :




शब्दभण्डार बढाउन नियमित रूपमा विविध सन्दर्भ, अलङ्कार, प्रतीक, भाव र शैलीका शब्द सिक्नुपर्छ । शब्द अभिव्यक्तिका साधन मात्र होइनन्, संस्कृति, मनोविज्ञान र सामाजिक बोधका संवाहक पनि हुन् । पाठक वा लेखकले नयाँ शब्द सुनेर, पढेर वा प्रयोगमा ल्याएर आफ्नो भाषिक संसार विस्तार गर्छन् । यसबाट उसको विचार क्षमता, तर्कशक्ति, विश्लेषण शैली र अभिव्यक्तिको सौन्दर्य स्वतः उँचो हुन्छ । यसका लागि परिवार, प्रकृति, मौसम, व्यापार, संस्कृति, विज्ञान, दर्शन आदिको वर्णनमा प्रयोग हुने विषयगत शब्दहरू सिक्नु आवश्यक हुन्छ । के तपाईँलाई आभास, दुविधा, सौन्दर्य, परिष्कार, अवरोध, सम्भावना, समन्वय, पुनरवलोकन, प्रतिबिम्ब शब्दको अर्थ थाहा छ ? यस्ता अमूर्त शब्दले सोचलाई गहिरो बनाउँछन् । कुरूप, सुडौल, मखमली, अवशेष, उम्किनु, लुकिचोरी, चम्किलो, विषादग्रस्त जस्ता शब्द वर्णनात्मक शब्द हुन् । यिनले दृश्य र अनुभूतिलाई शक्तिशाली बनाउँछन् । लोकभाषा, सूक्ति, उखान टुक्का र क्षेत्रीय शब्दहरू प्रयोग गर्दा भाषा थप जीवन्त हुन्छ । यसले भाषालाई बहुरङ्गी र सांस्कृतिक रूपमा प्रासङ्गिक बनाउँछ । हामीले कविता, निबन्ध, समाचार, अनुसन्धान, लोककथा, संवाद, रेडियो, चलचित्र आदि विभिन्न स्रोतबाट शब्द सङ्कलन गर्न सक्छौँ । यसरी सङ्कलन गरिएका शब्दको अर्थ, प्रयोग, समानार्थी वा विपरीतार्थी शब्दको खोजी, वर्णविन्यास र सन्दर्भगत प्रयोग बुझ्दा हाम्रो शब्दभण्डार विस्तार हुँदै जान्छ ।

(क) यस अनुच्छेदमा तपाईँले कुन कुन शब्दको अर्थ जान्नुभएको छैन ? शब्द टिप्नुहोस् र अर्थ पहिचान गर्नुहोस् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु पढी छलफल गर्नुहोस् । आफूले अर्थ नजानेका शब्द टिपी शब्दकोश हेरेर वा सहजकर्तालाई सोधेर अर्थ पहिचान गरी वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् । यसका साथमा सहजकर्ताको सहयोग लिएर दैनिक पाँचसातओटा नयाँ शब्द लेख्नुहोस् र तिनको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् । कथा, समाचार, चलचित्र, रेडियो कार्यक्रम, संवाद वा निबन्धमा भेटिएका शब्दको अर्थ बुझ्नुहोस् । शब्दका पर्यायवाची र विपरीतार्थी शब्द खोज्नुहोस् । शब्दको संरचना र उत्पत्ति पहिचान गर्नुहोस् । शब्द खोज्ने, वर्गीकरण गर्ने र वर्णक्रम मिलाउने खेल खेल्नुहोस् । नयाँ शब्द प्रयोग गरेर संवाद गर्नुहोस् । प्रकृति, समाज, राजनीति, स्वास्थ्य, मनोविज्ञान, प्रविधि आदि विषयमा ५० शब्दको सूची बनाई कक्षामा प्रदर्शन गर्नुहोस् र ती शब्दको प्रयोग गरेर कथा, निबन्ध, कविता वा संवाद लेख्नुहोस् । साहित्य, व्याख्यान वा भाषण सुनेर नयाँ शब्द टिपी वाक्यमा प्रयोग गर्नुहोस् । पुस्तक पढ्ने, नोट गर्ने र शब्दको समीक्षा गर्ने गर्नुहोस् । प्रत्येक दिन एक सिकारु उठेर दुई मिनेट बोल्ने र कम्तीमा पाँच नयाँ शब्द अनिवार्य प्रयोग गर्ने अभ्यास गर्नुहोस् । सहजकर्ताबाट पटक पटक सल्लाह लिनुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दभण्डार

## ४. सिकाइ उपलब्धि

सामग्री पढी शब्दभण्डार वृद्धि गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिको अनुच्छेदमा दिइएका सबै शब्दको अर्थ जान्नुभयो ?

(ख) शब्दको अर्थ थाहा पाएर प्रयोग गर्न के के गर्नुभयो ?

(ग) शब्दभण्डार कसरी बढाउन सकिने रहेछ ?

(घ) शब्दभण्डार बढाउन तपाईँ के के गर्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई शब्दभण्डार वृद्धि गर्न सिकाउन खोजिएको छ। यसका लागि यहाँ दिइएको सामग्रीबाट शब्दको अर्थ बुझेर प्रयोग गर्ने र शब्दको बनोट, स्रोत आदि पहिचान गरी वर्गीकरण गर्ने तथा अनुक्रम मिलाउने अभ्यास गराउनुहोस्। यसरी नै दैनिक पाँचसातओटा नयाँ शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्ने, कथा, समाचार, चलचित्र, रेडियो कार्यक्रम, संवाद वा निबन्धमा भेटिएका शब्दको अर्थ बोध गर्ने, शब्दका पर्यायवाची र विपरीतार्थी शब्द खोज्ने, शब्दको संरचना र उत्पत्ति पहिचान गर्ने, शब्द खोज्ने, वर्गीकरण गर्ने र वर्णक्रम मिलाउने खेल खेलाउने, नयाँ शब्द प्रयोग गरेर संवाद गर्ने, प्रकृति, समाज, राजनीति, स्वास्थ्य, मनोविज्ञान, प्रविधि आदि विषयमा ५० शब्दको सूची बनाई कक्षामा प्रदर्शन गर्ने र ती शब्दको प्रयोग गरेर कथा, निबन्ध, कविता वा संवाद लेख्ने, साहित्य, व्याख्यान वा भाषण सुनेर नयाँ शब्द टिपी वाक्यमा प्रयोग गर्ने, पुस्तक पढ्ने, नोट गर्ने र शब्दको समीक्षा गर्ने, प्रत्येक दिन एक सिकारु उठेर दुई मिनेट बोल्ने र कम्तीमा पाँच नयाँ शब्द अनिवार्य प्रयोग गर्ने जस्ता अभ्यास गराउनुहोस्।

| N | | विद्युतीय/मुद्रित सामग्री पढेर बुझ्छु । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३५ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### ध्यान दिएर पढ्नुहोस्, बुझ्नुहोस् र काम गर्नुहोस् :

तह ३ को सिकाइ कार्ड विकाससम्धी बैठक 3 Yahoo/Inbox

**Paban Kumar Adhikari** Fri, Oct 24 at 11:10 AM
From: pabanji@gmail.com
To: Dipika sharmadipika, Ganesh Bhattarai, Shakti Acharya, Laxmikishor Subedi, ramesh Dhakal and 1 more...

आदरणीय सर, मेडमहरू,
नमस्कार ।

मैले दिनेश सरसँग कुरा गरेर अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत तह १ र २ को जस्तै तह ३ को दुवै भागलाई समेटेर सिकाइ कार्ड विकास गर्ने सम्बन्धमा २०८२ कार्तिक १२ गते बुधबार दिनको १ देखि ३ बजेसम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा बैठक राखिदिनका लागि अनुरोध गरिसकेको छु । सायद त्यहाँबाट पनि हजुरहरूलाई खबर गर्नुहुन्छ होला । दिनेश सरले हजुरले पनि अनौपचारिक रूपमा लेखकहरूलाई खबर गरिदिइ राख्नुहोला भन्नु भएकाले मैले यो इमेल पठाएको छु । हजुरहरूको इमेलमा जवाफ पाउने अपेक्षा गरेको छु । साथै सिकाइ कार्ड विकास गर्न सहजिलोहोस भनेर अवधारणा पत्र र कार्डको ढाँचासहित विस्तृत विवरण खुलाएर पठाएको छु ।

सहयोगका लागि धन्यवाद ।

With Regards,
**Paban Kumar Adhikari**
Director
Samunnat Nepal
Maitidevi mode, Kathmandu

(क) यो कविता, कथा, चिठी, इमेल वा के हो ?

(ख) यस्तो सामग्री कसरी पठाइन्छ ?

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु पढी छलफल गर्नुहोस् । छलफल गर्दा यो सामग्री कहाँबाट लिइएको हो ? यसमा के विषय छ ? सामग्री कति जनालाई पठाइएको छ ? कसले कहिले पठाएको हो ? बैठकमा के के गर्ने भनिएको छ ? कसले कोसँग सल्लाह गरेर यो सामग्री पठाएको छ ? भन्नेबारेमा कुराकानी केन्द्रित गर्नुहोस् । तपाईंको कुराकानीबाट प्राप्त निष्कर्ष सहजकर्तालाई पनि सुनाउनुहोस् र प्रतिक्रिया लिनुहोस् । सहजकर्तासँग विद्युतीय सामग्रीमा कस्ता विषयवस्तु लेखिन्छन् र तिनलाई कसरी बुझ्न सकिन्छ भन्नेबारेमा छलफल गरी बुझ्नुहोस् । विद्युतीय सामग्री र मुद्रित सामग्रीका बारेमा पनि छलफल गर्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

विषयवस्तु बोध

## ४. सिकाइ उपलब्धि

मुद्रित एवम् विद्युतीय सामग्री रुचिपूर्वक पढी विषयवस्तु बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिको अनुच्छेदमा के विषयवस्तु उल्लेख छ ?

(ख) यो कस्तो खालको पठन सामग्री हो ?

(ग) यस सामग्रीमा उल्लेख भएका मुख्य विषयवस्तु के के छन् ?

(घ) के तपाईं यसरी सामग्री आदानप्रदान गर्न सक्नुहुन्छ ? के के गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई मुद्रित तथा विद्युतीय सामग्री पढी विषयवस्तु बोध गर्ने तरिका सिकाउन खोजिएको छ। यसका लागि यहाँ दिइएको सामग्री अध्ययन गर्न लगाउनुहोस् र त्यसबाट पत्ता लगाउनुपर्ने कुरा निर्धारण गरिदिनुहोस्। सिकारुलाई विद्युतीय (इमेल, अनलाइन समाचार आदि) र मुद्रित (पुस्तकका कथा, कविता आदि) दुवै सामग्री उपलब्ध गराई यसपूर्व विकास भइसकेको दक्षताका आधारमा विषयवस्तु बोध गर्ने अभ्यास गराउनुहोस्। सिकारुले बुझेनबुझेको थाहा पाउन विभिन्न प्रश्न गरी क्षमता आकलन गर्नुहोस्।

| N | | म त सस्तो सस्तो किन्छु है !<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३६<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### ध्यान दिएर पढ्नुहोस्, बुझ्नुहोस् र काम गर्नुहोस् :

२९ कात्तिक, काठमाडौँ । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले आजका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार गोलभैँडा ठुलो (भारतीय) प्रतिकिलो ९५, गोलभैँडा सानो (लोकल) प्रतिकिलो ४५, गोलभैँडा सानो (टनेल) प्रतिकिलो ८०, गोलभैँडा सानो (भारतीय) प्रतिकिलो ७५, आलु रातो प्रतिकिलो ६४, आलु रातो (भारतीय) प्रतिकिलो ४८, आलु सेतो प्रतिकिलो ४६, प्याज सुकेको (भारतीय) प्रतिकिलो ३७ रहेको छ । यस्तै गाजर (लोकल) प्रतिकिलो १३०, गाजर (तराई) प्रतिकिलो ११०, बन्दा (लोकल) प्रतिकिलो ६०, काउली स्थानीय प्रतिकिलो १२०, काउली (तराई) प्रतिकिलो ९०, रातो मुला प्रतिकिलो ५०, सेतो मुला (लोकल) प्रतिकिलो ४०, सेतो मुला (हाइब्रिड) प्रतिकिलो ६०, भन्टा लाम्चो प्रतिकिलो ८०, भन्टा डल्लो प्रतिकिलो ८०, तने बोडी प्रतिकिलो १८०, मकै बोडी प्रतिकिलो १०० कायम भएको छ । त्यसैगरी मटरकोसा प्रतिकिलो १६०, घिउ सिमी (लोकल) प्रतिकिलो १५०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो १५०, घिउ सिमी (राजमा) प्रतिकिलो १००, टाटे सिमी प्रतिकिलो १४०, भटमास कोसा प्रतिकिलो १२०, तीतो करेला प्रतिकिलो १५०, लौका प्रतिकिलो ११०, परबर (लोकल) प्रतिकिलो १००, परबर (तराई) प्रतिकिलो १००, घिरौँला प्रतिकिलो १००, फर्सी पाकेको प्रतिकिलो ४५, हरियो फर्सी (लाम्चो) प्रतिकिलो ११०, हरियो फर्सी (डल्लो) प्रतिकिलो ९०, सलगम प्रतिकिलो १३०, भिन्डी प्रतिकिलो १२०, सखरखण्ड प्रतिकिलो ८०, बरेला प्रतिकिलो ६०, पिँडालु प्रतिकिलो ८०, स्कुस प्रतिकिलो ३० कायम गरिएको छ । रायोसाग प्रतिकिलो १५०, पालुङ्गो साग प्रतिकेजी २५०, चमसुर प्रतिकिलो १८०, तोरीको साग प्रतिकिलो ९०, मेथीको साग प्रतिकिलो २२०, हरियो प्याज प्रतिकिलो १००, बकुला प्रतिकिलो १५०, तरुल प्रतिकिलो ९०, च्याउ (कन्य) प्रतिकिलो २५०, च्याउ (डल्ले) प्रतिकिलो ४००, कुरिलो प्रतिकिलो १००० निर्धारण गरिएको छ । ब्रोकाउली प्रतिकिलो १६०, चुकुन्दर प्रतिकिलो १००, रातो बन्दा प्रतिकिलो १५०, जिरीको साग प्रतिकिलो ४००, सेलरी प्रतिकिलो ३००, पार्सले प्रतिकिलो ५००, सौफको साग प्रतिकिलो २५०, पुदिना प्रतिकिलो ५५०, गान्टेमुला प्रतिकिलो ११०, इमली प्रतिकिलो १८०, तामा प्रतिकिलो १२०, तोफु प्रतिकिलो १५० र गुन्द्रुक प्रतिकिलो ३५० तोकिएको छ । स्याउ (झोले) प्रतिकिलो २५०, स्याउ (फुजी) प्रतिकिलो ३२०, केरा (दर्जन) १४०, कागती प्रतिकिलो १३०, अनार प्रतिकिलो ४००, सुन्तला (नेपाली) प्रतिकिलो १००, सुन्तला (भारतीय) प्रतिकिलो १२०, तरबुजा हरियो प्रतिकिलो ८०, मौसम प्रतिकिलो १००, जुनार प्रतिकिलो २६०, भुइँकटहर प्रतिगोटा १७०, काँक्रो (लोकल) प्रतिकिलो १२०, काँक्रो (हाइब्रिड) प्रतिकिलो ८०, निबुवा प्रतिकिलो ५०, नास्पाती (चाइनिज) प्रतिकिलो २२०, मेवा (नेपाली) प्रतिकिलो ७०, मेवा (भारतीय) प्रतिकिलो १००, अम्बा प्रतिकिलो १०० र लप्सी प्रतिकिलो ८०, किबी प्रतिकिलो २५०, सरिफा प्रतिकिलो १८० र आभोकाडो प्रतिकिलो ३०० निर्धारण गरिएको छ । यसैगरी, अमला प्रतिकिलो ८०, अदुवा प्रतिकिलो ८०, सुकेको खुर्सानी प्रतिकिलो ४००, खुर्सानी हरियो प्रतिकिलो ९०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो ११०, खुर्सानी हरियो (माछे) प्रतिकिलो १५०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो १२०, भेडे खुर्सानी प्रतिकिलो १२०, हरियो लसुन प्रतिकिलो २००, हरियो धनियाँ प्रतिकिलो ५००, लसुन सुकेको (चाइनिज) प्रतिकिलो २०० रहेको छ । लसुन सुकेको (नेपाली) प्रतिकिलो १६०, छ्यापी सुकेको प्रतिकिलो २००, छ्यापी हरियो प्रतिकिलो २००, माछा सुकेको प्रतिकिलो १०००, ताजा माछा (रहु) प्रतिकिलो ३४०, ताजा माछा (बचुवा) प्रतिकिलो २८०, ताजा माछा (छडी) प्रतिकिलो २५०, रूख टमाटर प्रतिकिलो १२०, राजा च्याउ प्रतिकिलो ३००, सिताके च्याउ प्रतिकिलो १००० र काँक्रो (लोकल क्रस) प्रतिकिलो ९० निर्धारण गरिएको छ ।

(क) तपाईँले सबैभन्दा सस्तो गोलभैँडा, काउली, आलु, मुला र घिउसिमी किन्नुपर्‍यो भने कुन कुन किन्नुहुन्छ ?

(ख) कुन कुन फलफूलको मूल्य कति कति तोकिएको छ ? सूची बनाउनुहोस् ।

(ग) सबै प्रकारका साग, खुर्सानी, च्याउ र माछाको मूल्य तालिकामा देखाउनुहोस् ।

(घ) आफ्नो समूहमा सबैभन्दा महँगा पाँच चिज किन्नुपरे के के किन्नुहुन्छ ?

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु पढी छलफल गर्नुहोस् र प्रश्नको उत्तर तयार पार्नुहोस् । तपाईँको उत्तर र आफ्नो ठाउँको बजार भाउ तुलना पनि गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

विषयवस्तुको उपयोग

## ४. सिकाइ उपलब्धि

मुद्रित एवम् विद्युतीय सामग्री रुचिपूर्वक पढी विषयवस्तु बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिको अनुच्छेदमा दिइएअनुसार सबैभन्दा सस्ता पाँच वस्तु के के हुन् ?

(ख) माथिको अनुच्छेदमा दिइएअनुसार सबैभन्दा महँगा पाँच वस्तु के के हुन् ?

(ग) रु. ५०० मा सबैभन्दा बढी सामान (कम्तीमा एउटा सामान १ केजी) किनेर ल्याउनुपरे तपाईँ कुन कुन सामग्री किन्नुहुन्छ ?

(घ) अनुच्छेदमा कति वस्तु (तरकारी, फलफूल आदि) को मूल्य निर्धारण गरिएको छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई  मुद्रित तथा विद्युतीय सामग्रीमा प्रस्तुत विषयवस्तु आवश्यकतानुसार उपयोग गन तरिका सिकाउन खोजिएको छ । यसमा फलफूल, तरकारी आदिको बजार मूल्य हेरी किनमेल गर्ने उदाहरण राखिएको छ । विभिन्न मुद्रित तथा विद्युतीय सामग्रीका विषयवस्तु व्यावहारिक जीवनमा उपयोगी हुने भएकाले यस्ता सामग्री पढेर सिक्न उत्प्ररित गर्नुहोस् । सिकारुलाई विद्युतीय (इमेल, अनलाइन समाचार आदि) र मुद्रित (पुस्तकका कथा, कविता आदि) दुवै सामग्री उपलब्ध गराई यसपूर्व विकास भइसकेको दक्षताका आधारमा विषयवस्तु बोध गर्ने अभ्यास गराउनुहोस् । सिकारुले बुझेनबुझेको थाहा पाउन विभिन्न प्रश्न गरी क्षमता आकलन गर्नुहोस् । स्थानीय क्षेत्रमा पाइने विद्युतीय तथा मुद्रित सामग्री दिनहुँ पढ्न पनि उत्प्रेरित गर्नुहोस् ।

| N | | मैले व्याख्या गर्न जानेँ नि !<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३७<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### तलको कवितांशको व्याख्या गर्नुहोस् :

हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक सासमा रगत छ सहिदको

यो कवितांश सहिदहरूको सम्झनामा कविताको अंश हो। प्रस्तुत यस अंशमा देशको स्वतन्त्रता, सुरक्षा र अस्तित्वका लागि सहिदहरूले गरेको त्यागलाई जीवनका हरेक क्षणसँग जोडेर राष्ट्रप्रेम र ऐतिहासिक चेतनाको वर्णन गरिएको छ। हामीले सहज रूपमा खाने अन्न, बस्ने घर, हिँड्ने सडक र उपभोग गर्ने सुविधा सहिदको बलिदानबाट सम्भव भएको हो। गाँस प्राप्त गर्नका लागि हजारौँ सहिदले धोका, अत्याचार, बन्दुक, कारावास र मृत्युजस्ता कठोर पीडा सहनुपरेको थियो। त्यसैले हरेक गाँसले उनीहरूको रगतको सम्झना दिलाउँछ। स्वतन्त्र श्वास लिन पाउनु नै स्वतन्त्र राष्ट्रको सबैभन्दा ठुलो उपलब्धि हो सहिदको त्यागले हामीलाई स्वतन्त्र रूपले बोल्ने, सोच्ने र बाँच्ने अवसर दिएको छ। हामीले प्रत्येक सास फेर्दा त्यो स्वतन्त्रता सम्भव बनाउन आफ्नो जीवन अर्पण गर्ने सहिदको सम्झना जागृत हुनुपर्छ। यस अंशले राष्ट्रप्रेमलाई मात्र होइन, कर्तव्यबोध र जिम्मेवारीलाई पनि जागृत गर्छ। सहिदको रगतबाट सिञ्चित भूमिमा बस्ने प्रत्येक नागरिकले देशप्रतिको कृतज्ञता, सचेतता र सेवाभाव जीवित राख्नुपर्छ भन्ने यसको मूल उद्देश्य हो।

### तलको अंशको व्याख्या गर्नुहोस् :

पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछ।

यो अंश साकार सपना कथासँग सम्बन्धित छ। यसमा नेपाल र अङ्ग्रेजबिच भएको ऐतिहासिक चर्चा छ। सिन्धुली युद्धको यस अंशमा युद्ध सैनिक कौशलले मात्र नभई प्रकृतिको सहयोगले पनि जितिन्छ भन्ने भाव व्यक्त भएको छ। सिन्धुली गढीमा लडाइँ हुने पहाडी भूभाग अत्यन्त उकालो, भिरालो र जटिल थियो। यस्तो भूगोलमा नेपालीले अङ्ग्रेजसँग युद गर्न सैनिक कलाका अतिरिक्त जनावर, किरा र बिरुवाको पनि सहायता लिएका थिए। वंशु गुरुङले अङ्ग्रेजसँग युद गर्न अर्नाका सिङमा पुल्ठो बाँधेर जङ्गलमा छाड्ने, बारुला र अरिङ्गालका गोला बिच्क्याउने गरेका थिए। अङ्ग्रेजहरू भाग्दा सिस्नो र अल्लोले समेत पोलेको थियो। थोरै सङ्ख्याका नेपाली सैनिकले सिन्धुली युद्धमा धेरै सङ्ख्याका अङ्ग्रेजलाई कुटनीतिले जितेका थिए। सेना, जनावर, किरा, बिरुवाले समेत नेपालीको साथ दिएकाले अङ्ग्रेजहरू ज्यान बचाएर भागेका थिए। उनीहरूले पहाडमा नेपालीको युद्धकलाले मात्र होइन पहाडी भूगोल र प्रकृतिले समेत साथ दिने भएकाले युद्ध लड्न कठिन छ भनी आफ्नो राय व्यक्त गरेको प्रसङ्ग यसमा उल्लेख भएको छ।

### यसरी नै यी अंशको व्याख्या गर्ने अभ्यास गर्नुहोस् :

(क) मेरो रीतिरिवाज र पेसा व्यवसायमाथि कसैबाट हस्तक्षेप हुनुहुँदैन।
(ख) मलाई धन चाहिएको छैन, मलाई भगवान्को मोहनी मूर्ति चाहिएको छ।
(ग) आमाभन्दा ठुलो पढाइ होइन।
(घ) दिगो अर्थतन्त्रका लागि सन्तुलित वैदेशिक व्यापार अनिवार्य सर्त हो।
(ङ) उत्तरतिर हिउँचुलीको झन् बढ्ता खात र आलोक थियो।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु पढी छलफल गर्नुहोस्। पाठ वा पाठको अंशको व्याख्या गर्दा निर्धारित अंशमा कुन विषयवस्तु किन आएको छ भन्ने ख्याल गर्नुपर्छ। यो ख्याल गरेर निर्धारित अंश र त्यसको व्याख्या पढ्नुहोस्। तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस्।

## ३. विषय क्षेत्र

विषयवस्तुको व्याख्या

## ४. सिकाइ उपलब्धि

पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिका दुई पङ्क्तिको व्याख्याको तुलना गर्नुहोस् । के फरक पाउनुभयो ?

(ख) गद्य र पद्यको व्याख्यामा के फरक पाउनुभयो ?

(ग) व्याख्या गर्दा के के कुरामा ख्याल गर्नुपर्ने रहेछ ?

(घ) के व्याख्यामा विषयवस्तुको बोध र भाव समेटिन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठ पढी विषयवस्तुको व्याख्या गर्ने तरिका सिकाउन खोजिएको छ । यसमा एक गद्य र एक पद्यको नमुना व्याख्या दिइएको छ । यसलाई ख्याल गरी अन्य पङ्क्तिको पनि व्याख्या गर्ने अभ्यास गराउनुहोस् । सिकारुले गरेको व्याख्या जाँच गरी पृष्ठपोषण दिनुहोस् ।

| N | | मैले पाठको विश्लेषण गर्न जानें नि ! (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३८ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### अनिता लामाको आमाबुबा शीर्षकको कविता र यसको विश्लेषण पढ्नुहोस् :

**आमाबुबा**

घामको प्रचण्ड गर्मी ताप्दै
वर्षाको भेल र पहिरो थाम्दै
कहिले छेकिने कहिले देखिने
अजङ्गका पहाड मात्र होइनन् आमाबुबा
निजी मोह लुकाएर
आफ्ना सपनाको खिल बसाएर
सन्तानको सुखमा चुर्लम्म डुबेका
एक जोडी प्राण हुन् आमाबुबा ।
सन्तानको हुर्काइसँगै
मूर्च्छित सपना ब्युँताउँछन्
घाम पानी र प्राण भरिदिन्छन्
पीडाको पर्दा लगाउँछन्
उत्साहको घुम्टो उठाउँछन्
पहाडको चुचुराले नभेटिने
युगल अग्ला आदर्श हुन् आमाबुबा ।

यस कवितामा आमाबुबालाई पहाडसँग तुलना गर्दै उनीहरूको त्याग, सहनशीलता, अटलता र जीवनदायी भूमिकालाई चित्रण गरिएको छ । कवितामा पहाडका गर्मी सहने क्षमता, वर्षाको भेल रोकेर उभिने स्थायित्व, कहिले देखिने कहिले ओझेल पर्ने विशिष्टतालाई आमाबुबाको जीवनसँग तुलना गरिएको छ। पहाडले गर्मी, वर्षा, पहिरो सहन्छ। आमाबुबा पनि जीवनका कठिनाइ, अभाव, सङ्घर्ष र पीडा सहँदै सन्तानलाई हुर्काउँछन्। पहाडको विराटपनलाई यस कवितामा आमाबुबाको विशाल मन, उदारता र निरन्तर त्यागसँग तुलना गरिएको छ। यसमा त्याग र निस्वार्थ प्रेम देखाउन आमाबुबालाई निजी मोह लुकाएर सपनाको खिल बसाउने पात्रका रूपमा प्रस्तुत गरिएको छ। आमाबा आफूले चाहेका थुप्रै कुरा त्यागेर, आफ्ना व्यक्तिगत सपना बिर्सेर सन्तानलाई अगाडि बढाउन लागि पर्छन् । उनीहरूको खुसी सन्तानको प्रगति हो । सन्तानको सफलता नै आमाबुबाका जीवनको मुख्य उपलब्धि हो । आमाबुबा आफूलाई पछि राखेर सन्तानलाई अगाडि बढाउने लक्ष्य लिन्छन्। सन्तानले विफलता, निराशा वा दुःख पाए पनि आमाबुबा ऊर्जा दिने सक्षम आधार हुन्। भौतिक रूपले उचाइ भएका पहाडभन्दा पनि आमाबुबाले देखाउने आदर्श, मूल्य, निष्ठा, त्याग र कर्तव्यपरायणता अझ अग्ला र महान् हुन्छन् । सन्तानका लागि आमाबुबा अन्तहीन प्रेरणाका स्रोत हुन् । कवितामा परिवारका आधारस्तम्भ आमाबुबालाई समर्पण र त्यागका मूर्ति मानिएको छ। हामीले यसलाई सम्मान र कृतज्ञतासहित स्विकार्नुपर्छ। सन्तानले आफ्नो हरेक उपलब्धिमा आमाबुबाको पसिना, पीडा र प्रयत्न सम्झनु आवश्यक छ । आमाबुबा सन्तानका पहिलो शिक्षक र मार्गदर्शक हुन् । उनीहरूको जीवन नै चरित्र निर्माणको आधार हो । आमाबुबाबाट पहाड आँधीबेहरी झेल्ने क्षमता सिकिन्छ । जीवनका चुनौतीहरूको सामना गर्ने साहस उनीहरूको व्यवहारबाट विकास हुन्छ। आमाबुबाको प्रेम दान, त्याग र कर्तव्यको परिष्कृत रूप हो। कविता यस प्रेमलाई अनुभव गराउन खोजिएको छ। यस कविताले आमाबुबालाई आदर्श, निस्वार्थ समर्पित शक्ति र सन्तानको सुरक्षित पहाडको रूपमा प्रस्तुत गरेको छ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको कविता र त्यसको विश्लेषण पढी छलफल गर्नुहोस्। पाठको विश्लेषण गर्दा केके कुरामा ख्याल गर्नुपर्ला ? पहिले समूहमा छलफल गर्नुहोस् र सहजकर्तासँग पनि छलफल गर्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

विषयवस्तुको विश्लेषण

## ४. सिकाइ उपलब्धि

पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिको कविता र विश्लेषणमा के फरक पाउनुभयो ?

(ख) पाठको विश्लेषण कसरी गरिने रहेछ ?

(ग) तपाईँले कविता पढ्दा र विश्लेषण पढ्दा बुझाइमा फरक भयो कि भए ?

(घ) अब अरू पाठको पनि विश्लेषण गर्न सक्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठ पढी विश्लेषण गर्ने तरिका सिकाउन खोजिएको छ। यसमा पाठ विश्लेषणको नमुना दिइएको छ। यसलाई ख्याल गरी अन्य पाठको पनि विश्लेषण गर्ने अभ्यास गराउनुहोस्। पाठ विश्लेषण गर्दा पाठमा के देखाउन खोजिउको छ ? पाठले के मुख्य कुरा भन्न खोजेको छ ? पाठका (अनुच्छेद, खण्ड, पङ्क्ति, घटनाक्रम, संवाद, शैली आदि कसरी निर्माण गरिएका छ ? शब्दचयन सरल, जटिल, भावनात्मक, प्रचलित वा पुरातन कस्तो छ ? लेखकको शैलीगत विशेषता कस्तो छ ? पाठले कुन भावना व्यक्त गर्छ ? लेखकले पाठमार्फत दिन खोजेको सन्देश के हो ? पाठका बलिया पक्ष वा कमजोर पक्ष के के हुन् ? भन्ने जस्ता कुराको खोजी गरी निष्कर्ष लेख्न सिकाउनुहोस्। सिकारुले गरेको विश्लेषण जाँच गरी पृष्ठपोषण दिनुहोस्।

| N | | पाठको सन्देश पहिल्याउन त सजिलो रहेछ ! (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ३९ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**सिद्धिचरण श्रेष्ठको वसन्त कविता र साथमा दिइएको यसको सन्देश पढेर बुझ्नुहोस् :**



**वसन्त**

*सिद्धिचरण श्रेष्ठ*

समस्त माधुर्य लिएर साथमा
छरेर सौन्दर्य विशाल विश्वमा
वसन्त मेरो हितमा निमग्न भो
अहो ! छ कस्तो रस रागयुक्त यो !

नवीनता नाच्दछ पुष्प पुञ्जमा
कुहूकुहू कोकिल बोल्दछ कुञ्जमा
प्रमोदले हृद्तल पार्छ शीतल
वसन्त मैरै हितमा छ तत्पर ।

नचाइ चारैतिर पल्लवी द्रुम
बिछाइ नाना थरिका नयाँ तृण
वसन्त मेरो कति गर्छ स्वागत
अहो! अहो ‼ सुन्दर यो सजावट

वसन्त प्रकृतिको सौन्दर्य र माधुर्यको प्रतीक हो । प्रकृतिले मानिसको हितका लागि रङ, सुवास, शब्द, लय छरिरहेको हुन्छ । प्रकृतिले प्रदान गर्ने सौन्दर्य अमूल्य र जीवनदायी हुन्छ । वसन्तले जीवनमा नवीनता र पुनर्जागरण ल्याउँछ । यसले आशा, नयाँ ऊर्जा र नयाँ सुरुवात प्रदान गर्ने सन्देश दिन्छ । प्रकृतिको सङ्गीतले मनमा शान्ति र आनन्द भरिन्छ । यसले प्रकृतिसँग नजिक रहेर जीवन बिताउँदा मन हलुका, शान्त र आनन्दित हुन्छ भन्ने सन्देश दिन्छ । वसन्त स्वागत र आतिथ्यको ऋतु हो । वसन्त मानवका लागि खुला हृदयले स्वागत गर्ने, स्नेह छर्ने, प्रेम फैलाउने ऋतु हो । वसन्तले सौन्दर्यकै बिच जीवनको अर्थ सम्झाउँछ । हरिया लहरा, पात र फूलले जीवनमा आशा, उन्माद, सौन्दर्य र सिर्जनशीलता उमारिदिन्छन् । यस ऋतुमा मानिसले जीवनको सुन्दर पक्ष पहिचान गर्न सिक्छ । वसन्तले प्रकृतिमा मात्र होइन, मनमा पनि उज्यालो, सौन्दर्य, नवीनता, आनन्द र आशा फैलाउँछ । प्रकृतिसँग एकाकार भएर वसन्तको अनुभव गर्दा जीवन सुन्दर, भावनात्मक र सार्थक हुन्छ भन्ने सन्देश यसमा छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको कविता र त्यसको सन्देश पढी छलफल गर्नुहोस् । पाठको सन्देश बुझेर लेख्दा वा भन्दा केके कुरामा ख्याल गर्नुपर्ला ? पहिले समूहमा छलफल गर्नुहोस् र सहजकर्तासँग पनि छलफल गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

पाठको सन्देश बोध

## ४. सिकाइ उपलब्धि

पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिको कविता र विश्लेषणमा के फरक पाउनुभयो ?

(ख) पाठको विश्लेषण कसरी गरिने रहेछ ?

(ग) तपाईँले कविता पढ्दा र विश्लेषण पढ्दा बुझाइमा फरक भयो कि भएन ?

(घ) अब अरू पाठको पनि विश्लेषण गर्न सक्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठ पढी सन्देश बोध गर्ने तरिका सिकाउन खोजिएको छ। यसमा पाठका सन्देश लेख्ने नमुना दिइएको छ। यसलाई ख्याल गरी अन्य पाठको पनि सन्देश लेख्ने अभ्यास गराउनुहोस्। पाठको सन्देश पहिचान गर्दा पाठलाई ध्यानपूर्वक पढ्ने,पाठले भन्न खोजेको प्रेम, प्रकृति, देशभक्ति, त्याग, नैतिकता आदि भावना खोज्ने, पाठका केही पङ्क्तिको भावलाई आधार बनाउने, पाठले पाठकलाई के सिकाउँछ भन्ने उल्लेख गर्ने, सन्देश लेख्दा पाठले दिने शिक्षा आजका मानिस वा समाजमा कसरी लागु हुन्छ भन्ने देखाउने र मिलेसम्म पाठको सुरु, मध्य र अन्त्यका कुरा ख्याल गर्ने र निष्कर्ष लेख्ने कुरामा ध्यान दिन अभ्यास गराउनुहोस्। सिकारुले गरेको विश्लेषण जाँच गरी पृष्ठपोषण दिनुहोस्।

| N | | हेरेर जस्ताको तस्तै लेख्न त कति मजा ! (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४० तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**(क) तलका अंश पढ्नुहोस्, शब्दको लेखाइ ख्याल गर्नुहोस् र जस्ताको तस्तै सारेर सहजकर्तालाई देखाउनुहोस् :**

हिमाल जस्तो स्वाभिमान भएको
बुद्धको जस्तो विचार भएको
म एक वीर गोर्खाली हुँ
म स्वाभिमानी श्रमशील नेपाली हुँ ।
अदम्य साहस बोकेर
हिँडेका पैतालामा
र तराईको फाँट जस्तो फराकिलो छातीमा
आफ्नै माटाको रङ टाँसेर निधारभरि
पाइला चाल्नु छ
देश बनाउने अभियानमा ।

**(ख) तलका अंश पढ्नुहोस्, शब्दको लेखाइ ख्याल गर्नुहोस् र जस्ताको तस्तै सारेर सहजकर्तालाई देखाउनुहोस् :**

एक दिन बिहान चिया खाएर पृथ्वीनारायण कीर्तिपुरमा आफ्ना विश्वासपात्रसँग आफूले राम्रो सपना देखेको र आफ्नो सपना पुग्नेबारेमा गफ गर्दै थिए । त्यही वेलामा द्वारे आयो र भन्यो, "महाराज ! गौराङ्गको पत्र आएको छ ।" उसले राजालाई पत्र दियो र फर्क्यो । पृथ्वीनारायणले पत्र खोले र हेरे । त्यसमा लेखिएको थियो, "हाम्रा मित्र मल्ल राजालाई तिमीले लाएको नाकाबन्दी हटाऊ । हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्छौं ।"

**(ग) तलका अंश पढ्नुहोस्, शब्दको लेखाइ ख्याल गर्नुहोस् र जस्ताको तस्तै सारेर सहजकर्तालाई देखाउनुहोस् :**

अविनाशले अनजानमै पनि कुनै अभद्र र अमर्यादित काम गरेका छैनन् । उनी अनपढ पनि छैनन् र उनीसँग अन्धविश्वासका साथ अनुचित व्यवहार गर्नुपर्ने आवश्यकता पनि छैन । उनले जीवनको बढी समय अनुशासित भई अध्ययन, अनुसन्धान, अनुवाद र अनुलेखनमा बिताएका छन् । उनी अभिभावकलाई सम्मान गर्छन् ।

**(घ) तलका अंश पढ्नुहोस्, शब्दको लेखाइ ख्याल गर्नुहोस् र जस्ताको तस्तै सारेर सहजकर्तालाई देखाउनुहोस् :**

"के गर्न लाग्नुभयो भाजुलाल दाजु ?"
"यसै बसिराख्या ।"
"आज कति दिन भयो ?"
"१९, हैन हैन, २० दिन भयो ।"
"कर्मको लेखा ।"
"के गर्नु ! देउतालाई उही चाहियो !"

**(ङ) तलका अंश पढ्नुहोस्, शब्दको लेखाइ ख्याल गर्नुहोस् र जस्ताको तस्तै सारेर सहजकर्तालाई देखाउनुहोस् :**

से गुम्बाको भन्ज्याङमा हामी धेरैबेर बस्न पाएनौँ । हावा पनि बेस्सरी चल्न थाल्यो हुहुरिँएर । फेरि धेरै समय अल्मलिँदा से गुम्बा पुग्न ढिलो हुने अर्को कारण त छँदै थियो । अझ अर्को मूल कारण थियो, लेक लाग्ने डर त्यसैले हामी फटाफट तल झर्‍यौँ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु पढी छलफल गरेर बुझ्नुहोस् । यसपछि शब्दको देखाइ ख्याल गर्दै कापीमा सार्नुहोस् र सहजकर्तालाई देखाई सुझाव लिनुहोस् । यसपछि कार्डबोर्ड पेपरमा लेखी प्रदर्शन पाटी वा भित्तामा टाँस्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

अनुच्छेदको अनुलेखन

## ४. सिकाइ उपलब्धि

निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलखेन र श्रुतिलेखन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) अनुलेखन भनेको के हो ?

(ख) अनुलेखन गर्दा कुन कुन कुरामा ख्याल गर्नुपर्ने रहेछ ?

(ग) तपाईँलाई कुन कुन शब्द लेख्न गारो लाग्यो ?

(घ) अनुलेखन गर्दा के फाइदा हुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठ पढी अनुलेखन गर्ने तरिका सिकाउन खोजिएको छ। पहिले कार्डमा दिइएका अंशको अनुलेखन गराउनुहोस् र जाँचिदिनुहोस् । अनुलेखन गर्दा दिइएको अंश ध्यानपूर्वक पढ्ने, वाक्य संरचना बुझ्ने, वर्णविन्यास ख्याल गर्ने, लेख्य चिह्न ख्याल गर्ने, स्पष्टसँग बुझ्ने गरी लेख्ने, छिटो भन्दा पनि राम्रो लेख्ने, पटकपटक लेख्ने, लेखेर जाँच्ने, शब्दको अर्थ ख्याल गर्ने र नबिगार्ने तथा सजिलोसँग बसेर कापी कलम समाउने कुरामा सचेत गराउनुहोस् । सिकारुले लेखेका कुरा जाँच गरी पृष्ठपोषण दिनुहोस् ।

| N | | सुन्दै लेख्न कति मजा है !<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४१<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तलका शब्द सुन्नुहोस्, बुझ्नुहोस् र सही र शुद्ध लेखी सहजकर्तालाई देखाउनुहोस् :

(क) कचौरा, कण्ठ, खुट्टो, पटुका, थैलो, ठेको, झोला, जिब्रो, चरो, गाग्रो, गेडो, काँक्रा

(ख) पृथ्वीनारायण, गुह्येश्वरी, सेक्रेटरी, कृतज्ञ, आक्रमण, गौराङ्ग, प्रतीक

(ग) कीर्तन, दर्शन, वंश, अध्यात्म, अनुशासन, आश्रम, इतिहास, वाङ्मय

(घ) क्षण, दायित्व, प्रणाम, वृद्धवृद्धा, अपाङ्गता, अन्तर्राष्ट्रिय, हस्तक्षेप, सञ्जाल

(ङ) आउँछ्यौ, बस्छिन्, हिँड्यौँ, खान्छौ, पढ्छे, लेख्यौँ, पढ्छिन्

### (आ) तलका वाक्य सुन्नुहोस्, अर्थ बुझ्नुहोस् र सही र शुद्ध लेखी सहजकर्तालाई देखाउनुहोस् :

(क) केरा विश्वभरि मन पराइने स्वादिलो, धेरै प्रकारका पौष्टिक तत्त्व भएको र शक्तिवर्धक फल हो ।

(ख) डेढ डेढ हात, दुई दुई हात अग्लो पशुपतिनाथ, मच्छिन्द्रनाथ, श्रीकृष्णका कति कति मूर्ति बनाइसके यिनै हातले ।

(ग) कम्मरभन्दा माथि माथिसम्म पानी आए पनि बलियो लट्ठीले उसलाई सहारा दियो ।

(घ) विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा भने गायन, नृत्य, वक्तृत्वकला, कविता वाचन सबै पक्षलाई समेट्ने अनि वार्षिक उत्सवमा चाहिँ खेललाई मात्र समेट्ने ?

(ङ) यस बखत नेपाल सम्पूर्ण रूपमा एकीकरणमा केन्द्रित भएका कारण खाद्यान्न, भाँडाकुँडा, हस्तकला, मूर्तिकला, कपडा जस्ता वस्तु उत्पादनमा ह्रास हुन थाल्यो ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका शब्द र वाक्य एकले अर्कालाई सुनाउनुहोस् । सुन्ने सिकारुले सुन्दै लेख्नुहोस् । फेरि सुन्दै लेख्ने सिकारुले पढेर सुनाउनुहोस् र अर्को सिकारुले सुन्दै लेख्नुहोस् । सुनाउँदा उच्चारणमा र लेख्दा वर्णविन्यासमा विशेष ख्याल गर्नुहोस् । साथीले पढेको ठिक लागेन भने सहजकर्ता समक्ष गई सहजकर्ताले पढेको सुनेर लेख्नुहोस् । लेखिसकेका कुरा सहजकर्तालाई देखाई सुझाव लिनुहोस् । यसपछि कार्डबोर्ड पेपरमा लेखी प्रदर्शन पाटी वा भित्तामा टाँस्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

श्रुतिलेखन (शब्द र वाक्य)

## ४. सिकाइ उपलब्धि

निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलखेन र श्रुतिलेखन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) श्रुतिलेखन भनेको के हो ?

(ख) श्रुतिलेखन गर्दा कुन कुन कुरामा ख्याल गर्नुपर्ने रहेछ ?

(ग) तपाईँलाई कुन कुन शब्द र वाक्य सुनेर लेख्न गारो लाग्यो ?

(घ) श्रुतिलेखन गर्दा के फाइदा हुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई शब्द र वाक्यको श्रुतिलेखन गर्ने तरिका सिकाउन खोजिएको छ। पहिले कार्डमा दिइएका शब्द र वाक्यको लेखन गराउनुहोस् र जाँचिदिनुहोस्। श्रुतिलेखन गराउँदा एक सिकारुले पढ्ने र अरूले लेख्ने वा सहजकर्ताले पढ्ने र सबैले लेख्ने अभ्यास गराउनुहोस्। अनुलेखन गर्दा दिइएको अंश ध्यानपूर्वक सुन्ने, स्पष्ट र छिटो लेख्ने, वर्णविन्यास ख्याल गर्ने, भाव बुझ्ने, समय व्यवस्थापन गर्ने, ध्यान केन्द्रित गर्ने, भाषा व्याकरणको ख्याल गर्ने तथा नियमित अभ्यास गर्ने कुरामा सचेत गराउनुहोस्। सिकारुले लेखेका कुरा जाँच गरी पृष्ठपोषण दिनुहोस् र सिकाइ केन्द्रमा प्रदर्शन गर्न पनि लगाउनुहोस्।

| N | | सुन्दै लेख्न कति मजा छ !<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४२<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) तलका अंश सुन्नुहोस्, बुझ्नुहोस् र सही र शुद्ध लेखी सहजकर्तालाई देखाउनुहोस् :

मिर्मिरेमा तारा नझरे बिहान हुँदैन । दुईचार सपुत नमरी देश बन्दैन र वीरले रगतको भेटी चढाएपछि र घाँटीमा फाँसीको माला भिरी हाँस्ता दासताको अन्त्य हुन्छ । बिउ नरोपी बोट उम्रँदैन । हाम्रा गाँस र साासमा सहिदको रगत छ । हाम्रो मुटुको चालमा सहिदको धड्कन छ । हाम्रा खुसीमा सहिदको जीवन छ । हामीले कर्तव्य बिर्से इतिहासले धिक्कार्छ । हामीले उन्नति नगरे सहिद रुन्छन् ।

### (ख) तलका अंश सुन्नुहोस्, बुझ्नुहोस् र सही र शुद्ध लेखी सहजकर्तालाई देखाउनुहोस् :

हिन्दुस्तानी सेना र अङ्ग्रेज अफिसर भागेको देखेर वंशु गुरुङले आफ्ना सहयोगीलाई भने, "अर्ना छाड, गोला फोर !" वंशु गुरुङले जङ्गलबाट दुईओटा अर्ना पक्रेका रहेछन् । तिनलाई जाँड खुवाई मताएर राखिएको रहेछ । गोरखाली सेनाले तिनका सिङमा पुल्ठो बालेर जङ्गलमा छाडिदिए ।

### (ग) तलका अंश सुन्नुहोस्, बुझ्नुहोस् र सही र शुद्ध लेखी सहजकर्तालाई देखाउनुहोस् :

मृत्युबाहेक हरेक रोगको ओखती हुन्छ । हामी वृद्ध हुन्छौँ । यो अनिवार्य तथ्य हो । प्रकृतिसँग जुध्न कहिल्यै सकिँदैन पनि । त्यसैले म गायनलाई जैविक प्रक्रिया ठान्छु । मेरा लागि सङ्गीत पूजा हो, साधना हो र यो एक खालको आशीर्वाद पनि हो ।

### (घ) तलका अंश सुन्नुहोस्, बुझ्नुहोस् र सही र शुद्ध लेखी सहजकर्तालाई देखाउनुहोस् :

हाम्रो कक्षामा योग प्रशिक्षक आउनुभयो । उहाँले स्वस्थ जीवनका लागि बिहान सबेरै उठ्नुपर्ने र राती समयमै सुत्नुपर्ने कुरामा जोड दिनुभयो । समय व्यवस्थापन गरेर काम गर्नुपर्ने सल्लाह दिनुभयो ।

### (ङ) तलका अंश सुन्नुहोस्, बुझ्नुहोस् र सही र शुद्ध लेखी सहजकर्तालाई देखाउनुहोस् :

यार्चा टिप्न जानेमध्ये धेरै जना अक्सिजन नपुगेर, भोकले, जाडो र हिउँका कारणले निकै जोखिममा पर्दा रहेछन् । रुकुम, जाजरकोट, हुम्लादेखिका मान्छेको ओइरो लाग्छ रे त्यतिखेर । यार्चा पनि कसैले छोटो समयमा धेरै भेट्टाउँदा रहेछन् । कतिले चाहिँ झार त हो नि भनेर चिन्न नसक्दा धेरै त रित्तो हात फर्किनुपर्दो रहेछ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अंश पालैपालो एकले अर्कालाई सुनाउनुहोस् । सुन्ने सिकारुले सुन्दै लेख्नुहोस् । फेरि सुन्दै लेख्ने सिकारुले पढेर सुनाउनुहोस् र अर्को सिकारुले सुन्दै लेख्नुहोस् । सुनाउँदा उच्चारणमा र लेख्दा वर्णविन्यास र लेख्य चिह्नमा विशेष ख्याल गर्नुहोस् । साथीले पढेको ठिक लागेन भने सहजकर्तासमक्ष गई सहजकर्ताले पढेको सुनेर लेख्नुहोस् । लेखिसकेका कुरा सहजकर्तालाई देखाई सुझाव लिनुहोस् । यसपछि कार्डबोर्ड पेपरमा लेखी प्रदर्शन पाटी वा भित्तामा टाँस्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

श्रुतिलेखन (अनुच्छेद)

## ४. सिकाइ उपलब्धि

निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलखेन र श्रुतिलेखन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) शब्द र अनुच्छेदको श्रुतिलेखन गर्दा के फरक पाउनुभयो ?

(ख) अनुच्छेदको श्रुतिलेखन गर्दा कुन कुन कुरामा ख्याल गर्नुपर्ने रहेछ ?

(ग) अनुच्छेदको श्रुतिलेखन गर्दा तपाईँलाई गारो लागेका पक्ष कुन कुन हुन् ?

(घ) अनुच्छेदको श्रुतिलेखनबाट तपाईँले के के सिक्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई अनुच्छेदको श्रुतिलेखन गर्ने तरिका सिकाउन खोजिएको छ । पहिले कार्डमा दिइएका अनुच्छेदको लेखन गराउनुहोस् र जाँचिदिनुहोस् । श्रुतिलेखन गराउँदा एक सिकारुले पढ्ने र अरूले लेख्ने वा सहजकर्ताले पढ्ने र सबैले लेख्ने अभ्यास गराउनुहोस् । अनुलेखन गर्दा दिइएको अंश ध्यानपूर्वक सुन्ने, स्पष्ट र छिटो लेख्ने, वर्णविन्यास र चिह्नको प्रयोगमा ख्याल गर्ने, भाव बुझ्ने, समय व्यवस्थापन गर्ने, ध्यान केन्द्रित गर्ने, भाषा व्याकरणको ख्याल गर्ने तथा नियमित अभ्यास गर्ने कुरामा सचेत गराउनुहोस् । सिकारुले लेखेका कुरा जाँच गरी पृष्ठपोषण दिनुहोस् र सिकाइ केन्द्रमा प्रदर्शन गर्न पनि लगाउनुहोस् । श्रुतिलेखन प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | **शब्दको अर्थ बुझ्दा त धेरै कुरा जानिँदो रहेछ ।** (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४३ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**समूहमा छलफल गरेर तलका कार्यकलाप गर्नुहोस् :**

**(अ) पढ्नुहोस्, बुझ्नुहोस् र लेख्नुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| स्वाभिमान | : आफ्नो प्रतिष्ठा र महत्त्वमाथिको गरिमा |
| अदम्य | : कुनै पनि किसिमले दबाउन नसकिने |
| अभियान | : निश्चित उद्देश्य प्राप्तिका लागि गरिने प्रयास |
| पासपोर्ट | : राहदानी |
| उर्वर | : धेरै उब्जनी हुने |
| ओसिलो | : अलि अलि चिसो, सेपिलो |
| निश्चल | : स्थिर, परिवर्तन नहुने |
| आरोही | : हिमाल, पहाड आदिमा चढ्ने वा उक्लने |
| ऊर्जाशील | : शक्ति वा उत्साहले भरिपूर्ण |
| युगान्तकारी | : एक युग समाप्त गरी अर्को युग ल्याउन |

**(आ) शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| आर्जन | किरात जातिको पुरोहित |
| जोसमनी | विरक्ति |
| मुन्धुम | कमाउनु, सिक्नु वा लिनु |
| वैराग्य | सन्त शशिधरको मान्यता |
| बिजुवा | लिम्बू जातिको धर्मशास्त्र |
| पूर्वमध्यमा | स्नातकोत्तर तहको उपाधि |
| आचार्य | एसइई वा सोसरहको शिक्षा |

**(इ) भीमनिधि तिवारीको अमर पुत्र कथा पढेर दिइएका अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) सानो खाट :

(ख) बोली, भनाइ :

(ग) बोल्ने शक्ति :

(घ) हेरेको हेर्‍यै गरेर :

(ङ) बिल्कुल नभएको, अभाव भएको :

(च) मनको हलचल, असन्तोष :

**(ई) सहजकर्तासँग छलफल गरेर वा शब्दकोश हेरेर तलका शब्दको अर्थ लेख्नुहोस् :**

ध्वनि, शिष्ट, कमेरो, सदरमुकाम, पुलकित, परिवर्तित, मुर्झाउनु, तीक्ष्ण

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका शब्द र तिनको अर्थ पहिचान गर्नुहोस् । पहिले शब्दको अर्थ पढेर बुझ्नुहोस् । त्यसपछि शब्द र अर्थको जोडा मिलाउनुहोस् । पाठ पढेर दिइएका अर्थसँग मिल्ने शब्द खोज्नुहोस् । शब्दकोश हेरेर पनि शब्दको अर्थ पहिचान गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दको अर्थ लेखन

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) शब्दको अर्थ कसरी लेख्न सकिने रहेछ ?

(ख) माथिका चार कार्यकलापमध्ये शब्दको अर्थ पहिचान गर्न कुन कार्यकलाप सजिलो र कुन गारो लाग्यो ?

(ग) शब्दका अर्थ एउटा मात्र कि एकभन्दा फरक हुने रहेछन् ?

(घ) के सन्दर्भ र परिवेशअनुसार शब्दको अर्थ फरक फरक हुने रहेछन् ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई शब्दको अर्थ लेख्ने तरिका सिकाउन खोजिएको छ। यहाँ शब्द र अर्थ पढेर बुझ्ने, शब्द र अर्थको जोडा मिलाएर बुझ्ने, अर्थका आधारमा पाठ पढेर शब्दको खोजी गर्ने र शब्दकोश हेरेर वा छलफल गरेर शब्दको अर्थ लेख्ने अभस गराइएको छ। यसबाहेक चित्रको प्रयोग गर्ने, सन्दर्भ दिने, उदाहरण दिने, प्रयोग सन्दर्भ देखाउने, बनोट देखाउने, पर्याय विपर्याय दिने आदि तरिकाको पनि आवश्यकतानुसार प्रयोग गर्नुहोस्। सिकारुले गरेका अभ्यास जाँच गरी पृष्ठपोषण दिनुहोस् र सिकाइ केन्द्रमा प्रदर्शन गर्न पनि लगाउनुहोस्। कहिलेकाहीँ शब्दार्थ लेखन प्रतियोगिता पनि गराउनुहोस्।

| N | | उपसर्ग प्रत्यय जोडिन्छन् : समास र द्वित्व भिन्न छन् । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४४ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

# १. सिक्नुपर्ने विषयवस्तु

## समूहमा छलफल गरेर तलका कार्यकलाप गर्नुहोस् :

(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका शब्द पहिचान गरी तिनको बनोट वा निर्माण प्रक्रिया देखाउनुहोस् :

अविनाशले **अनजान** (अन+जान) मै पनि **अभद्र** (अ+भद्र) र अमर्यादित काम गरेका छैनन् । उनले **अनुशासित** (अनु+शासित) भई **अध्ययन** (अधि+अयन), **अनुसन्धान**, **अनुवाद** र **अनुलेखन**मा समय बिताएका छन् । उनी **अभिभावक** (अभि+भावक) लाई **सम्मान** गर्छन् । नाटकमा **अभिनय** गर्नाले उनलाई **अभिनेता** बनाएको पाइन्छ । अरूको **उपकार** (उप+कार) गर्नु र **उपदेश** दिनु, समयको **उपयोग** गर्नु र अप्ठ्यारो **परिस्थिति**मा अरूलाई उपाय देखाउनु उनका विशेषता हुन् । **प्रगति** (प्र+गति) को मार्गमा लागेकाले उनका प्रयास सफल भएका छन् । उनका कुरा अनुसरण गरेमा हामी सबैको भविष्य **उज्ज्वल** (उत्+ज्वल) र **उन्नति** (उत्+नति) तर्फ लाग्ने छ ।

(ख) प्र, अप, अनु, नि, वि, आ, प्रति, सु, बे, बद, अ उपसर्ग लगाई दुई दुईओटा शब्द बनाउनुहोस् ।

(ग) दिइएका अनुच्छेदबाट प्रत्यय लागेका शब्द पहिचान गर्नुहोस् र तिनको निर्माण प्रक्रिया लेख्नुहोस् :

जहाँ **आवत** (आउ+वत) र **जावत** गरिन्छ, **बचत** (बच्+अत) र **खपत** त्यहीँ गरिन्छ । आफूलाई **लेखक**, **पाठक**, **दर्शक** (दृश्+अक) बन्ने रहर छ । **घुमक्कड** (घुम्+अक्कड) ले घुमेर दिन बिताउँछन्, **भुलक्कड**ले भुलेर धोखा खान्छन् । मलाई **दयालु**, **श्रद्धालु र कृपालु** (कृपा+आलु) बन्ने रहर छ । **बिखालु र इखालु** बन्नु नपरोस् । आफूलाई **रसिलो** (रस+इलो), **स्वादिलो र पोसिलो** खानेकुरा खाएर **शैक्षिक**, (शिक्षा+इक) **बौद्धिक**, **सामाजिक**, **सांस्कृतिक** तथा **प्राकृतिक** वस्तुको संरक्षण गर्ने रहर छ ।

(घ) आवट, एली, ता, आहा, अक्कड, अत, अक, आलु, ईय, इलो, इक, औना, एर, ओट, पन, ली, आडी, ईय, इक प्रत्यय लगाई दुई दुईओटा शब्द निर्माण गर्नुहोस् ।

(ङ) पाल्पा, दुध, गफ, समाज, आत्मा, बन्, ठग्, पिर्, गाँस्, जुम्सो, गोर्खा, खर्च, अर्थ, केन्द्र, खेल्, भद्दा, मिच्, सुत् मा प्रत्यय थपी शब्द बनाउनुहोस् ।

(च) दिइएको अनुच्छेद पढ्नुहोस् र समस्त शब्द र तिनका विग्रहबारे छलफल गर्नुहोस् :

**ठूल्दाइ** (**ठूलो दाइ**) **हिजोआज** (**हिजो आज**) व्यस्त हुनुहुन्छ । **साँझबिहान** (**साँझ बिहान**) पसलमा निकै भिड हुन्छ । उहाँ **नुनतेल**, तरकारी र खाद्यान्न बेच्नुहुन्छ । व्यापारमा **नाफानोक्सान** (**नाफा वा नोक्सान**) हुन सक्छ तर इमानदारी गुमाउनु हुँदैन । 'वास्तवमा **दशनङ्ग्रा** (**दश नङ्ग्राको समूह**) खियाएर काम गर्ने **श्रमजीवी** (**श्रमले जिउने**) समाजका गहना हुन् ।' मैले **गुरुआमा** (**गुरु आमा**) को यो सन्देशलाई झलक्क सम्झिएँ ।

(छ) दिइएका शब्द समास भए विग्रह र विग्रह भए समास गर्नुहोस् :

बाटालाई खर्च, त्रिभुज, गहुँ झैँ गोरो, भान्दाइ, सयपत्री, दशगजा, डाँडादेखि पारि, चराका झैँ नङ्ग्रा छन् जसका, पेटपूजा, वारि पारि, भान्दाइ, अन्न र पानी, पञ्चामृत, लामो छ पुच्छर जसको, दोबाटो, अघि वा पछि, पछिल्तिर, पानबुट्टे

(ज) दिइएको अनुच्छेद पढी रातो रङ लागेका शब्दको बनोट प्रक्रिया देखाउनुहोस् :

वैशाखमा हाम्रो गाउँमा बिजुली बत्ती र टेलिफोन पुगिसकेको छ । बाटोघाटा (**बाटोबाटो**) को पनि राम्रो सुविधा छ । बिरामी पर्दा उपचारका लागि खर्चबर्च (**खर्चखर्च**) बोकेर टाढा जानुपर्दैन । सबैले आआफ्ना (**आफ्नोंआफ्नो**) काम गरेर जीविका चलाएका छन् । सरसापट (**सापटसापट**) ऐंचोपैंचो (**पैंचोपैंचो**) चल्छ । छरछिमेक (**छिमेकछिमेक**) मा भारोपर्म चल्छ । तरकारीसरकारी, पानीसानी (**पानीपानी**) मा त एक पैसा पनि खर्च हुँदैन । चामलसामल चाहिँ किन्नुपर्छ ।

# २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अंश पढेर शब्दको बनोट प्रक्रिया पहिचान गर्नुहोस् । उपसर्ग लागेका शब्दमा उपसर्ग र प्रत्यय लागेका शब्दमा प्रत्यय पहिचान गरी ती मूल शब्दमा कसरी जोडिन्छन् भन्ने थाहा पाउनुहोस् । समस्त शब्दमा सहजकर्तासँग सल्लाह गरी समास र विग्रहका बारेमा जानकारी दिनुहोस् र समासलाई विग्रह र विग्रहलाई समास गर्न सिक्नुहोस् । द्वित्व प्रक्रियामा शब्द दोहोरिएर नयाँ शब्द बन्ने तथा दोहोरिएको अंश चिन्ने अभ्यास गर्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दको बनोट पहिचान

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) उपसर्ग जोडेर शब्द कसरी बनाइन्छ ? उपसर्ग भनेको के हो ?

(ख) प्रत्यय जोडेर शब्द कसरी बनाइन्छ ? प्रत्यय भनेको के हो ?

(ग) समासबाट शब्द कसरी बनाइन्छ ? समास र विग्रह भनेको के हो ?

(घ) द्वित्वबाट शब्द कसरी बनाइन्छ ? दोरोरिएको अंश कसरी चिन्न सकिन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई शब्दको बनोट सिकाउन खोजिएको छ । यसमा उपसर्ग, प्रत्यय, समास र द्वित्वको जानकारी दिनुपर्छ । यसका लागि मूल शब्दको अगाडि जोडिने फुर्कोलाई उपसर्ग (**उत्** : (**उपसर्ग**)+**नतिः** (**मूल शब्द**) = **उन्नति**) र पछाडि जोडिनेलाई प्रत्यय (**घुमक्कड** = (**घुम्** (**मूल शब्द**) + **अक्कड** (**प्रत्यय**)) भनी उदाहरण दिएर चिनाउनुहोस् । दुई वा सोभन्दा बढी शब्दको मेल समास हो । समास र गिग्रह सिकाउँदा समास र विग्का उदाहरण देखाउनुहोस् । जस्तै : **ठुल्दाइः समास** (**ठुलो दाइः विग्रह**) । एउटा शब्दलाई पूरै, आंशिक वा परिवर्तन गरेर दोहोऱ्याई शब्द बनाउने प्रक्रिया द्वित्व हो । द्वित्व सिकाउँदा **पूरै दोहोरिने** (**घर + घर = घरघर**), **आंशिक** (**आफ्नो + आफ्नो = आआफ्नो**) **र आपरिवर्तित** (**सल्लाहं + सल्लाह = सरसल्लाह**), द्वित्वका उदाहरण दिई अभ्यास गराउनुहोस् । सिकारुलाई पाठबाट उपसर्ग लागेका, प्रत्यय लागेका, समास भएका र द्वित्व प्रक्रियाबाट बनेको शब्द टिपेर देखाउन लगाई सिकारुले गरेका अभ्यास जाँच गरी पृष्ठपोषण दिनुहोस् र सिकाइ केन्द्रमा प्रदर्शन गर्न पनि लगाउनुहोस् । कहिलेकाहीँ शब्द निर्माण प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | उही अर्थ जानौँला : उल्टो अर्थ सिकौँला (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४५ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### समूहमा छलफल गरेर तलका कार्यकलाप गर्नुहोस् :

**(क) तलका पर्यायवाची शब्दको अर्थ बुझेर पढ्नुहोस् :**

अमृत : पीयूष, सुधा
अल्छी : निष्क्रिय, निकम्मा, अकर्मण्य
आँखा : चक्षु, नेत्र, नयन, लोचन, अक्ष
ईश्वर : ईश, देव, देवता, भगवान्, सुर, परमेश्वर
उपहार : कोसेली, सौगात, भेटी, इनाम
कक्षा : तह, श्रेणी, स्तर, दर्जा

उही अर्थ दिने शब्दलाई पर्यायवाची शब्द भनिन्छ ।

**(ख) तलका शब्दको उही अर्थ दिने शब्द लेख्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

सेना, पथ, जिउ, सैनिक, हस्त, तारिफ, स्वप्न, जित, अतिथि,उज्ज्वल, कल्पना, पर्खाल, आमा,घृणा, दानव, मृत्यु, आँखा

जस्तै : सेना = पल्टन, फौज : सेनाले गाउँमा पुल बनायो ।

**(ग) तलका विपरीतार्थी शब्दको अर्थ बुझेर पढ्नुहोस् :**

| | | | |
|---|---|---|---|
| अहिले | उहिले | आकाश | धर्ती |
| उत्तीर्ण | अनुत्तीर्ण | उपकार | अपकार |
| इज्जत | बेइज्जत | पारदर्शी | गोप्य |
| ज्ञानी | मूर्ख | दण्ड | पुरस्कार |
| प्रश्न | उत्तर | प्राकृतिक | कृत्रिम |
| रक्षक | भक्षक | विनाश | सिर्जना |
| ढिलो | छिटो | बिहानी | सन्ध्या |

एउटा शब्दको उल्टो (विपरीत) अर्थ बुझाउने अर्को शब्दलाई विपरीतार्थक भनिन्छ ।

**(घ) तलका शब्दको उल्टो अर्थ दिने शब्द लेख्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

आकर्षण, चोखो, दुःख, धर्म, धारिलो, निर्माण, प्रशंसा, यहाँ, विरोध, शत्रु, शुद्ध, हार, सरल, सुगम, हाजिर, प्रशस्त, भित्र

जस्तै : आकर्षण = विकर्षण : अहिले वैदेहिक रोजगारीमा **आकर्षण** बढेको छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अंश पढेर पर्यायवाची र विपरीतार्थी शब्दको पहिचान गर्नुहोस् । यसपछि कुनै शब्दको उही अर्थ जनाउने सकेसम्म धेरै शब्द खोज्ने अभ्यास गर्नुहोस् । विपरीतार्थी शब्दका सन्दर्भमा सबै शब्दका उल्टो अर्थ हुँदैनन् । तपाईँले पढेका शब्दको उल्टो अर्थ खोज्ने अभ्यास गर्नुहोस् । पर्यायवाची र विपरीतार्थी शब्दलाई वाक्यमा प्रयोग गर्दा शब्दको अर्थ पनि बुझ्नुहोस् । पर्यायवाची र विपरीतार्थी शब्दको प्रयोगबाट अनुच्छेद तयार गर्नुहोस् । कार्डका अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् र सहजकर्ताले दिएका थप अभ्यास पनि गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दार्थ र वाक्यमा प्रयोग (पर्यायवाची र विपरीतार्थी)

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) पर्यायवाची शब्द कसरी खोज्नुभयो ? पर्यायवाची शब्द भनेको के हो ?

(ख) विपरीतार्थी शब्द कसरी खोज्नुभयो ? विपरीतार्थी शब्द भनेको के हो ?

(ग) के सबै पर्यायवाची शब्द एउटै अर्थमा प्रयोग हुन्छन् होला ?

(घ) के सबै शब्दका उल्टो अर्थ दिने शब्द हुन्छन् ? किन ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पर्यायवाची र विपरीतार्थी शब्द र तिनको प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । सिकारुलाई पाठबाट पर्यायवाची र विपरीतार्थी शब्द खोजेर सिकाइ कक्षामा प्रदर्शन गर्न पनि लगाउनुहोस् । सिकारुले गरेका अभ्यास जाँच गरी पृष्ठपोषण दिनुहोस् र सिकाइ केन्द्रमा प्रदर्शन गर्न पनि लगाउनुहोस् । कहिलेकाहीँ पर्यायवाची र विपरीथार्थी शब्द प्रतियोगिता पनि गराउनुहोस् । पर्यायवाची र विपरीतार्थी शब्दको प्रयोग भएका अनुच्छेद, छोटा कथा, निबन्ध आदि लेख्न लगाई प्रदर्शन पाटीमा राखिदिनुहोस् ।

| N | | उही अर्थ जानौँला : उल्टो अर्थ सिकौँला (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४६ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) दिइएको अनुच्छेदबाट अनेकार्थी शब्द टिपोट गरी तिनको अर्थ लेख्नुहोस् र भिन्न भिन्न अर्थ बुझ्नुहोस्:

पोहोर साल दाइ विदेश जानुभयो । हामीले सालको दुनामा मुछेर टीका लगाइदियौँ । दिदीको बिहेको लठाराले गर्दा यसपालि हामी व्यस्त हुने भयौँ । हामी घामका तापमा रमाउँछौँ । आमाबुबालाई अर्कै ताप छ । सानामा दाइ पिङको लठारामा झुन्डिरहन्थ्यो । दिदी पुतली बोकेर नाच्नुहुन्थ्यो । उहाँ आफ्नै तालमा बगैँचाको पुतली समाउन खोज्नुहुन्थ्यो । कुखुराको दाना किन्न हिँड्नुभएका दाइ केराउका दाना बोकेर तालमा माछा मार्न जानुहुन्थ्यो ।

एकभन्दा बढी अर्थ भएका शब्दलाई अनेकार्थी शब्द भनिन्छ ।

### (आ) दिइएका अनेकार्थी शब्दलाई फरक फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

दर, उत्तर, फल, गोल, तर, तार, हार, वर, प्रधान, पदार्थ, भुजा, आँटी, धम्की, मङ्गल, हल, अरब

जस्तै : दर = तिजमा खाइने भोजन : दर खान माइत गएकी बुहारी एक महिनामा घर फर्किन् ।
दर = भाउ, मूल्य : यो महिना तरकारीको दर बढेर किन्नै नसकिने भयो ।

### (इ) तलका वाक्यमा भएका उस्तै सुनिने तर फरक अर्थ दिने शब्द टिपोट गर्नुहोस् :

(क) दर खान हिँडेकी रमालाई बाटामा स्याल देखेर डर लाग्यो ।

(ख) हाम्रो गाउँमा विभिन्न जातिका मानिस बस्छन् तर सबै जना जाती छन् ।

(ग) सीताले नानीलाई केही सिता खुवाइन् ।

(घ) दिनभरि काम गरेर पनि ऊ दीनदुःखीको सेवा गर्छ ।

(ङ) सयपत्री फूल र कुखुराका फुल बेचेरै उसले लाखौँ कमाइसक्यो ।

(ङ) खालि अरूका कुरा गरेर र खाली गाग्री ठटाएर मात्र जिन्दगी बन्छ ?

उच्चारण सुन्दा उस्तै उस्तैजस्तो सुनिने तर अर्थ फरक फरक हुने शब्दजोडीलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ ।

### (ई) तलका श्रुतिसमभिन्नार्थक शब्दहरूको अर्थ लेख्नुहोस् :

दाइ-दाइँ, बाँस-बास, शाली-साली, जाति- जाती, तिर -तीर, देखि -देखी, दिन -दीन, पट्टि -पट्टी, तिन -तीन
जस्तै : तिन (तिनी) - तिनलाई त्यहाँ बस्न नदेऊ ।
तीन (सङ्ख्या) - दुई र एक जोड्दा तीन हुन्छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अंश पढेर अनेकार्थी र श्रुतिसमभिन्नार्थी शब्दको पहिचान गर्नुहोस् । यसपछि कुनै शब्दको एकभन्दा बढी अर्थ खोज्ने र सुन्दा उस्तै लाग्ने तर अर्थ भिन्न हुने शब्द खोज्ने अभ्यास गर्नुहोस् । अनेकार्थी र श्रुतिसमभिन्नार्थी शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् शब्दको प्रयोगबाट अनुच्छेद तयार गर्नुहोस् । कार्डका अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् र सहजकर्ताले दिएका थप अभ्यास पनि गर्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दार्थ र वाक्यमा प्रयोग (अनेकार्थी र श्रुतिसमभिन्नार्थी)

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) अनेकार्थी शब्द कसरी खोज्नुभयो ? अनेकार्थी शब्द भनेको के हो ?

(ख) श्रुतिसमभिन्नार्थी शब्द कसरी खोज्नुभयो ? श्रुतिसमभिन्नार्थी शब्द भनेको के हो ?

(ग) के सबै शब्दका एकभन्दा बढी अर्थ हुन्छन् ?

(घ) उस्तै सुनिने शब्दको वर्णविन्यास उस्तै हुन्छ कि फरक ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई अनेकार्थी र श्रुतिसमभिन्नार्थी शब्द र तिनको प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । सिकारुलाई पाठबाट अनेकार्थी र श्रुतिसमभिन्नार्थी शब्द शब्द खोजेर सिकाइ कक्षामा प्रदर्शन गर्न पनि लगाउनुहोस् । सिकारुले गरेका अभ्यास जाँच गरी पृष्ठपोषण दिनुहोस् र कहिलेकाहीँ अनेकार्थी र श्रुतिसमभिन्नार्थी शब्द प्रतियोगिता पनि गराउनुहोस् । अनेकार्थी र श्रुतिसमभिन्नाथी शब्दको प्रयोग भएका अनुच्छेद, छोटा कथा, निबन्ध आदि लेख्न लगाई प्रदर्शन पाटीमा राखिदिनुहोस् ।

| N | | मैले अनुकरणात्मक र समूहवाची शब्द सिकें । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४७ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) दिइएका अनुकरणात्मक शब्दलाई मिल्दो शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कपाकप | बल्नु |
| गजधुम्म | गनाउनु |
| दन्दन्ती | भिज्नु |
| निथ्रुक्क | थुक्नु |
| डुङडुङ्ती | खानु |
| ट्वाल्ल | बस्नु |
| पिच्च | डुब्नु |
| चुर्लुम्म | पर्नु |
| हेर्नु | गल्नु |

### (ख) शब्द, अर्थ र वाक्य पढेर बुझ्नुहोस् :

| | | |
|---|---|---|
| कुरुमकुरुम | (चपाउनु) | - भटमास कुरूमकुरूम चपाएर मात्र खानुपर्छ । |
| खचाखच | (भरिनु) | - सिनेमा हलमा मानिस खचाखच थिए । |
| गदगद | (खुसी हुनु) | - बुबा विदेशबाट फर्कंदा हामी खुसीले गदगद भयौँ । |
| घुँक्कघुँक्क | (रुनु) | - रमा घुँक्कघुँक्क रोइरहेकी थिई । |

ध्वनि, आवाज, दृश्य र क्रिया आदिको नक्कल गरेको बुझाउने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ ।

### (ग) दिइएका अनुकरणात्मक शब्द प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :

ऱ्वाम्म, अकमक्क, हवाँहवाँ, जऱ्याकजुरुक, हवालहवाली, थचक्क, लुसुक्क, सरासर, टुप्लुक्क, चिटचिट

### (घ) पढेर बुझ्नुहोस् :

| | | |
|---|---|---|
| अङ्गुर : झुप्पो | आगो : लप्को | कमिला : गोलो |
| किताब : चाङ | गाई : हुल | दाउरा : खात |
| धुवाँ : मुस्लो | मान्छे : भिड | फोहोर : डङ्गुर |
| पराल : कुन्यु | फूल : गुच्छा | बिहे : जन्ती |

एकभन्दा बढीको जमात जनाउने शब्दलाई समूहवाची शब्द भनिन्छ ।

### (ङ) दिइएको अनुच्छेदमा प्रयोग भएका समूहवाची शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् :

आज म बजार घुम्न निस्कें । बाटामा पाल्ला गाउँका रमेश दाइको बिहेको जन्ती आउँदै थियो । उनीहरू सैनिकको फौजसँग भेट भए । कमिलाका ताँती झैँ जन्तीको लस्कर अनि रमिता हेर्ने मानिसको भिड देखेर फौजले बाटो छाडिदियो । । जन्तीले बाजा बजाएको सुनेर बाटामा चरिरहेका बिदेमा बाजा बजेको सुनेर गाईवस्तुका बथान दौडन थाले । विद्यालय जाँदै गरेका केटाकेटीले चाहिँ बेहुलालाई फूलका गुच्छा दिएर स्वागत गरे । म पनि बजार पुगेर केराको एक काँगियो, केही झुप्पा अङ्गुर र दुई मुठा साग किनेर फर्कें ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अंश पढेर अनुकरणत्मक र समूहवाची शब्दको पहिचान गर्नुहोस् । यसपछि कुनै अन्य पाठबाट अनुकरणात्मक र समूहवाची शब्द खोज्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् । अनुकरणात्मक र समूहवाची शब्दलाई वाक्यामा प्रयोग गर्नुहोस् । शब्दको प्रयोगबाट अनुच्छेद तयार गर्नुहोस् । कार्डका अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् र सहजकर्ताले दिएका थप अभ्यास पनि गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दार्थ र वाक्यमा प्रयोग (अनुकरणात्मक र समूहवाची)

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) अनुकरणात्मक शब्द कसरी खोज्नुभयो ? अनुकरणात्मक शब्द भनेको के हो ?

(ख) समूहवाची शब्द कसरी खोज्नुभयो ? समूहवाची शब्द भनेको के हो ?

(ग) अनुकरणात्मक शब्दको प्रयोग गर्दा भाषामा के फरक पर्छ ?

(घ) सबै शब्दका समूहवाची शब्द हुन्छन् ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई अनुकरणात्मक र समूहवाची शब्द र तिनको प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । सिकारुलाई पाठबाट अनुकरणात्मक र समूहवाची शब्द खोजेर सिकाइ कक्षामा प्रदर्शन गर्न पनि लगाउनुहोस् । सिकारुले गरेका अभ्यास जाँच गरी पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ अनुकरणात्मक र समूहवाची शब्द प्रतियोगिता पनि गराउनुहोस् । अनुकरणात्मक र समूहवाची शब्दको प्रयोग भएका अनुच्छेद, छोटा कथा, निबन्ध आदि लेख्न लगाई प्रदर्शन पाटीमा राखिदिनुहोस् ।

| N | | मैले अनुकरणात्मक र समूहवाची शब्द सिकेँ । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४८ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) दिइएका शब्द पढ्नुहोस् र समावेशक र समावेश्य शब्दबारे छलफल गर्नुहोस् :

(क) तरकारी : काउली, बन्दा, भन्टा, परबर, इस्कुस, घिरौँला
(ख) देश : नेपाल, भारत, जापान, क्यानडा, यमन
(ग) महादेश : एसिया, युरोप, अफ्रिका, उत्तर अमेरिका, अन्टार्टिका
(घ) भाषा : नेपाली, तामाङ, गुरुङ, लिम्बु, अवधी
(ङ) अन्न : जौ, धान, जुनेलो, मकै, कोदो,
(च) किताब : झल्को, लेखन शिल्प, रामायण, शाकुन्तल, हजुरआमाको लौरो
(छ) भाँडा : कसौँडी, डाडु, पुन्यु, कराई, थाल
(ज) फूल : जाई, केवरा, सयपत्री, मखमली, बाबरी, गुलाफ
(झ) पोसाक : दौरा, साडी, चोलो, सुरुवाल, धोती
(ञ) पुरुष : रामहरि, श्यामानन्द, विनोद, सुजित, शैशव
(ट) महिला : लाक्पा, सरला, अङ्किता, सुहाजा, श्रुति

माथिको तालिकामा दिइएका तरकारी, देश, महादेश, भाषा, अन्न, किताब, भाँडा, फूल, पोसाक, पुरुष, महिला समावेशक शब्द हुन् । यिनले वस्तु, प्राणी आदिका प्रकार वा अवस्थालाई बुझाएका छन् । यी शब्दसँगै लेखिएका अन्य शब्द चाहिँ समावेश्य शब्द हुन् ।

### (आ) उपयुक्त समावेशक र समावेश्य शब्दका बिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| विषय | भात |
| चरो | फुटबल |
| धातु | सुन |
| देश | नेपाली |
| खेल | वसन्त |
| ऋतु | चिबे |
| खानेकुरा | नेपाल |

### (इ) पढ्नुहोस् र तलका शब्दको लघुतावाची शब्द लेख्नुहोस् :

पुस्तक=पुस्तिका　पत्र=पत्रिका　नाटक=नाटिका　माच=मचिया
हाट=हटिया　खाट=खटिया　पानी=थोपो　आगो=झिल्को　भात=सितो

कचौरा, कण्ठ, खुट्टो, खोपो, लौरो, पटुका, थैलो, ठेको, झोला, चिम्टा, चुलो, जिब्रो, चरो, गाग्रो, गेडो, टीको, अचार, केरा, आँप, काँक्रा, सुपारी, पान

वस्तुको सानो रूपलाई सङ्केत गर्ने शब्दलाई लघुतावाची शब्द भनिन्छ । यस्ता शब्दले कतै वस्तुको सानो रूपलाई सङ्केत गर्छन् भने कतै अभिव्यक्तिमा मिठास भर्दै बालभावलाई समेत व्यक्त गर्छन् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अंश पढेर समावेशक समावेश्य र लघुतावाची शब्दको पहिचान गर्नुहोस् । यसपछि समावेशक समावेश्य र लघुतावाची शब्दको थप सूची तयार पार्नुहोस् । समावेशक समावेश्य र लघुतावाची शब्दका शब्दको प्रयोगबाट अनुच्छेद तयार गर्नुहोस् । कार्डका अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् र सहजकर्ताले दिएका थप अभ्यास पनि गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दार्थ र वाक्यमा प्रयोग (समावेशक समावेश्य र लघुतावाची)

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) समावेशक समावेश्य शब्द कसरी खोज्नुभयो ? समावेशक समावेश्य शब्द भनेको के हो ?

(ख) लघुतावाची शब्द कसरी खोज्नुभयो ? लघुतावाची शब्द भनेको के हो ?

(ग) समावेशक समावेश्य जानकारीबाट तपाईँले के सिक्नुभयो ?

(घ) के सबै शब्दका लघुतावाची शब्द हुन्छन् ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई समावेशक समावेश्य र लघुतावाची शब्द र तिनको प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । सिकारुलाई पाठबाट समावेशक समावेश्य र लघुतावाची शब्द खोजेर सिकाइ कक्षामा प्रदर्शन गर्न पनि लगाउनुहोस् र सिकारुले गरेका अभ्यास जाँच गरी पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ समावेशक समावेश्य र लघुतावाची शब्द प्रतियोगिता पनि गराउनुहोस् । समावेशक समावेश्य र लघुतावाची शब्दको प्रयोग भएका अनुच्छेद, छोटा कथा, निबन्ध आदि लेख्न लगाई प्रदर्शन पाटीमा राखिदिनुहोस् ।

| N | | छोट्याएर लेख्ने दुई तरिका (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ४९ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) दिइएका सङ्क्षिप्त शब्द र तिनका पूर्ण रूपबिच जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| कोलेनिका | गाउँपालिका |
| नेप्रप्र | राष्ट्रिय समाचार समिति |
| गोप | प्रधानमन्त्री |
| रासस | नेपाल विद्युत् प्राधिकरण |
| गापा | प्रधानाध्यापक |
| प्रअ | गोरखापत्र |
| प्रम | कोष तथा लेखा नियन्त्रण कार्यालय |
| | नेपाल प्रज्ञा प्रतिष्ठान |

### (ख) दिइएका सङ्क्षिप्त शब्दको पूरा रूप लेखी तिनको वाक्यमा प्रयोग गर्नुहोस् :

पाविके, अदुअआ, जबरा, लोसेआ, त्रिवि, नेसंवि, पाविके, नपा

### (ग) दिइएका रेखाङ्कित सिङ्गो शब्दका अर्थबारे सहजकर्तासँग छलफल गर्नुहोस् :

नेपालको प्राकृतिक सुन्दरता अनुपम छ। मलाई सुन्दरता लिपिबद्ध गर्ने रहर छ। कविताका रूपमा सौन्दर्य प्रकट भएको हेर्ने रहर छ। त्यसका लागि म जनचेतना बढाउँछु। नेपालको अनुपम प्राकृतिक सम्पदा, अलौकिक सुन्दरता र असामान्य विशेषतालाई विश्वसामु पुऱ्याउँछु। म तटस्थ विचार सहस्राब्दीसम्म रहन्छ भन्ने मानिस हुँ।

### (घ) दिइएका शब्दको अर्थ शब्दकोश हेरेर लेख्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :

अजर, गृहस्थ, मृदुभाषी, उपकारी, अमर, नास्तिक, नासो, कालजयी, दानशील, परिदृश्य, उद्यमशीलता, धारण, सदावहार, आत्मीयता, ऊर्जायुक्त, अस्तित्व, चराचर

> धेरै शब्दले बुझाउने अर्थ
>
> एउटै शब्दले बुझाएमा
>
> त्यसलाई सिङ्गो शब्द भनिन्छ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अंश पढेर (सङ्क्षिप्त र सिङ्गो शब्दको पहिचान गर्नुहोस् । यसपछि (सङ्क्षिप्त र सिङ्गो शब्दको थप सूची तयार पार्नुहोस् । सङ्क्षिप्त र सिङ्गो शब्दको प्रयोगबाट अनुच्छेद तयार गर्नुहोस् । कार्डका अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् र सहजकर्ताले दिएका थप अभ्यास पनि गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दार्थ र वाक्यमा प्रयोग (सङ्क्षिप्त र सिङ्गो शब्द)

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) सङ्क्षिप्त कसरी खोज्नुभयो ? सङ्क्षिप्त शब्द भनेको के हो ?

(ख) सिङ्गो शब्द कसरी पहिचान गर्नुभयो ? सिङ्गो शब्द भनेको के हो ?

(ग) सङ्क्षिप्त र सिङ्गो शब्दको जानकारीबाट तपाईँले के सिक्नुभयो ?

(घ) तपाईँ किन सङ्क्षिप्त र सिङ्गो शब्द प्रयोग गर्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई सङ्क्षिप्त र सिङ्गो शब्द र तिनको प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । सिकारुलाई पाठबाट सङ्क्षिप्त र सिङ्गो शब्द खोजेर सिकाइ कक्षामा प्रदर्शन गर्न पनि लगाउनुहोस् र सिकारुले गरेका अभ्यास जाँच गरी पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ सङ्क्षिप्त र सिङ्गो शब्द प्रतियोगिता पनि गराउनुहोस् । सङ्क्षिप्त र सिङ्गो शब्द प्रयोग भएका अनुच्छेद, छोटा कथा, निबन्ध आदि लेख्न लगाई प्रदर्शन पाटीमा राखिदिनुहोस् ।

| N | | बुझ्न गारो, बुझेपछि आनन्द (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ५० तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) दिइएका पारिभाषिक शब्द एवम् तिनका अर्थ पढ्नुहोस् र बुझ्नुहोस् :

| | | |
|---|---|---|
| कुषोषण | : | स्वास्थ्यलाई हित नगर्ने किसिमका खानेकुरा (स्वास्थ्य) |
| क्षेप्यास्त्र | : | हुत्याएर प्रहार गरिने हतियार (प्रविधि) |
| आशुकवि | : | तुरुन्तै कविता रचना गर्न सक्ने कवि (साहित्य) |
| शिलालेख | : | ढुङ्गामा लेखिएको लेख (पुरातत्त्व) |
| जीवकोश | : | आफैँमा परिपूर्ण भएका सूक्ष्म जीवाणु (जीवविज्ञान) |
| प्रश्नावली | : | कुनै कुराको अध्ययन तथा अनुसन्धानका लागि निर्मित प्रश्नको सूची (शिक्षा) |
| सम्पादक | : | समाचार सम्पादन गर्ने व्यक्ति (सञ्चार) |
| ऐलानी | : | सरकारी जग्गा, कसैको नाममा दर्ता नभएको जग्गा (भूमि व्यवस्था) |
| निक्षेप | : | निश्चित ब्याज पाइने गरी बैङ्कमा जम्मा गरेको धन (अर्थशास्त्र) |
| जमानत | : | धरौटी (कानुन) |

### (ख) तलका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| अक्षांश | जीवन र जगत्लाई हेर्ने दृष्टिकोण |
| उपसंहार | कुनै रचनाका विभिन्न पक्ष केलाएर हेर्ने काम |
| दर्शन | लेखकको निष्कर्ष |
| प्रत्यारोपण | रुपियाँको मूल्य घट्ने अवस्था |
| समालोचना | भूमध्य रेखासँग समानान्तर भएका रेखा |
| भाषिका | अङ्ग सार्ने काम |
| आपूर्ति | सिक्ने काम |
| अवमूल्यन | ठाउँअनुसार हुने भाषाको फरक रूप |
| अन्तबाट | सामान ल्याएर अभाव पूरा गर्ने काम |

### (ग) दिइएको अनुच्छेदबाट कुनै १० ओटा पारिभाषिक/प्राविधिक शब्द टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सुकुम्बासी टोलमा अस्पतालको शिलान्यास भएको छ। त्यहाँ नजिकै प्रशस्त मात्रामा पर्ती जग्गा रहेको छ। उच्च रक्तचाप भएका बिरामीदेखि अर्बुद रोग लागेसम्मका बिरामीले सेवा पाउने भएका छन्। प्रसूतिका लागि छुट्टै व्यवस्था हुने छ। स्त्री रोगसम्बन्धी समस्या हुनेहरूका लागि पनि व्यवस्था गरिने छ। प्रतिवेदन आएपछि अस्पतालमा थप के के गर्ने भन्ने कुरा सार्वजनिक हुने छ। अस्पताल बर्दिया राष्ट्रिय निकुञ्जबाट थोरै टाढा मात्र बनाउन लागिएको हो। यसभित्र एक्सरे मिसिनदेखि ल्याब र कम्प्युटर आदिको विशेष सुविधा हुने छ। औषधी र उपकरणको आपूर्तिका लागि बोलपत्र आह्वान गरिसकिएको छ। शिलान्यासका दिन शिलापत्र र ताम्रपत्र दुवै राखिएका छन्। अस्पतालबाट स्थानीय व्यक्तिलाई रोजगारी दिने सम्भावनासमेत बढेको छ।

ज्ञान, विज्ञान, कानुन, साहित्य, राजनीति, भूगोल आदिजस्ता विशिष्ट क्षेत्रमा प्रयोग गरिने विशिष्ट शब्दलाई पारिभाषिक/प्राविधिक शब्द भनिन्छ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अंश पढेर पारिभाषिक शब्द/प्राविधिक शब्दको पहिचान गर्नुहोस् । यसपछि **विभिन्न पाठबाट** पारिभाषिक शब्द/प्राविधिक शब्द टिपोट गरी अर्थ बुझ्नुहोस् । पारिभाषिक शब्दको प्रयोगबाट अनुच्छेद तयार गर्नुहोस् । कार्डका अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् र सहजकर्ताले दिएका थप अभ्यास पनि गर्नुहोस् । विभिन्न क्षेत्रका पारिभाषिक शब्द/प्राविधिक शब्द टिपोट गरी सिकाइ कक्षमा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दार्थ र वाक्यमा प्रयोग (पारिभाषिक शब्द)

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) पारिभाषिक/प्राविधिक शब्द कसरी चिन्नुभयो ? सङ्क्षिप्त शब्द भनेको के हो ?

(ख) पारिभाषिक शब्दलाई किन प्राविधिक शब्द पनि भनिएको हो ?

(ग) पारिभाषिक/प्राविधिक शब्दको जानकारीबाट के फाएदा हुने रहेछ ?

(घ) पारिभाषिक शब्द/प्राविधिक शब्दका क्षेत्र के के हुन सक्लान् ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पारिभाषिक/प्राविधिक शब्द र तिनको प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । सिकारुलाई पाठबाट पारिभाषिक/प्राविधिक शब्द खोजेर सिकाइ कक्षामा प्रदर्शन गर्न पनि लगाउनुहोस् र सिकारुले गरेका अभ्यास जाँच गरी पृष्ठपोषण दिनुहोस् । सिकारुले विभिन्न क्षेत्रका पारिभाषिक/प्राविधिक शब्द प्रदर्शन गरी तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । सन्दर्भ सामग्रीबाट पनि पारिभाषिक/प्राविधिक शब्द खोजेर टिप्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । कहिलेकाहीँ पारिभाषिक/प्राविधिक शब्द शब्द प्रतियोगिता पनि गराउनुहोस् । पारिभाषिक/प्राविधिक शब्द प्रयोग भएका अनुच्छेद, छोटा कथा, निबन्ध आदि लेख्न लगाई प्रदर्शन पाटीमा राखिदिनुहोस् ।

| N | | जान्नेलाई श्री खण्ड नजान्नेलाई खुर्पाको बिंड (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ५१ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तल दिइएको पढ्नुहोस् :

| उखान | अर्थ | वाक्य |
|---|---|---|
| आँ गर्दा अलङ्कार बुझ्नु | भन्नुभन्दा अगाडि कुरो थाहा पाउनु | पढाउन थाल्नुभन्दा अगाडि नै साथीले आज पढाउने पाठका बारेमा भनिदिएपछि गुरूले भन्नुभयो, “आँ गर्दा अलङ्कार बुझ्नु” भनेको यही हो । |
| हुने बिरुवाको चिल्लो पात | पछि राम्रो हुने लक्षण सुरुदेखि देखिन्छ | हुने बिरुवाको चिल्लो पात भनेझैँ गोपालले सानै उमेरमा क्रिकेट खेलेर आफ्नो प्रतिभाको परिचय दियो । |

### (आ) जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आकाशको फल आँखा तरी मर् | धोका दिनु |
| कालो अक्षर भैँसीबराबर | आफूले ढङ्ग नपुऱ्याएको दोष अरूलाई दिनु |
| मुखमा रामराम बगलीमा छुरा | निरक्षर |
| नाच्न नजान्ने आँगन टेढो | आफूसँग नभएको कुरो काम लाग्दैन |
| ल्हासामा सुन छ कान मेरो बुच्चै | असम्भव कुरो चाहनु |

### (इ) तल दिइएका उखानलाई वाक्यमा प्रयोग गर्नुहोस् :

(क) जसले मह काढ्छ उसले हात चाट्छ, (परिश्रम गर्नेले फल पाउँछ ।)

(ख) अकबरी सुनलाई कसी लगाउनुपर्दैन (राम्रो कुरालाई जाँच्नुपर्दैन)

(ग) अचानाको पिर खुकुरीले जान्दैन (भोग्नेलाई मात्र वास्तविक पीडा थाहा हुन्छ ।)

(घ) आकाशको फल आँखा तरी मर (असम्भव कुरामा प्रयास गर्नु)

(ङ) ढुङ्गा खोज्दा देउता मिल्नु (सामान्य वस्तु खोज्दा मूल्यवान् वस्तु फेला पर्नु)

### (ई) निम्नलिखित उखानलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

(क) नपत्याउने खोलाले बगाउँछ । (ख) घोडा चढ्ने लड्छ (ग) मेरो गोरुको बाह्रै टक्का

(घ) पशुपतिको जात्रा सिद्राको व्यापार (ङ) कुरो र कुलो जता लग्यो त्यतै जान्छ । (च) बाँदरको पुच्छर लौरो न हतियार

लोकजीवनका खारिएको अनुभूति व्यक्त गर्ने विशिष्ट भनाइलाई उखान भनिन्छ । उखान सूत्रबद्ध र तुकबन्दीयुक्त हुने भएकाले यिनको प्रयोगबाट अभिव्यक्तिमा मिठास आउँछ । उखानले विशिष्ट अर्थ दिन्छ । उखानलाई लोकोक्ति पनि भनिन्छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका उखान पढी उखानका बारेमा छलफल गर्नुहोस् । यसपछि **आफूले जानेका अरू उखानको टिपोट गर्नुहोस्** । कार्डका अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् र सहजकर्ताले दिएका थप अभ्यास पनि गर्नुहोस् । सिकाइ कक्षमा नयाँ उखान सुनाउने प्रतियोगिता पनि गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दार्थ र वाक्यमा प्रयोग (उखान)

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) उखान कसरी चिनिन्छ ? उखान भनेको के हो ?

(ख) उखानलाई किन लोकोक्ति भनिएको हो ?

(ग) उखानको प्रयोग गर्दा के कुरामा ध्यान दिनुपर्छ ?

(घ) कार्डमा उल्लेख भएबाहेक तपाईँ कुन कुन उखान जान्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई उखान र उखानको प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । सिकारुलाई पाठवा सन्दर्भ सामग्रीबाट उखान खोजेर सिकाइ कक्षामा प्रदर्शन गर्न पनि लगाउनुहोस् । उखानलाई वाक्यमा प्रयोग गर्दा अर्थ स्पष्ट हुनुपर्ने र एक वाक्यमा मात्र प्रयोग गर्नुपर्ने कुरामा सचेत गराउनुहोस् । कहिलेकाहीँ उखान भन्ने शब्द प्रतियोगिता पनि गराउनुहोस् । उखान प्रयोग भएका अनुच्छेद, छोटा कथा, निबन्ध आदि लेख्न लगाई प्रदर्शन पाटीमा राखिदिनुहोस् ।

| N | | खुट्टा तान्नु हुन्न है पोल खोलौँला (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ५२ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तल दिइएको पढेर बुझ्नुहोस् :

| उखान | अर्थ | वाक्य |
|---|---|---|
| आँखाको कसिङ्गर हुनु | देखी नसहनु | मन नपरेको मान्छे आँखाको कसिङ्गर हुन्छ । |
| कुरा खेलाउनु | मनमनै विचार गर्नु | ऊ निबन्धको विषयबारे मनमनै कुरा खेलाइरहेकी छ । |
| नुनको सोझो गर्नु | गुन गर्नेको भलो चिताउनु | हामीले सरकार र जनताको नुनको सोझो गर्नपर्छ । |

### (आ) जोडा मिलाउनुहोस् :

| समूह क | समूह ख |
|---|---|
| (क) खोचे थाप्नु | हिँड्न सक्ने हुनु |
| (ख) उम्रिँदैको तीन पात | चाकरी गर्नु |
| (ग) फरियाको नाता | बढी बाठो हुनु |
| (घ) खुट्टा लाग्नु | सुने पनि नसुनेझैँ गर्नु |
| (ङ) कानमा तेल हालेर बस्नु | निहुँ खोज्नु |

| समूह क | समूह ख |
|---|---|
| (क) हात हालाहाल गर्नु | आँखाबाट आँसु आउनु |
| (ख) चेतावनी दिनु | ठुलो बरबादी हुनु |
| (ग) आँखा रसाउनु | कुटाकुट गर्नु |
| (घ) भित्रभित्रै जल्नु | रातोपिरो हुनु |
| (ङ) सत्यानाश हुनु | भित्रभित्रै पिल्सिनु |

### (इ) तलका टुक्कालाई वाक्यमा प्रयोग गर्नुहोस् :

टाउकामा टेक्नु (मात्तिएर हेप्नु), तालुमा आलु फल्नु (भाग्य सप्रनु), घुँडा टेक्नु (हार खानु), बाचा बाँध्नु (प्रतिज्ञा गर्नु), लख काट्नु (अड्कल गर्नु), हातमुख जोर्नु (जीविका चलाउनु), कम्मर कस्नु (आँट गर्नु), घैँटामा घाम लाग्नु (बुद्धि खुल्नु), नाक काट्नु (बेइज्जत हुनु)

### (ई) तलका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

जङ चल्नु, कुरा खेल्नु, खुट्टा तान्नु, जुँगा उखेल्नु, तेल लगाउनु, सही थाप्नु, मुख लाग्नु, हात छाड्नु, मुटुमा भक्कानो पर्नु, रिसले चुर हुनु, गुजरा गर्नु, हात थाप्नु

विशेष अर्थ प्रकट गर्ने विशेष अभिव्यक्तिलाई टुक्का भनिन्छ ।

टुक्का खास खास शब्दसँग खास खास क्रिया मिलेर बन्छ ।

टुक्का वाक्यांश वा शब्दसमूहका रूपमा हुन्छ ।

टुक्काको प्रयोग शब्दको सामान्य अर्थका लागि भन्दा पनि विशेष अर्थका लागि गरिन्छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका टुक्का पढी टुक्काका बारेमा छलफल गर्नुहोस् । यसपछि आफूले जानेका अरू टुक्काको टिपोट गर्नुहोस् । कार्डका अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् र सहजकर्ताले दिएका थप अभ्यास पनि गर्नुहोस् । सिकाइ कक्षमा नयाँ टुक्का सुनाउने प्रतियोगिता पनि गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दार्थ र वाक्यमा प्रयोग (टुक्का)

## ४. सिकाइ उपलब्धि

पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) टुक्का कसरी चिनिन्छ ? टुक्का भनेको के हो ?

(ख) टुक्काले कस्तो अर्थ दिन्छ ?

(ग) टुक्काको प्रयोग गर्दा के कुरामा ध्यान दिनुपर्छ ?

(घ) कार्डमा उल्लेख भएबाहेक तपाईँ कुन कुन टुक्का जान्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई टुक्का र टुक्काको प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । सिकारुलाई पाठवा सन्दर्भ सामग्रीबाट टुक्का खोजेर सिकाइ कक्षामा प्रदर्शन गर्न पनि लगाउनुहोस् । टुक्कालाई वाक्यमा प्रयोग गर्दा अर्थ स्पष्ट हुनुपर्ने र एक वाक्यमा मात्र प्रयोग गर्नुपर्ने कुरामा सचेत गराउनुहोस् । कहिलेकाहीँ टुक्का भन्ने शब्द प्रतियोगिता पनि गराउनुहोस् । टुक्का प्रयोग भएका अनुच्छेद, छोटा कथा, निबन्ध आदि लेख्न लगाई प्रदर्शन पाटीमा राखिदिनुहोस् ।

| N | | कविता पढ्छु, गद्यमा लेख्छु । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ५३ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### तलका कविता र तिनको गद्य रूपान्तरण पढ्नुहोस् र बुझ्नुहोस् :

म देश सिङ्गो म हुँ चन्द्रसूर्य
म भेष तिम्रो म हुँ पूर्ण चित्र
छैनन् पराई सब भाइ भाइ
आमा ! पुकार्छन् सबले मलाई ।

संस्कार बाँचेपछि देश बाँच्छ
मनुष्य हाँसे परिवेश हाँस्छ
उनेर माला अब फूललाई
सिँगार्न आऊ श्रमले मलाई ।

हिमाल मेरो अति उच्च माथ
पहाड छाती र मधेस काख
म एक मान्छेसरि पूर्ण ठान
यी अङ्ग मेरा सब हुन् समान ।

दौरा र कुर्ता अनि बक्खु लाऔँ
घलेक सारी तनमा सजाऔँ
गौरा खुलोस् सुन्दर देउडामा
नेपाल हाँसोस् मिथिला कलामा ।

ढ्यौसी र भैलो अब खेल्न जाऔँ
रोदी पसी जीवनगीत गाऔँ
मिलेर नाचौँ अब धाननाच
छरौँ मिली सं स्कृतिको सुवास ।
*(देवी नेपाल, मातृभूमिको आवाज)*

म सिङ्गो देश र चन्द्रसूर्य हुँ । म तिम्रो भेष र पूर्ण चित्र हुँ । सब भाइ भाइ पराई छैनन् । सबले मलाई आमा ! पुकार्छन् । संस्कार बाँचेपछि देश बाँच्छ । मनुष्य हाँसे परिवेश हाँस्छ । अब फूललाई माला उनेर श्रमले मलाई सिँगार्न आऊ । मेरो अति उच्च माथ हिमाल हो । पहाड छाती र मधेस काख हो । मलाई एक मान्छेसरि पूर्ण ठान । मेरा यी सब अङ्ग समान हुन् । दौरा र कुर्ता अनि बक्खु लाऔँ । घलेक सारी तनमा सजाऔँ । सुन्दर देउडामा गौरा खुलोस् । मिथिला कलामा नेपाल हाँसोस् । अब ढ्यौसी र भैलो खेल्न जाऔँ । रोदी पसी जीवनगीत गाऔँ । अब मिलेर धाननाच नाचौँ । मिलेर संस्कृतिको सुवास छरौँ ।

प्रातःकाल हिमाल हाँस्छ जसरी अस्तित्व फैलाउँदै
सारा चेतनशील जीवन जगत् ब्यूँझन्छ जागा हुँदै
यो जागापनसाथ सिर्जनमुखी फैलाउँदै चेतना
हामी गर्न सकौँ न जीवनमुखी साहित्यको सिर्जना ।

जे जस्तो छ कला खुला प्रकृतिको आधार हो सृष्टिको
खाँचो पर्दछ किन्तु सन्तुलनमा हाम्रो नयाँ दृष्टिको
जस्तो जो परिदृश्य होस् प्रकृतिको यो पारदर्शी बनी
सम्झाएर सिकाउँला गुरु बनी आदर्शको जीवनी !

अग्लो बोट बनेर बढ्छ बिरुवा पर्याप्त पानी परे
फल्ला उद्यमशीलता समयमै राम्रो लगानी गरे
सग्लो स्वस्थ बनाउने सुर कसी पानी लगानी गरी
चम्काऊँ लटरम्म फूलफलले अस्तित्वको माधुरी !
पानी पार्छ मडारिएर नभमा कालो घना बादल
पाई शीतलता चराचर जगत् बन्छन् निकै निर्मल
यस्तो निर्मल भाव धारण गरे धानिन्छ यो जीवन
न्यानो निर्मलता र शीतलपना बर्सोस् न आजीवन !
प्राणी लिन्छ हराभरा प्रकृतिको आनन्द आस्वादन
मान्छे गर्छ खुलेर कर्मठ बनी आह्लादको दोहन
त्यो आह्लाद समेटिई प्रकृतिमा जो बन्छ आनन्दित
काव्यानन्द समान जीवनसुधा पाई बन्यो वन्दित !
राम्रो स्वच्छ हराभरा प्रकृतिको आत्मीयता पाउँदा
आत्मैदेखि रमाउँदो छ दुनियाँ आनन्द भेट्टाउँदा
यो आनन्द सदावहार फिँजियोस् प्राणी जगत्मा सदा
ऊर्जायुक्त सशक्त निर्भय बनोस् यो जिन्दगी सर्वदा ।
*(प्रह्लाद पोखरेल, प्यारो प्रकृति)*

प्रातःकाल हिमाल हाँस्छ जसरी अस्तित्व फैलाउँदै सारा चेतनशील जीवन जगत् जागा हुँदै ब्युँझन्छ । यो जागापनसाथ सिर्जनमुखी चेतना फैलाउँदै हामी जीवनमुखी साहित्यको सिर्जना गर्न सकौँ । प्रकृतिको खुला कला जे जस्तो छ, सृष्टिकोआधार हो । तर हाम्रो नयाँ दृष्टिको सन्तुलनमा यसको खाँचो पर्छ । प्रकृतिको परिदृश्य जस्तो भए पनि पारदर्शी बनी सम्झाएर गुरु बनी आदर्शको जीवनी सिकाउँला । पर्याप्त पानी परे बिरुवा अग्लो बोट बनेर बढ्छ । राम्रो लगानी गरे उद्यमशीलता समयमै फल्ला । सग्लो स्वस्थ बनाउने सुर कसी पानी लगानी गरी लटरम्म फूलफलले अस्तित्वको माधुरी चम्काऊँ । नभमा कालो घना बादल मडारिएर पानी पार्छ । शीतलता पाई चराचर जगत् निकै निर्मल बन्छन् । यस्तो निर्मल भाव धारण गरे यो जीवन धानिन्छ । न्यानो निर्मलता र शीतलपना आजीवन बर्सोस् । प्राणीले हराभरा प्रकृतिको आनन्द आस्वादन लिन्छ । मान्छे खुलेर कर्मठ बनी आह्लादको दोहन गर्छ । त्यो आह्लाद समेटिई प्रकृतिमा ऊ आनन्दित बन्छ । काव्यानन्द समान जीवनसुधा पाई वन्दित बन्यो । राम्रो स्वच्छ हराभरा प्रकृतिको आत्मीयता पाउँदा र आनन्द भेट्टाउँदा दुनियाँ आत्मैदेखि रमाउँदो छ । यो आनन्द सदावहार प्राणी जगत्मा सदा फिँजियोस् । यो जिन्दगी सर्वदा ऊर्जायुक्त सशक्त निर्भय बनोस् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका कविता र तिनको गद्य रूपान्तरण पढी छलफल गर्नुहोस् । यसै गरी अन्य कविताको पनि गद्य रूपान्तरण गर्ने अभ्यास गर्नुहोस् । गद्य रूपान्तरण गर्दा समस्या परेमा सहजकर्तासँग छलफल गर्नुहोस् । तपाईँले पढेका कविता र तिनको गद्य रूपान्तरण ठुलो कागजमा लेखी सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

गद्य रूपान्तरण

## ४. सिकाइ उपलब्धि

विभिन्न पद्य पाठ वा रचनालाई गद्यमा रूपान्तरण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथि तपाईँले कुन कुन कविता पढ्नुभयो ?

(ख) मातृभूमिको आवाज कुन विषयमा रहेछ ?

(ग) प्यारो प्रकृतिमा कुन विषयको वर्णन रहेछ ?

(घ) पद्य र गद्यमा के के फरक पाउनुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई निर्दिष्ट पद्य विधाका पाठ वा श्लोकलाई गद्यमा रूपान्तरण गरी लेख्ने सिप सिकाउन खोजिएको छ । यसका लागि कार्डको नमुनाका आधारमा कविताका श्लोकलाई गद्यमा लेख्ने अभ्यास गराउनुहोस् । गद्यमा लेख्दा भावमा नभई शब्द ख्याल गरी विशिष्ट पदावलीलाई व्याकरणिक पदावलीमा लेख्ने अभ्यास गराउनुहोस् ।

| N | | कविता पढ्छु, लेख्छु, सुनाउँछु । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ५४ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**तलका कविता पढी तिनको गद्य रूपान्तरण गर्नुहोस्, सहजकर्तालाई सुनाउनुहोस् र सिकाइ कक्षमा प्रदर्शन गर्नुहोस् :**

### जाग जाग

*धरणीधर कोइराला*

जाग जाग अब जाग न जाग ।
लाग उन्नतिविषे अब लाग ॥
घोर नीद अब ता परित्याग ।
भो भयो अति सुत्यौ अब जाग ॥
देशबन्धुहरू हो उठ जाग ।
लाग उन्नतिविषे अब लाग ॥
धोऊ धोऊ मनको अब मैलो ।
फालिदेऊ डरको अब थैलो ॥ २
जाग जाग अब जाग न जाग ।
लाग उन्नतिविषे अब लाग ॥
हेर लौ अरूहरू सब जागे ।
देश उन्नतिविषे अब लागे ॥ ३
हामीहेरू पनि लौ अब जागौँ ।
देश उन्नतिविषे सब लागौँ ॥
घोर नीद अब ता परित्यागौँ ।
भो भयो अति सुत्यौँ अब जागौँ ॥

### मेरो घर

*प्रभा भट्टराई*

यो मेरो घर छानामा खर ढुङ्गाको आँगन
मन छ ठुलो दिइएरै पुग्छ पर्दैन मागन
घामले दिन्छ मायालु न्यानोजूनले शीतल
मायाले भिजी रसिलो सधैँ यो मेरो भूतल ।

फरिया चोली लाएकी चेली छन् मेरा सहेली
धान र गहुँ जत्तिकै खेल्छन् खेतमा बहेली
मारुनी, घाटु, सोरठी, सेलो, सबाई दोहोरी
मान्दैन मन आनन्दसँग नखेली नहेरी

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका कविता पढी तिनको गद्य रूपान्तरण गर्नुहोस् । आफूले गरेको गद्य रूपान्तरण सहजकर्तालाई देखाई सुधार गर्नुहोस् । तपाईँले पढेका कविता र तिनको गद्य रूपान्तरण ठुलो कागजमा लेखी सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

गद्य रूपान्तरण

## ४. सिकाइ उपलब्धि

विभिन्न पद्य पाठ वा रचनालाई गद्यमा रूपान्तरण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथि तपाईँले कुन कुन कविता पढ्नुभयो ?

(ख) कुन कविताको गद्य रूपान्तरण गर्न गारो भयो ?

(ग) गद्य रूपान्तरण गर्दा के कुरा सिकिने रहेछ ?

(घ) गद्यमा रूपान्तरण गर्दा ख्याल गर्नुपर्ने कुरा के के रहेछन् ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई सन्दर्भ सामग्रीबाट पद्य विधाका पाठलाई गद्य ढाँचामा परिवर्तन गर्ने सिप सिकाउन खोजिएको छ । यसका लागि कार्डको नमुनाका आधारमा कविताका श्लोकलाई गद्यमा लेख्ने अभ्यास गराउनुहोस् । गद्यमा लेख्दा भावमा नभई शब्द ख्याल गरी विशिष्ट पदावलीलाई व्याकरणिक पदावलीमा लेख्ने अभ्यास गराउनुहोस् । गद्य रूपान्तरण गर्दा भाव र आशय, भाषिक शुद्धता, सरलता, सन्दर्भअनुकूलता, शैली,सङ्क्षिप्तता र मौलिकता जस्ता पक्षमा ख्याल गनुपर्ने विषयमा पनि छलफल गर्नुहोस् ।

| N | | म उत्तर दिन सक्छु । पढ्छु, बुझ्छु, लेख्छु र सुनाउँछु । | कार्ड नं. ५५ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् :

मानिसले मुद्राको प्रचलन हुनुभन्दा अगाडि अन्न, वस्तुभाउ, सरसामान आदि साटासाट गरेर आवश्यकता पूरा गर्थे । यस्तो तरिकालाई वस्तु विनिमय भनिन्छ । वस्तु विनिमय प्रथामा तत्कालको खाँचो टरे पनि धेरै समस्या हुन्थे । वस्तुको स्तर मापनको अभाव, वस्तु विभाजन गर्न कठिनाइ, भण्डारण गर्न समस्या तथा साटिने दुई वस्तुबिचको मात्रा निर्धारणमा समस्या हुनु वस्तु विनिमय प्रणालीका समस्या हुन् । आजभोलि मुद्राको चलनचल्ती भएकाले यस्तो समस्या छैन ।

**प्रश्न**

(क) अनुच्छेदबाट एउटा द्वित्व भएर बनेको शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

नमुना : द्वित्व भएर बनेको शब्द . सरसामान,समस्त शब्द . आजभोलि

(ख) अनुच्छेदबाट एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेको शब्द पहिचान गरी लेख्नुहोस् ।

(ग) माथि रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेख्नुहोस् ।

### (आ) दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

हामी जुन वातावरणमा जन्मियौँ, हुर्कियौँ र आज जुन जीवन बाँचिरहेका छौँ, यो सबै प्रकृतिको देन हो । यो विश्व कसैले बनाएको होइन र कसैले सञ्चालन गरेको होइन । जल, जमिन, हावा, अन्तरिक्ष र तापक्रमको आफ्नै नियम छ । त्यसलाई नै हामीले प्रकृति भनेका हौँ । मानिसको बुद्धि र परिश्रमले उत्पादन गरेका साधनले प्रकृतिको यो नियमलाई जित्न सक्दैन । सूर्य, चन्द्रमा, समुद्र, पृथ्वीको बनोट, पशुपन्छी, जीवजीवाणु तथा वनस्पति सबै प्रकृतिले नै सिर्जना गरेका हुन् । प्रकृति सिर्जनशील छ । यस्ता कुनै कुरा विज्ञानले आजसम्म निर्माण गर्न सकेको छैन र भविष्यमा पनि बनाउन सक्दैन । आज हामीले विकसित भनेका देश पनि प्रकृतिका विरुद्धमा गएर धनी भएका होइनन् । प्रकृतिले दिएका कुराको सदुपयोग गरेर सम्पन्न बनेका हुन् । मान्छेले वर्षौं लगाएर बनाएका कतिपय कुरा प्रकृतिका विरुद्ध भए भने प्रकृतिले एकै झड्कामा स्वाहा पारिदिन सक्छ ।

**प्रश्न**

(क) प्रकृति भनेको के हो ?

नमुना : प्रकृति भनेको विश्व सञ्चालन हुने जल, जमिन, हावा, अन्तरिक्ष र तापक्रमको नियम हो ।

(ख) 'प्रकृति सिर्जनशील छ ।' भन्नुको तात्पर्य के हो ?

(ग) विकसित देश कसरी धनी बनेका हुन् ?

(घ) प्रकृतिलाई किन बलवान् भनिएको हो ?

### (इ) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

एक दिन बिहान चिया खाएर पृथ्वीनारायण कीर्तिपुरमा आफ्ना विश्वासपात्रसँग आफूले राम्रो सपना देखेको र आफ्नो सपना पुग्नेबारे गफ गर्दै थिए । त्यही वेलामा द्वारे आयो र भन्यो, "महाराज ! गौराङ्गको पत्र आएको छ ।" उसले राजालाई पत्र दियो र फर्क्यो । पृथ्वीनारायणले पत्र खोले र हेरे । त्यसमा लेखिएको थियो, "हाम्रा मित्र मल्ल राजालाई तिमीले लाएको नाकाबन्दी हटाऊ । हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्छौं ।"

**प्रश्न**

(क) पृथ्वीनारायण कुन विषयमा कुराकानी गर्दै थिए ?

नमुना : पृथ्वीनारायण शाह आफूले देखेको राम्रो र पुग्ने सपनाका बारेमा कुराकानी गर्दै थिए ।

(ख) माथिको कथांशले नेपालको इतिहासको कुन समय सङ्केत गरेको छ ?

(ग) पृथ्वीनारायणलाई गौराङ्गले किन शत्रु बनाउन लागेका थिए ?

(घ) यस कथांशको मुख्य भाव के हो ?

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अनुच्छेद र प्रश्न पढ्नुहोस् । पहिलो पढाइमा अनुच्छेद र प्रश्नको आशय बुझेर पढ्नुहोस् । दोस्रो पढाइमा प्रश्नको उत्तर पहिल्याउने गरी पढ्नुहोस् । तेस्रो पढाइमा प्रश्नको उत्तर सही भएनभएको खुट्याउने गरी पढ्नुहोस् । यसपछि प्रश्नको उत्तर तयार पारी सहजकर्तालाई सुनाएर सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

प्रश्नोत्तरः सङ्क्षिप्त उत्तरात्मक

## ४. सिकाइ उपलब्धि

पाठमा आधारित प्रश्नोत्तर लेखन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) पहिलो अनुच्छेदमा तपाईंले के के विषयको अभ्यास गर्नुभयो ?

(ख) दोस्रो अनुच्छेदमा दिइएका प्रश्नको उत्तर कसरी तयार पार्नुभयो ?

(ग) तेस्रो अनुच्छेद के विषयसँग सम्बन्धित थियो र यसका प्रश्नको उत्तर कसरी तयार पार्नुभयो ?

(घ) प्रश्नको उत्तर लेख्दा के के कुरामा ख्याल गर्नुपर्ने रहेछ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठमा आधारित सङ्क्षिप्त उत्तरात्मक प्रश्नको उत्तर लेख्ने सिप सिकाउन खोजिएको छ । यसका लागि कार्डको नमुनाका आधारमा प्रश्नको उत्तर लेख्ने अभ्यास गराउनुहोस् । उत्तर लेख्दा अनुच्छेद राम्ररी बुझेर पढ्ने, प्रश्नको उत्तर पहिल्याउने, अनुच्छेदबाट जस्ताको तस्तै नसारी लेख्ने, शब्द पहिचान र बनोटमा ख्याल गर्ने, लेखाइ शैली राम्रो बनाउने, वर्णविन्यासमा ध्यान दिने जस्ता पक्ष पनि सिकाउनुहोस् । सबै पाठका प्रश्नको उत्तर लेख्दा यस पक्षलाई ख्याल गर्न सचेत गराउनुहोस् ।

| N | | घटना टिपोट र वर्णन (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ५६ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) दिइएको कथाको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :

"यो जुत्ता किन फिर्ता ल्यायौ गुलाफी ? मेरो स्वर शुष्क थियो । "म यो जुत्ता लगाउन सक्दिनँ, अलि ठुलो भयो मलाई !" दृष्टि झुकाउँदै बोलिन् उनी । "तिमीले अस्ति मेरै अगाडि यो जुत्ता लगाएकी होइनौ ? अहिले कसरी ठुलो भयो ?" "बा र आमा दुवै जनाले भन्नुभएको, म अहिले सानै छु, यो जुत्ता अलि ठुलो छ रे । यो जुत्ता मेरा खुट्टामा सुहाउँदैन रे !" गुलाफीले जुत्ताको पोको मेरै अगाडि भुइँमा राखिन् र त्यहाँबाट ओझेल भइन् ।

**(क) 'एक जोर जुत्ता' कथाले नेपाली समाजको कस्तो अवस्थाको चित्रण गरेको छ ?**

**नमुना :** एकजोर जुत्ताले नेपाली समाजको एक परिवारभित्र पैदा भएको शङ्का, गरिबीको र पितृसत्तात्मक सोचको चित्रण गरेको छ । गरिबी र अभावका कारण गुलाफी जस्तै किशोरीका लागि नयाँ जुत्ता लगाउने चाहना विलासिता बन्ने र यसले परिवारमा ईर्ष्या, शङ्का र विभाजन सिर्जना गर्ने कुरा यसमा देखाइएको छ । यहाँ जुत्तालाई प्रतीका रूपमा प्रयोग गर्दै पाली समाजमा गरिबीले दमन गरेको चाहना, अवसरमा असमानता, समाजको कठोर दृष्टि, असहाय बालिकाको पूरा नहुने सपनालाई देखाइएको छ । यसमा एक किशोरीको व्यक्तिगत पीडा मात्र नभई सामाजिक बोझको चित्रण छ । यस कथामा नेपाली समाजमा देखिने गरिबी, सामाजिक ईर्ष्या, पितृसत्तात्मक सोच र किशोरीको अपमानित संवेदनालाई उजागर गरिएको छ ।

### (आ) दिइएको जीवनीको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :

प्रपन्नाचार्य बहुभाषी, सिर्जनशील, विनम्र, सन्त एवम् प्रकाण्ड विद्वान् थिए । उनी मानवतावादी चिन्तनका आदर्श धरोहर थिए । उनमा नेपाली, राई, संस्कृत, हिन्दी, अङ्ग्रेजी आदि अनेकौँ भाषा प्रयोग गर्न सक्ने क्षमता थियो । संस्कृत वाङ्मयभित्रको अथाह ज्ञानलाई व्यावहारिक रूपमा आत्मसात् गर्न सक्ने साधना थियो । आजीवन वेद, वेदान्त, साहित्य, इतिहासलगायत विषयमा केन्द्रित भई अध्ययन अनुसन्धान गर्न सक्ने सामर्थ्य उनमा थियो ।

**(क) स्वामी प्रपन्नाचार्यले संस्कृत वाङ्मयका क्षेत्रमा पुऱ्याएका योगदानको चर्चा गर्नुहोस् ।**

### (इ) दिइएको निबन्धको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :

आफ्नो गाउँठाउँ वा राष्ट्रको समुन्नति गर्न सक्ने नेतृत्वको चयनका लागि सहभागिता जनाएको छु । मानव अधिकारका यस्ता धेरै विषय मेरा लागि स्वाभाविक रहँदै आएका छन् । यिनमा पनि मैले कहिल्यै नबिर्सने कुरा चाहिँ बाल अधिकारका चारओटा प्रमुख खम्बा नै हुन् । बालबालिकाको सहभागिता, विकास, संरक्षण र बाँच्न पाउने जस्ता चारओटा बाल अधिकारका खम्बाबारे म कहिल्यै भुल्ने छैनँ । यस्ता कुराको सुनिश्चितता नभएसम्म कसैलाई बाल अधिकारको प्रत्याभूति हुनै सक्दैन ।

**(क) मानव अधिकारलाई कसरी उपयोग गर्नुपर्छ ? 'मानव अधिकार' निबन्धका आधारमा समीक्षा गर्नुहोस् ।**

### (ई) दिइएको संवादको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :

**फतिमा :** मैले केही महिनाअगाडि सिम्रौनगढको सफर गरेकी थिएँ । सिम्रौनगढ बारा जिल्लाको सिम्रौनगढ नगरपालिकामा पर्छ । वीरगन्जबाट सिम्रौनगढको पैदल यात्रा गर्ने हो भने एक दिन हिँड्नुपर्छ । प्राचीन तिरहुत क्षेत्रमा अवस्थित यो राज्य नान्यदेवले स्थापना गरेका रहेछन् । सिम्रौनगढको गढ परिसरमा कङ्काली माई, शिवलिङ्ग, रानीबास, विष्णु मन्दिर, मन्साराम बाबाको समाधि आदि दर्शनीय कुरा छन् । त्यहाँको रानीबास मन्दिर त जङ्गबहादुरका छोरा जितजङ्गले आफ्ना पिताको स्मृतिमा निर्माण गरेका रहेछन् । सिम्रौनगढमा पुरातात्त्विक वस्तुको संरक्षण नभएको देख्दा मन नै कटक्क भयो ।

**सुप्रभा :** आखिर सबैसँग पदयात्राको अनुभव रहेछ । त्यसमा पनि आङ्गिरिता त पर्यटन व्यवसायी पनि हुन् । आङ्गिरिता ! हामीले पदयात्राको अनुभव साट्यौँ । मलाई लाग्छ, पदमार्ग तथा पदयात्रासम्बन्धी थुप्रै कुरामा हामी बेखबर छौँ । हामीलाई अझै स्पष्ट पारिदेऊ न ।

**(क) पदमार्ग र पदयात्राले पर्यटन व्यवस्थालाई कसरी प्रवर्धन गर्छ ? 'पदमार्ग' संवादका आधारमा समीक्षा गर्नुहोस् ।**

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका अनुच्छेद प्रश्न र नमुना उत्तर पढ्नुहोस् । पहिलो पढाइमा अनुच्छेद र प्रश्नको आशय बुझेर पढ्नुहोस् । दोस्रो पढाइमा प्रश्नको उत्तर पहिल्याउने गरी पढ्नुहोस् । तेस्रो पढाइमा प्रश्नको उत्तर सही भएनभएको खुट्याउने गरी पढ्नुहोस् । यसपछि प्रश्नको उत्तर तयार पारी सहजकर्तालाई सुनाएर सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

प्रश्नोत्तरः समीक्षात्मक

## ४. सिकाइ उपलब्धि

पाठमा आधारित प्रश्नोत्तर लेखन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) पहिलो अनुच्छेदमा तपाईँले के के विषयको अभ्यास गर्नुभयो ?

(ख) दोस्रो र तेस्रो अनुच्छेदमा दिइएका प्रश्नको उत्तर कसरी तयार पार्नुभयो ?

(ग) संवाद के विषयसँग सम्बन्धित थियो र यसका प्रश्नको उत्तर कसरी तयार पार्नुभयो ?

(घ) समीक्षात्मक प्रश्नको उत्तर लेख्दा के के कुरामा ख्याल गर्नुपर्ने रहेछ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठमा आधारित समीक्षातमक उत्तरात्मक प्रश्नको उत्तर लेख्ने सिप सिकाउन खोजिएको छ । यसका लागि कार्डको नमुनाका आधारमा प्रश्नको उत्तर लेख्ने अभ्यास गराउनुहोस् । उत्तर लेख्दा अनुच्छेद राम्ररी बुझेर पढ्ने, प्रश्नको उत्तर पहिल्याउने, अनुच्छेदलाई आधार बनाई सोसम्बद्ध पाठका आधारमा उत्तर तयार गर्ने , लेखाइ शैली राम्रो बनाउने, वर्णविन्यासमा ध्यान दिने जस्ता पक्ष पनि सिकाउनुहोस् । सबै पाठका प्रश्नको उत्तर लेख्दा यस पक्षलाई ख्याल गर्न सचेत गराउनुहोस् ।

| N | | घटना टिपोट र वर्णन (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ५७ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**(अ) भीमनिधि तिवारीको अमर पुत्र कथा पढ्नुहोस् र तलका घटनालाई कथाको क्रममा मिलाएर लेख्नुहोस् :**

(........) म बौलाहा जस्तो भएको छु ।

(........) तपाईँलाई खोज्न कोही तल आएको छ ।

(.......) डेढ डेढ हात, दुई दुई हात अग्लो पशुपतिनाथ, मच्छिन्द्रनाथ, श्रीकृष्णका कति कति मूर्ति बनाइसके यिनै हातले ।

(........) सासूका कुरामा बुहारीले पनि थपथाप गरिन् ।

(........) जति हेरे पनि उनका आँखा अघाएनन्, दिल अघाएन ।

(........) भाजुलालका विरहका कहानी सुनेर सानुमानमा वेदना भरिएर आयो ।

(........) यो मूर्ति तपाईँलाई दिने होइन ।

(........) बेच्नुहुँदैन, यो मूर्ति बेच्नुहुँदैन ।

**(आ) 'स्वामी प्रपन्नाचार्य' जीवनी पढ्नुहोस् र तलका घटना भएको साल लेख्नुहोस् :**

(क) स्वामी प्रपन्नाचार्यको जन्म

(ख) तीर्थाटनका लागि भारतको बनारस यात्रा

(ग) किरात वंशका महागुरु फाल्गुनन्दको प्रत्यक्ष प्रभाव

(ङ) संस्कृत विषयमा पूर्वमध्यमा तह उत्तीर्ण

(घ) चन्द्रेश्वर सत्तलमा बस्ने व्यवस्था

(च) विद्यावारिधि उपाधिको प्राप्ति

(छ) 'सङ्क्षेपमा मेरो जीवन यात्रा' कृति प्रकाशन

(ज) पशुपति मृगस्थलीस्थित आश्रममा देहावसान

**(इ) तपाईँको गाउँसमाजमा घरेलु हिंसाका घटना घटेका भए खोजी गरी त्यसबारेमा लेखेर सुनाउनुहोस् ।**

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका घटना पढ्नुहोस् । यसपछि सम्बन्धित पाठ खोजेर पढ्नुहोस् र पाठमा ती घटना खोज्नुहोस् । यसपछि तोकिएका कार्य गरी सहजकर्तालाई सुनाउनुहोस् र सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

घटना वर्णन

## ४. सिकाइ उपलब्धि

पाठमा आधारित प्रश्नोत्तर लेखन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) कथा पढेर घटना मिलाउँदा तपाईँले के कुरामा ख्याल गर्नुभयो ?

(ख) जीवनी पढेर घटना मिलाउँदा तपाईँले के कुरामा ख्याल गर्नुभयो ?

(ग) घटना टिपोट गरेर वर्णन गर्दा के के कुरामा ख्याल गर्नुपर्ने रहेछ ?

(घ) सम्बन्धित पाठका घटनालाई सिलसिला मिलाई लेख्दा तपाईँले के के सिक्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठका घटनालाई सिलसिला मिलाई लेख्ने सिप सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । पाठ पढ्दा अन्य घटना पनि टिपोट गर्न लगाउनुहोस् । अन्य कथा, निबन्धबाट पनि यस पक्षलाई ख्याल गर्न सचेत गराउनुहोस् ।

| N | | चरित्र चित्रण (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ५८ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**महेशविक्रम शाहको एक जोर जुत्ता कथा पढ्नुहोस् र तलका पात्रका चरित्रका बारेमा बुझ्नुहोस् :**

(क) **गुलाफी :** गुलाफी इमानदार, कोमल र बाध्य परिस्थितिले चुँडिएकी किशोरी हो। भान्सामा भाँडा माझ्ने, घरको काममा मद्दत गर्ने, समयमै खाना पकाउन आउने गुलाफी इमानदार, श्रमशील र कर्तव्यनिष्ठ पात्र हो। उसमा सजिलो, शिष्ट र सभ्य व्यवहार देखिन्छ। उसमा बालसुलभ सपनाको परिचयका रूपमा नयाँ जुत्ता पाउने सानो चाहना छ। गरिबीमा डुबेकी उसले कठोर परिस्थितिमा पनि सम्मान जोगाएकी छ। खुसी हुँदा उसको स्वर र अनुहार चम्किन्छ। दुख पर्दा ऊ मौन रहन्छे। गुलाफी गरिबी, पितृसत्ता र सामाजिक धारणाबिच थिचिएको भोलिको आशा निराशाको प्रतीक हो।
*मूल पात्र, महिला पात्र*

(ख) **हर्कबहादुर:** हर्कबहादुर गरिबी, सामाजिक डर र पितृसत्तात्मक सोचले बाँधिएको बाबुमात्र हो। ऊ मेहनती तर आर्थिक रूपमा कमजोर छ। उसमा परम्परागत सोचको बोझ छ। उसमा आत्मसम्मानको चिन्ता छ। ऊ शङ्काले भरिएको तर छोरीको भलाइ चाहने द्वन्द्वयुक्त पात्र हो। उसका माध्यमले कथामा छोरीप्रेम र सामाजिक डरबिच चिरिएको मनोविज्ञान प्रस्तुत गरिएको छ। हर्कबहादुर गरिबी र सामाजिक प्रतिष्ठाका नाममा परिवारभित्र जन्मिने शङ्काको प्रतिनिधि पात्र हो। *सहायक पात्र, पुरुष*

(ग) **गुलाफीकी आमा:** गुलाफीकी आमा सीमित संसारभित्र बाँचेकी पात्र हो। ऊ परम्परागत सामाजिक मान्यतामा गहिरो विश्वास राख्छे। ऊ छोरीप्रति रक्षात्मक छे। ऊ सरल घरेलु महिला हो र समाजको मुख जोगाउन छोरीको खुसी बलिदान गर्न तयार भएकी एक साधारण आमा हो। *सहायक पात्र, महिला पात्र*

(घ) **गङ्गा, उमा र गोविन्द:** गङ्गा, उमा र गोविन्द ईर्ष्या र गरिबीको मनोवैज्ञानिक प्रभावमा परेका बालपात्र हुन्। यिनमा बालसुलभ ईर्ष्या छ। गरिबीको चोटले उब्जाएको असन्तोष छ। वयस्कको मनस्थिति र घरभित्रको तनावले उनीहरूलाई पनि असर गरेको छ। *सहायक पात्र, बाल पात्र*

## २. क्रियाकलाप

साथी समूहमा बसेर एक जोर जुत्ता कथा पढ्नुहोस् र त्यसका पात्रका बारेमा छलफल गर्नुहोस्। यसपछि कार्डमा दिइएको पात्रको चरित्र चित्रण पढ्नुहोस्। पात्रका बारेमा माथि दिइएका बाहेक अन्य विशेषता पनि खोज्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस्। तपाईँले तयार पारेको चरित्र चित्रण सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस्। तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस्।

## ३. विषय क्षेत्र

चरित्र चित्रण

## ४. सिकाइ उपलब्धि

पाठमा आधारित प्रश्नोत्तर लेखन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) कथामा पात्र कस्ता कस्ता हुने रहेछन् ?

(ख) पात्रको चरित्र चित्रण गर्दा के के कुरामा ध्यान दिनुपर्ने रहेछ ?

(ग) कथामा पात्रको के भूमिका हुन्छ ?

(घ) के पात्रबिनाका कथा होलान् ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पाठमा प्रयुक्त पात्रको चरित्र वर्णन गर्ने कला सिकाउन खोजिएको छ । यसका लागि विभिन्न पात्रका विभिन्न विशेषता खोज्न लगाउनुहोस् । अन्य कथाबाट पनि यस पक्षलाई ख्याल गरी चरित्र चित्रण गर्न सचेत गराउनुहोस् ।

| N | | धेरै पढौँ : थोरै बुझौँ (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ५९ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### दिइएको अनुच्छेद र त्यसको सार पढ्नुहोस् :

पाठ : मलाई आफ्ना अभिभावकप्रति असाध्यै श्रद्धा छ । म उहाँहरूको उपदेशलाई ध्यान दिएर सुन्छु र मनन पनि गर्छु । उहाँहरूले नै जन्मिनासाथ मेरो जन्मदर्ता गराउनुभएको थियो । बिस्तारै मेरो पढाइ लेखाइको प्रबन्ध मिलाउनुभएको थियो । उहाँहरूकै पहलमा १६ वर्ष पुगेपछि मेरो नागरिकता बनेको थियो । मैले नागरिकता पाउनु भनेको नेपालको राष्ट्रिय पहिचान धारण गर्नु थियो । आफूलाई असल नागरिकका रूपमा चिनाउनु थियो । सम्झिन्छु, नागरिकता पाएको क्षणमा मभित्र कत्ति धेरै राष्ट्रियताको भावना उर्लिएर आएको थियो । मैले खुसीका साथ गद्गद हुँदै नेपाली धर्तीलाई ढोगेको थिएँ । भनिन्छ, हरेक नागरिकले आफ्नो नागरिकता हातमा लिएपछि एक पटक प्यारो जन्मभूमिलाई प्रणाम गर्छ । देशप्रतिको आफ्नो कर्तव्य सम्झिन्छ र कहिल्यै पनि देशलाई बिर्सिंदैन ।

सार : म श्रद्धासाथ अभिभावका उपदेश सुनेर मनन गर्छु । जन्मदर्ता, पढाइलेखाइ, नागरिकता र राष्ट्रिय पहिचान उहाँहरूकै देन हो । नागरिकता पाउँदा राष्ट्रियता बुझेर मैले नेपाली धर्तीलाई ढोगेको थिएँ । सबैले जन्मभूमिप्रतिको कर्तव्य सम्झिन्छन् र देशलाई बिर्सिंदैनन् ।

### जुन्को ताबेई पाठ पढ्नुहोस् अनि तलको सार पनि पढ्नुहोस् :

जुन्को ताबेई जुन परिस्थितिमा जन्मेहुर्के पनि दृढ इच्छाशक्ति, निरन्तर मिहिनेत र लक्ष्यप्रतिको समर्पणले मानिस महान् बन्न सक्छ भन्ने सशक्त उदाहरण हुन् । बाल्यकालमै कमजोरी र रोगसँग लड्नुपरे पनि उनी अध्ययनप्रति समर्पित बनिन् र उच्च शिक्षा हासिल गर्न सफल भइन् । शारीरिकरूपले कमजोर महिलाले केही गर्न नसक्ने र यसलाई  क्षमता नठान्ने सामाजिक धारणाले उनलाई रोक्न सकेन । विद्यालयकालमै सुरु भएको पर्वतारोहणप्रतिको लगाव उनको जीवनको मुख्य लक्ष्य बन्दै गयो । अनेक समूहले अस्वीकार गरे पनि उनले आफूजस्तै उत्साही महिलाहरूलाई समेटेर 'लेडिज क्लाइम्बिङ क्लब जापान' स्थापना गरिन् । उनले महिला पर्वतारोहणलाई नयाँ उचाइमा पुऱ्याइन् र कठिन अभ्यासपछि अन्ततः सन् १९७५ मा सगरमाथाको सफल आरोहण गर्ने विश्वकै पहिलो महिला बन्न सफल भइन् । आर्थिक अभाव, हिमस्खलन, अक्सिजन अभाव जस्ता गम्भीर जोखिम हुँदा पनि उनले अटल साहसका साथ यात्रालाई निरन्तरता दिइन् । जुन्को ताबेईले केवल सगरमाथामै हैन, साते महादेशका सबैभन्दा अग्ला शिखरहरू आरोहण गरेर 'सेभेन समिट्स' पूरा गर्ने पहिलो महिला बन्ने इतिहास रचिन् । जीवनको अन्तिम घडीसम्म पनि उनले पर्वतारोहण छोडिनन् । कठिन परिश्रम, धीरता, साहस र आत्मविश्वासले महिलाले पनि असम्भवजस्तै लाग्ने कार्य गर्न सक्छन् भन्ने सकारात्मक प्रेरणा उनले विश्वभर फैलाइन् । उनको जीवनयात्राले अभाव, चुनौती र प्रतिकूलता बाधा होइनन्,अटल लक्ष्य र निरन्तर प्रयासले नै मानिसलाई विश्वस्तरीय उचाइमा पुऱ्याउँछ भन्ने  सिकाउँछ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर पहिले दिइएको अनुच्छेद र त्यसको सार पढ्नुहोस् । त्यसपछि जुन्को ताबेई पाठ र कार्डमा दिइएको सार पढी छलफल गर्नुहोस् । पाठको सार लेख्दा के के कुरामा ख्याल गर्नुपर्ने रहेछ र कसरी लेख्नुपर्ने रहेछ भन्नेबारेमा सहजकर्तासँग पनि छलफल गर्नुहोस् । अरू पाठको पनि सार लेखी सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् । गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

सार लेखन

## ४. सिकाइ उपलब्धि

पाठमा आधारित प्रश्नोत्तर लेख्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) तपाईँले कुन कुन पाठको सार लेख्नुभयो ?

(ख) पाठ र सारमा के के फरक हुने रहेछ ?

(ग) सार लेख्दा कतिसम्म छोटो पार्न सकिएला ?

(घ) सार लेख्दा छुटाउनै नहुने कुरा के के होलान् ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई (सम्बन्धित पाठको सार लेख्ने कला सिकाउन खोजिएको छ । यसका लागि कार्ड अध्ययन गरेर कुनै पाठको सार लेख्न लगाउनुहोस् । सार लेख्दा मूल कुरा नछुटाउने, अनावश्यक कुरा हटाउने, क्रमैसँग छाट्याउने, व्याख्या नगर्ने जस्ता पक्षमा ध्यान दिन सचेत गराई अभ्यास गराउनुहोस् । अन्य पाठबाट सार लेख्ने अभ्यास गराउनुहोस् ।

| N | | पढ्छु र विवेचना गर्छु ।<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६० तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### दिइएको विषयवस्तु पढी यसका विवेचनाका लागि विषयवस्तु पहिल्याउनुहोस् :

'संविधान मुलुकको सर्वोच्च कानुन हो' भन्ने कुरा मैले राम्ररी बुझेको छु। संविधानकै आधारमा नेपालभित्र मानव अधिकार रहेको अनुभूति गरेको छु। मानव अधिकारका सम्बन्धमा मलाई गुरुहरूले समेत निकै कुरा बुझाउनुभएको थियो। यद्यपि अहिले मलाई संविधानभित्रका ती धेरै विषय थाहा छैनन्। मैले जानेका कुरा चाहिँ यत्ति हुन्, 'संविधानको भाग ३ ले मानव अधिकार र बाल अधिकारका बारेमा व्यवस्था गरेको छ। संविधानकै धारा ३९ मा बालबालिकाको हकका बारेमा उल्लेख भएको छ। त्यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ (च) ले मानव अधिकारको परिभाषासमेत प्रस्तुत गरेको छ। सोही ऐनमा मानवको जीवन, स्वतन्त्रता, समानता र मर्यादाका विषय समेटिएका छन्।' हुन त नेपालद्वारा मानव अधिकारबारे अनुमोदन गरिएका तथा अन्तर्राष्ट्रिय कानुनमा उल्लिखित सबै विषय मानव अधिकारभित्रै पर्छन् रे! यस्ता धेरै कुरा नबुझे पनि मैले जानेको के हो भने म मानव हुँ र मैले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ। मैले आफ्नो मानव अधिकार र त्यसमा पनि विशेष गरी बाल अधिकारबारे थाहा पाउनुपर्छ। मलाई स्वतन्त्र भएर हिँडडुल गर्न तथा आफ्ना असल विचार व्यक्त गर्न कुनै रोकावट हुनुहुँदैन। आफूले चाहे जति पढ्न, बिरामी हुँदा स्वास्थ्योपचार पाउन र सुरक्षित आवासमा बस्नबाट कहिल्यै वञ्चित गरिनु हुँदैन। मेरो रीतिरिवाज र पेसा व्यवसायमाथि कसैबाट हस्तक्षेप हुनुहुँदैन।

### यसमा मूलतः पाँचओटा विषयवस्तुको उल्लेख छ। त्यसको विवेचना पढ्नुहोस् :

**(क) संविधानको सर्वोच्चता :** सुरुमै संविधान मुलुकको सर्वोच्च कानुन हो भन्ने वाक्य दिइएकाले यसले संविधानको सर्वोच्च स्थानप्रतिको लेखकको गहिरो बुझाइ प्रकट हुन्छ। लेखकले देशमा चल्ने सबै कानुन, नियम तथा अधिकारका आधारका रूपमा संविधानलाई बुझेका छन्। यसले संविधान नागरिकका लागि आफ्नो अधिकार र कर्तव्य बुझाउने स्रोत हो भन्ने सन्देश दिन्छ।

**(ख) मानव अधिकारबारे चेतना :** लेखकले आफ्नो अनुभवसहित मानव अधिकारको अवधारणालाई व्याख्या गरेका छन्। संविधानको भाग ३ ले मानव अधिकार र बाल अधिकार समेटेको, धारा ३९ ले बालबालिकाको हकबारे व्यवस्था गरेको र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ (च) ले मानव अधिकारको परिभाषा गरेको विषयले मानव अधिकारको चेतना विकास गरेको छ।

**(ग) बाल अधिकारप्रतिको समझदारी :** यस अंशमा बाल अधिकारका रूपमा स्वतन्त्रता, शिक्षा प्राप्त गर्ने हक, स्वास्थ्योपचार, सुरक्षित आवास, विचार अभिव्यक्ति गर्ने स्वतन्त्रता, संस्कृति, रीतिरिवाज तथा पेसामा हस्तक्षेप नहुने अधिकारलाई लेखकले तिनलाई आफ्नो जीवनसँग जोडेर प्रस्तुत गरेका छन्।

**(घ) अन्तर्राष्ट्रिय कानुन र स्वीकार्य:** लेखकले नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानुनले समेटेका विषयहरू पनि मानव अधिकारमै र यस मान्यताले मानव अधिकारलाई अझ व्यापक बनाउने धारणा व्यक्त गरेका छन्।

**(ङ) व्यक्तिगत अनुभव र भावनात्मक पक्ष:** यस अंशमा लेखकले म मानव हुँ र मैले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ भन्ने भावना व्यक्त गरेरलाई मानव अधिकारलाई कानुनी तथा जीवनका मौलिक आवश्यकता र स्वतन्त्रताको आधारका रूपमा व्याख्या गरेका छन्।

मुख्य सन्देशः संविधान र मानव अधिकारबारे प्रत्येक नागरिकले जानकारी राख्नुपर्छ। बालबालिकाले आफ्नो अधिकार बुझेर सुरक्षित र स्वतन्त्र जीवनका लागि आवाज उठाउन सक्नुपर्छ। मानव अधिकार कानुनी सुरक्षा, मानवीय सम्मान, स्वतन्त्रता र समानतासँग जोडिएको हुन्छ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर पहिले दिइएको अनुच्छेद र र त्यसको विवेचना पढ्नुहोस् । त्यसपछि तपाईँले पढ्नुपर्ने कुनै पाठ । पढेर पाठको विवेचना गर्दा ख्याल गर्नुपर्ने पक्ष पहिचान गरी सहजकर्तासँग छलफल गर्नुहोस् । अरू पाठको पनि विवेचना लेखी सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

विषयवस्तुको विवेचना

## ४. सिकाइ उपलब्धि

पाठमा आधारित प्रश्नोत्तर लेखन

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) तपाईँले विवेचना गर्न खोजेको अंश के विषयसँग सम्बन्धित थियो ?

(ख) यसमा कुन कुन विषयको प्रस्तुति छ ?

(ग) विवेचना लेख्दा के कुराका ख्याल गर्नुपर्ने रहेछ ?

(घ) विवेचना कसरी लेख्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई सम्बन्धित पाठमा व्यक्त विषयवस्तुको विवेचना गर्ने तरिका सिकाउन खोजिएको छ । यसका लागि कार्डको विषयवस्तु र त्यसको विवेचना पढ्न लगाउनुहोस् । विवेचना लेख्दा मूल विषय पहिचान गर्ने, घटनाक्रमको विश्लेषण गर्ने, उद्देश्य र सन्देश पहिचान गर्ने, पाठकमा पर्ने प्रभाव खोज्ने, भाषाशैली, प्रतीक, बिम्ब आदिको प्रयोग हेर्ने जस्ता पक्षमा ध्यान दिन सचेत गराई अभ्यास गराउनुहोस् । अन्य पाठबाट विवेचना लेख्ने अभ्यास गराउनुहोस् ।

| N | | पढ्छु र विवेचना गर्छु । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६१ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

# १. सिक्नुपर्ने विषयवस्तु

## (क) पहिले डल्ले खोला कथा पढ्नुहोस् र त्यसपछि तलको समीक्षा पढ्नुहोस्:

### डल्ले खोला कथाको समीक्षा

परशु प्रधानद्वारा लिखित 'डल्ले खोला' कथा ग्रामीण नेपालको यथार्थ, भ्रष्ट प्रशासन र प्रकृतिसँग मान्छेको गहिरो नाता प्रस्तुत गर्ने सामाजिक कथा हो । कथाले एक साधारण गाउँले मान्छेको दृष्टिले राज्यको प्रशासन, बजेट, जनश्रम, आशानिराशा र विफल विकास योजनाको विश्लेषण गरेको छ । कथाको केन्द्रमा रहेको डल्ले खोला गाउँको जीवनचक्र, दुःख, भय, आशा र विडम्बनाको प्रतीक हो । वर्षायाममा उग्र भएर मान्छेको ज्यान नै लाने डल्ले खोला गाउँको प्रमुख समस्या हो । यसलाई समाधान गर्ने नाममा वर्षैपिच्छे बजेट आउँछ, योजना बनाइन्छ रकम खर्च भएको देखाइन्छ तर पुल र कुलो बन्दैन । कथाका पात्र रनबहादुर र शिवबहादुर दुवै सङ्घर्ष गर्छन्, आवाज उठाउँछन् तर अन्तिममा राज्य संयन्त्रकै कमजोर प्रबन्धले उनीहरूलाई परास्त गरिदिन्छ । रनबहादुर कर्तव्यनिष्ठ, परिवारप्रेमी, गरिब, सामाजिक दबाबमा बाँचेको पात्र हो । ऊ आफूले मलायामा काम हुँदा सिकेको अनुशासन, व्यवहार र विकासबारेका विचार गाउँमा लागु गर्न खोज्छ तर राज्यको उदासीनताले उसको सपना चकनाचुर हुन्छ । शिवबहादुरले डल्ले खोला नियन्त्रण गरेर गाउँ समृद्ध बनाउने सपना बोकेको छ तर उसको नियति पनि रनबहादुरकै जस्तै हुन्छ । हाकिम नेपाली प्रशासनको प्रतिनिधि हो । उसका आँखामा नागरिकको पीडा होइन, बजेट नभएको भाषण मात्र भरिएको छ । डल्ले खोलाले उसको आवाज, उसले भोगेको उपेक्षा, उसको नियमित बगिरहेको अस्तित्वको आफैँ बखान गरेको छ । कथाको भाषा सरल र ग्रामीण बोलिचालीमा आधारित छ । डल्ले खोलालाई मानवीय रूप दिएर प्रस्तुत गरिएको शैली कथाको सबैभन्दा बलियो पक्ष हो । कथामा प्रकृति, प्रशासन, नागरिक र सपनाको सङ्घर्ष बिम्ब, प्रतीक र संवादमार्फत सहज ढङ्गले प्रस्तुत भएको छ । कथामा लेखकले ग्रामीण वातावरण र मनोविज्ञानलाई प्रस्तुत गरेका छन् । यो गाउँमा वर्षौँदेखि चलिरहेको विकास विफलताको कथा हो । यसमा कागजी पुल र नक्कली कुलाले यथार्थमा केही हल नहुने र गाउँले जनताको श्रम, विश्वास र जीवन भोगाइमा राज्यले पटकपटक धोका दिइरहेको यथार्थको चित्रण गरिएको छ । यसले आम नागरिकको असहायता, निराशा र सधैँ दोहोरिने आशालाई उठाएको छ । कथाले पाठकलाई भावनात्मक बनाउँछ । पाठकले रनबहादुर र शिवबहादुरको तिक्तता, विकासमा भएको धोका, भ्रष्ट व्यवस्थाको थिचोमिचो र डल्ले खोलाको प्रत्येक आवाजलाई महसुस गर्न सक्छ । विकास केवल बजेट, फाइल र कागजमा होइन, इमानदार कार्यान्वयनमा आधारित हुनुपर्छ । गाउँले जनताले प्रत्येक वर्ष सपनासहित निर्माण सुरु गर्छन्, तर राज्य व्यवस्था सचेत जिम्मेवार नभए सबै श्रम र आशा बगेर जान्छ । यो डल्ले खोला कथाको मूल सन्देश हो ।

## (ख) फर्क आफ्नै देश कविता पढ्नुहोस् र त्यसपछि तलको समीक्षा पढ्नुहोस्:

### 'फर्क आफ्नै देश' कविताको समीक्षा

विक्रम परियारको 'फर्क आफ्नै देश' कविता आजको नेपाली समाजको अत्यन्त संवेदनशील, यथार्थपरक र राष्ट्रिय चेतनाले भरिएको रचना हो । विदेशतर्फ आकर्षित भई आफ्नो श्रम ऊर्जा परदेशमा बेच्न बाध्य युवापुस्तालाई स्वदेश फर्केर देश निर्माणमा लाग्न प्रेरित गर्ने यो कविता सामाजिक, आर्थिक र भावनात्मक रूपमा प्रस्तुत भएको छ । कविताले देशप्रेम, स्वाभिमान, श्रमको मूल्य, राष्ट्रिय पहिचान र युवा ऊर्जा जस्ता महत्त्वपूर्ण भावनालाई चित्रण गरेको छ । कविताको मुख्य केन्द्रबिन्दु युवाको स्वदेशप्रेम हो । युवा वर्गलाई कविले देश फर्क भनी आह्वान गर्नु नेपालको माटो, घर, पहाड, खेत र गाउँलाई पुनः उब्जनी बनाउने सङ्कल्प गराउनु हो । कवितामा बारम्बार देखिने हिमाल, गुराँस, लालुपाते, डाँफे, सगरमाथा, घरआँगन, गराखेत, कोदाली, पुल, मुट्ठी आदि प्रतीकले राष्ट्रियता, प्राकृतिक सौन्दर्य, सामूहिक श्रम र भविष्यको आशालाई सशक्त रूपमा व्यक्त गरेका छन् । कवितामा सरल, सहज र प्रोत्साहनमूलक भाषाको प्रयोग गरिएको छ । कविताभरि उत्साह, आशा, सशक्तीकरण र राष्ट्रप्रेमको भावना प्रस्तुत भएको छ । कविले विदेशमा अभाव, एक्लोपन र पहिचान सङ्कट झेलिरहेका नेपाली युवालाई गाउँका चर्किएका घर, चिरा परेका गराखेत, परदेशतिर बगेको युवा शक्ति, देशमा छाडिएका अभिभावक र सपना बोध गराएका छन् । यस कवितामा देशलाई बाँचाउने शक्ति बाहिर होइन, हाम्रै मुटु र हातभित्र हुनुपर्छ भन्ने दिइएको छ । यसले स्वाभिमानले बाँच्ने, श्रम गर्ने र साझा पहिचान बनाउने जीवनदर्शन प्रस्तुत गर्छ । विदेशमा रहेका नेपाली युवाका मनमा देशप्रेम जगाउन र उनीहरूको पहिचानलाई आफ्नै भूमिमा पुनः स्थापित गर्न सक्षम यस कविताले सामाजिक चेतना अभिवृद्धि गराउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर पहिले दिइएको समीक्षा पढ्नुहोस् । त्यसपछि सम्बन्धित पाठ पढेर पाठको समीक्षा गर्दा ख्याल गर्नुपर्ने पक्ष पहिचान गरी सहजकर्तासँग छलफल गर्नुहोस् । अरू पाठको पनि समीक्षा लेखी सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

समीक्षा लेखन

## ४. सिकाइ उपलब्धि

पाठको विधागत स्वरूप पहिचान गरी प्रश्नोत्तर गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) तपाईँले समीक्षा गर्न पढेका पाठ कुन कुन विषयसँग सम्बन्धित थिए ?

(ख) कथा र कवितामा प्रस्तुत भएका विषयवस्तु एकै खालका छन् कि भिन्न छन् ?

(ग) समीक्षा लेख्दा के कुराको ख्याल गर्नुपर्ने रहेछ ?

(घ) अन्य पाठको समीक्षा कसरी लेख्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई सम्बन्धित पाठको समीक्षा लेख्ने तरिका सिकाउन खोजिएको छ । यसका लागि कार्डको विषयवस्तु र त्यसको समीक्षा पढ्न लगाउनुहोस् । समीक्षम लेख्दा पाठ कुन कक्षाको कुन पाठबाट लिइएको हो र कसले लेखेको हो, कस्तो विषयवस्तु प्रस्तुत भएको छ,पाठका मूल विषयवस्तुमा कुन कुरा उठाइएको छ, के सन्देश दिन खोजिएको छ, भाषा, शैली, संवाद, वाक्य संरचना आदि कस्ता छन्,लेखनमा एकरूपता र सन्तुलन छ कि छैन,लेखकको विचार समाजसँग मिल्छ कि मिल्दैन, पाठ पढ्दा पाठकले कस्तो अनुभव गर्छन्, पाठका बलिया र कमजोर पक्ष के के हुन्, पाठको शैक्षिक, साहित्यिक, सांस्कृतिक आदि महत्त्व के हो भन्ने जस्ता पक्षको खोजी गरी उपयुक्त शीर्षक पनि दिन लगाउनुहोस् । अन्य पाठबाट समीक्षा लेख्ने अभ्यास गराउनुहोस् ।

| N | | लेख्दा चिह्नको ख्याल गर्नुपर्ने रहेछ !<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६२<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तलका चिह्न ख्याल गरेर वाक्य पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| (क) | अल्पविराम चिह्न | (,) | मैले दाल, भात, तरकारी र अचार खाएँ। |
| (ख) | अर्धविराम चिह्न | (;) | कसले भन्छ; धन हुनेसँग मन हुँदैन भनेर। |
| (ग) | पूर्णविराम चिह्न | (।) | वनमा जनावरहरू बस्छन्। |
| (घ) | प्रश्न चिह्न | (?) | तिमी कहाँबाट आयौ ? |
| (ङ) | उद्गार चिह्न | (!) | छ्या ! कति घिन लाग्दो दृश्य देखियो। |
| (च) | कोष्ठक चिह्न | () | पारिजातको 'शिरीषको फूल' (उपन्यास) ले मदन पुरस्कार पाएको थियो। |
| (छ) | उद्धरण चिह्न | (' '/" ") | मैले विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' किनेँ। |
| | उसले चन्यो, "म अब दुर्व्यसन विरुद्धको अभियानमा लाग्छु। | | |
| (ज) | निर्देशक चिह्न | (:/:–) | स्त्रीलिङ्गी नाम शब्दको अन्त्यमा दीर्घ लेखिन्छ। जस्तै : काकी, फुपू |
| (झ) | योजक चिह्न | (-) | अब दाजुभाइहरू देश-विकासमा जुट्नुपर्छ। |

वाक्यमा आउने विभिन्न किसिमका भावलाई बुझाउनका लागि प्रयोग गरिने चिह्नहरूलाई लेख्य चिह्न भनिन्छ। लेख्य चिह्नलाई विराम चिह्न पनि भनिन्छ। लेख्य चिह्नमा अल्पविराम (,), अर्धविराम (;), पूर्णविराम (।), प्रश्नवाचक (?), उद्गार (!), कोष्ठक (), उद्धरण (' ', " "), निर्देशक (:/:–) र योजक (-) पर्छन्।

### (आ) दिइएका लेख्य चिह्न र शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ; | कोष्ठक |
| ! | योजक |
| - | अर्धविराम |
| () | अल्पविराम |
| ' ' | उद्गार |
| , | उद्धरण तिर्यक् |

### (इ) तल दिइएका वाक्यलाई उपयुक्त लेख्य चिह्नको प्रयोग गरी लेख्नुहोस् :

(क) छि यहाँ त धेरै फोहोर रहेछ ?

(ख) रचना सरोज सिर्जना र अनामिका पोखरा गए।

(ग) महामारीले गर्दा विश्वमा धेरै धनजनको क्षति भयो,

(घ) के गायत्री र नेत्र दिदी रारा घुम्न जानुहोला।

(ङ) आहा कति सुन्दर हिमाल देखियो ?

## २. क्रियाकलाप

साथी समूहमा बसेर लेख्य चिह्नको ख्याल गरी माथि दिइएका वाक्य पढ्नुहोस् र दिइएका काम गर्नुहोस् । त्यसपछि कुनै पाठ पढेर त्यसमा प्रयोग भएका लेख्य पहिचान गरी ती चिह्नको प्रयोगबारेमा सहजकर्तासँग छलफल गर्नुहोस् । सबै लेख्य चिह्न प्रयोग भएका एक एक वाक्य लेखी सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

लेख्य चिह्नको प्रयोग

## ४. सिकाइ उपलब्धि

वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) यस कक्षामा तपाईँले कुन कुन लेख्य चिह्नको प्रयोग गर्न जान्नुभयो ?

(ख) लेख्य चिह्न किन प्रयोग गर्नुपर्ने रहेछ ?

(ग) लेख्य चिह्नको सही प्रयोग नगर्दा के हुन्छ ?

(घ) तपाईँ सबै लेख्य चिह्नको प्रयोग गरी एक एक वाक्य लेख्न सनुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, अर्धविराम, उद्गार, योजक, उद्धरण, निर्देश र कोष्ठक चिह्नको पहिचान गरी वाक्यमा प्रयोग गर्ने तरिका सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् र निर्धारित चिह्न प्रयोग गरी एकभन्दा बढी वाक्य लेख्न लगाउनुहोस् । पाठ र सन्दर्भ सामग्रीबाट यी चिह्न चिन्ने र वाक्यमा प्रयोग गर्ने थप अभ्यास पनि गराउनुहोस् ।

| N | | लेख्दा चिह्नको ख्याल गर्नुपर्ने रहेछ ! (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६३ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**(अ) तल दिइएका गद्यांश पढ्नुहोस् र त्यहाँ कुन कुन लेख्य चिह्नका प्रयोग भएका छन्, भन्नुहोस् :**

आहा ! सराङकोट त ज्यादै राम्रो ठाउँ रहेछ। अमरेश, जगदीश, निर्मल र मुना आज त्यहाँ घुम्न जाँदै छन्। के तपाईँ पनि उनीहरूसँग जानुहुन्छ ? भाइबहिनी पनि त्यहाँ जान्छन्। त्यहाँ त विदेशी पर्यटक पनि जान्छन् रे !

**(आ) दिइएको कथांश पढ्नुहोस् र त्यहाँ प्रयोग भएका लेख्यचिह्न पहिचान गरी नामसमेत लेख्नुहोस् :**

स्यालको जिउँदो बच्चो देखेर पोथी सिंह आश्चर्यचकित भयो।"आज किन स्यालको जिउँदो बच्चो ल्याएको ?" पोथी सिंहले प्रश्न सोध्यो। उसका कुरा सुनेर भाले सिंहले भन्यो, "हेर प्रिया ! आज यो स्यालको बच्चाबाहेक अरू कुनै प्राणी फेला परेन। शास्त्रमा पनि विद्वान्, विदुषी, ब्रह्मचारी र बालकलाई कहिल्यै मार्नुहुँदैन; कसैको हत्य गर्नुहुँदैन भनिएको छ।" भाले सिंहको भनाइले पोथी सिंहको चित्त बुझ्यो।"आहा ! क्या राम्रो स्यालको बच्चो।" पोथी सिंह स्यालको बच्चासँग खेल्न थाल्यो।

**(इ) फरक बताउनुहोस् :**

(क) पूर्णविराम चिह्न र अल्पविराम चिह्न
(ख) प्रश्नवाचक चिह्न र उद्गार चिह्न
(ग) एकोहोरो र दोहोरो उद्धरण चिह्न
(घ) निर्देशक चिह्न र योजक चिह्न
(ङ) कोष्ठक चिह्न र अर्धविराम चिह्न

**(ई) आवश्यक चिह्नहरूको प्रयोग गरी तलको अनुच्छेदलाई कापीमा सार्नुहोस् :**

दुलही ... दुलही भन्दै ठुलो स्वरले डाकेकी थिइन् गौतमकी आमाले के भयो आमा ... किन चिच्याउनुभएको भन्दै भान्साकोठाबाट दगुर्दै सासूको छेउमा पुगेकी थिइन् पूर्णकला ऊ ... ऊ गौतमकी आमाले बोल्न नसकेर औँलाले सङ्केत गरेर बाहिरतिर देखाएकी थिइन् के भयो ... के भयो ... बाहिरको दृश्य देखेपछि एक्कासि चिच्याउँदै गौतमको छेउमा पुगेकी थिइन् पूर्णकला पूर्ण हाम्रो बाबु ... हाम्रो छोरो रहेन अब ... छोराको लास भुइँमा राख्दै कम्पित स्वरमा बोलेका थिए गौतम बाबु ... मनु ... मनुको क्षतविक्षत लास देख्नासाथ कराउँदै छोराको निष्प्राण देहलाई अँगाल्न पुगेकी थिइन् पूर्णकला।

**(उ) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, अर्धविराम र उद्धरण चिह्नको प्रयोग गरी आफू घुमेको ठाउँको वर्णन गर्नुहोस्।**

## २. क्रियाकलाप

साथी समूहमा बसेर लेख्य चिह्नको ख्याल गरी माथि दिइएका अंश पढ्नुहोस् र दिइएका काम गर्नुहोस् । त्यसपछि कुनै पाठ पढेर त्यसमा प्रयोग भएका लेख्य पहिचान गरी ती चिह्नको प्रयोगबारेमा सहजकर्तासँग छलफल गर्नुहोस् । सबै लेख्य चिह्न प्रयोग भएका अनुच्छेद, कथा आदि लेखेर सिकाइ कक्षामा प्रदर्शन गर्नुहोस् । कुन लेख्य चिह्नले कस्तो भावना सङ्केत गर्ने रहेछ, त्यो पनि ख्याल गर्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

लेख्य चिह्नको प्रयोग

## ४. सिकाइ उपलब्धि

वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् ः

(क) लेख्य चिह्नको प्रयोग वाक्यमा र अनुच्छेदमा एकै तरिकाले हुन्छ कि फरक ?

(ख) लेख्य चिह्नले वक्ताको आशयमा फरक पार्ने रहेछ ?

(ग) लेख्य चिह्नको गलत प्रयोग हुँदा वाक्यको अर्थमा कस्तो असर पर्ला ?

(घ) तपाईं सबै लेख्य चिह्नको प्रयोग गरी अनुच्छेद लेख्न सनुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, अर्धविराम, उद्गार, योजक, उद्धरण, निर्देश र कोष्ठक चिह्नको पहिचान गरी अनुच्छेदमा प्रयोग गर्ने तरिका सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् र निर्धारित चिह्न प्रयोग गरी अनुच्छेद, कथा आदि लेख्न लगाउनुहोस् । पाठ र सन्दर्भ सामग्रीबाट यी चिह्न चिन्ने र स्वतन्त्र प्रयोग गर्ने थप अभ्यास पनि गराउनुहोस् ।

| N | | लिङ्ग, वचन, पुरुष र आदर मिलाएर लेखौं । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६४ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) तलको अनुच्छेद पढेर कहाँ के मिलेन, पत्ता लगाउनुहोस् :

भूमिका आज तरकारी किन्न बिर्तामोड गयो । बजारमा थुप्रै तरकारी पसल थियो । भूमिकाले साग, मुला, परबल, इस्कुस किन्यो । तरकारी किनेर उहाँ सिनेमा हेर्न जानुभयो । हलमा परान सिनेमा चल्नुभएको थियो । सिनेमा हेरेर निस्कँदा निस्कँदा तीन घण्टा बित्नुभयो । यसपछि उनी खाजा पसलमा गयो । उसले आफ्नी साथी हरिलाई भेट्यो । उनीहरूले चियाखाजा खायौ । चियाको पैसाहरू भूमिकाले तिर्नुभयो । खाजा पसलबाट बाहिर निसकेर भूमिका टेम्पो स्टेसन गयो र टेम्पु चढी । ऊ आधा घण्टामा घर पुगिन् । घर पुगेर पानीहरू खाई ।

### (ख) अब तलको अनुच्छेद पढेर माथिल्लो अनुच्छेदसँग तुलना गर्नुहोस् :

भूमिका आज तरकारी किन्न बिर्तामोड गई । बजारमा थुप्रै तरकारी पसल थिए । भूमिकाले साग, मुला, परबल, इस्कुस किनी । तरकारी किनेर ऊ सिनेमा हेर्न गई । हलमा परान सिनेमा चलेको थियो । सिनेमा हेरेर निस्कँदा तीन घण्टा बित्यो । यसपछि ऊ खाजा पसलमा गई । उसले आफ्नो साथी हरिलाई भेटी । उनीहरूले चियाखाजा खाए । चियाको पैसा भूमिकाले तिरी । खाजा पसलबाट बाहिर निसकेर भूमिका टेम्पो स्टेसन गई र टेम्पु चढी । ऊ आधा घण्टामा घर पुगी । घर पुगेर पानी खाई ।

### (ग) दिइएको अनुच्छेदलाई पुलिङ्गमा बदल्नुहोस् :

आमा र काकी मेला भर्न जानुभएछ । उहाँहरूले धारामा माइजूलाई भेट्नुभएछ । तीनै जनालाई सँगसँगै देखेर बुहारी छक्क परिछन् । मलाई बाहुनीले सुनाएकी थिइन् । अब भोलि चाहिँ ठुलो बुबा र बहिनी धारामा जाने सल्लाह भएको छ ।

### (घ) दिइएको अनुच्छेदलाई एकवचनमा बदल्नुहोस् :

काकीहरू पानी भर्न जानुभएछ । उहाँहरूले धारामा माइजूलाई भेट्नुभएछ । तीनै जनालाई सँगसँगै देखेर बुहारीहरू छक्क परेछन् । हामीलाई बाहुनीले सुनाएकी थिइन् । अब भोलि चाहिँ बहिनीहरू धारामा जान्छन् रे ।

### (ङ) दिइएको अनुच्छेदलाई मध्यम आदरमा बदल्नुहोस् :

उहाँ पानी भर्न जानुभएछ । उहाँले धारामा माइजूलाई भेट्नुभएछ । उहाँ छक्क पर्नुभएछ । गाउँलेहरू पनि धारामा जानुभएछ । अब भोलि चाहिँ दिदीहरू धारामा जानुहुन्छ रे ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर सुरुका माथि दिइएका दुई अनुच्छेद पढ्नुहोस् । त्यसपछि अन्य अनुच्छेदमा दिइएका कार्य गर्नुहोस् । वाक्यमा लिङ्ग, वचन, पुरुष र आदर मिलेको हुनुपर्ने कुरा पनि बुझ्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

पदसङ्गति

## ४. सिकाइ उपलब्धि

वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) वाक्यमा लिङ्ग, वचन, पुरुष र आदरबिच किन सङ्गति हुनुपर्छ ?

(ख) वाक्यमा लिङ्ग, वचन, पुरुष र आदरबिच कसरी मिलाउनुपर्छ ?

(ग) लिङ्ग, वचन, पुरुष र आदर भन्नाले के बुझ्नुहुन्छ ?

(घ) तपाईँ वाक्यमा लिङ्ग, वचन, पुरुष र आदरबिच सङ्गति मिलाएर अनुच्छेद लेख्न सनुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई लिङ्ग, वचन, पुरुष र आदरबिचको सङ्गति मिलाई अनुच्छेद रचना गर्ने तरिका सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् र लिङ्ग, वचन, पुरुष र आदर मिलेका वाक्य लेख्न लगाउनुहोस् । विभिन्न विषयमा लिङ्ग, वचन, पुरुष र आदर मिलाई अनुच्छेद लेख्ने अभ्यास पनि गराउनुहोस् ।

| N | | पदयोग र पदवियोग मिलाएर लेखौं । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६५ / तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तलका शब्द पढ्नुहोस् :

**जोडेर लेखिने**

(क) विभक्ति : मैले, उसलाई, श्यामको, तपाईंद्वारा, गीताबाट आदि

(ख) नामयोगी : छानामाथि, छिँडीमुनि, टेबुलतल, भनेअनुसार, मसँग, ऊसित आदि

(ग) उपसर्ग : उपयोग, अनमेल, सुपुत्र, परिभाषा आदि

(घ) प्रत्यय : गफाडी, रमाइलो, सिपालु, होसियार आदि

(ङ) समास : आमाबाबु, सागपात, आगोपानी आदि

(च) द्वित्व : आआनो, बल्लतल्ल आदि

(छ) संयुक्त क्रियापद : खाइसक्यो, पढिरहेछु, गइहाल्नुपर्छ, लगिदिउँला आदि

(ज) अकरण बुझाउने 'न' : नजाऊ, नसुत, नलेख, नबोल, नहेर्लान् आदि

(झ) केही अव्यय : तापनि, किनकि, किनभने आदि

**छुट्याएर लेखिने**

(क) वाक्यभित्रका प्रत्येक पद : दिनेशले बेलैमा घर आएर खाजा खायो ।

(ख) एउटा विभक्तिपछि आउने अर्को विभक्ति र नामयोगी : सुमनका लागि, उसका निम्ति, घरदेखि बाहिर, ढोकाको अगाडि आदि

(ग) वाक्यभित्रका निपात : ब्यारे ! उसले पो भनेको त ।

(घ) विभाजक 'न' : उसलाई न तिमीले भेट्यौ न मैले भेटेँ ।

### (आ) दिइएका वाक्यलाई पदयोग गरी पुनर्लेखन गर्नुहोस् :

(क) सबै साथीहरू आ आफ्नै काम मा व्यस्त छन् ।

(ख) आज मामा हरू हाम्रो घरमा आउनुहुन्छ ।

(ग) तपाईँ सँग कति रुपियाँ छ ?

(घ) विद्यालयको नियम अनुसार काम गर्नु पर्छ ।

(ङ) बुबा बाहेक सबै जना आउनु भयो ।

### (ई) तल दिइएका वाक्य पदयोग वा पदवियोग गरी लेख्नुहोस् :

सामीप्य साथी सँग क्रिकेट खेल्छन् । क्रिकेट बारे उनले धेरै लाई बताएकाछन् । उनी सित म सधैँ क्रिकेट खेल्छु । उनी हामी भन्दा निकै फुर्तिला छन् । म पनि उनी बाट सिक्दैछु ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर सुरुका माथि दिइएका पदपदावलीको लेखाइ विचार गर्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

पदयोग र पदवियोग

## ४. सिकाइ उपलब्धि

वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) वाक्यमा पदयोग र पदवियोग किन मिलाउनुपर्छ ?

(ख) पदयोग र वियोग केका आधारमा मिलाइन्छ ?

(ग) पदयोग भनेको के हो ?

(घ) पदवियोग भनेको के हो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पदयोग र पदवियोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् र पदयोग र पदवियोग मिलेका शब्दको प्रयोग गरी वाक्य लेख्न लगाउनुहोस् । विभिन्न विषयमा पदयोग र वियोग मिलाएर अनुच्छेद लेख्ने अभ्यास पनि गराउनुहोस् ।

| N | | आधा नाके चन्द्रबिन्दु पूरै नाके शिर (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६६ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तलका शब्द पढ्नुहोस् :

**चन्द्रबिन्दु (ँ)**

(क) 'अँ' उच्चारण हुने शब्द : आँखा, इँजार, ठाउँ, अँध्यारो, आँगन, जाँच, साँचो, गाउँ, जाँगर, काँठ, घाँटी, हाँडी, बगैँचा आदि

(ख) क्रियापद : पढेँ, आएँ, पाएँ, जानेँ, बस्थ्यौँ, जान्थ्यौँ, गयौँ, सुत्यौँ, हेरूँला, बसुँला, गरौँला, हौँ, गाउँछु, बजाउँछु, आदि

**शिरबिन्दु (ं)**

(क) 'अं' को उच्चारण हुने शब्द : वंश, संसद्, संयोजक, संयुक्त, संस्कार, संस्मरण आदि

(ख) 'य, र, ल, व, श, स, ह, ज्ञ' भएका वर्णभन्दा अगाडिका वर्ण : संयम, संरचना, संलग्न, संवत्, संशय, संसार, संहार, संज्ञा आदि

चन्द्रबिन्दुले आधा नाके ध्वनिलाई बुझाउँछ । शिरबिन्दु भनेको वर्णमाथि दिइने थोप्लो हो । यसले पूरै नाके स्वरलाई जनाउँछ । यसले पञ्चम वर्ण (ङ्, ञ्, ण्, न्, म्) को साटो काम गर्छ ।

### (आ) दिइएको अनुच्छेद पढी शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्द टिपोट गर्नुहोस् :

अंशु, संज्ञा र संयोग वन्यजन्तुको संरक्षणमा संलग्न छन् । उनीहरू यही विषयमा संवाद गर्छन् । सांस्कृतिक गाउँमा घाँस काट्दै जनचेतना जगाएर अँध्यारो हटाउँछन् । हामीले यहाँका कुनै पनि प्राणीको संहार गर्नुहुँदैन । मानिसमा पनि काँस, बाँस जोगाउने संवेदना हुनुपर्छ भन्छन् । उनीहरूको भनाइमा कुनै संशय वा हाँसो छैन । वास्तवमा यो संसार सारा प्राणीलाई गाँस दिने साझा घर हो ।

### (इ) ठिक ठाउँमा चन्द्रबिन्दु प्रयोग गरी तल दिइएका शब्द शुद्ध पार्नुहोस् :

आप, घास, हिडिदै छ, खादै छ, गयौ, आट, आखा, अगार

### (ई) शिरबिन्दु लागेका १० ओटा र चन्द्रबिन्दु लागेका १० ओटा शब्द खोजेर लेख्नुहोस् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर सुरुका शब्द पढ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शिरबिन्दु र चन्द्रबिन्दु

## ४. सिकाइ उपलब्धि

वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्नवर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) शब्दमा शिरबिन्दु र चन्द्रबिन्को उच्चारणमा के फरक हुन्छ ?

(ख) कस्ता ठाउँमा शिरबिन्दुको प्रयोग गरिन्छ ?

(ग) कस्ता ठाउँमा चन्द्रबिन्दुको प्रयोग गरिन्छ ?

(घ) शिरबिन्दु र चन्द्रबिन्दु प्रयोग हुने शब्दको प्रयोगबाट एक अनुच्छेद लेख्न सक्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् र शिरबिन्दु र चन्द्रबिन्दु प्रयोग भएका शब्द सङ्कलन गरी तिनको प्रयोग गरी वाक्य र अनुच्छेद लेख्न लगाउनुहोस् ।

| N | | ह्रस्व दीर्घ चिनेर : शुद्ध लेखौं मिलेर (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६७ तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**(क) तपाईँले पढेको कुनै पत्रिका वा पाठबाट सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका पाँच पाँचओटा शब्द टिपी तालिकामा लेख्नुहोस् :**

| सुरुमा ह्रस्व इकार लागेका शब्द | बिचमा ह्रस्व इकार लागेका शब्द | अन्तिम ह्रस्व उकार लागेका शब्द |
|---|---|---|
| | | |

**(ख) शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार प्रयोग भएका शब्द अलग अलग तालिकामा लेख्नुहोस् :**

बिजुली, दुधिलो, लसुन, सुरिलो, पुरान, हलुका, पुदिना, बाटुलो, सुमार्ग, उपकार, खान्छु, मायालु, जुनेली, बकुल्लो, बिखालु, भिनाजु, अदुवा, जलवायु, कुबेला, खुकुरी, केराउ, मुनि, सुहाउँछ, घरेलु, गाउँ, दतिउन, भावुक, घाउ, कुलो

| सुरुमा ह्रस्व उकार लागेका शब्द | बिचमा ह्रस्व उकार लागेका शब्द | अन्तियमा ह्रस्व उकार लागेका शब्द |
|---|---|---|
| | | |

**(ग) सुरु, बिच र अन्तिममा दीर्घ ईकार प्रयोग भएका शब्दलाई अलग अलग तालिका बनाई लेख्नुहोस् :**

स्वीकार, जेठी, क्रीडा, पत्नी, भैँसी, बुहारी, काकी, शूल, दिदी, भीषण, कुमारी, चीर, गाई, निर्जीव, पोथी, केटी, जोई, वीणा, कान्छी, माइली,सरलीकरण, कीर्ति, सानी, जीर्ण, दीर्घ, केन्द्रीकरण, भान्जी, आइमाई, शीघ्र, ईश, रीति, भीष्म, नानी, भीम, तीव्र, छोरी, ईश्वर, मीन, अङ्गीकृत, क्षीण, पीयूष, वीर, शीर्षक, शीत, स्वीकृति, कीर्तन, एकीकरण, समीकरण, एकीकृत, अङ्गीकार, बहिनी,साली, चरी, दीन, पाठी, दीप

| सुरुमा दीर्घ ईकार भएका शब्द | बिचमा दीर्घ ईकार भएका शब्द | अन्तिममा दीर्घ ईकार भएका शब्द |
|---|---|---|
| | | |

**(घ) दिइएको अनुच्छेद पढी शब्दका सुरु, बिच र अन्तिममा दीर्घ ऊकार लागेका शब्द पहिचान गरी टिपोट गर्नुहोस् :**

सूर्यबाट उज्यालो र तातो मात्र होइन ऊर्जा पनि पाइँदो रहेछ। सौर्य ऊर्जाले वातावरण अनुकूल बन्दो रहेछ। पूजा, भूमिका र अपूर्व यस्तै विषयमा कुराकानी गर्दै हिँडिरहेका थिए। उनीहरू मन्दिर परिसरमा पुगे। त्यहाँ समूहमा बसेर भक्तजन अपूर्व आनन्दका साथ कीर्तन गाइरहेका थिए। एक जना साधुबाबा हातमा त्रिशूल लिएर नाचिरहेका थिए। भाउजू, माइजू र फुपूहरू पनि त्यहीँ आइपुग्नुभयो।

| सुरुमा दीर्घ ऊकार भएका शब्द | बिचमा दीर्घ ऊकार भएका शब्द | अन्तिममा दीर्घ ऊकार भएका शब्द |
|---|---|---|
| | | |

**(ङ) दिइएको शब्दलाई शुद्ध पारी लेख्नुहोस् :**

कसीलो, ईन्जिनियर, गरीब, ईच्छा, पीरो, सहीद, अफीस, घीउ, पर्सी, पछाडी, परीभाषा, अभीभावक, कवी, कृषी, वृद्धी, मिती, निति, पण्डीत

**(च) दिइएको अनुच्छेद शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

अदिति सूकुल बून्दै थिइन्। ऊनका हजूरबुबा लरूलुरु आउनूभयो। नातिनीको सिप टुलुटुलू हेर्नुभयो। ऊहाँ मुसूक्क हाँस्नूभयो। आफ्नी सिकारू नातिनीले घरेलू काममा जाँगर चलाएको देखेर खूसी हुनुभयो। त्यसपछि गाईभैँसीलाई कूँडो दिन जानुभयो।

## २. क्रियाकलाप

साथी समूहमा बसेर सुरुका शब्द पढ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

ह्रस्वदीर्घको प्रयोग

## ४. सिकाइ उपलब्धि

वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) ह्रस्व वा दीर्घ लेख्ने कुनै नियम हुन्छन् कि हुँदैनन् ?

(ख) ह्रस्व वा दीर्घ लेखाइमा त्रुटि भएमा के हुन्छ ?

(ग) शुद्ध लेख्न के गर्नुपर्छ ?

(घ) यस कार्डमा प्रयोग भएका सबै शब्द शुद्धसँग लेख्न सक्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई ह्रस्व र दीर्घ लेखिने शब्दको अभ्यास गराउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् र ह्रस्व र दीर्घ प्रयोग भएका शब्द सङ्कलन गरी तिनको प्रयोग गरेर वाक्य र अनुच्छेद लेख्न लगाउनुहोस् । व्याकरणका पुस्तकबाट ह्रस्व र दीर्घ लेखिने नियम तपाईँले थाहा पाउनुहोस् र तिनको अभ्यास सिकारुलाई गराउनुहोस् तर नियम चाहिँ नसिकाउनुहोस् ।

| N | | पञ्चम वर्ण चिनेर : शुद्ध लेखौं मिलेर (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६८<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (१) पढ्नुहोस्, बुझ्नुहोस् र लेख्नुहोस् :

पञ्चम वर्ण (ङ्, ञ्, ण्, न्, म्)

(क) 'क, ख, ग, घ' को सम्पर्कमा 'ङ' लेखिन्छ : लय, शङ्ख, सङ्गत, सङ्घ आदि

(ख) 'च, छ, ज, झ' को सम्पर्कमा 'ञ' लेखिन्छ : सञ्चय, सञ्जय, सञ्चय आदि

(ग) 'ट, ठ, ड, ढ' को सम्पर्कमा 'ण' लेखिन्छ : घण्टा, कण्ठ, खण्ड, दण्ड, मण्डल आदि

(घ) 'त, थ, द, ध, न' को सम्पर्कमा 'न' लेखिन्छ : सन्त, ग्रन्थ, बन्द, अन्ध, उन्नयन आदि

(ङ) 'प, फ, ब, भ, म' को सम्पर्कमा 'म' लेखिन्छ : पम्फा, अम्बा, दम्भ, सम्मान आदि

### (२) तल दिइएका शब्द उच्चारण गर्नुहोस् र त्यस्तै अन्य दशओटा पञ्चम वर्ण प्रयोग भएका शब्द लेख्नुहोस् :

पञ्चामृत, सङ्ग्रह, सम्भावना, सञ्चयकोष, चिरञ्जीवी, पञ्चामृत, झन्डा, घण्टा, घन्टी, पङ्खा, वन्यजन्तु, पाण्डव, ताण्डव

पञ्चम वर्ण भनेका व्यञ्जन वर्णका प्रत्येक वर्गका पाँचौं वर्ण हुन् । क वर्गको पञ्चम वर्ण ङ हो । ङ, ञ, ण, न, म पञ्चम वर्ण हुन् ।

### (३) शुद्ध शब्द छानेर लेख्नुहोस् :

(क) (अ) अनुसासन (आ) अनुशासन (इ) अनुसाशन (ई) अनुशाषन

(ख) (अ) पञ्चामृत (आ) पन्चामृत (इ) पंचामृत (ई) पण्चामृत

### (४) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :

मेरी फूपूले भन्नुभयो 'हामीले सधैँ दिनदुःखीको सेवागर्न अग्रसर हुनुपर्छ ।'

## २. क्रियाकलाप

साथी समूहमा बसेर सुरुका शब्द पढ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

पञ्चम वर्णको प्रयोग

## ४. सिकाइ उपलब्धि

वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) पञ्चम वर्ण भन्नाले के बुझ्नुभयो ?

(ख) कस्ता ठाउँमा पञ्चम वर्णको प्रयोग हुन्छ ?

(ग) तत्सम, तद्भव र नेपाली शब्दमध्ये कुनमा पञ्चम वर्णको प्रयोग हुन्छ ?

(घ) यस कार्डमा प्रयोग भएका सबै शब्द शुद्धसँग लेख्न सक्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई पञ्चम वर्णको अभ्यास गराउन खोजिएको छ। यसका लागि कार्डको अभ्यास गराउनुहोस् र पञ्चम वर्ण प्रयोग भएका शब्द सङ्कलन गरी तिनको प्रयोग गरी वाक्य र अनुच्छेद लेख्न लगाउनुहोस् । व्याकरणका पुस्तकबाट पञ्चम वर्णका नियम तपाईँले थाहा पाउनुहोस् र तिनको अभ्यास सिकारुलाई गराउनुहोस् तर नियम चाहिँ नसिकाउनुहोस् ।

| N | | नाम, सर्वनाम, विशेषण, क्रिया (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ६९ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तलको अनुच्छेद पढ्नुहोस् र उत्तर दिनुहोस् :

रमेश, महेश र मिरा वनभोज गए । उनीहरूले बाटामा भक्तपुर, बनेपा र धुलिखेल हेरे । धुलिखेलमा सुन, चाँदी र पित्तलका गहना र मूर्ति पाइँदा रहेछन् । बाटामा हामीले गाई भैँसीका हुल, कुकुरका बथान र बाख्रा पनि देख्यौँ । यसरी अवलोकन गरेर पढाइ, लेखाइ गर्दा त राम्ररी बुझिने रहेछ ।

**प्रश्न**

(क) माथिको अनुच्छेदबाट व्यक्ति, ठाउँ, द्रव्य र प्राणी बुझाउने नाम लेख्नुहोस् ।

(ख) माथिको अनुच्छेदबाट समूह र भाव बुझाउने शब्द टिप्नुहोस् ।

व्यक्ति, स्थान, वस्तु, प्राणी, समूह, भाव आदि बुझाउने शब्द नाम हुन् । वाक्यमा नाम 'को' र 'के' प्रश्नको उत्तरमा आउँछन् ।

### (आ) तल दिइएको अनुच्छेद पढी सर्वनाम शब्द पहिचान गरी लेख्नुहोस् :

विद्यालयबाट एकदिन उनीहरू वनभोज गए । वनभोज जाने स्थान तनहुँको आँधी मुल थियो । वनभोजमा चाहिने सामग्री आफू आफू किन्ने सल्लाह भयो । मैले यो किनेँ, तँ यो किन्, तिमी यो किन भनेर किन्ने भन्दै मैले सामग्रीको सूची तयार गरेँ । कसकसले के के किने भनेर रुजु गर्ने काम जानकी मिसले गर्नुभयो । उहाँको यो बानी सबैलाई मन पर्‍यो । जो जोले जे जे किने त्यो सबै स्थानीय उत्पादन थियो । यसपछि बल्ल हामी गन्तव्यतिर लाग्यौँ । सबै मिलेर पकायौँ । नाचगान भयो । बेलुका साँझ पाँच बजे सबै घर फर्क्यौँ ।

नामका सट्टामा प्रयोग हुने पदलाई सर्वनाम भनिन्छ ।

### (इ) दिइएको अनुच्छेद पढ्नुहोस् र तालिका भर्नुहोस् :

इन्द्रमायाले रातो साडी लाइन् । उर्मिलाले कालो कुर्ता लाइन् । हरिकला निलो सर्ट र रातो पाइन्टमा चिटिक्क परिन् । उनीहरू नजिकैको पार्कमा गए । पार्कमा साना कुर्सी थिए । टेबल चाहिँ ठुला ठुला थिए । उनीहरू छेउका थेप्चा ढुङ्गामा बसेर गफ गर्न थाले । केही बेरमा बदाम र सुन्तला बेच्ने मानिस आए । बदाम बाङ्गाटिङ्गा थिए । सुन्तला गोला थिए । उनीहरूले अलिकति पहिलो मानिसले ल्याएका बदाम र दोस्रो मानिसले ल्याएको एक केजी सुन्तला किने र गफ गर्दै खाए । आज सुनिताका घरमा बिहेको ठुलो भोज थियो । उनीहरू रमाउँदै भोजतिर लागे ।

| आधार | अनुच्छेदमा भएका | मैले थपेका |
|---|---|---|
| कस्तोको उत्तरमा आउने शब्द | | |
| कत्रोको उत्तरमा आउने शब्द | | |
| कतिको उत्तरमा आउने शब्द | | |
| कुनको उत्तरमा आउने शब्द | | |

नाम वा सर्वनामको विशेषता बताउने शब्दलाई विशेषण भनिन्छ ।

### (ई) दिइएको अनुच्छेद पढेर समापक र असमापक क्रिया पहिचान गर्नुहोस् :

घरमा किताब राख्ने दराज छ । दराजमा पढ्ने पुस्तक छन् । पुस्तकमा मलाई मन पर्ने पुस्तक छन् । म पुस्तक पढेदा मुख्य कुरा लेख्छु । लेख्दै पढ्दा राम्ररी बुझिन्छ ।

क्रियाले वाक्यको अर्थ बुझाउँछ । वाक्यलाई टुङ्ग्याउन सक्ने पद समापक र नसक्ने पद असमापक हुन् ।

### (उ) तलका रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :

(क) तिम्रो घरअगाडि आँपको रुख छ तर त्यसमा फल लाग्दैन रे ।

(ख) स्याबास ! सबै जनाले असाध्यै राम्रो काम गऱ्यौ अनि इज्जत राख्यौ ।

(ग) आजका साना बालबालिका भोलिका कर्णधार हुन् । हामी उनीहरूप्रति जिम्मेवार बन्नुपर्छ है ।

(घ) नेपाल विभिन्न धर्म, संस्कृति र परम्परा भएको सुन्दर राष्ट्र हो । हामी यहाँको विविधतासँग परिचित छौँ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दवर्ग पहिचान

## ४. सिकाइ उपलब्धि

भाषिक संरचना पक्षको बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) पदवर्ग भनेको के हो ?

(ख) नाम र सर्वनाममा के फरक छ ?

(ग) विशेषणले के काम गर्छ ?

(घ) यस कार्डमा भएको कार्यकलाप (उ) समाधान गर्न सक्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई नाम, सर्वनाम, विशेषण र क्रियाको पहिचान गरी पदवर्ग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् र नाम, सर्वनाम, विशेषण र क्रियाको प्रयोग भएका वाक्य र अनुच्छेद दिई केही शब्द रेखाङ्कन गरेर तिनको पदवर्ग पहिचान गर्न लगाउनुहोस् । व्याकरणका पुस्तकबाट नाम, सर्वनाम, विशेषण र क्रियाको सैद्धान्तिक अवधारणा तपाईँले थाहा पाउनुहोस् र सिकारुलाई नियम नसिकाई तिनको कार्यमूलक अभ्यास गराउनुहोस् ।

| N | | नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक, निपात (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७० तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तलको अनुच्छेदबाट पाँच पाँचओटा नामयोगी र क्रियायोगी पद टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

साधना सजनासित बजार गइन् । उनी फटाफट हिँड्न सक्दिनन् । परार बिरामी परेदेखि उनी ज्यादै कमजोर भएकी छन् । उनले बिहान खाना निकै खाएकी थिइन् । खोई किन हो कुन्नि ? आज उनलाई चाँडै भोक लाग्यो । उनले सजनासँग आफू भोकाएको कुरा गरिन् । सजनाले उनलाई घरबाहिरका खानेकुरा नखान सल्लाह दिए । उनले साधनालाई फलफूल पसलबाहिर बस्न लगाए । आफू पसलभित्र  गए । सफा पानीले फलफूल पखालेर काट्न लगाए । त्यसपछि दिदीबहिनी फटाफट रुखमुनि गए । फलफूल असाध्यै रसिलो रहेछ । उनीहरूले अति मिठो मानेर फलफूल खाए ।

नामिक पदसँग जोडिने पदलाई नामयोगी र क्रियाको विशेषता बुझाउने पदलाई क्रियायोगी भनिन्छ ।

### (आ) दिइएको अनुच्छेदबाट संयोजक, विस्मयादिबोधक र निपात पहिचान गरी तालिकामा भर्नुहोस् :

विद्यालय बिदा भएको दिन निता र मधु जङ्गलमा  घाँस काट्न जाँदै थिए  । बाटाका एक्कासी ठुलो आवाज आयो  ।  मधुले भनी "ओहो ! म त झस्कैँ ।"पर जङ्गलमा गोठालो गएका गोठाल्नीहरूले विरहका गीत गाएको सुने । उनीहरू आफ्नै तालमा कुरा गर्दै थिए । फेरि पछाडि मानिस हिँडेजस्तो  आवाज आयो । निताले फर्केर हेरी ! आम्मै काकी तिमीहरू पो नबोलाई आयौ । मलाई पनि जङ्गल आउनु थियो, तिमीहरूलाई देखेर निस्किहालेँ  । जङ्गल बढेर घना भयो । एक्लै जङ्गल आउन सकिँदैन त्यसैले  साथी देख्नासाथ कुद्नुपर्छ । हिजो रामेकी आमा  र म कटुस टिप्न भनेर यसो ढुङ्गामाथि के बसेका थियौँ भालु झुम्लुङ्ग हाम फाल्यो । हामी त डरले चुपचाप भयौँ ।

| संयोजक | विस्मयादिबोधक | निपात |
|---|---|---|
| | | |

शब्द, पदावली र वाक्यलाई जोड्ने पदलाई संयोजक भनिन्छ । मानवीय भावना बुझाउने पदलाई विस्मयादिबोधक भनिन्छ । आफ्नो अर्थ नभएका तर वाक्यमा मिठास थप्ने पदलाई निपात भनिन्छ ।

### (इ) तल दिइएका शब्द कुन कुन वर्गमा पर्छन्, पहिचान गरी लेख्नुहोस् :

त्यसरी, भने, तर, पर्यन्त, हस्याङफस्याङ, कटक्क, धत्, नदी, प्रकृति, दयालु, दया, नेपाल, सुन्दर,  बेसरी, सँग, सित, अनुसार, पनि, अनि, जसरी, ओहो, है, आत्था, क्यारे, ब्यारे, मुसुमुसु, उनी, हाम्रो, तिम्रो, आफ्नो, रमणीय, हिमाली, पहाड, मुक्तिक्षेत्र, भएर, निकै, राम्ररी, ल, उसलाई, पढ्छु, जाने छ, लेख्दै थियो ।

### (ई) रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :

(क) सामान्य भेटघाटका लागि जम्मा भएका हामी निकै महत्त्वपूर्ण छलफलमा <u>पो</u> प्रवेश गर्‍यौँ <u>त</u> !

(ख) मानसपटलमा यात्राको स्मरण <u>र</u> मनमा ऊर्जा भरेर म <u>चाहिँ</u> सुत्ने तरखरमा लागेँ ।

(ग) उनी वादविवाद प्रतियोगितामा सहभागी भए <u>अनि</u> प्रथम स्थान  हासिल गरे ।

(घ) <u>ओहो</u> ! दश बज्न लागिसक्यो । अब तिमीहरू सबै जना <u>सरासर</u> कक्षातिर जाओ है ।

(ङ) पौरखी किसानले मिहिनेत <u>गरेर</u> अन्न फलाउँछन् । उनीहरूले <u>मनग्गे</u> आम्दानी गर्छन् ।

(च) <u>आहा</u> ! कति स्वच्छ वातावरणमा कालिका माईको मन्दिर  छ । म त्यस मन्दिरमा <u>पहिलो</u> पटक पुगेँ ।  त्यहाँ मेरा धेरै साथी छन् । उनीहरूले मलाई  मन्दिर <u>र</u> गुम्बा घुमाए । मैले हिमालको अवलोकन <u>पनि</u> गर्न पाएँ ।  म पढाइ <u>र</u> भ्रमण दुवैमा रुचि राख्छु । हाम्रा बाआमा <u>पनि</u> किताबी ज्ञान <u>र</u> व्यावहारिक सिप दुवै भए <u>पो</u> तिमी जीवनमा सफल हुन्छौ <u>त</u>  भन्नुहुन्छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

शब्दवर्ग पहिचान

## ४. सिकाइ उपलब्धि

भाषिक संरचना पक्षको बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) पदवर्ग भनेको के हो ?

(ख) नामयोगी र क्रियायोगीमा के फरक छ ?

(ग) विस्मयादिबोधक र निपातले के के काम गर्छन् ?

(घ) यस कार्डमा भएको कार्यकलाप (ई) समाधान गर्न सक्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपातको पहिचान गरी पदवर्ग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् र नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात प्रयोग भएका वाक्य र अनुच्छेद दिई केही शब्द रेखाङ्कन गरेर तिनको पदवर्ग पहिचान गर्न लगाउनुहोस् । व्याकरणका पुस्तकबाट नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपातको सैद्धान्तिक अवधारणा तपाईँले थाहा पाउनुहोस् र सिकारुलाई नियम नसिकाई तिनको कार्यमूलक अभ्यास गराउनुहोस् ।

| N | | मैले त काल, पक्ष र भाव चिनेर प्रयोग गरेँ ! (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७१ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) दिइएको अनुच्छेद पढ्नुहोस् र गाढा अक्षरमा दिइएका शब्दबारे छलफल गर्नुहोस् :

हाम्रो बारीमा पहिले नै नासपातीका बोट **थिए** । मैले बारीमा दश बोट एभोकाडो **रोपेँ** । ती अहिले राम्ररी फल्छन् । लटरम्म फल देखेर गाउँले पनि **रमाउँछन्** । अर्को साल फल अझ राम्ररी **फल्ने छन्** । म अब व्यावसायिक फलफूल खेती **गर्ने छु** ।

*गाढा अक्षरमा दिइएका क्रियापदले बितेको समयलाई, अहिलेको समयलाई र पछिको समयलाई बुझाएका छन् । यी भूत काल, वर्तमान काल र भविष्यत् काल जनाउने क्रिया हुन् ।*

### (आ) दिइएको अनुच्छेद पढी कालका अपूर्ण पक्षका क्रियापद टिपोट गर्नुहोस् :

हिजो हामी नृत्य प्रतियोगिता गर्दै थियौँ । प्रतिस्पर्धा कडा हुँदै थियो । उमा त सबैलाई जुरुक जुरुक पार्दै थिइन् । आज पनि गायन प्रतियोगिता रोचक हुँदै छ । दर्शक ताली बजाएर हौसला प्रदान गर्दै छन् । हरि दाइ मादल बजाउँदै हुनुहुन्छ । बहिनी उफ्रँदै छिन् । भोलि प्रतियोगिता सकिने छ । नगरपालिकाका प्रमुख आउँदै हुनुहुने छ । हामी उहाँलाई स्वागत गर्दै हुने छौँ । विजयी सहभागीले पुरस्कार पाउँदै हुने छन् ।

### (इ) दिइएको अनुच्छेदबाट पूर्णपक्षका क्रियापद पहिचान गरी छलफल गर्नुहोस् :

हिजो गुरुआमाले हामीलाई व्याकरण पढाउनुभएको थियो । सामग्री प्रदशर्नमा मैले गुरुआमालाई सघाएकी थिएँ । साथीहरूले रामरोसँग पढेका छन् । जमुना व्याकरण पक्षमा ध्यान दिएकी छैनन् । व्याकरणले भाषालाई सघाएको हुने छ । हरेक दिन गुरुआमाले गृहकार्य दिनुभएको हुने छ ।

### (ई) दिइएको अनुच्छेद पढी अज्ञात र अभ्यस्त पक्षको क्रियापद पहिचान गरी लेख्नुहोस् :

हरेक वर्ष एक जना सारङ्गी बजाउने दाइ हाम्रो घरमा आउनुहुनथ्यो । मलाई सारङ्गीको धुन मन पर्थ्यो । म उहाँलाई घरमा भएका खानेकरा दिन्थेँ । लुगाफाटा माग्दा ती पनि दिन्थेँ । एक दिन सारङ्गी दाइले समाजमा घटेको घटनालाई गीतको माधयमबाट भन्नुभएछ । कताकताबाट हजुरबुबा टुप्लुक्क आइपुग्नुभएछ । हजुरबुबाका आँखा रसाएछन् । आमाले देख्नुभएछ । आमाले के भयो भनी सोध्नुभएछ तर हजुरबा बोल्नुभएनछ । तलका उदाहरण पढेर बुझ्नुहोस् । नबुझेमा सहनकर्तासँग छलफल गरेर बुझ्नुहोस् :

| भाव | उदाहरण | सङ्केत |
|---|---|---|
| सामान्यार्थ | म कथा लेख्छु । बहिनी बजार जान्छिन् । | सामान्य जानकारी दिइएको |
| आज्ञार्थ | तँ घरमा बस् । तिमी मामाघर जाऊ । | आग्रह गरिएको |
| इच्छार्थ | म रमाइला कथा पढूँ । हामी तरकारी टिप्न जाऔँ । | इच्छा व्यक्त गरिएको |
| सम्भावनार्थ | तैँले प्रगति गर्लास् । तपाईँ व्यवसाय सुरु गर्नुहोला । | सम्भावना व्यक्त गरिएको |
| सङ्केतार्थ | घाम लागे गर्मी हुन्थ्यो । बादल लागे पानी पर्थ्यो । | कार्य र कारण प्रस्तुत गरिएको |

### (उ) धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :

(क) उनीहरू काम आफैँ ...... । (सक् : सामान्य वर्तमान)

(ख) गुलसन क्रिकेट ....... । (खेल् : अपूर्ण भविष्यत्)

(ग) एलिनाले सगरमाथा आरोहण .... । (गर् : सम्भावनार्थ)

(घ) हामी देश निर्माणमा ......... । (जुट् : इच्छार्थ)

### (ऊ) धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :

(क) उसले झल्को ...... । (पढ् : पूर्ण भूत)

(ख) झापामा गर्मी ....... । (बढ् : अज्ञात भूत)

(ग) तिमी बहिनीलाई चिठी ......। (लेख्: आज्ञार्थ)

(घ) ऊ सरासर घर ...............। (जा : सामान्यार्थ)

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

कोटि पहिचान (काल, पक्ष, भाव)

## ४. सिकाइ उपलब्धि

भाषिक संरचना पक्षको बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) काल र पक्ष भनेको के हो ?

(ख) क्रियाका भाव कस्ता कस्ता हुन्छन् ?

(ग) सङ्केतार्थले केको सङ्केत गर्छ ?

(घ) यस कार्डमा भएको कार्यकलाप (उ) र (ऊ) समाधान गर्न सक्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई काल, पक्ष र भावको पहिचान तथा प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । क्रियाकलाप (उ) र (ऊ) जस्ता अन्य क्रियाकलाप दिई समाधान गर्न लगाउनुहोस् । व्याकरणका पुस्तकबाट काल, पक्ष र भावको सैद्धान्तिक अवधारणा तपाईँले थाहा पाउनुहोस् र सिकारुलाई नियम नसिकाई तिनको कार्यमूलक अभ्यास गराउनुहोस् ।

| N | | करण, अकरण, प्रेरणार्थ : बुझौँ यिनको अर्थ ! (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७२ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तल दिइएका वाक्य पढ्नुहोस् र भिन्नता बुझ्नुहोस् :

| करण | अकरण |
|---|---|
| (क) किसानहरू धान रोप्दै छन् । | किसानहरू धान रोप्दै छैनन् । |
| (ख) ऊ गीत गाउन सिपालु छ । | ऊ गीत गाउन सिपालु छैन । |
| (ग) उनीहरू बराहक्षेत्र घुम्न जालान् । | उनीहरू बराहक्षेत्र घुम्न नजालान् । |
| (घ) हामी इलामको चियाबगान पुग्यौँ । | हामी इलामको चियाबगान पुगेनौँ । |

### (आ) दिइएको अनुच्छेदबाट करण र अकरण वाक्य पहिचान गरी लेख्नुहोस् :

उनी काममा लागि रहन्छन् । अप्ठ्याराको समाधान गरिछाड्छन् । लक्ष्यसम्म पुग्नुपर्ने हिम्मतले उनलाई अगि बढ्ने प्रेरणा मिल्छ । उनले बाँच्ने तरिका सिकेका छन् । आँधीहुरी आए पनि हिमालले शिर निहुराउँदैन । नदीले बाटो बनाउन छोड्दैन । ढुङ्गाको कापमा बरपिपल उम्रिन्छ, रोप्नुपर्दैन । जरा हाल्न कसैले सिकाउँदैन । चरालाई उड्न र माछालाई पौडिन कसले सिकायो र । प्रकृतिका सबैले आफैँ बाँच्ने प्रयास गर्छन् । लगनशील व्यक्ति सफल हुने कुराबाट कहल्यै पछि हट्दैनन् ।

### (इ) दिइएका वाक्य पढ्नुहोस् र छलफल गर्नुहोस् :

| अप्रेरणार्थक वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| (क) भाइले मिठाई खायो । | (क) दाजुले भाइलाई मिठाई खुवाउनुभयो । |
| (ख) तिमी आइरन लगाउन सिक्छौ । | (ख) काका तिमीलाई आइरन लगाउन सिकाउनुहुन्छ । |
| (ग) भाउजू धारामा पानी भर्नुहुन्छ । | (ग) बुबा भाउजूलाई धारामा पानी भर्न लगाउनुहुन्छ । |
| (घ) बहिनीले चित्र बनाइन् । | (घ) शिक्षकले बहिनीलाई चित्र बनाउन लगाउनुभयो । |
| (ङ) आमाले साग रोप्नुभयो । | (ङ) बाले आमालाई साग रोप्न लगाउनुभयो । |

### (ई) कोष्ठकका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) हामीले गोसाइँकुण्डमा नुहायौँ । (अकरण)

(ख) साथीहरू इलाम गएनछन् । (करण)

(ग) म उनीहरूसँग तेह्रथुम जाँदै छु । (अकरण)

(घ) मजदुरहरू कन्याममा चिया टिप्दै थिए । (करण)

(ङ) तपाईँ कामप्रति लगनशील हुनुहुन्छ । (अकरण)

### (उ) कोष्ठकमा भनिएअनुसार परिवर्तन गर्नुहोस् :

(क) उसले फूल रोप्यो । (प्रेरणार्थक)

(ख) बालक राम्ररी हिँडेछ । (प्रेरणार्थक)

(ग) माइलाले काउली किन्यो । (प्रेरणार्थक)

(घ) दाजु उसलाई सिकाउनुहुन्छ । (अप्रेरणार्थक)

(ङ) गुरुले विद्यार्थीलाई पढाउनुहुन्छ । (अप्रेरणार्थक)

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

कोटि पहिचान (करण अकरण)

## ४. सिकाइ उपलब्धि

भाषिक संरचना पक्षको बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) करण र अकरण भनेको के हो ?

(ख) सबै वाक्यलाई अकरण बनाउन सकिन्छ कि सकिँदैन ?

(ग) प्रेरणार्थ भनेको के हो ?

(घ) यस कार्डमा भएको कार्यकलाप (ई) र (उ) समाधान गर्न सक्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई करण, अकरण र प्रेरणार्थको पहिचान तथा प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । क्रियाकलाप (ई) र (उ) जस्ता अन्य क्रियाकलाप दिई समाधान गर्न लगाउनुहोस् । व्याकरणका पुस्तकबाट करण, अकरण र प्रेरणार्थको सैद्धान्तिक अवधारणा तपाईँले थाहा पाउनुहोस् र सिकारुलाई नियम नसिकाई तिनको कार्यमूलक अभ्यास गराउनुहोस् ।

| N | | **वाक्य बुझियो : वाक्य लेखियो !** (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७३ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

# १. सिक्नुपर्ने विषयवस्तु

## (अ) तलका वाक्य पढेर बुझ्नुहोस् :

(क) उपकारी गुणी व्यक्ति निरन्तर निहुरिन्छ । - सरल वाक्य

(ख) जो उपकारी गुणी व्यक्ति छ त्यो निरन्तर निहुरिन्छ । - मिश्र वाक्य

(ग) ऊ उपकारी गुणी व्यक्ति हो र ऊ निरन्तर निहुरिन्छ । - संयुक्त वाक्य

एउटा उद्देश्य (कर्ता) र एउटा मात्र विधेय (समापिका क्रिया) भएको स्वतन्त्र अनि पूरा कुरा बुझाउने वाक्यलाई सरल वाक्य भनिन्छ । एउटा मुख्य उपवाक्य र एउटा अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेमा त्यसलाई मिश्र वाक्य भनिन्छ । दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्यहरूलाई निरपेक्ष संयोजकले जोडेमा त्यसलाई संयुक्त वाक्य भनिन्छ ।

## (आ) दिइएको अनुच्छेद पढी सरल, संयुक्त र मिश्र वाक्य टिपोट गरी सिकाइ कक्षामा छलफल गर्नुहोस् :

बुबा धान रोप्नुहुन्छ । उहाँ मकै रोप्नुहुन्छ । उहाँ फलफूल गोड्नुहुन्छ । बुबाले धान, मकै र फलफूल फिक्कल बजारमा बेच्नुहुन्छ । जब उहाँ पैसा लिएर आउनुहुन्छ तब हामीलाई वरिपरि राखेर केही पैसा दिनुहुन्छ । हिजो उहाँले बैङ्कले ब्याज बढाएको थाहा पाउनुभएछ अनि हामीलाई पनि बैङ्कमा पैसा राखेर ब्याज बढाउने कुरा सुनाउनुभयो । उहाँको यो जानकारी भने नौलो थिएन । हामी उहाँको आनीबानी जान्दथ्यौँ तर यस कुराका बारेमा हामीलाई जानकारी थिएन ।

## (इ) कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) उनले परीक्षा दिइन् अनि सफल भइन् । (सरल वाक्य)

(ख) किसान अन्न फलाउँछन् । किसान पैसा कमाउँछन् । (मिश्र वाक्य)

(ग) हिउँ पर्छ । हिमाल सेताम्मे देखिन्छ । (संयुक्त वाक्य)

(घ) जब हाम्रो गाउँमा बाटो पुग्यो तब गाउँले खुसी भए । (सरल वाक्य)

(ङ) आमा बजार जानुभएछ । आमाले फलफूल ल्याउनुभएछ । (संयुक्त वाक्य)

(च) आकाशमा बादल मडारियो । असिनापानी पऱ्यो । (मिश्र वाक्य)

## (ई) तल दिइएका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

(क) सूचीकारले धेरै परिश्रम गऱ्यो । सूचीकार सफल भयो ।

(ख) वनमा काफल पाक्यो । चराहरू रमाउन थाले ।

(ग) गाउँलेहरूले श्रमदान गरे । गाउँलेहरूले बाटो बनाए ।

(घ) अस्मिता आज मेलामा आइन् । अस्मिताले जादु हेरिन् ।

(ङ) पूर्वमा उज्यालो देखियो । कुखुराका भाले बास्न थाले ।

## (उ) तल दिइएका वाक्यलाई दुई भिन्न वाक्यमा विश्लेषण गर्नुहोस् :

(क) किसानले असारमा मिहिनेत गरे अनि मङ्सिरमा धेरै धान फलाए ।

(ख) रमाले कानुन पढिन् अनि उनी वकिल बनिन् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

कोटि पहिचान (वाक्य)

## ४. सिकाइ उपलब्धि

भाषिक संरचना पक्षको बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) वाक्य भनेको भनेको के हो ?

(ख) सरल, मिश्र र संयुक्त वाक्य कसरी चिन्न सकिन्छ ?

(ग) सरल वाक्यलाई मिश्र वाक्यमा कसरी परिवर्तन गर्न सकिन्छ ?

(घ) यस कार्डमा भएको कार्यकलाप गर्न सक्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई वाक्यको पहिचान तथा प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । कार्डमा दिइएका जस्ता अन्य क्रियाकलाप दिई समाधान गर्न लगाउनुहोस् । व्याकरणका पुस्तकबाट वाक्यको सैद्धान्तिक अवधारणा तपाईँले थाहा पाउनुहोस् र सिकारुलाई नियम नसिकाई तिनको कार्यमूलक अभ्यास गराउनुहोस् ।

| N | | वाच्य चिनियो: वाच्य परिवर्तन गरियो ! (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७४ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

# १. सिक्नुपर्ने विषयवस्तु

## (अ) तलको तालिकामा दिइएका वाक्य पढ्नुहोस् र भिन्नता बुझ्नुहोस् :

| कर्तृवाच्य | कर्मवाच्य | भाववाच्य |
|---|---|---|
| (क) भाइ काम गर्छ । | भाइबाट काम गरिन्छ । | X |
| (ख) बहिनी पार्लर जान्छे । | X | (बहिनीबाट) पार्लर गइन्छ । |
| (ग) गायकले गीत गाए । | गायकबाट गीत गाइयो । | X |
| (घ) बिरामी राम्ररी सुत्यो । | X | (बिरामीबाट) राम्ररी सुतियो । |
| (ङ) सानी पाठ पढ्ने छे । | सानीबाट पाठ पढिने छ । | X |
| (च) लासाङ घरमा बस्ने छे । | X | (लासाङबाट) घरमा बसिने छ । |

वाक्यमा कर्ता, कर्म र भावमध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक कोटिलाई वाच्य भनिन्छ । कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियाको रूप बदल्ने वाच्य कर्तृवाच्य हुन् । माथि पहिलो टेबलमा दिइएका वाक्य कर्तृवाच्य हुन् । वाक्यमा कर्मको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियाको रूप बदल्ने वाच्य कर्मवाच्य हुन् । माथि दोस्रो टेबलमा दिइएका वाक्य कर्म वाच्य हुन् । यसै गरी वाक्यमा क्रियाको भाव मुख्य मानी रूप बदल्ने वाच्य भाववाच्य हुन् । माथि तेस्रो टेबलमा दिइएका वाक्य भाव वाच्य हुन् । कर्मवाच्य सकर्मक र अकर्मक दुवै क्रियाबाट बन्छ । कर्मवाच्य सकर्मक क्रिाबाट मात्र बन्छ । भाववाच्य अकमृक क्रियाबाट मात्र बन्छ ।

## (आ) दिइएको अनुच्छेदमा कुन कुन वाच्य प्रयोग भएका छन् ? चिनेर लेख्नुहोस् :

हाम्रो विद्यालयले भलिबल प्रतियोगिता आयोजना गऱ्यो । मद्वारा उक्त प्रतियोगितामा सहभागिता जनाइयो । थुप्रै साथीले भाग लिएका थिए । उद्घोषकबाट नाम बोलाइयो । आफू त सरासर मञ्चमा गइयो । निर्धक्कसँग पुरस्कार थापियो । दर्शकले प्रशंसा गरे । सबैले ताली बजाए । तपाईँहरूद्वारा पनि राम्रो खेल प्रदर्शन गरियोस् ।

## (इ) कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :

(क) उनीहरू काम गर्छन् । (कर्मवाच्य)

(ख) सुरभीले स्याउ खाई । (कर्मवाच्य)

(ग) पासाङबाट हिमाल चढियो । (भाववाच्य)

(घ) तीर्थालुहरू पाथिभरा जाने छन् । (कर्तृवाच्य)

(ङ) धनियाँद्वारा भात खाइयो । (भाववाच्य)

(च) उनी लोक गीत गाउँदै छिन् । (कर्मवाच्य)

(छ) हजुरआमाले मिठाई दिनुभएको थियो । (कर्मवाच्य)

(ज) आज त दुई घण्टा निदाएछु । (भाववाच्य)

(झ) उपन्यास किनिन्छ र पालैपालो पढिन्छ । (कर्तृवाच्य)

(ञ) यो काम चाहिँ गरियोस् है । (कर्तृवाच्य)

(ट) म त खुब हाँस्छु । (भाववाच्य)

(ठ) ऊ मुसुमुसु हाँसी । (भाववाच्य)

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका बारेमा नबुझेका कुरा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

कोटि पहिचान (वाच्य)

## ४. सिकाइ उपलब्धि

भाषिक संरचना पक्षको बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) वाच्य भनेको भनेको के हो ?

(ख) कर्तृ, कर्म र भाव वाच्यमा कस्ता क्रियापद प्रयोग हुन्छन् ?

(ग) कस्तो वाक्य कर्तृवाच्यबाट कर्मवाच्यमा परिवर्तन हुन्छ ?

(घ) कस्तो वाक्य भाववाच्यबाट कर्तृवाच्यमा परिवर्तन हुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई वाच्यको पहिचान तथा प्रयोग सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । कार्डमा दिइएका जस्ता अन्य क्रियाकलाप दिई समाधान गर्न लगाउनुहोस् । व्याकरणका पुस्तकबाट वाच्यको सैद्धान्तिक अवधारणा तपाईँले थाहा पाउनुहोस् र सिकारुलाई नियम नसिकाई तिनको कार्यमूलक अभ्यास गराउनुहोस् ।

| N | | मैले त कोटिका आधारमा वर्णन गर्न जानें ! (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७५ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) काल र पक्ष ख्याल गरेर तलको वर्णन पढेर बुझ्नुहोस् :

**मेरो नेपाल**

यो देश एक दिन सम्पन्न हुने छ । नेपालीहरू सुखी हुने छन् । विदेश गएकाहरू घर फर्किने छन् । नेपालमा बस्नेहरू विकास निर्माणमा लाग्ने छन् । विदेशीहरू नेपाल आउन प्रयास गर्दै हुने छन् । नेपालका लागि भिसा खुला गरिने छ । अमेरिकी र युरोपेली नेपालका उद्योगमा कामदार बन्ने छन् । अस्ट्रेलियनहरू तराईका फाँटमा जोत्दै हुने छन् । अफ्रिकनहरू सोलुखुम्बुमा भेडा चराउँदै हुने छन् । संयुक्त राष्ट्रसङ्घको महासचिवमा हाम्रा पल्लाघरे दाइ छनोट भएका हुने छन् । विश्वमा अशान्ति अन्त्य गर्न नेपालले आदेश दिने छ । विश्वले नेपालबाट नेतृत्वको अपेक्षा गरेको हुने छ । हाम्रा बुद्ध विश्वका आदर्श बन्ने छन् । हाम्रो सगरमाथा सबैको एकमात्र गन्तव्य बनेको हुने छ । यस्तो देश बनाउन ऊ पनि लाग्ने छ, तिमी पनि लाग्ने छौ, म पनि लाग्ने छु र हामी सबै लाग्ने छौँ । त्यो दिन अब चाँडै आउने छ ।

### (ख) अर्थ वा भाव ख्याल गरेर तलको कथा पढ्नुहोस् :

**महँगा सामान**

एउटा घरमा पतिपत्नी बस्थे । उनीहरूको एउटा नोकर थियो । एक दिन त्यस घरमा भोज थियो । पतिले नोकरलाई बाहिर पठाउँदै भने, “ए हरिभक्त ! तँ एकछिन बजार जा र चाहिने सामान किनेर ले । केही आफैँ पका र केही अरूलाई पकाउन लगा । अनि तँ ढोकामा बस् । पाहुना आउँदा नमस्कार गर् र भित्र लिएर आइज ।” हरिभक्त बाहिर गयो अनि पतिले पत्नीलाई भने, “आज मेरा साथी आउँदै छन् । तिमी राम्रा लुगा लगाएर बस । सिँगारपटार गर तर त्योभन्दा अगाडि घरमा भएका यी महँगा महँगा सामान भित्र लगेर लुकाऊ । कुनै खाटमुनि हाल, कुनै दराजभित्र राख ।” पत्नीले छक्क पर्दै भनिन्, “तपाईँ चिन्ता नलिनुहोस्, ढुक्क भएर बस्नुहोस्, भोजको तयारी गर्नुहोस् तर पहिले भन्नुहोस्, यी महँगा सामान किन लुकाउनुपर्ने हो ? के तपाईँका साथी चोर हुन् र ?” पतिले गम्भीर हुँदै भने, “धेरै कुरा नगर, पहिले यी सबै सामान लुकाऊ न । अहिले साथी आइपुगे भने सबैले सामान चिन्छन् क्या !”

### (ग) अर्थ वा भाव ख्याल गरेर तलको कथा पढ्नुहोस् :

**परिश्रमको फल**

परिश्रम गरे सफल भइन्छ । यो कुरा कसैले बुझेका छैनन् । सबै जना कसैले यसै दिए खान्थेँ भन्दै अल्छी गरेर बसेका छन् । तिमीले बुझ्यौ भने अवश्य सफल हुन्छौ । गरे नहुने काम संसारमा के नै छ र ? यो कुरा सबैले बुझे राम्रो हुन्थ्यो । हिँडे पुगिन्छ, पढे सफल भइन्छ, अल्छी गरेर बसिरहे लक्ष्य हातमा पर्दैन । सिंहले पनि खोजे मात्र सिकार पाउँछ । सुतिरहे सिंहका मुखमा मृग आफैँ पर्दैन ।

(घ) पाँचओटा फरक फरक इच्छार्थ क्रियापदको प्रयोग गरी आफ्नो समुदाय बारेमा वर्णन गर्नुहोस् ।

(ङ) सामान्यार्थ, इच्छार्थ, आज्ञार्थ, सम्भावनार्थ र सङ्केतार्थ क्रियापद प्रयोग गरी एक अनुच्छेदमा आफ्नो साथीको वर्णन गर्नुहोस् ।

(च) उठेँ, धोएँ, खाएँ, गएँ, पढेँ, खेलेँ, फर्किएँ जस्ता भूत कालका क्रियापद प्रयोग गरी अनुच्छेद लेख्नुहोस् ।

(छ) दिइएका धातुका आधारमा अज्ञात भूत कालमा एक अनुच्छेद लेख्नुहोस् :

पुग्, गर्, बढाउ, सिकाउ, सक्, पाउ, भन्, जान्, चढ्, रमाउ

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । काल, पक्ष, भावका आधारमा वर्णन गर्दा कुनै समस्या आइपरेमा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

विषय वर्णन (काल, पक्ष, भावका आधारमा वर्णन)

## ४. सिकाइ उपलब्धि

भाषिक संरचना पक्षको बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) यस कार्डबाट के सिक्नुभयो ?

(ख) काल, पक्ष, भावका आधारमा वर्णन गर्दा के कुरामा ख्याल गर्नुपर्छ ?

(ग) यस कार्यकलापबाट तपाईँले के सिक्नुभयो ?

(घ) कोटिका आधारमा विषयवस्तुको वर्णन गर्दा कुन सिप विकास भयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई काल, पक्ष, भावका आधारमा विषयवस्तुको वर्णन सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । काल, पक्ष वा भाव सङ्केत गरेर कुनै विषयको स्वतन्त्र वर्णन गर्न लगाउनुहोस् । यसै गरी विभिन्न धातु दिएर तिनलाई निर्धारित काल, पक्ष, भावका आधारमा वर्णन गर्न लगाउनुहोस् । यस्तै धातु वा विषयवस्तु दिएर (जस्तैः साथी, आमा, खा आदि) वर्णन गर्न लगाउनुहोस् । सिकारुले गरेका वर्णन जाँचेर पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ स्वतन्त्र ढङ्गको विषयवस्तु वर्णन गर्ने प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | कारक र विभक्ति : नचिने भो गल्ती !<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७६<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) पढ्नुहोस्, बुझ्नुहोस् र छलफल गर्नुहोस् :

| क्र.स. | कारक | अर्थ वा कार्य | विभक्ति | विभक्ति चिह्न | उदाहरण |
|---|---|---|---|---|---|
| १ | कर्ता | काम गर्ने वाला | प्रथमा | ले, बाट, द्वारा | उसले चिया खायो । सरकारबाट चुनाव घोषणा भयो । |
| २ | कर्म | गरिने कार्य | द्वितीया | लाई | रमाले उमालाई बोलाई । |
| ३ | करण | काम गर्ने साधन | तृतीया | ले, बाट, द्वारा | हरेराम पीडाले मऱ्यो । |
| ४ | सम्प्रदान | दान/प्रदान | चतुर्थी | लाई | मैले उनलाई उपहार दिएँ । |
| ५. | अपादान | छुट्टिने बिन्दु | पञ्चमी | बाट, देखि | म पोखराबाट आएँ । भोलिदेखि परीक्षा हुन्छ । |
| ६. | × | × | षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी | मेरो साथी विदेश गयो । |
| ७. | अधिकरण | आधार | सप्तमी | मा | झोलामा पुस्तक छ । |

### (आ) रेखाङ्कित पदको कारक पहिचान गरी लेख्नुहोस् :

(क) बहिनी आँगनमा छमछम नाच्छे ।

(ख) भाइ चम्चाले खाना खान्छ ।

(ग) रमिला पोखराबाट दमौली आई ।

(घ) छानामा घिरौँला फलेको छ ।

(ङ) गाउँलेले पर्यटकलाई स्वागत गरे ।

### (इ) रेखाङ्कित शब्दको विभक्ति पहिचान गरी लेख्नुहोस् :

(क) निर्मलाले मिठो कविता लेखिन् ।

(ख) गुरुआमाले नेपाली व्याकरण रामलाई दिनुभयो ।

(ग) हजुरबाबाले कोदालीले खेत खन्नुभयो ।

(घ) मैले जोगीलाई भिक्षा दिएँ ।

(ङ) मिलनकी बहिनी असल छे ।

### (ई) तल दिइएका वाक्य पढ्नुहोस् र रेखाङ्कन गरिएका शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् :

(क) म विद्यालयमा खेल्छु ।

(ख) उसले गृहकार्य गरेको छ ।

(ग) दिदी बहिनीलाई पढाउनुहुन्छ ।

(घ) विद्यार्थीहरू कलमले लेख्छन् ।

(ङ) रुखबाट आँप झऱ्यो ।

### (उ) रेखाङ्कन गरिएका शब्दहरूको कारक र विभक्तिको नाम लेख्नुहोस् :

उनीहरू मैले अक्षर लेखेको हेरिरहन्थे । म खुट्टाले कलम समातेर लेख्थेँ । उनीहरूको विचारमा मलाई भगवान्ले लीला गर्न धरतीमा पठाएका थिए । डेरामा बस्नेहरूले पनि मेरो कुरा गरे । हाम्रो घरमा मलाई हेर्न भनेर धेरै मानिस आउन थाले ।

### (ऊ) ले, लाई, देखि, नो, बाट, रा, मा विभक्ति प्रयोग गरी 'मेरो काम' शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । कारक र विभक्तिको पहिचान गर्दा कुनै समस्या आइपरेमा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

कारक र विभक्ति

## ४. सिकाइ उपलब्धि

भाषिक संरचना पक्षको बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) कारक भनेको के हो ?

(ख) विभक्ति भनेको के हो ?

(ग) यस कार्यकलापबाट तपाईँले के सिक्नुभयो ?

(घ) तपाईँले कार्डबाट कारक र विभक्ति चिन्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई कारक र विभक्ति सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । कारक र विभक्ति सङ्केत गरेर कुनै विषयको स्वतन्त्र वर्णन गर्न लगाउनुहोस् । यसै गरी विभिन्न विभक्ति प्रयोग गरेर कुनै विषयको वर्णन गर्न लगाउनुहोस् । सिकारुले गरेका वर्णन जाँचेर पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ सबै कारक र विभक्ति प्रयोग गरेर स्वतन्त्र ढङ्गको विषयवस्तु वर्णन गर्ने प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | **एउटा वाक्य पढेर अर्को बनाउँछु ।** (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७७ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) दिइएका वाक्य पढ्नुहोस्, भिन्नताबारे छलफल गर्नुहोस् र बुझ्नुहोस् :

| | | | |
|---|---|---|---|
| लिङ्ग | पुलिङ्ग | (क) केटो गायनमा प्रथम भयो । | (ख) उनले चलचित्र हेरेका छन् । |
| | स्त्रीलिङ्ग | (क) केटी गायनमा प्रथम भई । | (ख) उनले चलचित्र हेरेकी छन् । |
| वचन | एकवचन | (क) मैले चेस खेल जितेँ । | (ख) चराले रुखमा गुँड बनायो । |
| | बहुवचन | (क) हामीले चेस खेल जित्यौँ । | (ख) चराहरूले रुखमा गुँड बनाए । |
| पुरुष | प्रथम पुरुष | (क) म ज्येष्ठ नागरिकलाई सहयोग गर्छु । | |
| | द्वितीय पुरुष | (ख) तँ ज्येष्ठ नागरिकलाई सहयोग गर् । | |
| | तृतीय पुरुष | (ग) ऊ ज्येष्ठ नागरिकलाई सहयोग गर्छ । | |
| आदर | सामान्य आदर | (क) ऊ सरसफाइ गर्छ । | |
| | मध्यम आदर | (ख) उनी सरसफाइ गर्छन् । | |
| | उच्च आदर | (ग) उहाँ सरसफाइ गर्नुहुन्छ । | |
| ध्रुवीयता | करण | (क) हाम्रो विद्यालयनजिकै स्वास्थ्य चौकी छ । | |
| | अकरण | (ख) हाम्रो विद्यालयनजिकै स्वास्थ्य चौकी छैन । | |
| प्रेरणार्थकता | अप्रेरणार्थ | (क) आमाले फलफूलका बिरुवा रोप्नुभयो । | |
| | प्रेरणार्थ | (ख) दिदीले आमालाई फलफूलका बिरुवा रोप्न लगाउनुभयो । | |
| वाच्य | कर्तृवाच्य | (क) उनी लोक गीत गाउँदै छिन् । आज त दुई घण्टा निदाएछु । | |
| | कर्मवाच्य | (ख) उनीद्वारा लोक गीत गाइँदै छ । | |
| | भाववाच्य | (ग) आज त दुई घण्टा निदाइएछ । | |
| वाक्य | सरल | (क) किसान अन्न फलाएर पैसा कमाउँछन् । | |
| | मिश्र | (ख) जब किसान अन्न फलाउँछन् तब पैसा कमाउँछन् । | |
| | संयुक्त | (ग) किसान अन्न फलाउँछन् र पैसा कमाउँछन् । | |

### (आ) दिइएका वाक्यलाई कोष्ठकका निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :

(क) तिमी मलाई सहयोग गर्छौ । (तृतीय पुरुष)
(ख) म सबैलाई सम्मान गर्छु । (द्वितीय पुरुष)
(ग) उसले जित्ने छ । (प्रथम पुरुष)
(घ) उल, पुस्तक पढ्छ । (मध्यम आदर)
(ङ) तिमी किन गम्भीर छ्यौ ? (सामान्य आदर)
(च) पूजा प्रतियोगितामा प्रथम भइन् । (उच्च आदर)
(छ) घरमा खानाको अभाव छैन । (करण)
(ज) उनले अचार बनाइछन् । (अकरण)

(झ) उसले फूल रोप्यो । (प्रेरणार्थक)
(ञ) बालक राम्ररी हिँडेछ । (प्रेरणार्थक)
(ट) हजुरआमाले मिठाई दिनुभयो । (कर्मवाच्य)
(ठ) उपन्यास किनिन्छ र पढिन्छ । (कर्तृवाच्य)
(ड) म त खुब हाँस्छु । (भाववाच्य)
(ढ) उनले परीक्षा दिइन् र सफल भइन् । (सरल वाक्य)
(ण) हिउँ पर्छ । हिमाल सेताम्मे देखिन्छ । (संयुक्त वाक्य)
(त) आकाशमा बादल मडारियो । पानी पऱ्यो । (मिश्र वाक्य)

#### (इ) दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) उसले काम गरेको थियो । लगाउँछु (प्रथम पुरुष)
(ख) म विद्यालयको पोसाक लगाउँछु र विद्यालय जान्छु । (सरल वाक्य)
(ग) भाइ सधैँ आफ्नो काम आफैँ गर्छ । (अकरण)

#### (ई) दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) हामीले फूल राप्यौँ । (एक वचन)
(ख) म काफल टिप्छु । (प्रेरणार्थ)
(ग) हरि मरिमरी हाँस्यो । (कर्तृवाच्य)

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । सङ्केतका आधारमा वाक्य परिवर्तन गर्दा कुनै समस्या आइपरेमा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

वाक्य परिवर्तन

## ४. सिकाइ उपलब्धि

भाषिक संरचना पक्षको बोध गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) वाक्य परिवर्तन भनेको के हो ?

(ख) वाक्य परिवर्तन कसरी गर्नुपर्छ ?

(ग) यस कार्यकलापबाट तपाईँले के सिक्नुभयो ?

(घ) तपाईँले कार्डका सबै समस्या समाधान गर्नुभयो ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई वाक्य परिवर्तन सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । यस्ता अन्य वाक्य दिएर निर्देशनअनुसार परिवर्तन गर्न लगाउनुहोस् । सिकारुले गरेका वर्णन जाँचेर पृष्ठपोषण दिनुहोस् ।

| N | | बुँदा टिपोट र सारांश (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७८ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :

नियमानुसार योग र ध्यान गर्दा शरीरको चञ्चलता घटी उत्साह र आत्मविश्वास बढ्छ। यसले शरीर सञ्चालन क्रिया र श्वासप्रश्वासलाई ठिक राखी हामीलाई दीर्घजीवी बनाउँछ। एकाग्र मन, नियमित ऊर्जा प्राप्ति र शान्तिका कारण शरीरमा रोग कम भई हामी निरागी बन्छौँ । नियमित योगासन र प्राणायामले रगतको बाक्लोपना घटाई मुटुको घड्कन सामान्य हुन्छ। मांसपेशी तन्दुरुस्त भई मस्तिष्कको क्षमता र प्रतिरक्षा प्रणाली सक्रिय रहने हुँदा प्रतिकूल अवस्थामा पनि सहज रूपमा जीवनयापन गर्न सकिन्छ। यसले कुलत र कुसङ्गत हटाई सात्विक जीवनतर्फ अभिप्रेरित गर्छ। यसले खानपान, दैनिकी र सोचमा परिवर्तन ल्याई स्वास्थ्यप्रतिको आत्मविश्वास बढाउँछ। यसबाट शारीरिक र मानसिक स्वास्थ्यमा सुधार आउँछ।

**बुँदा**

(क) योग र ध्यानले आत्मविश्वास बढाई शरीर सञ्चालन क्रिया र श्वासप्रश्वासलाई ठिक राखेर दीर्घजीवी बनाउने

(ख) योगासन र प्राणायामले मुटुको घड्कन सामान्य बनाएर एकाग्रता, ऊर्जा, शान्ति र निरोगिता प्रदान गर्ने

(ग) तन्दुरुस्ती, मस्तिष्कको क्षमता वृद्धि, प्रतिरक्षा प्रणालीको सक्रियताबाट कुलत हटी जीवनयापन सहज हुने

(घ) खानपान, दैनिकी र सोचमा परिवर्तन भई शारीरिक र मानसिक स्वास्थ्यमा सुधार आउने

**योग ध्यानका फाइदा**

योग र ध्यानले शरीर सञ्चालन क्रिया र श्वासप्रश्वासलाई सामान्य बनाउँछ। योगबाट तन्दुरुस्ती, मस्तिष्कको क्षमता वृद्धि, प्रतिरक्षा प्रणालीको सक्रियता, सुसङ्गत, खानपान, दैनिकी र सोचमा परिवर्तन भई शारीरिक र मानसिक स्वास्थ्यमा सुधार आउँछ।

### (आ) दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :

मलाई आफ्ना अभिभावकप्रति असाध्यै श्रद्धा छ। म उहाँहरूको उपदेशलाई ध्यान दिएर सुन्छु र मनन पनि गर्छु। उहाँहरूले नै जन्मिनासाथ मेरो जन्मदर्ता गराउनुभएको थियो। बिस्तारै मेरो पढाइ लेखाइको प्रबन्ध मिलाउनुभएको थियो। उहाँहरूकै पहलमा १६ वर्ष पुगेपछि मेरो नागरिकता बनेको थियो। मैले नागरिकता पाउनु भनेको नेपालको राष्ट्रिय पहिचान धारण गर्नु थियो। आफूलाई असल नागरिकका रूपमा चिनाउनु थियो। सम्झिन्छु, नागरिकता पाएको क्षणमा मभित्र कत्ति धेरै राष्ट्रियताको भावना उर्लिएर आएको थियो। मैले खुसीका साथ गद्गद हुँदै नेपाली धर्तीलाई ढोगेको थिएँ। भनिन्छ, हरेक नागरिकले आफ्नो नागरिकता हातमा लिएपछि एक पटक प्यारो जन्मभूमिलाई प्रणाम गर्छ। देशप्रतिको आफ्नो कर्तव्य सम्झिन्छ र कहिल्यै पनि देशलाई बिर्सिँदैन।

### (इ) दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :

समाजसेवाको क्षेत्रमा योगदान गरेवापत मदर टेरेसा जत्तिकै सम्मानित हुने यो संसारमा अरू मानिस बिरलै पाइन्छन्। मानिसको जन्म र मृत्यु हुनु प्राकृतिक सत्य हो। जीवनको अवधि निश्चित छ। अनिश्चित जीवनमा निश्चित उद्देश्य लिई अमरत्व प्राप्त गर्ने र अरूको प्रेरणाको स्रोत बन्ने थोरै मात्र व्यक्ति हुन्छन्। त्यस्ता व्यक्तिमध्ये मदर टेरेसा एक थिइन्। 'जब म कुष्ठरोगीहरूको घाउ सफा गर्छु तब मलाई भगवान्‌लाई मलमपट्टी गरेको महसुस हुन्छ' भन्ने विचार मदर टेरेसाको थियो। उनी सबै प्राणीलाई दया र माया बाँड्दै हिँड्ने निस्वार्थ समाजसेवी थिइन्। महान् समाजसेवी मदर टेरेसाको निधन सन् १९९७ सेप्टेम्बर ५ तारिखका दिन ८७ वर्षको उमेरमा भारतको कलकत्तामा भयो।

कुनै लामो लेख वा भनाइको सार खिचेर टिप्नु बुँदा टिपोट हो। सारांश लेखन भनेको लामो रचनाका महत्त्वपूर्ण कुरालाई नछाडी छोटो बनाएर गरिने पुनर्लेखन हो।

## २. क्रियाकलाप

साथी समूहमा बसेर पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् । बुँदा टिपोट गर्ने र सारांश लेख्ने तरिकाबारेमा सहजकर्तालाई पनि सोध्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

बुँदाटिपोट र सारांश

## ४. सिकाइ उपलब्धि

विषयवस्तुको भाव विस्तार तथा विश्लेषण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) बुँदा टिपोट भनेको के हो ?

(ख) बुँदा टिपोट कसरी गरिन्छ ?

(ग) सारांश भनेको के हो ?

(घ) सारांश कसरी गरिन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई बुँदा टिपोट र सारांश सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । दिइएको अंशलाई राम्ररी भावबोध नभएसम्म पटक-पटक पढ्ने, मुख्यमुख्य कुरा रेखाङ्कन गर्ने र बुँदाका रूपमा टिप्ने, बुँदाको पुनः संशोधन र परिमार्जन गर्ने, बुँदालाई साफी गर्ने, सारांशका लागि खेस्रा लेखन र एकतिहाइमा साफी लेखन गरी शीर्षक दिने पक्षमा सचेत गराई अभ्यास गराउनुहोस् । सिकारुले गरेका वर्णन जाँचेर पृष्ठपोषण दिनुहोस् ।

| N | | मैले भावविस्तार गर्न सिकेँ ।<br>(पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ७९<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) भावविस्तार गर्नुहोस् :

**गौरा खुलोस् सुन्दर देउडामा**
**नेपाल हाँसोस् मिथिला कलामा ।**

प्रस्तुत अंश देवी नेपालको मातृभूमिको आवाज कविताबाट दिइएको हो । यसमा नेपालको प्राकृतिक सौन्दर्य र सहिष्णुताको वर्णन गरिएको छ । नेपाल सांस्कृतिक दृष्टिले धनी छ । नेपालका सबै क्षेत्रमा नेपाललाई चिनाउने संस्कृति, नाच, गीत र कला छन् । नेपालको पश्चिमी भेगमा मनाइने गौरा पर्वमा पुर्बेलीहरू रमाउँछन् । देउडा यहाँको चिनारी हो । गौरा पर्वमा देउडा नाच मिसिँदा हाम्रो गौरव चुलिएझैँ लाग्छ । गौरा र देउडा विशेषतः पशिच्म नेपालमा मनाइने संस्कृति भए पनि यी हामी सबैका गौरव हुन् । हामीले हाम्रा सबै विशेषतामा रमाउन सक्नुपर्छ । तराईको मिथिला कला र संस्कृति नेपाल चिनाउने अर्को विशेषता हो । यसले नेपाललाई नेपालबाहिर पनि चिनाएको छ । यो संस्कृति नेपालको पहिचान उच्च राख्ने हाम्रो विशेषता हो । हामीले नेपालको गौरव बढाउने हाम्रा संस्कृति र सम्पदाको संरक्षण गर्नुपर्छ । संस्कृतिको पालना हाम्रो मौलिकपना बचाइराख्ने आधार हो । यस कवितांशमा पनि गौरा, देउडा र मिथिला कलालाई उदाहरण बनाउँदै नेपालको सबै संस्कृति रक्षा गर्नुपर्ने सन्देश दिइएको छ ।

### (आ) भावविस्तार गर्नुहोस् :

**हिमाल जस्तो स्वाभिमान भएको**
**बुद्धको जस्तो विचार भएको**
**म एक वीर गोर्खाली हुँ**
**म स्वाभिमानी श्रमशील नेपाली हुँ ।**

प्रस्तुत अंश विक्रम पवन परियारद्वारा लिखित फर्क आफ्नै देश कविताबाट लिइएको हो । यसमा नेपाली जनताको आत्मगौरव, स्वाभिमान, इतिहास र पहिचानलाई प्रस्तुत गरिएको छ । कहिल्यै नझुक्ने, कठोर समयसँग नडराई उभिन सक्ने आत्मबल नेपालीको पहिचान हो । बुद्ध जन्माएको देशको सन्तान भएकाले नेपाली विचारपरक, नैतिक र उदार मनका धनी हुन्छन् । नेपालीसँग साहस, वीरता, बहादुरी र अदम्य जुझारुपन हुन्छ । नेपाली हार मान्दैनन्, राष्ट्रको रक्षा गर्छन् अनि सत्य र कर्तव्यमा जिउज्यान लगाउँछन् । नेपाली चरित्रको मूल आत्मालाई प्रत्यक्ष रूपमा व्यक्त गरेका छन् । मिहिनेत गर्ने, इमानदार, श्रमलाई सम्मान गर्ने र आफ्नै पहिचानमा गर्व गर्ने नेपाली स्वभावको हुन्छ । नेपालको प्रकृति र संस्कृति दुवैले नेपालीहरूमा अतुलनीय स्वाभिमान र उच्च मानवीय मूल्य भरिदिएका छन् । नेपालीहरू वीर, परिश्रमी, स्वाभिमानी, चरित्रवान् र देशभक्त हुन्छन् । यस पक्षलाई उजागर गर्दै सबै नेपालीलाई आफ्नै पहिचान, स्वाभिमान र मूल्य याद राख्न यस अंशले सन्देश दिइएको छ ।

### (इ) भाव विस्तार गर्नुहोस् :

(क) उम्रन्न बोट कसैले बिउ छेरर नगए
बन्दैन मुलुक दुईचार सपुत मरेर नगए

(ख) लाग्दछ मलाई रमाइलो मेरै पाखा पखेरो
हिमालचुली मन्तिर पानी भर्ने पँधेरो ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर माथिका कविताांशको भावविस्तार पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् र सहजकर्तालाई लेखाउनुहोस् । भावविस्तार गर्ने तरिका बारेमा सहजकर्तालाई पनि सोध्नुहोस् । अन्य कविताांशको पनि यसै गरी भावविस्तार गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

भावविस्तारः पद्य

## ४. सिकाइ उपलब्धि

विषयवस्तुको भाव विस्तार तथा विश्लेषण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) भावविस्तार भनेको के हो ?

(ख) कविताको भावविस्तार कसरी गरिन्छ ?

(ग) भावविस्तार गर्दा कुन सिप विकास हुन्छ ?

(घ) तपाईँ कविताांशको भावविस्तार गर्न सक्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई कविताांशको भाव विस्तार सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । दिइएको अंशलाई राम्ररी भावबोध नभएसम्म पटक-पटक पढ्ने, शब्दार्थ र वाक्यार्थबिचको सम्बन्ध बुझ्ने, लुकेको भाव खोज्ने सन्देश पहिल्याउने, जीवनसँग सम्बन्ध जोड्ने कुरामा ख्याल गरी समग्र भाव लेख्ने तथा शब्दको अर्थ ⟶ लुकेको अर्थ ⟶ भाव ⟶ सन्देश ⟶ सम्पूर्ण निष्कर्ष निकाल्ने पक्षमा सचेत गराई अभ्यास गराउनुहोस् । सिकारुले गरेका वर्णन जाँचेर पृष्ठपोषण दिनुहोस् ।

| N | | मैले भावविस्तार गर्न सिकेँ । (पढाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ८० तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) भावविस्तार गर्नुहोस् :

**विभिन्न प्राणघातक रोगबाट बच्नका लागि योगको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।**

यस वाक्यले मनुष्यको शारीरिक, मानसिक र आत्मिक स्वास्थ्यको संरक्षणमा योगले पुऱ्याउने योगदानलाई सङ्केत गरेको छ । प्राणघातक रोग भनेको शरीरलाई गम्भीर रूपले आक्रमण गर्ने, जीवन नै सङ्कटमा पार्ने रोग हुन् । यस्तो गम्भीर अवस्थाबाट जोगिन योग प्रभावकारी उपाय हो । योग केवल शारीरिक अभ्यास मात्र नभई मन, शरीर र सासको समन्वय हो । नियमित योग गर्नाले शरीरका मांसपेशी मजबुत हुन्छन्, पाचन प्रणाली सुधारिन्छ र शरीरमा लचकता बढ्छ । यसले रोग प्रतिरोधात्मक क्षमता बढाएर शरीरलाई रोगसँग लड्ने सामर्थ्य दिन्छ । योगले मनलाई शान्त बनाउने, तनाव कम गर्ने, सकारात्मक ऊर्जा बढाउने तथा अनावश्यक चिन्ता घटाउने कार्य गर्छ । तनाव र चिन्ता रोगको मूल कारण भएकाले योगले त्यसलाई रोक्ने काम गर्छ । योगले शारीरिक, मानसिक र भावनात्मक सबै पक्षलाई सन्तुलित बनाइदिने हुँदा व्यक्ति दीर्घायु, स्वस्थ र ऊर्जावान् बन्न सक्छ । योगलाई जीवनशैलीको हिस्सा बनाउँदा स्वस्थ सन्तुलित हुन्छ । यसमा स्वस्थ जीवन बाँच्नुको वास्तविक माध्यम योग हो भन्ने सन्देश दिइएको छ ।

### (आ) भावविस्तार गर्नुहोस् :

**विदेशी मुद्राका तुलनामा नेपाली मुद्राको अवमूल्यन हुनु नेपालको वैदेशिक व्यापार घाटाको प्रमुख कारण हो ।**

यो अंशले नेपालको आर्थिक प्रणालीमा देखिने समस्यालाई सङ्केत गरेको छ । नेपालले धेरै वस्तु विदेशबाट आयात गर्छ । नेपाली रुपियाँ कमजोर हुँदा सामान किन्न धेरै रुपियाँ तिर्नुपर्छ । नेपालले विदेशमा बेच्ने वस्तु सीमित हुँदा त्यसले मुद्राको अवमूल्यनले दिएको फाइदा सम्हाल्न सक्दैन । यसबाट आयात बढी र निर्यात कम हुने स्थिति निर्माण हुन्छ । मुद्राको अवमूल्यनले विदेशी सामान किन्नुपर्ने खर्च बढाउँछ । मुलुकको व्यापार सन्तुलन खराब बनाउँछ र अन्ततः वैदेशिक व्यापार घाटा बढाउँछ । विदेशसँगको व्यापारमा नेपालले कमाउनेभन्दा धेरै खर्च गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । यो आर्थिक दृष्टिले जटिल समस्या हो । रुपियाँको कमजोर मूल्य नै नेपालले विदेशसँगको व्यापारमा झेल्नुपरेको घाटाको मूल, गम्भीर र दीर्घकालीन कारण हो भन्ने सन्देश यस अंशमा दिइएको छ ।

### (इ) भाव विस्तार गर्नुहोस् :

(क) युवाको मिहिनेतबाट नै हाम्रो देश उन्नत बन्छ ।

(ख) त्यहाँका मानिसमा १३ पटक ती चुचुरा फन्को मारेपछि मानसरोवर कैलाश पुगेको विश्वास रहेछ ।

(ग) सगरमाथा आरोहण र जीवनयात्रा उस्तै हो ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर माथिका गद्यांशको भावविस्तार पढ्नुहोस् र बुझ्नुहोस् । त्यसपछि दिइएका कार्यकलाप गर्नुहोस् र सहजकर्तालाई लेखाउनुहोस् । भावविस्तार गर्ने तरिका बारेमा सहजकर्तालाई पनि सोध्नुहोस् । अन्य गद्यांशको पनि यसै गरी भावविस्तार गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

भावविस्तारः गद्य

## ४. सिकाइ उपलब्धि

विषयवस्तुको भाव विस्तार तथा विश्लेषण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) भावविस्तार भनेको के हो ?

(ख) गद्यांशको भावविस्तार कसरी गरिन्छ ?

(ग) भावविस्तार गर्दा कुन सिप विकास हुन्छ ?

(घ) तपाईँ गद्यांशको भावविस्तार गर्न सक्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई गद्यांशको भावविस्तार गर्न सिकाउन खोजिएको छ । यसका लागि कार्डको अभ्यास गराउनुहोस् । दिइएको अंशलाई राम्ररी भावबोध नभएसम्म पटक-पटक पढ्ने, शब्दार्थ र वाक्यार्थबिचको सम्बन्ध बुझ्ने, लुकेको भाव खोज्ने सन्देश पहिल्याउने, जीवनसँग सम्बन्ध जोड्ने कुरामा ख्याल गरी समग्र भाव लेख्ने तथा शब्दको अर्थ ⟶ लुकेको अर्थ ⟶ भाव ⟶ सन्देश ⟶ सम्पूर्ण निष्कर्ष निकाल्ने पक्षमा सचेत गराई अभ्यास गराउनुहोस् । सिकारुले गरेका वर्णन जाँचेर पृष्ठपोषण दिनुहोस् ।

| N | | मैले विषयवस्तुको विश्लेषण गर्न जानेँनि !<br>(लेखाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ८१<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तलको विषयवस्तु पढी त्यसको विश्लेषण गर्नुहोस् :

**हरेक १२ वर्षमा ठुलो पूजा र मेला लाग्ने से गुम्बा रातो रङले रङ्गाइएको थियो । यसको वरिपरि लुङतर हल्लिएर गुम्बा अत्यन्तै झल्झलाकार, भव्य र मनोरम देखिन्थ्यो । हरेक दुई दुई वर्षमा यहाँ लामा फेरिने नियम रहेछ । नेपालका नामी बौद्ध तीर्थस्थलका रूपमा से गुम्बा पनि रहेछ । मैले यहाँ पुग्दा दुःखपछि सुखको अपार र अद्भुत अनुभव गरेँ ।**

यो अंश से गुम्बासँग सम्बन्धित छ। यसमा मुख्यतः चार विषयवस्तु समेटिएका छन्। यसको विश्लेषण निम्नानुसार गरिएको छ :

(क) **ठाउँ र समयको विश्लेषण** : यस अंशमा नेपालको नामी बौद्ध तीर्थस्थल से गुम्बाको वर्णन गरिएको छ। धार्मिक र सांस्कृतिक महत्त्वको यस गुम्बामा हरेक १२ वर्षमा ठुलो पूजा गरिन्छ र मेला लाग्छ।

यहाँ हरेक दुई वर्षमा लामा फेरिने नियमे छ। यसले गुम्बाको व्यवस्थापन र धार्मिक जीवनको नियमिततालाई सङ्केत गरेको छ।

(ख) **दृश्य विश्लेषण** : रातो रङले रङ्ग्याइएको भन्ने विवरणले गुम्बाको सुन्दरता देखाउँछ। लुङतर हल्लिएर गुम्बा अत्यन्तै झल्झलाकार, भव्य र मनोरम देखिन्थ्यो भन्ने वाक्यले उज्यालो दृश्य र सुन्दर वातावरण जनाउँछ। यसले पाठकलाई गुम्बाको भव्यता, उज्यालो र रङ सांस्कृतिक रमणीयतासँग परिचित गराउँछ।

(ग) **धार्मिक र सांस्कृतिक विश्लेषण**: नेपालका नामी बौद्ध तीर्थस्थलका रूपमा से गुम्बा पनि रहेछ भन्ने वाक्यले यसका धार्मिक महत्त्व प्रस्ट पार्छ। यसले गुम्बा धार्मिक, सांस्कृतिक महत्त्वको र तीर्थस्थलको रूपमा परिचित रहेको बुझाउँछ।

(घ) **लेखकको अनुभवको विश्लेषण** : दुःखपछि सुखको अपार र अद्भुत अनुभव भन्ने वाक्यले लेखकको आन्तरिक अनुभूति व्यक्त गर्छ। लेखक गुम्बामा पुग्दा देखिएको व्यक्तिगत, आध्यात्मिक र भावनात्मक अनुभूतिले तीर्थस्थलको महत्त्व जनाउँछ।

(ङ) **सार विश्लेषण** : यस अंशको मुख्य विषयवस्तु से गुम्बाको धार्मिक, सांस्कृतिक र दृश्यात्मक महत्त्व, त्यहाँको परम्परा सुन्दरता र लेखकको आध्यात्मिक अनुभव हो।

### (आ) तलको अंशको विषयवस्तु विश्लेषण गर्नुहोस् :

सबैभन्दा पहिले हामीले विन्ध्यवासिनी मन्दिरमा पुगेर देवीको पूजाआराधना गर्‍यौँ। त्यहाँ एकछिन बसेर बिहानी पखको पोखराको सुन्दरतालाई नियाल्यौँ। त्यसपछि हामीले के.आई.सिंह पुलमा आएर सेती नदीको प्रवाहलाई नजिकैबाट हेर्‍यौँ। दुध जस्तै सेतो पानी सलल्ल बगेको देख्दा मेरो मन पनि त्यही पानीसँगै बग्न थाल्यो। त्यहाँबाट हामी पोखराका प्रसिद्ध गुफाहरूमध्ये पर्ने गुप्तेश्वर गुफामा गयौँ। आश्चर्यलाग्दो त्यस गुफाको बनोट देखेर अनि सेती नदीको आवाज सुनेर मन निकै हर्षित भयो।

(क) **स्थल र अनुभवको विश्लेषण** :

(ख) **धार्मिक सांस्कृतिक विश्लेषण** :

(ग) **प्राकृतिक सौन्दर्य र वातावरणको विश्लेषण** :

(घ) **अनुभूतिको विश्लेषण** :

(ङ) **सार विश्लेषण** :

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको विषयवस्तु र त्यसको विश्लेषण पढी छलफल गर्नुहोस् । पाठको विश्लेषण गर्दा केके कुरामा ख्याल गर्नुपर्ला ? पहिले समूहमा छलफल गर्नुहोस् र सहजकर्तासँग पनि छलफल गर्नुहोस् । यसपछि अर्को विषयवस्तुको विश्लेषण गरी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

विषयवस्तुको विश्लेषण

## ४. सिकाइ उपलब्धि

विषयवस्तुको भाव विस्तार तथा विश्लेषण गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) माथिको विषयवस्तु र विश्लेषणमा के फरक पाउनुभयो ?

(ख) विषयवस्तुको विश्लेषण कसरी गरिने रहेछ ?

(ग) तपाईँले विषयवस्तु पढ्दा र विश्लेषण पढ्दा बुझाइमा फरक भयो कि भए ?

(घ) अब अरू पाठको पनि विश्लेशण गर्न सक्नुहुन्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई विषयवस्तु पढी विश्लेषण गर्ने तरिका सिकाउन खोजिएको छ । यसमा विषयवस्तु विश्लेषणको नमुना दिइएको छ । यसलाई ख्याल गरी अन्य विषयवस्तुको पनि विश्लेषण गर्ने अभ्यास गराउनुहोस् । सिकारुले गरेको विश्लेषण जाँच गरी पृष्ठपोषण दिनुहोस् ।

| N | | चिठी आएन, चिठी आएन ! (लेखाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ८२ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) तलको चिठी पढ्नुहोस् र त्यसको उत्तर लेख्नुहोस् :

**घरेलु अचार बिक्री केन्द्र**
**सूर्योदय नगरपालिका ७, कोसी प्रदेश**

**मिति : २०८३/०३/१५**

**श्री व्यवस्थापकज्यू,**
**ताजा तरकारी उत्पादन केन्द्र,**
**बिर्तामोड नगरपालिका २, शनिश्चरे रोड**

**विषय : तरकारी तथा फलफूल उपलब्ध गराइदिने सम्बन्धमा**

उपर्युक्त सम्बन्धमा त्यस केन्द्रले स्थानीय तरकारी, फलफूल उत्पादन गरी बिक्रीवितरण गरिरहेको कुरा केन्द्रको परिचय पुस्तिकाबाट थाहा भयो । स्वस्थ र ताजा तरकारी उत्पादन गरी स्थानीय बजारको माग पूरा गर्ने तथा बालबालिकालगायतको पौष्टिक स्तर सुधार गर्ने उद्देश्यसहित स्थापित केन्द्रको प्रगतिका लागि शुभकामना छ । हामीले तरकारी तथा फलफूलमा आधारित अचार र जुस बनाउने व्यवसाय सञ्चालन गरेका छौँ । हामीलाई स्थानीय क्षेत्रबाट कच्चा पदार्थका रूपमा फलफूल र तरकारी चाहिएको छ । यसका लागि हामी यस केन्द्रसँग सहकार्य गरी नियमित तरकारी तथा फलफूल आपूर्ति हुने व्यवस्था मिलाउन चाहन्छौँ । तसर्थ यस केन्द्रका लागि तपसिलमा उल्लिखित तरकारी तथा पठाइदिनुहुन अनुरोध छ । यसका लागि हाल इसेवामार्फत् केन्द्रको नाममा रु पाँच हजार पठाएका छौँ । बाँकी सामान पाएपछि पठाउने र सहकार्यलाई नियमित बनाउने प्रतिबद्धता जनाउँछौँ । धन्यवाद ।

**तपसिल**

| क्र.स. | आवश्यक तरकारी तथा फलफूलको नाम | परिणाम | कैफियत |
|---|---|---|---|
| १. | रातो मुला | ५० केजी | |
| २. | सेतो मुला | ५० केजी | |
| ३ | अकबरे खुर्सानी | ५ केजी | पाकेको |
| ४. | लप्सी | २० केजी | |

**भवदीय**

........................

**भूमिका ढुङ्गेल**
**(संस्थापक)**
**घरेलु अचार बिक्री केन्द्र**

(ख) **सहरमा बस्ने आफ्नो साथीलाई जडीबुटीको महत्त्व दर्साई एउटा चिठी लेख्नुहोस् ।**

(ग) **आफ्नो पुस्तक पसलका लागि आवश्यक पुस्तकको माग गर्दै जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई व्यापारिक चिठी लेख्नुहोस् ।**

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको चिठी पढी छलफल गर्नुहोस् र त्यसको प्रत्युत्तर लेख्नुहोस् । चिठीका विभिन्न नमुना सङ्कलन गर्नुहोस् र सहजकर्तासँग छलफल गर्नुहोस् । कार्डका कायृकलाप गरी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

व्यावहारिक रचना (चिठी रचना)

## ४. सिकाइ उपलब्धि

सन्देशमूलक व्यावहारिक लेखन तयार गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) चिठी किन लेखिन्छ ?

(ख) चिठी कस्ता कस्ता हुन्छन् ?

(ग) व्यक्तिगत र व्यावसायिक चिठीमा के फरक हुन्छ ?

(घ) चिठी लेख्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई व्यावसायिक र व्यक्तिगत वा घरायसी चिठी लेख्ने तरिका सिकाउन खोजिएको छ । यसमा व्यावसायिक चिठीको नमुना दिइएको छ । यसलाई ख्याल गरी अन्य विभिन्न विषयमा चिठी लेख्ने अभ्यास गराउनुहोस् । घरायसी चिठी लेख्दा चिठीको संरचनामा रहने आदि भाग (मिति, ठेगाना, सम्बोधन, शिष्टाचार) मध्य भाग/मुख्य भाग (कुशलकामना/विषय प्रवेश, मुख्य कुरा, टुङ्ग्याउनी) अन्त्य भाग (सम्बोधितसँगको सम्बन्ध, हस्ताक्षर वा लेखकको नाम) र खामको नमुना (प्रेषक र प्रापकको नाम तथा ठेगानाको क्रम) तथा चिठीको विषयवस्तु तथा सन्देशका बारेमा जानकारी दिनुहोस् । व्यावसायिक चिठी लेख्दा प्रारम्भ भाग (मिति, पठाउने संस्था, पठाउनेको ठेगाना, सम्बोधन, चिठी पाउने संस्थाको नाम र ठेगाना, विषय), मध्य भाग (चिठीको मुख्य विषयवस्तु) र अन्त्य भाग (चिठी पठाउने व्यापारिक संस्थाको प्रतिनिधि, संस्थाको नाम, ठेगाना र खामको नमुना) का बारेमा चिठीका नमुना नै देखाएर सिकाउनुहोस् । यसकै आधारमा चिठी लेख्ने अभ्यास गराउनुहोस् । सिकारुले लेखेका चिठी जाँच गरी पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ चिठी लेखन प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | निवेदन लेखौं ! (लेखाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ८३ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

**तलको निवेदन पढ्नुहोस् र कुनै दिदीको बिहे परेकाले एक हप्ता बिदा मागी तपाईँले पढ्ने सिकाइ केन्द्रको प्रमुखलाई निवेदन लेख्नुहोस् :**

२०८३/११/११

**श्रीमान् प्रमुखज्यू,**
**श्री दुर्गा सिकाइ केन्द्र**
**धनगढी नगरपालिका २, धनगढी**

विषय : **शैक्षिक भ्रमणमा सहभागी हुन पाऊँ भन्ने सम्बन्धमा ।**

**महोदय,**

उपर्युक्त सम्बन्धमा हाम्रो सिकाइको अङ्गका रूपमा हामीले लुम्बिनी तथा देवघाट शैक्षिक भ्रमण जाने सल्लाह गरेकाले हाम्रो इच्छालाई कदर गर्दै उक्त कार्यक्रमको व्यवस्थापन गरिदिनुहुन तह ३ का सबै विद्यार्थीको तर्फबाट यो निवेदन गरेकी छु ।

**निवेदक**
**प्रियंवदा स्वाँर**
**तह ३**

निवेदन कार्यालयीय चिठीको अर्को रूप हो । एउटा व्यक्तिले कुनै कार्यालयलाई कुनै कुराको अनुरोध गरेर लेख्ने चिठी निवेदन हो । यो अत्यन्त औपचारिक शैलीमा लेखिन्छ ।

निवेदनको संरचना

(१) मिति :

(२) सम्बोधन

(३) कार्यालय/संस्थाको नाम

(४) ठेगाना

(५) विषय :

(६) महोदय,

(७) विषय-प्रवेश र सन्देश .....................................................................................।

(......................)

(८) नाम

(९) अन्य विवरण

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको निवेदन पढी छलफल गर्नुहोस् । निवेदनका विभिन्न नमुना सङ्कलन गर्नुहोस् र सहजकर्तासँग छलफल गर्नुहोस् । विभिन्न विषयमा निवेदन लेखी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

व्यावहारिक रचना (निवेदन रचना)

## ४. सिकाइ उपलब्धि

सन्देशमूलक व्यावहारिक लेखन तयार गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) निवेदन किन लेखिन्छ ?

(ख) निवेदन कस्ता कस्ता हुन्छन् ?

(ग) चिठी र निवेदनमा के फरक हुन्छ ?

(घ) निवेदन लेख्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई निवेदन लेख्ने तरिका सिकाउन खोजिएको छ । यसमा निवेदनको नमुना दिइएको छ । यसलाई ख्याल गरी अन्य विभिन्न विषयमा निवेदन लेख्ने अभ्यास गराउनुहोस् । निवेदनका विभिन्न नमुना देखाएर नै सिकाउनुहोस् । सिकारुले लेखेका निवेदन जाँच गरी पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ निवेदन लेखन प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | सम्पादकज्यू, चिठी आयो है !<br>(लेखाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ८४<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) तलको सम्पादकलाई चिठी पढ्नुहोस् र आफ्नो क्षेत्रको कुनै एक समस्या उल्लेख गरी सम्पादकलाई चिठी लेखी स्थानीय पत्रिकालाई पठाउनुहोस् :

मिति : २०८३/११/२०

**श्री सम्पादकज्यू,**

**गोरखापत्र राष्ट्रिय दैनिक**

**धर्मपथ, काठमाडौँ**

**विषय : प्राकृतिक विपत्तिप्रति सतर्कता अपनाउने सम्बन्धमा**

**महोदय,**

नेपालमा हरेक वर्षजसो बाढीपहिरो, आँधीबेहेरी, अतिवृष्टि, अल्पवृष्टि, अनावृष्टि जस्ता प्राकृतिक विपत्तिले मानव जीवनलाई सङ्कटमा पारिरहन्छ । कहिलेकाहीँ हिमपहिरो पनि प्राकृतिक विपत्तिकै रूपमा देखिन्छ । विकट भौगोलिक अवस्था, अव्यवस्थित बसोबास, वनजङ्गलको विनाश, नदीदोहन, नदीनाला क्षेत्रको अतिक्रमण, योजनाबद्ध विकासको अभावका कारण प्राकृतिक विपत्ति हुने गरेका छन् । प्राकृतिक विपत्ति मानिसले टारेर टार्न सक्दैन तर पूर्व सतर्कता अपनाउन सकिन्छ । प्राकृतिक विपत्तिबाट बच्नका लागि व्यवस्थित बस्ती विकास गर्ने, नदीनाला र वनजङ्गल अतिक्रमण नगर्ने तथा वातावरणको रक्षा गर्ने कार्य गर्नुपर्छ । त्यसैले प्राकृतिक विपत्तिप्रति जनचेतना फैलाउने कार्य गरियोस् र पूर्व सतर्कता अपनाइयोस् भन्ने ध्यानाकर्षण गराउन चाहन्छु ।

मनिषा घले

घलेगाउँ, लमजुङ

### (ख) तलको सम्पादकलाई चिठी पढ्नुहोस् र आफ्नो क्षेत्रको कुनै एक समस्या उल्लेख गरी सम्पादकलाई चिठी लेखी स्थानीय पत्रिकालाई पठाउनुहोस् :

**सम्पादकज्यू,**

यो देशमा स्वास्थ्य क्षेत्रमा सबैभन्दा अन्यायमा कोही परेका छन् भने ती नर्सहरू नै हुन्, जो अहोरात्र काममा खटिँदा पनि कहिल्यै सुखको अनुभूति गर्न पाउन्नन् । अहिले नै हाम्रो देशका अस्पतालहरूमा नर्सहरूको अभाव खट्किसकेको छ । भएका नर्सहरू पनि अमेरिका, बेलायत र अस्ट्रेलियातर्फ जाने क्रम जारी छ । यही रितले आगामी ५ देखि ७ वर्षमा हामीले अस्पतालमा नर्सहरूको चरम अभाव भोग्नुपर्ने निश्चित छ । एकातर्फ नयाँनयाँ अस्पताल खोल्ने क्रम जारी हुने, अस्पतालमा बिरामीको चाप बढ्दै जाने र नर्स कम हुने हो भने यो समस्याले विकराल रूप लिने पक्का छ । त्यसबेला धेरै रकम तिरेर विदेशी नर्सलाई नेपाल भित्र्याउन नेपाल सरकार बाध्य हुनुपर्ने छ । पारिश्रमिकका हिसाबले विज्ञ डाक्टरको एक हप्ताको खाजा खर्च पनि नर्सको महिना दिनको पारिश्रमिकभन्दा बढी हुन्छ भने, के नर्सहरूमा हिनताबोध हुँदैन ? अनि उनीहरूबाट तपाईँ उत्कृष्ट सेवाको कल्पना कसरी गर्न सक्नुहुन्छ ?

- मनप्रसाद वाग्ले, मीनभवन, काठमाडौँ

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको सम्पादकलाई चिठी पढी छलफल गर्नुहोस् । सम्पादकलाई चिठीका विभिन्न नमुना सङ्कलन गर्नुहोस् र सहजकर्तासँग छलफल गर्नुहोस् । विभिन्न विषयमा सम्पादकलाई चिठी लेखी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । तपाईंले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

व्यावहारिक रचना (सम्पादकलाई चिठी)

## ४. सिकाइ उपलब्धि

सन्देशमूलक व्यावहारिक लेखन तयार गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) सम्पादकलाई चिठी किन लेखिन्छ ?

(ख) सम्पादकलाई चिठीमा कस्ता कुरा लेखिन्छ ?

(ग) चिठी र सम्पादकलाई चिठीमा के फरक हुन्छ ?

(घ) सम्पादकलाई चिठी लेख्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई सम्पादकलाई चिठी लेख्ने तरिका सिकाउन खोजिएको छ । यसमा सम्पादकलाई चिठीका नमुना दिइएको छ । यसलाई ख्याल गरी अन्य विभिन्न विषयमा सम्पादकलाई चिठी लेख्ने अभ्यास गराउनुहोस् । सम्पादकलाई चिठीका विभिन्न नमुना देखाएर नै सिकाउनुहोस् । सिकारुले लेखेका सम्पादकलाई चिठी जाँच गरी पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ सम्पादकलाई चिठी लेख्ने प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | सबैलाई मेरो शुभकामना छ है !<br>(लेखाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ८५<br>तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

(क) दिइएको शुभकामना पत्र पढ्नुहोस् र नयाँ वर्षका उपलक्ष्यामा कसैलाई दिइने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् :




**बडा दसैं २०८३ को सुखद अवसरमा यस गाउँपालिका निवासी समस्त आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्छौं ।**

अध्यक्ष
तथा
**सोरु गाउँपालिका परिवार**
मुगु जिल्ला, कर्णाली प्रदेश

कुनै सांस्कृतिक चाडपर्व, महोत्सव र व्यक्ति वा संस्थाले गरेको नयाँ काम वा प्राप्त सफलतामा हौसला प्रदान गर्न शुभ चिन्तक व्यक्ति र संस्थाबाट दिइने प्रशंसासहितको सद्भावलाई शुभकामना भनिन्छ । यसमा सम्बन्धित विषयको उल्लेखसँगै सबैको कल्याणको कामना गर्दै कार्यगत सफलताका लागि शुभकामना दिइन्छ । यसको भाषाशैली हौसला प्रदान गर्ने खालको हुन्छ ।

(ख) तपाईंको स्थानीय पालिकाको प्रमुखलाई दिने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् :

**हार्दिक शुभकामना**

स्थानीय तहको विकासको नेतृत्व गर्न सक्षम प्रमुखका रूपमा निर्वाचित श्री ............................ लाई हार्दिक बधाई ज्ञापन गर्दै स्थानीय तहका वासिन्दाको हकहितको संरक्षण एवम् विकासका लागि उहाँको कार्यकालको सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका शुभकामना पत्र पढी छलफल गर्नुहोस् । शुभकामना पत्रका विभिन्न नमुना सङ्कलन गर्नुहोस् र त्यसका विषय र शैलीका बारेमा सहजकर्तासँग छलफल गर्नुहोस् । विभिन्न विषयमा शुभकामना लेखी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । सिकाइ कक्षमा शुभकामना पत्र लेख्ने प्रतियोगिता गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

व्यावहारिक रचना (शुभकामना पत्र रचना)

## ४. सिकाइ उपलब्धि

सन्देशमूलक व्यावहारिक लेखन तयार गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) शुभकामना पत्र किन लेखिन्छ ?

(ख) शुभकामना पत्रमा कस्ता कुरा लेखिन्छ ?

(ग) शुभकामना पत्र र चिठीमा के फरक हुन्छ ?

(घ) शुभकामना पत्र लेख्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई शुभकामना लेख्ने तरिका सिकाउन खोजिएको छ । यसमा शुभकामना पत्रका नमुना दिइएको छ । यसलाई ख्याल गरी अन्य विभिन्न विषयमा शुभकामना लेख्ने अभ्यास गराउनुहोस् । शुभकामना पत्रका विभिन्न नमुना देखाएर नै सिकाउनुहोस् । सिकारुले तयार पारेका शुभकामना पत्र जाँच गरी पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ शुभकामना पत्र लेख्ने प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | सबैलाई निमन्त्रणा छ है ! (लेखाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ८६ तह ३ | २ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

(क) दिइएको पुरस्कार वितरण कार्यक्रममा उपस्थितिका लागि लेखिएको निमन्त्रणा पत्र पढ्नुहोस् र सांस्कृतिक कार्यक्रममा उपस्थित भइदिन अनुरोध गरिएको निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् :

श्री .................................................................................................ज्यू,

### निमन्त्रणा पत्र

यस विद्यालयको बिसौँ वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रममा तपसिलको स्थान र मितिमा उपस्थित भइदिन सादर निमन्त्रणा गर्छौं ।

**कार्यक्रम**
**मिति** : २०८३/०८/२५
**समय** : बिहान १० बजे
**स्थान** : विद्यालयको अडिटोरियम

प्रधानाध्यापक
सरस्वती माध्यमिक विद्यालय, कटारी

(ख) तलको निमन्त्रणा पत्र हेर्नुहोस्, पढ्नुहोस् र छलफल गर्नुहोस् अनि आफ्नो वा परिवारमा कसैको बिहेको निमन्त्रणा पत्र तयार पार्नुहोस् :




(ग) विद्यालयको अभिभावक भेलामा उपस्थित भइदिन अनुरोध गर्दै एउटा निमन्त्रणा पत्रको नमुना तयार गर्नुहोस् ।

कुनै विशेष कार्यक्रम, विवाह, व्रतबन्ध आदि कार्य गर्दा आफन्तहरू अथवा सम्बन्धित व्यक्तिलाई निम्तो गर्नका लागि पठाइने पत्रलाई निमन्त्रणा पत्र भनिन्छ । निमन्त्रणा पत्र एउटा औपचारिक चिठी हो । यो कुनै सामाजिक वा साहित्यिक कार्यक्रम तथा घरायसी/पारिवारिक कार्य आदिका लागि निम्तोका रूपमा पठाइने गरिन्छ ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएका निमन्त्रणा पत्र पढी छलफल गर्नुहोस् । निमन्त्रणा पत्रका विभिन्न नमुना सङ्कलन गर्नुहोस् र त्यसका विषय र शैलीका बारेमा सहजकर्तासँग छलफल गर्नुहोस् । विभिन्न विषयमा निमन्त्रणा लेखी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । सिकाइ कक्षमा निमन्त्रणा पत्र लेख्ने प्रतियोगिता गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

व्यावहारिक रचना (निमन्त्रणा पत्र रचना)

## ४. सिकाइ उपलब्धि

सन्देशमूलक व्यावहारिक लेखन तयार गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) निमन्त्रणा पत्र किन लेखिन्छ ?

(ख) निमन्त्रणा पत्रमा कस्ता कुरा लेखिन्छ ?

(ग) शुभकामना पत्र र निमन्त्रणा पत्रमा के फरक हुन्छ ?

(घ) निमन्त्रणा पत्र लेख्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई निमन्त्रणा लेख्ने तरिका सिकाउन खोजिएको छ । यसमा निमन्त्रणा पत्रका नमुना दिइएको छ । यसलाई ख्याल गरी अन्य विभिन्न विषयमा शुभकामना लेख्ने अभ्यास गराउनुहोस् । निमन्त्रणा पत्रका विभिन्न नमुना देखाएर नै सिकाउनुहोस् । सिकारुले तयार पारेका निमन्त्रणा पत्र जाँच गरी पृष्ठपोषण दिनुहोस् । कहिलेकाहीँ निमन्त्रणा पत्र लेख्ने प्रतियोगिता पनि गराउनुहोस् ।

| N | | इमेल आयो है, पढ्नुहोला !<br>(लेखाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ८७<br>तह ३ | १ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) तलको इमेल पढ्नुहोस् र बुझ्नुहोस् :




आदरणीय सर्जक महोदय,
तपाईंको अध्ययन प्रयोजनका लागि शब्दाङ्कुर २८९ कात्तिक २०८२ हरित कविता विशेष (अङ्ग्रेजी अनुवादसहित) को डिजिटल कपी यसैसाथ संलग्न गरी पठाएका छौँ । प्राप्त भएपछि जानकारी पाउने आशा सहित हार्दिक धन्यवाद ।
शब्दाङ्कुर परिवारका तर्फबाट

--
धीरकुमार श्रेष्ठ
प्रधान सम्पादक
शब्दाङ्कुर, साहित्यप्रधान मासिक
काठमाडौं, नेपाल
977 9841-362032
https://sabdankur.com/

शब्दाङ्कुरमा प्रकाशनार्थ अन्यत्र अप्रकाशित स्वयंसेवी रचना (समालोचना, निबन्ध, कथा, एकाङ्की, अन्तर्वार्ता, कविता, गीत, गजल आदि) sabdankur@gmail.com, sabdankur58@yahoo.com मा उपलब्ध गराई सहयोग गर्नु हुन आदरणीय विद्वान् स्रष्टाहरूमा हार्दिक अनुरोध गर्दछौँ ।

शब्दाङ्कुरलाई प्रत्येक महिना https://pustakalaya.org को वेब पेज http://bit.ly/sabdankur मा पढ्न सकिन्छ ।

### (ख) यस मेलमा के के सूचना छन् ? छलफल गरेर सबै टिपोट गर्नुहोस् ।

(क) कसले पठाएको ?

(ख) किन पठाएको ?

(ग) के पठाएको ?

(घ) कस्तो रूपमा पठाएको ?

(ङ) के पठाउनु भनिएको ?

(च) कहाँबाट पठाएको ?

(छ) स्रष्टालाई के अनुरोध गरिएको ?

(ज) रचना केमा पठाउन सकिने ?

(झ) शब्दाङ्कुर केमा पढ्न सकिने ?

### (इ) तपाईंले पनि इमेलमा शब्दाङ्कुर पाउनुभयो ? अब पत्रिका पाएको जानकारी दिन सम्पादकलाई इमेल पठाउनुहोस् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको इमेल पढी छलफल गर्नुहोस् । इमेलका विभिन्न नमुना सङ्कलन गर्नुहोस् र त्यसका विषय र शैलीका बारेमा सहजकर्तासँग छलफल गर्नुहोस् । कम्प्युटरमा बसेर विभिन्न विषयमा इमेल लेखी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

इमेल म्यासेज

## ४. सिकाइ उपलब्धि

सन्देशमूलक व्यावहारिक लेखन तयार गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) इमेल भनेको के हो ?

(ख) इमेल किन लेखिन्छ ?

(ग) इमेल र चिठीमा के फरक हुन्छ ?

(घ) इमेल लेख्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई इमेल लेख्ने तरिका सिकाउन खोजिएको छ । यसमा इमेलको नमुना दिइएको छ । यसलाई ख्याल गरी अन्य विभिन्न विषयमा इमेल लेख्ने अभ्यास गराउनुहोस् । इमेलका विभिन्न नमुना देखाएर नै सिकाउनुहोस् । सिकारुले तयार पारेका इमेल जाँच गरी पृष्ठपोषण दिनुहोस् । सहभागीले लेखेका इमेल आफ्ना साथीलाई पठाउन पनि सिकाउनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| N | | **मेरो कथा पढ्नुहोस् है !**<br>**(लेखाइ : पहिलो र दोस्रो खण्ड)** | कार्ड नं. ८८<br>तह ३ | ३ घण्टा |

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तल दिइएका बुँदाका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षकसमेत राख्नुहोस् :

किसानको घरमा एउटा राम्रो कुकुर हुनु ......... कुकुरले इमानदार पूर्वक घरको हेरचाह गर्नु ......... किसानले कुकुरलाई निकै माया गर्नु ......... कुकुर बुढो हुँदै गएपछि किसानले बेवास्ता गर्नु ......... खानेबस्ने कुरामा ध्यान नदिनु ......... पिट्नसमेत थाल्नु ......... कुकुर निराश भएर घर छाडेर हिँड्नु ......... स्यालसँग भेट हुनु ......... मित्रतासमेत हुनु .........कुकुरले आफ्नो कहानी स्याललाई सुनाउनु ......... चलाख स्यालले जुक्ति निकाल्नु ......... किसानकी श्रीमती खेतमा काम गर्दै ......... छोरालाई छेउमा सुताएकी ......... स्याल त्यहाँ पुग्नु ......... शिशुलाई लिएर जङ्गलतिर पुग्नु .........कुकुरले भुक्दै स्याललाई पछ्याउनु ......... किसानकी पत्नी बेहोस हुनु ......... कुकुरले एकैछिनपछि शिशुलाई लिएर आउनु ......... आफ्नो बच्चालाई बचाएको ठानी किसानका पतिपत्नीले कुकुरलाई पहिलोको भन्दा धेरै माया गर्नु ......... कुकुर खुसी हुनु ......... कसैलाई पनि हेला गर्न नहुने

**नमुना : हेला गरे फेला परिन्छ ।**

गाउँको किसानको घरमा एउटा राम्रो कुकुर थियो । किसान कतै जाँदा कुकुर घरैमा बस्थ्यो । कुकुरले इमानदारी पूर्वक घरको हेरचाह गर्थ्यो । आफूलाई सहयोग गर्ने भएकाले किसानले कुकुरलाई निकै माया गर्थ्यो । धेरै वर्षसम्म किसान र कुकुर साथी जस्तै बने । बिस्तारै कुकुर बुढो हुँदै गयो । ऊ राम्रोसँग आँखा देख्दैनथ्यो । कुकुर बुढो हुँदै गएपछि किसानले पनि बेवास्ता गर्न थाल्यो । उसले खानेबस्ने कुरामा ध्यान दिएन । नौलो मानिस आउँदा पनि भुक्न छाडेपछि किसानले कुकुरलाई पिट्नसमेत थाल्यो । एक दिन कुकुरले सोच्यो, "अब यसरी बसेर भएन । कुटाइ खाएर भोको बसेर किन यहाँ बस्नु ?" कुकुर निराश भएर घर छाडेर हिँड्यो । बाटामा स्यालसँग भेट भयो । स्याल आफैँ बोलेकाले ऊसँग कुकुरको मित्रतासमेत भयो । कुकुरले आफ्नो सबै कहानी स्याललाई सुनायो । चलाख स्यालले पनि कुकुरलाई सहयोग गर्ने जुक्ति निकाल्यो र भन्यो, "तिम्रो दुःख मेरो पनि दुःख हो साथी । म तिमीलाई यसरी हेपेको सहन सक्दिनँ ।" यति बेला किसानकी श्रीमती खेतमा काम गर्दै थिई । उसले आफ्नो छोरालाई खेतको छेउमा सुताएकी थिई । स्याल ऱ्याल चुहाउँदै त्यहाँ पुग्यो । उसले शिशुलाई च्याप्प समात्यो र लिएर जङ्गलतिर भाग्यो । कुकुरले पनि भुक्दै स्याललाई पछ्यायो । छोरालाई स्यालले लगेको देखेर किसानकी पत्नी बेहोस भई । कुकुरले एकैछिनपछि हस्याङफस्याङ गर्दै शिशुलाई लिएर आयो र किसानकी पत्नीका अघि बर्र आँसु झाऱ्यो । किसानका पतिपत्नी दुवै खुसी भए । आफ्नो बच्चालाई बचाएको ठानी किसानका पतिपत्नीले कुकुरलाई पहिलेको भन्दा धेरै माया गर्न थाले । कुकुर पनि खुसी भयो । यो कुरा उसले स्याललाई पनि सुनायो ।

### (आ) तल दिइएका बुँदाका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षकसमेत राख्नुहोस् :

रामानन्द कतारबाट फर्किएर गाउँमा एउटा कृषि उद्योग खोल्नु; ... तरकारी, फलफूल र माछामासुको उत्पादन गर्नु; ....कामका लागि कामदार राख्नु; ....आफू र आफ्ना परिवारलाई समेत सहभागी गराउनु; ....एक पटक असारमा घनघोर वर्षा हुनु; ....कृषि उद्योगमा धेरै क्षति पुग्नु; ....सबै कामदारले मन लगाएर पुनर्निर्माण गरिरहनु तर पहिलेको जस्तो अवस्था नआउनु; ....रामानन्दको कृषि उद्योगबाट गाउँलेले लाभ लिइरहेकाले उनीहरूले पनि चासो राख्नु; ....रामानन्दले गाउँलेलाई आफ्नो समस्या सुनाउनु; ....रामानन्दले कामदारलाई तलब दिने अवस्था नभएको बताउनु; ....गाउँलेले रामानन्दको कुरा सुनेर आआफ्ना तर्फबाट सहयोग गर्ने वचन दिनु; ....रामानन्दलाई आफ्नो कामप्रति गौरव लाग्नु; ....रामानन्दले कृषि उद्योगलाई बढाइरहनु; ....रामानन्दको कृषि उद्योगमा अरू कामदार पनि थपिँदै जानु; ....रामानन्दलाई गाउँकै इमानदार कृषि व्यवसायीका रूपमा सबैले सम्मान गर्नु

### (इ) पत्रपत्रिकाबाट एउटा कथा खोजेर लेख्नुहोस् र सुनाउहोस् ।

### (ई) 'घरेलु अपराध' शीर्षकमा कथा लेख्नुहोस् ।

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको कथा पढी छलफल गर्नुहोस् । कथा कसरी लेखिन्छ भन्ने बारेमा सहजकर्तासँग छलफल गर्नुहोस् । कार्डमा दिइएका विषयमा कथा लेखी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । विभिन्न शीर्षकमा कथा लेखी सिकाइ केन्द्रमा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

बुँदा विस्तारः कथा

## ४. सिकाइ उपलब्धि

विषयवस्तुका आधारमा निर्देशित तथा स्वतन्त्र लेखन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) कथा भनेको के हो ?

(ख) कथा कसरी लेखिन्छ ?

(ग) कथा र जीवनीमा के फरक हुन्छ ?

(घ) कथा लेख्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई कथा लेख्ने तरिका सिकाउन खोजिएको छ । यसमा कथाको नमुना दिइएको छ । यसलाई ख्याल गरी अन्य विभिन्न विषयमा कथा लेख्ने अभ्यास गराउनुहोस् । कथाका विभिन्न नमुना देखाएर नै सिकाउनुहोस् । कथा लेख्दा सर्वप्रथम दिइएका बुँदाको गम्भीरताका साथ मनन गर्ने, सम्बन्धित घटनाका लागि आवश्यक केही पात्र र विषय थप्नुपर्ने भए थप्ने, कथामा कम्तीमा एक संवाद राख्ने, घटनाको क्रमिक विस्तार गरी जिज्ञासा र कुतूहल सिर्जना गर्ने, आदि, मध्य र अन्त्य निर्धारण गर्ने पक्षमा ध्यान दिन अभ्यास गराउनुहोस् । लेखक आफैँले सन्देशका बारेमा बोल्नु हुँदैन, घटनाले सन्देश दिनुपर्ने कुरामा ख्याल गर्न सिकाउनुहोस् । सिकारुले तयार पारेका कथा जाँच गरी पृष्ठपोषण दिनुहोस् । सहभागीले लेखेका कथा आफ्ना साथी र परिवारका सदस्यलाई सुनाउन लगाउनुहोस् । कहिलेकाहीँ कथा लेखन प्रतियोगिता गराउनुहोस् । उत्कृष्ट कथा सिकाइ केन्द्रमा प्रदर्शन गरिदिनुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| N | | मैले जीवनी लेखेँ, भयो कि भएन !<br>(लेखाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ८९<br>तह ३ | ३ घण्टा |

## १. सिक्नुपर्ने विषयवस्तु

### (क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस् :

नाम : बाबुराम आचार्य

जन्ममिति : वि.सं. १९४४ फागुन २९ गते

जन्मस्थान : काठमाडौँ

माता/पिता : शिवकुमारी आचार्य/ धर्मदत्त आचार्य

शिक्षा : पं. बाजे पशुपति आचार्यबाट प्रारम्भिक शिक्षा घरमा पाएका, बनारसबाट व्याकरण र ज्योतिष विषयमा उच्च शिक्षा कृति/योगदान : पुराना कवि र कविता, तुलनात्मक सुन्दर काण्ड, चीन र तिब्बतसँग नेपालको सम्बन्ध, नेपालको सङ्क्षिप्त वृत्तान्त, प्राचीन नेपालको इतिहास आदि कृतिको रचना, विश्वको सर्वोच्च शिखरलाई सगरमाथा भनी नामकरण गरेका, असाधारण प्रतिभा, प्रखर कल्पनाशक्ति र बेजोड अध्ययनशीलता, नेपाली भाषा, साहित्य र इतिहासको खोज तथा अनुसन्धान गरेका

सम्मान : वि.सं. २००८ मा इतिहास शिरोमणि उपाधि, त्रिभुवन पुरस्कार, गोरखा दक्षिणबाहु आदि पुरस्कारद्वारा सम्मानित

मृत्यु : वि.सं. २०२९ भाद्र २२

#### बाबुराम आचार्य

बाबुराम आचार्यको जन्म वि.सं. १९४४ फागुन २९ गते काठमाडौँमा भएको हो । उनकी आमाको नाम शिवकुमारी आचार्य र बाबुको नाम धर्मदत्त आचार्य हो । उनले बाजे पण्डित पशुपति आचार्यबाट प्रारम्भिक शिक्षा घरमा नै पाएका थिए । पछि उनले बनारसबाट व्याकरण र ज्योतिष विषयमा उच्च शिक्षा हासिल गरे । नेपाली साहित्य र इतिहासमा उनको विशेष स्थान छ । उनले पुराना कवि र कविता, तुलनात्मक सुन्दर काण्ड, चीन र तिब्बतसँग नेपालको सम्बन्ध, नेपालको सङ्क्षिप्त वृत्तान्त, प्राचीन नेपालको इतिहास आदि कृतिको रचना गरेका छन् । उनले नै विश्वको सर्वोच्च शिखरलाई सगरमाथा भनी नामकरण गरेका हुन् । उनमा असाधारण प्रतिभा थियो । उनमा प्रखर कल्पनाशक्ति र बेजोड अध्ययनशीलता थियो । उनले नेपाली भाषा, साहित्य र इतिहासको खोज तथा अनुसन्धान गरेका थिए । उनको योगदानको कदर गर्दै उनलाई वि.सं. २००८ मा इतिहास शिरोमणि उपाधि दिइयो । उनी त्रिभुवन पुरस्कार, गोरखा दक्षिणबाहु आदि पुरस्कारद्वारा पनि सम्मानित भएका थिए । उनको मृत्यु वि.सं. २०२९ भाद्र २२ भयो ।

### (ख) दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

नाम : सन्दुक रुइत जन्म : वि.सं. २०११ भदौ १९ जन्मस्थान : ताप्लेजुङ जिल्लाको ओलाङचुङगोला

मातापिता : केसाङ रुइत र सोनाम रुइत

शिक्षा : सात वर्षको उमेरमा अध्ययनका लागि भारतको दार्जिलिङ लगिएका, वि.सं. २०२५ मा प्रवेशिका परीक्षा उत्तीर्ण र त्रिचन्द्र कलेजमा आइएस्सीमा भर्ना, वि.सं. २०२९ मा भारतमा एमबिबिएस अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेका, वि.सं. २०४३ मा डा.फ्रेड हलोजको आमन्त्रणमा अस्ट्रेलिया गई आँखाको शल्यक्रियाका क्षेत्रमा विशेष दक्षता हासिल

योगदान : मोतीबिन्दुको सरल र कम खर्च लाग्ने चिकित्सा पद्धति रुइतेक्टोमीका सुरुआतकर्ता, वि.सं. २०५१ मा काठमाडौँको तिलगङ्गामा आँखा अस्पतालको स्थापना, लामो समयको खोज र अनुसन्धानबाट इन्ट्राओकुर लेन्स बनाएका, आँखाका बिरामीले संसार देख्न पाएका, अहिले विश्वका अधिकांश मुलुकमा इन्ट्राओकुर लेन्स प्रयोग हुने गरेको

सम्मान : उनको नामबाट अन्तरीक्षमा पत्ता लागेको उल्काको नाम राखिएको, उनको जीवनीमा आधारित 'आउट अफ डार्कनेस' नामको वृत्तचित्र बनेको, वि.सं. २०६३ मा विश्व प्रसिद्ध 'म्यागासेसे' पुरस्कार पाएका,अस्ट्रेलियन सरकारद्वारा 'अर्डर अफ द अस्ट्रेलिया' प्रदान, वि.सं. २०६९ मा नेपाल सरकारद्वारा 'राष्ट्रदीप' पदकबाट विभूषित

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको जीवनी पढी छलफल गर्नुहोस् । जीवनी कसरी लेखिन्छ भन्ने बारेमा सहजकर्तासँग छलफल गर्नुहोस् । कार्डमा दिइएका विषयमा जीवनी लेखी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । आमाबालगायत विभिन्न व्यक्तिका लेखी सिकाइ केन्द्रमा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

बुँदा विस्तारः जीवनी

## ४. सिकाइ उपलब्धि

विषयवस्तुका आधारमा निर्देशित तथा स्वतन्त्र लेखन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) जीवनी भनेको के हो ?

(ख) जीवनी कसरी लेखिन्छ ?

(ग) कथा र जीवनीमा के फरक हुन्छ ?

(घ) जीवनी लेख्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई जीवनी लेख्ने तरिका सिकाउन खोजिएको छ । यसमा जीवनीको नमुना दिइएको छ । यसलाई ख्याल गरी अन्य विभिन्न व्यक्तिका जीवनी लेख्ने अभ्यास गराउनुहोस् । जीवनीका विभिन्न नमुना देखाएर नै सिकाउनुहोस् । जीवनी लेख्दा जीवनी लेख्न दिइएको व्यक्ति र सम्बन्धित बुँदाका बारेमा गहिरो मनन गर्ने, प्राप्त विवरणलाई क्रमिक रुपमा लेख्ने, वास्तविक र पत्याउन सकिने कुराको मात्र चर्चा गर्ने, शङ्कास्पद कुराहरू र अतिकाल्पनिक प्रसङ्गको उल्लेख नगर्ने जस्ता कुरामा ख्याल गर्न सिकाउनुहोस् । सिकारुले तयार पारेका जीवनी जाँच गरी पृष्ठपोषण दिनुहोस् । सहभागीले लेखेका जीवनी आफ्ना साथी र परिवारका सदस्यलाई सुनाउन लगाउनुहोस् । कहिलेकाहीँ जीवनी लेखन प्रतियोगिता गराउनुहोस् । उत्कृष्ट जीवनी सिकाइ केन्द्रमा प्रदर्शन गरिदिनुहोस् ।

| N | | मैले निबन्ध लेखेँ, भयो कि भएन ! (लेखाइ : पहिलो र दोस्रो खण्ड) | कार्ड नं. ९० तह ३ | ३ घण्टा |
|---|---|---|---|---|

## १. सिक्नुपर्ने विषयवस्तु

### (अ) तलको निबन्ध पढेर यसको विषयवस्तु, संरचना र शैली ख्याल गर्नुहोस् :

### योग र स्वास्थ्य

योग शब्दको अर्थ सम्मिलित हुनु हुनु हो । योगले चित्तमा आउने विकार रोक्छ । नेपालमा पनि प्रत्येक वर्ष माघ १ गते राष्ट्रिय योग दिवस मनाउने गरिन्छ ।

योगका प्रतिपादक ऋषि पतञ्जली हुन् । स्वस्थ शरीर र ऊर्जा योगका मुख्य विषयवस्तु हुन् । योगमा आसन, यौगिक क्रिया, प्राणायाम तथा अन्य व्यायाम गरिन्छ । योग शारीरिक शक्ति र लचिलोपना वृद्धिको प्रभावकारी उपाय हो । हरेक मानिसले उपयुक्त तरिकाले नियमित योग गर्दा फाइदा हुन्छ । बिरामी र बुढापाकाले चिकित्सकको सल्लाहमा आफ्नो उमेर, रोग, अवस्थाअनुकूल योग गर्नुपर्छ । योग विद्यार्थीका लागि मनलाई एकाग्र बनाउने प्रभावकारी उपाय हो ।  विद्यार्थीले वृक्षासन, गरुडासन, मयूरासन, बक्रासन, शीर्षासन, सर्वाङ्गासन र हलासनको अभ्यास गर्नु राम्रो हुन्छ ।

योग शारीरिक मानसिक र आध्यात्मिक अभ्यास हो । स्वास्थ्य ठिक राख्न योग गर्नुपर्छ । यसले खानपान, दैनिकी र सोचमा परिवर्तन ल्याई स्वास्थ्यप्रतिको आत्मविश्वास बढाउँछ । शरीर र मन स्वस्थ राख्न भोजनमा ध्यान पुऱ्याउनुपर्छ । योग र ध्यानका साथै अतिरिक्त र सहक्रियाकलापलाई निरन्तरता दिनुपर्छ । शारीरक सबलता र मानसिक शान्तिबाट स्वास्थ्य प्रवर्धन गर्नुपर्छ ।

विषयवस्तुलाई नियम बद्ध तरिकाले गरिने गद्य रचनालाई निबन्ध भनिन्छ । निबन्धमा वस्तु र भावना वा तथ्य र कल्पना दुवै रहन सक्छन् । निबन्ध लेखनमा विचार, तर्क, उदाहरण, ज्ञान र विश्लेषणको महत्त्वपूर्ण भूमिका हुन्छ । लेखकको उपस्थिति वा प्रस्तुतीकरणको शैलीका आधारमा निबन्ध आत्मपरक र वस्तुपरक हुन्छन् । निबन्धकार स्वयम् निबन्धमा उपस्थित भएर लेखिने निबन्धलाई 'आत्मपरक' भनिन्छ । निबन्धकार स्वयम् निबन्धमा उपस्थित नभई दर्शकजस्तो बनेर विषयवस्तुको विश्लेषणात्मक प्रस्तुतीकरण गरिएको निबन्ध 'वस्तुपरक' हो ।

### (आ) कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् :

(क) मेरो रमाइलो यात्रा

(ख) पर्यटन व्यवसाय

(ग) अनुशासनको महत्त्व

## २. क्रियाकलाप

साथी समूहमा बसेर कार्डमा दिइएको निबन्ध पढी छलफल गर्नुहोस् । निबन्ध कसरी लेखिन्छ भन्ने बारेमा सहजकर्तासँग छलफल गर्नुहोस् । कार्डमा दिइएका विषयमा निबन्ध लेखी सहजकर्तालाई देखाएर छलफल तथा सुधार गर्नुहोस् । विभिन्न विषयमा निबन्ध लेखी सिकाइ केन्द्रमा प्रदर्शन गर्नुहोस् । तपाईँले प्रयोग गरेको कार्ड पहिलेकै ठाउँमा राख्नुहोस् ।

## ३. विषय क्षेत्र

स्वतन्त्र लेखन (निबन्ध)

## ४. सिकाइ उपलब्धि

विषयवस्तुका आधारमा निर्देशित तथा स्वतन्त्र लेखन गर्न

## ५. सिकाइ मूल्याङ्कन

सिकाइ कार्डको अध्ययनबाट के के सिक्नुभयो ? स्वमूल्याङ्कन गर्नुहोस् :

(क) निबन्ध भनेको के हो ?

(ख) निबन्ध कसरी लेखिन्छ ?

(ग) निबन्ध र अन्य विधामा के फरक हुन्छ ?

(घ) निबन्ध लेख्दा के के कुरामा ख्याल गर्नुपर्छ ?

## ६. सहजकर्ताका लागि मार्गदर्शन

यस कार्डबाट सिकारुलाई निबन्ध लेख्ने तरिका सिकाउन खोजिएको छ । यसमा विशिष्टीकरणअनुसारको नमुना दिइएको छ । यसलाई ख्याल गरी विभिन्न विषयमा निबन्ध लेख्ने अभ्यास गराउनुहोस् । निबन्धका विभिन्न नमुना देखाएर नै सिकाउनुहोस् । निबन्ध लेख्दा यसको संरचनाका रूपमा शीर्षक, आदिभाग वा भूमिका खण्ड (शीर्षकको परिचय, पृष्ठभूमि र विषय प्रवेश, मध्यभाग वा विस्तार खण्ड (विषयवस्तुको सन्तुलित विस्तार, तर्क, उदाहरण, तुलना, विश्लेषण, प्रमाण आदिको प्रस्तुति, विषयवस्तुको सकारात्मक पक्ष, नकारात्मक पक्ष, समस्या र समाधान) र अन्त्य भाग वा निचोड खण्ड (माथि दुई खण्डमा चर्चा गरिएका कुराको निष्कर्ष, विषयवस्तुप्रतिको आफ्नो विचार र उचित समापन) सिकाउनुहोस् । यस्तै निबन्ध लेख्दा शीर्षक राख्ने, बुँदा टिपोट गरी क्रम निर्धारण गर्ने, विषयवस्तुका आधारमा आदि, मध्य र अन्त्य भागमा लेखिने कुराको विभाजन गर्ने, बुँदालाई शृङ्खला मिलाएर विस्तार गर्ने जस्ता पक्षमा ख्याल गर्न सचेत गराउँदै लेखन अभ्यास गराउनुहोस् । सिकारुले तयार पारेका जीवनी जाँच गरी पृष्ठपोषण दिनुहोस् । सहभागीले लेखेका जीवनी आफ्ना साथी र परिवारका सदस्यलाई सुनाउन लगाउनुहोस् । कहिलेकाहीँ जीवनी लेखन प्रतियोगिता गराउनुहोस् । उत्कृष्ट जीवनी सिकाइ केन्द्रमा प्रदर्शन गरिदिनुहोस् ।